# पवन चामलिङ ‘किरण’-का कविताहरूमा ध्वनित लोकतान्त्रिक स्वर

शोधप्रबन्ध

सिक्किम विश्वविद्यालय
(स्थापित- २००७)

**भाषा अनि साहित्य सङ्कायअन्तर्गत विद्यावारिधि (पिएचडी) उपाधिका निम्ति प्रस्तुत**


शोधार्थी

कविता सुब्बा

नेपाली विभाग,

सिक्किम विश्वविद्यालय



फरवरी, २०२२

# पवन चामलिङ ‘किरण’-का कविताहरूमा ध्वनित लोकतान्त्रिक स्वर

शोधप्रबन्ध

**सिक्किम विश्वविद्यालय**

सिक्किम विश्वविद्यालय
(स्थापित- २००७)

**भाषा अनि साहित्य सङ्कायअन्तर्गत विद्यावारिधि (पिएचडी) उपाधिका निम्ति प्रस्तुत**

**२०२२**


शोध निर्देशक

**प्रो कविता लामा**

प्राध्यापक, प्रोफेसर

नेपाली विभाग

सिक्किम विश्वविद्यालय

शोधार्थी

**कविता सुब्बा**

पञ्जीकरण-17Ph.D/NEP/04

नेपाली विभाग

सिक्किम विश्वविद्यालय

नेपाली विभाग
Department of Nepali

सिक्किम विश्वविद्यालय
SIKKIM UNIVERSITY
(भारत की संसद के अधिनियम द्वारा वर्ष 2007 में स्थापित और नैक (एनएएसी) द्वारा वर्ष 2015 में प्रत्यायित केंद्रीय विश्वविद्यालय)
(A central university established by an Act of Parliament of India, 2007 and accredited by NAAC in 2015)

## Plagiarism Test Certificate

This is to certify that plagiarism check has been carried out for the following PhD thesis with the help of URKUND SOFTWARE and the result is 8% tolerance rate, within the permission limit as per the norms of the Sikkim University.

**पवन चामलिङ 'किरण'-का कविताहरूमा ध्वनित लोकतान्त्रिक स्वर**

Submitted by Ms. Kavita Subba under the supervision of Professor (Dr.) Kabita Lama, Department of Nepali, Sikkim University.

Kavita Subba 27/01/22
**Kavita Subba**
Signature of the Candidate

Kabita Lama 27/01/22
**Prof. Kabita Lama**
Professor
Department of Nepali
Sikkim University

SUPERVISOR
Department of Nepali
Sikkim University

**Dr. Shri Ram**
Librarian
Central Library
Sikkim University

पुस्तकालयाध्यक्ष
Librarian
केन्द्रीय पुस्तकालय Central Library
सिक्किम विश्वविद्यालय
Sikkim University

## प्रतिबद्धता पत्र

सिक्किम विश्वविद्यालय, भाषा अनि साहित्य सङ्कायअन्तर्गत नेपाली विभागमा विद्यावारिधि (पिएचडी) उपाधिका निम्ति "पवन चामलिङ 'किरण'-का कविताहरूमा ध्वनित लोकतान्त्रिक स्वर" शीर्षकको प्रस्तुत शोधप्रबन्ध मैले मेरी शोध निर्देशक प्रोफेसर (डा) कविता लामाका निर्देशनमा सम्पन्न गरेकी हुँ। यो पूर्णतः मौलिक शोधकार्य हो। मैले विभिन्न स्रोतबाट आवश्यक सामग्री सङ्कलन गरी यस शोधप्रबन्ध लेखन क्रममा प्रयोग गरेकी छु। तसर्थ ती शोध सामग्रीका रूपमा प्रयुक्त कृति सन्दर्भका सम्पूर्ण लेखकहरूप्रति म कृतज्ञ छु। यस शोधप्रबन्धलाई मैले यसअघि कुनै पनि उपाधि अथवा अन्य प्रयोजनका लागि प्रस्तुत गरेकी छैन। साथै यस अध्ययनको कुनै पनि अंश आजसम्म पुस्तक वा पत्र-पत्रिकाका रूपमा कुनै ठाउँबाट प्रकाशित गरिएको छैन। यहाँ प्रस्तुत गरिएको प्रतिबद्धता विरुद्ध यदि कुनै प्रमाण भेटिएमा त्यसप्रति म पूर्णतः उत्तरदायी रहनेछु भनी यो प्रतिबद्धता प्रकट गर्दछु।

शोधार्थी,

कवितासुब्बा

**कविता सुब्बा**

पिएचडी-17/Ph.D/NEP/04

नेपाली विभाग

भाषा अनि साहित्य सङ्काय

सिक्किम विश्वविद्यालय

मिति- ०७.०२.२०२२

# सिक्किम विश्वविद्यालय

(भारत के संसद के अधिनियम द्वारा स्थापित केंद्रीय विश्वविद्यालय)

# SIKKIM UNIVERSITY

(A central university established by an Act of Parliament of India in 2007)

Dr. Kabita Lama, PhD
Professor, Department of Nepali
School of Languages & Literature


## शोध निर्देशकबाट अग्रसारण

शोधार्थी कविता सुब्बा (पञ्जीकरण सङ्ख्या 17/Ph.D/NEP/04)-द्वारा *पवन चामलिङ 'किरण'-का कविताहरूमा ध्वनित लोकतान्त्रिक स्वर* शीर्षकमा प्रस्तुत गरिएको यो शोधप्रबन्ध यिनको मौलिक शोधकार्यको परिणाम हो। यिनले यो शोधकार्य मेरो निर्देशनमा रही बढो परिश्रमपूर्वक तयार पारेकी हुन्। कविता सुब्बाले यस शोधप्रबन्धमा शोध विषयक नियम र सिद्धान्तहरूको यथावश्यक एवम् यथाविधि पालन गरेकी छन् भन्ने कुरा म प्रमाणित गर्दै यो शोधप्रबन्ध आवश्यक मूल्याङ्कनका लागि सिक्किम विश्वविद्यालयको सम्बन्धित निकायसमक्ष अग्रसारित गर्दछु।

**कविता लामा** २८/०१/२२

शोध निर्देशक तथा प्राध्यापक
नेपाली विभाग
सिक्किम विश्वविद्यालय


6th Mile, Samdur, Tadong -737102, Gangtok, Sikkim, India
Mob. : +91 98320 66182 / 97758 41185
Email : klama@cus.ac.in
website : www.cus.ac.in

# कृतज्ञता ज्ञापन

दिनाङ्क १४ मई २०१८ मा सिक्किम विश्वविद्यालयको नेपाली विभागअन्तर्गत पिएचडी शोधार्थीका रूपमा पञ्जीकृत भएदेखि यता मैले यो शोधकार्य मेरा अति आदरणीय गुरुमा प्रोफेसर कविता लामाका मार्गनिर्देशनमा सुरु गरेकी हुँ। सिक्किम विश्वविद्यालयमा शोधार्थीका रूपमा प्रविष्ट हुनुभन्दा अघि मेरा निम्ति उच्च शिक्षा ग्रहण गर्न र प्राज्ञिक क्षेत्रमा अग्रसर बन्न पाउनु टाढाको कठिन यात्रा बनेको थियो। यी दुवै क्षेत्रमा मैले अघि बढ्ने चाहना राख्दा राख्दै पनि नितान्त बेग्लै परिस्थिति र अवस्थाहरूका घेरामा म सीमित बनेकी थिएँ। त्यस अवस्थामा मैले आदरणीय गुरुमाबाट स्नेहमयी प्रेरणा र हौसला पाएँ। उच्च शिक्षा र प्राज्ञिक क्षेत्रमा अग्रसर हुने अवसर प्राप्त गर्न सकेँ। उहाँप्रति आभार व्यक्त गर्दै धन्यवाद दिँदछु।

सुरुमा मलाई शोध निर्देशन गर्नहुने नेपाली विभागका अवकाश प्राप्त आदरणीय गुरु प्रोफेसर प्रतापचन्द्र प्रधानप्रति धेरै आभारी छु। यसरी नै सिक्किम विश्वविद्यालय, नेपाली विभागका आदरणीय गुरुजन प्रोफेसर पुष्प शर्मा, डा समर सिन्हा, डा देवचन्द्र सुब्बा, प्राध्यापक बलराम पाण्डे, डा अरुणा राईप्रति शोध लेखनमा मलाई हौसला र सुझाउ दिनु भएकोमा हार्दिक धन्यवाद दिँदछु। मेरो शोधलेखनमा मलाई बारम्बार हौसला दिएर विशेष सहयोग पुऱ्याउनुहुने आदरणीय डा सुमन बान्तवा सरप्रति आभार व्यक्त गर्दै उहाँलाई धन्यवाद दिँदछु।

मलाई सधैँ प्रेरणा र हौसला दिनुहुने उत्तर बङ्ग विश्वविद्यालय, नेपाली विभागका मेरा आदरणीय गुरुजन प्रोफेसर घनश्याम नेपाल, प्रोफेसर मोहन पी दाहाल, प्रोफेसर सञ्जय बान्तवा, प्रोफेसर कृष्णराज घतानी, प्रा नरेशचन्द्र खाती, डा पुष्कर पराजुली, काशी हिन्दू विश्वविद्यालय, भारतीय भाषा विभागका अध्यक्ष प्रोफेसर दिवाकर प्रधान, सिक्किम सरकारी महाविद्यालयमा मलाई अध्यापन गर्नहुने मेरा गुरुजनडा राजेन्द्र भण्डारी, डा परशुराम पौड्याल, डा गीता निरौलाप्रति पनि धेरै ऋणी छु। मलाई विद्यालय स्तरमा शिक्षा दिनुहुने आदरणीय गुरु श्री बी पी राई, श्री कपिलमणि सिल्वाल, श्री सी एम दाहाल, गुरुमाहरू सुश्री योजना सुब्बा, श्रीमती चन्द्रशोभा बस्नेत, श्रीमती इन्दिरा इस्टिफन आदिलाई पनि यस समय म सम्झिरहेकी छु। उहाँहरूले दिनुभएको आधारभूत शिक्षाको फलस्वरूप आज म विद्यावारिधि तहसम्मको अध्ययन गर्न सफल भएकी छु। यसका निम्ति उहाँहरूप्रति आभारी छु।

यस शोधकार्यमा मलाई सिक्किम विश्वविद्यालय केन्द्रीय पुस्तकालय, सिक्किम राज्य केन्द्रीय पुस्तकालय र कवि पवन चामलिङको निजी पुस्तकालयबाट समाग्री सङ्कलनमा प्रशस्त सहयोग प्राप्त भएको छ। यसअतिरिक्त अनेकौँ पुस्तकहरू उपलब्ध गराइदिएर मलाई शोधकार्यमा सहयोग पुऱ्याउने आदरणीय लेखकहरूप्रति आभार व्यक्त गर्दछु। वेभसाइटबाट लिइएका सामग्रीलाई अङ्ग्रेजी भाषामा नै राखिएको छ भने त्यसभित्र प्राप्त शीर्षकहरूलाई मात्र देवनागरी लिपिमा लेखिएको जानकारी गराउँदछु। प्रस्तुत शोध लेखनका विभिन्न अध्यायअन्तर्गत प्रयोग गरिएका पाद टिप्पणीको पुस्तक नामलाई सन्दर्भ ग्रन्थसूचीमा नराखिएको जानकारी पनि गराउँदछु।

शोधसम्बन्धित सन्दर्भ पुस्तक तथा अन्यान्य सहयोग प्रदान गर्नुहुने आदरणीय दाजुहरू अशोक प्रशान्त, बीरु बाङ्देल, डा पारसमणि दङ्गालप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु। आदरणीय साहित्यकार गुप्त प्रधान तथा कवि राजा पुनियानीप्रति पनि विशेष सहयोगका निम्ति म उत्तिकै आभारी छु। पूर्व विधायक स्वर्गीय एस के प्रधान जो हालै बित्नुभयो, उहाँलाई पनि स्मरण गर्दछु।

मलाई सधैँ स्नेहमयी हौसला दिनु हुने काठमाडौँका आदरणीय दाजु यादव त्रिपाठी अनि श्रद्धेया डा गीता त्रिपाठीलाई पनि आभारसहित धन्यवाद दिँदछु। सिलगढीका दिदी कल्पना, भेना डा विमल आर सिंह, लाक्पा दाजु अनि साथीहरू गङ्गा मुखिया, प्रसन सुब्बालगायत बहिनीहरू डा युनिस, शोभा, हेमलता, उष्णम, रिना, मनिता, रोशनी, अल्बिना, प्रिया र हरीमायाप्रति पनि आभारी छु। मेरो शोधकार्यमा कृष्णकुमार सापकोटा भाइले पुऱ्याएको सहयोगका निम्ति पनि धेरै आभारी छु। डा सुरज, पेमा वाङ्गेल तथा शोधार्थी भाइहरू विष्णु, निर्मल, मनोज र योगेशलाई पनि म सधैँ सम्झना गर्नेछु।

मेरा पुजनीय पापा बलबहादुर सुब्बा र आमा विष्णुमाया सुब्बाको आशीर्वाद मेरा निम्ति अमूल्य छ। उहाँहरूको वात्सल्यमयी छहारीमा मैले शोधकार्य सम्पन्न गर्न सकेँ। यसका निम्ति पापा-आमालाई सम्मानपूर्वक आभार व्यक्त गर्दछु। पुजनीय बढी श्रीमती भक्ति सुब्बा, पुजनीय काका श्री बुद्धे तामाङ र छेमा धनमाया तामाङ तथा पुजनीय काका श्री धनबहादुर तामाङ र छेमा श्रीमती रेखा तामाङप्रति पनि आभार व्यक्त गर्दछु। दाजुहरू टेकेन्द्र, कविन्द्र, दीपक, सुरेन, रोलेन्ड अनि भाइहरू किरण, अरुण, अम्बर, डा दिनेश र चन्द्र तथा दिदीहरू बसन्ती, हस्तकुमारी, पुष्पा, जानुकी, कला, डा नुतन अनि राधाप्रति पनि

सम्झना र धन्यवाद व्यक्त गर्दछु। बुहारी बिनीता र बहिनी सुष्मितालगायत स्मिता, अभिषेकको सहयोग मेरो शोधकार्यमा महत्त्वपूर्ण बनेको छ।

अन्तमा, विद्यावारिधिका निम्ति विभागसमक्ष शोध बुझाउन सक्ने यस कार्यमा मेरो आत्मविश्वास बढाउने, मलाई प्रत्येक समय हौसला, प्रेरणा र स्नेहमयी मार्गदर्शन दिनुहुने मेरा गुरुमा प्रोफेसर कविता लामाप्रति फेरि पनि श्रद्धापूर्वक धन्यवाद ज्ञापन गर्दछु।

विनीत,

कवितासुब्बा

कविता सुब्बा<br>
नेपाली विभाग, सिक्किम विश्वविद्यालय

## सङ्केताक्षर सूची

| **शब्द सङ्क्षेप** | **सङ्केतित शब्द** |
|---|---|
| अनु | अनुवाद |
| दो. सं. | दोस्रो संस्करण |
| ते.सं | तेस्रो संस्करण |
| वि सं | विक्रम सम्वत |
| पृ. | पृष्ठ सङ्ख्या |
| सम्पा | सम्पादक |

# विषय सूची


| विषय | पृष्ठ सङ्ख्या |
|---|---|
| भावहरणको प्रमाण पत्र | क |
| प्रतिबद्धता पत्र | ख |
| शोध निर्देशकबाट अग्रसारण | ग |
| कृतज्ञता ज्ञापन | घ-च |
| सङ्केताक्षर सूची | छ |
| **पहिलो अध्यायः शोध परिचय** | **१-११** |
| १.१ शोध शीर्षक | |
| १.२ शोध शीर्षकको परिचय | |
| १.३ शोधको समस्या | |
| १.४ शोधको उद्देश्य | |
| १.५ पूर्वकार्यको समीक्षा | |
| १.६ शोधविधि | |
| १.६.१ अध्ययन विश्लेषणको सैद्धान्तिक आधार | |
| १.६.२ शोधको सामग्री सङ्कलन विधि | |
| १.७ शोधको औचित्य र महत्त्व | |
| १.८ शोधको सीमाङ्कन | |
| १.९ शोधप्रबन्धको रूपरेखा | |
| १.१० भावी शोधकर्तालाई सुझाउ | |
| **दोस्रो अध्यायः लोकतन्त्र एवम् भारतीय नेपाली कवितामा लोकतन्त्र** | **१२-६४** |
| २.१ लोकतन्त्रको सैद्धान्तिक परिचय | |

२.१.१ लोकतन्त्रको अर्थर परिभाषा

२.१.२ लोकतन्त्रका प्रकार

२.१.२.१ अवधारणाको आधारमा

२.१.२.२ शासन प्रणालीको आधारमा

२.१.३ लोकतन्त्रका स्तम्भ

२.१.३.१ विधायिका

२.१.३.२ कार्यपालिका

२.१.३.३ न्यायपालिका

२.१.३.४ सञ्चार माध्यम

२.१.४ लोकतन्त्रका विशेषता

२.१.४.१ व्यक्तिगत अधिकार

२.१.४.२ जनसहभागिता

२.१.४.३ समानता र स्वतन्त्रता

२.१.४.४ निर्णयको विकेन्द्रीकरण

२.१.५ लोकतन्त्रका तत्त्व

२.१.५.१ राजनीतिक बहुलवाद

२.१.५.२ चुनाउ

२.१.५.३ कानुनी शासन

२.१.५.४ मानव अधिकार

२.१.५.५ राजनीतिक नेतृत्व

२.१.५.६ सुशासन

२.१.५.७ उत्तरदायित्व

२.१.५.८ नागरिक समाज

२.२ लोकतन्त्रको विकास

२.३ भारतको लोकतन्त्र

२.४ भारतीय नेपाली कविता र लोकतन्त्र

२.४.१ भारतीय नेपाली कवितामा लोकतान्त्रिक स्वर

२.४.२ स्वातन्त्र्योत्तर भारतीय नेपाली कवितामा लोकतान्त्रिक स्वर

२.५ निष्कर्ष

**तेस्रो अध्याय: पवन चामलिङ र उनका कविताहरू** **६५-१०५**

३.१ कवि परिचय

३.२ पवन चामलिङका बहुआयामिक व्यक्तित्व

३.२.१ कवि पवन चामलिङ

३.२.२ गीतकार पवन चामलिङ

३.२.३ निबन्धकार पवन चामलिङ

३.२.४ सम्पादक पवन चामलिङ

३.२.५ प्रकाशक पवन चामलिङ

३.३ पवन चामलिङ 'किरण' -का कविताका प्रमुख विशेषता

३.३.१ सामाजिक यथार्थवादी

३.३.२ स्वच्छन्दतावादी

३.३.२.१ मानवतावादी

३.३.२.२ प्रकृति प्रेम

३.३.२.३ राष्ट्र प्रेम

३.३.३ अस्तित्ववादी

३.३.४ वर्गीय चेतना

३.३.५ क्रान्तिकारी स्वर

३.३.६ राजनीतिक चेतना

३.४ कवि पवन चामलिङ'किरण'-का कवितामा भाषा प्रयोग

३.५ निष्कर्ष

**चौथो अध्याय: पवन चामलिङ 'किरण'-का कविताहरूमा निहित लोकतान्त्रिक स्वरको विश्लेषणात्मक अध्ययन** **१०६ -१६२**

४.१ लोकतन्त्रको विशेषताका आधारमा

४.१.१ व्यक्तिगत अधिकार

४.१.२ जनसहभागिता

४.१.३ समानता र स्वतन्त्रता

४.२ लोकतन्त्रको तत्त्वका आधारमा

४.२.१ राजनीतिक बहुलवाद

४.२.२ चुनाउ

४.२.३ मानव अधिकार

४.२.४ राजनीतिक नेतृत्व

४.२.५ सुशासन

४.२.६ उत्तरदायित्व

४.३ पवन चामलिङका कवितामा ध्वनित लोकतान्त्रिक स्वर

४.४ निष्कर्ष

**पाँचौँ अध्याय: उपसंहार एवम् निष्कर्ष** **१६३-१७६**

ग्रन्थसूची १७७- १८२

परिशिष्ट १८३- १८६

# पहिलो अध्याय

# शोध परिचय

## १.१ शोध शीर्षक

प्रस्तुत शोधको शीर्षक "पवन चामलिङ 'किरण'-का कविताहरूमा ध्वनित लोकतान्त्रिक स्वर" रहेको छ।

## १.२ शोध शीर्षकको परिचय

लोकतन्त्र शासन पद्धतिको एउटा प्रकार हो। यसमा जनतालाई सर्वोच्च स्थानमा राखिन्छ। अङ्ग्रेजी शब्द 'डेमोक्रेसी'-को नेपाली रूपान्तर 'लोकतन्त्र' हो। यसलाई जनताको शासन भनेर पनि बुझिन्छ। जनतासित प्रत्यक्ष सम्बद्ध रहने हुनाले लोकतन्त्रलाई वर्तमान समयमा देखिएको प्रमुख राजनीतिक विचारधारा मानिन्छ। यसले जनताको रक्षा गर्दछ। लोकतन्त्रमा जनतालाई निर्णयको स्वतन्त्रता दिँदै उनीहरूको हक, अधिकार र इच्छालाई सर्वोपरि मानिन्छ। लोकतान्त्रिक प्रणालीमा जनता नै श्रेष्ठ हुने भएकाले मतअधिकारको प्रयोगद्वारा उनीहरूले आफ्नो प्रतिनिधि चुन्ने गर्दछन्। यही प्रतिनिधिको माध्यमद्वारा जनताले निर्णायक शक्ति उपभोग गर्ने अवसर ग्रहण गर्दछन्। व्यक्तिगत अधिकार, जनसहभागिता, समानता र स्वतन्त्रता, निर्णयको विकेन्द्रीकरण आदि लोकतन्त्रका विशेषताहरू हुन्।

भारत विश्वको सबैभन्दा ठुलो लोकतान्त्रिक देश हो। भारतीय लोकतन्त्रलाई प्रतिनिधि लोकतन्त्र अथवा अप्रत्यक्ष लोकतन्त्र भनिन्छ। जनताको प्रत्यक्ष मत प्राप्त गरेर विधि निर्माता बनेका जनप्रतिनिधिहरूले सदनमा आफ्नो क्षेत्र, राज्य अनि समग्र राष्ट्रको हितका निम्ति आवाज उठाउने गर्दछन्। जनमतद्वारा चुनिएका प्रतिनिधिले जनताको हक र हितमा काम गर्दछन्। सन् १९४७ मा अङ्ग्रेजहरूका अधीनबाट स्वतन्त्र बनेपछि भारतले २६ जनवरी सन् १९५० मा लोकतान्त्रिक मूल्य र मान्यतालाई स्वीकार गर्‍यो। देशलाई स्वतन्त्र बनाउन गरिएका आन्दोलनहरूबाट भारतीय नेपाली कविहरू पनि प्रत्यक्ष रूपमा प्रभावित बन्न गए। फलस्वरूप उनीहरूका सिर्जनामा स्वतन्त्र भारतका निम्ति उठेका लोकतान्त्रिक स्वर एउटा प्रवृत्तिगत विशेषता बनेर देखा पर्न थाल्यो। सर्वप्रथम राष्ट्र प्रेमका रूपमा

प्रस्फुटित आवाजहरू नै पछिबाट भारतीय नेपाली कवितामा लोकतान्त्रिक स्वरका रूपमा परिणत भएर गएको देखिन्छ। यसरी क्रमिक रूपमा विकसित बन्दै गएको लोकतान्त्रिक स्वर समकालीन भारतीय नेपाली कविताको एउटा प्रमुख प्रवृत्ति बने। साधारण जनताले पाउन पर्ने हक, सामाजिक-राजनैतिक अधिकार,अन्याय, अत्याचार, शोषण र दमनका विरोधमा न्यायको मागजस्ता लोकतान्त्रिक स्वर यहाँको नेपाली कवितामा प्रयोग भएको देखिन्छ। अतः पवन चामलिङ लोकतन्त्रका पक्षमा उभिने एकजना प्रमुख कवि हुन्।

पवन चामलिङको मूल क्षेत्र राजनीति भए तापनि कविता उनको सिर्जनात्मक मूल विधा हो। हालसम्म उनका *म को हुँ?* ( सन् २००९), *वीरको परिचय र अन्य प्रारम्भिक कविताहरू* (सन् २०१०), र *अन्तहीन सपना मेरो विपना* (सन् २०१०) गरी तिनवटा कवितासङ्ग्रह र एउटा गीतिसङ्ग्रह *पवन चामलिङका गीतहरू* (सन् २०११) प्रकाशित भएका छन्। कविता र गीतजस्ता सिर्जनशील क्षेत्रमा उनी विगत तिन दशकदेखि निरन्तर लागिपरेका छन्। प्रस्तुत शोध अध्ययनले चामलिङका कविताहरूमा ध्वनित यही लोकतान्त्रिक स्वरलाई प्रवृत्तिगत रूपमा अध्ययन गर्ने अभीष्ट राखेको छ।

## १.३ शोधको समस्या

प्रस्तुत शोधकार्यका समस्याहरू यसप्रकार छन्-

(क) भारतीय नेपाली कवितामा लोकतान्त्रिक स्वरको प्रयोग कहिलेदेखि सुरु भएको हो?

(ख) नेपाली कवितामा भारतीय लोकतन्त्रलाई कसरी हेर्न सकिन्छ? यसका आधारहरू के के हुन्?

(ग) पवन चामलिङका कवितामा ध्वनित लोकतान्त्रिक स्वरलाई कुन कुन आधारले अध्ययन गर्न सकिन्छ?

## १.४ शोधको उद्देश्य

(क) भारतीय लोकतन्त्रको परिप्रेक्ष्यमा भारतीय नेपाली कविताको पृष्ठभूमिको अध्ययन गर्नु।

(ख) भारतीय नेपाली कवितामा लोकतन्त्रको प्रयोगलाई बुझ्न यसका विविध आधारहरूलाई खोजेर निकाल्नु।

(ग) चामलिङका कवितामा पाइने लोकतन्त्रका मूल स्वरलाई विविध आयामबाट अध्ययन-विश्लेषण गर्नु।

## १.५ पूर्वकार्यको समीक्षा

प्रस्तुत शोध अध्ययनसम्बन्धी अहिलेसम्मको खोजअनुसार प्राप्त प्रकाशित पूर्वकार्य निम्नलिखित छन्-

### (क) सिङ्गो पुस्तकका आधारमा

कमलकान्त सेढाईद्वारा लिखित *पवन चामलिङ व्यक्ति र कृति* (सन् २००५) पुस्तकमा पवन चामलिङको व्यक्तित्व र कृतित्वमाथि सामान्य चर्चा गरिएको छ। चारवटा अध्यायमा विभाजित यस पुस्तकमा पवन चामलिङको जन्म, बाल्यकालदेखि विभिन्न व्यक्तित्वका पाटोहरूलाई संक्षेपमा प्रस्तुत गरिएको छ। यसै क्रममा साहित्यिक व्यक्तित्वमाथि चर्चा गर्दा उनका कविताहरूको उल्लेख गर्दै विभिन्न उपशीर्षक दिएर छोटो विश्लेषण गरिएको छ। राजनीतिक चेतना, विश्वप्रेम, मानवतावाद, प्रगतिवादी, अस्तित्वप्रति सचेतना आदिका आधारमा कविताहरूको चर्चा गरिएको छ।

प्रेम थुलुङद्वारा लिखित *सन्दर्भ* (सन् २००५) -मा पवन चामलिङका कविता सङ्ग्रहहरू र गीतहरूमाथि समालोचकीय दृष्टिकोण प्रस्तुत गरिएको छ। यस क्रममा सिक्किमको सामाजिक व्यवस्था तथा ऐतिहासिक पृष्ठभूमिलाई आधार गरिएको पाइन्छ।

कविता लामाद्वारा लिखित *दिदृक्षा* (सन् २००५) पुस्तक भाषा र साहित्यसम्बन्धी लेखहरूको सङ्ग्रह हो। यसमा भाषा र साहित्य गरी दुई खण्डमा विभाजित अध्यायहरू राखिएका छन्। साहित्य खण्डको दसौँ क्रममा 'प्रजातान्त्रिक आन्दोलनको आत्मसङ्घर्षः पाठकीय दृष्टि' नामक शीर्षकमा लामाले कवि पवन चामलिङको आत्मसंस्मरणात्मक पुस्तकको निरूपणका साथै यसबारे गहन अध्ययन प्रस्तुत गर्दै चामलिङका राजनीतिक र काव्यिक दुवै व्यक्तित्वबारे विस्तृत चर्चा गरेकी छन्। यिनले समाजमा हुने शोषण, दमन, अन्याय, अत्याचार तथा असमानताविरुद्ध आवाज उठाउने प्रवृत्ति कवि चामलिङमा हुर्किँदै आएको बताएकी छन्। कवि चामलिङमा रिमालझैँ विद्रोही भाव पाइने लामाको ठहर छ।

*म को हुँ कवित्ववृत्तका डा चामलिङ* (सन् २००८) सुरेश शर्मको पुस्तक हो। यस पुस्तकमा मूलतः पवन चामलिङको *म को हुँ?* कविता सङ्ग्रहभित्रका कविताहरूको विश्लेषण गरिएको पाइन्छ। यस पुस्तकमा कवि पवन चामलिङको परिचय अनि कवि व्यक्तित्वलाई विभिन्न शीर्षकमा विभाजन गरी उनका कविताहरूलाई मानवतावादी, धार्मिक चेत, प्रतीकात्मक प्रस्तुति, जातिप्रेम, राजनीतिक चेत, अस्तित्ववादी-विसङ्गतिवादी चिन्तन, प्रगतिवादी-क्रान्तिकारी चिन्तन आदि प्रवृत्तिका आधारमा विश्लेषण गरिएको छ।

महेश प्रसाईद्वारा सम्पादित *पवन चामलिङ स्रष्टा र सिर्जना* (सन् २००८) पुस्तकमा ३२ वटा लेखहरू समाविष्ट छन्। यस पुस्तकमा समाविष्ट 'प्रसङ्ग मान्छेदेखि मान्छेसम्म' लेखमा ईश्वरवल्लभले कवि चामलिङको परिचय दिँदै उनलाई मानवीय विश्वजनीनता, सार्वभौमिकता र व्यक्तित्वको जातीय अस्मिताका कवि भनेका छन्। यही परिप्रेक्ष्यमा उनले यसबारे थप अध्ययन गर्नुपर्ने विचार पनि राखेका छन्। 'पवनका कविता युगदर्शनका अभिव्यक्ति' नामक लेखको निचोडमा सुधा त्रिपाठीले कवि चामलिङलाई  प्रगतिवादी कवि मानेकी छन्। प्रस्तुत पुस्तकमा अन्यान्य धेरै लेखकहरूले पनि पवन चामलिङका काव्यप्रवृत्तिमाथि विभिन्न मत व्यक्त गरेका छन्।

*पुर्पुच्छे बकितम्* बीरु वाङ्देलद्वारा लिखित समीक्षात्मक लेखहरूको सङ्गालो हो। सन् २०१२ मा प्रकाशित यस पुस्तकमा उनको 'आत्म-परिचयको अर्को खोज म को हुँ?' लेख सङ्कलित छ। यस लेखमा उनले विविध दृष्टिकोणका आघारमा चामलिङका कविताहरूको विश्लेषण गरेका छन्। चामलिङका कवितामा जातीय अस्तित्व, राजनीतिक चेतना, स्वअस्तित्व रहेको वाङ्देलको विचार पाइन्छ।

शिवराज शर्मा र हेमराज अधिकारीद्वारा लिखित *पवन चामलिङ 'किरण' व्यक्तित्व र कृतित्व* (सन् २०१३) पुस्तक तिनवटा अध्यायमा विभाजित छ। पहिलो अध्यायमा पवन चामलिङको साहित्यिक र साहित्येतर व्यक्तित्वको वर्णन गरिएको छ। दोस्रो अध्यायमा पवन चामलिङका कृतिहरूमाथि विश्लेषण गरिएको छ। राष्ट्र प्रेम, प्रगतिवादी, सामाजिक चेतना आदिका आधारमा कविताहरूको विश्लेषण गरेको पाइन्छ। अन्तिम अध्यायमा लेखकद्वयले कवि पवन चामलिङको संक्षिप्त जीवनी प्रस्तुत गरेका छन्।

*सिक्किमेली नेपाली साहित्यको इतिहास परम्परा र प्रवृत्ति* (सन् २०१३) पुस्तकमा दीपक तिवारीले सिक्किमेली नेपाली साहित्यको इतिहासलाई विभिन्न कालक्रममा चर्चा गर्दै कविता विधाको विकासअन्तर्गत पवन चामलिङका काव्यप्रवृत्तिमाथि पनि प्रकाश पारेका छन्। उनले चामलिङलाई समाजका शोषित-पीडित, लाञ्छित र वञ्चितवर्गप्रति सहानुभूति व्यक्त गर्ने तथा नक्कली सभ्यताको विरोध, सामाजिक व्यङ्ग, धार्मिक आडम्बर र सामन्ती आचरणको खुलेर विरोध गर्ने कवि हुन् भन्ने मत व्यक्त गरेका छन्। तिवारीले यस पुस्तकमा पवनका कविताहरूमा जीवनवादी र आशावादी भावना अधिक पाइने बताएका छन्।

दिवाकर प्रधानद्वारा लिखित *कविताका कुरा* (सन् २०१३) पुस्तकमा "कवि-'किरण'-मा मानवता" नामक लेख सङ्कलित छ। यस लेखमा उनले मानवतावादको विकास, मानवतावादबारे दृष्टिकोण, प्राचीन भारतीय मानवतावाद, आधुनिक भारतमा मानवतावादी चिन्तन, मानवतावादी परिप्रेक्ष्यमा भारतीय पुनर्जागरण आदि जस्ता उपशीर्षकहरूमा मानवतावादको सिद्धान्त र विकासको उल्लेख गर्दै चामलिङका कविताहरूको विश्लेषण गरिएको पाइन्छ।

घनश्याम नेपालको पुस्तक *विधा विविधा* (सन् २०१३) -मा विभिन्न समालोचनात्मक लेखहरू सङ्गृहीत छन्। साहित्यका विभिन्न सिद्धान्त तथा अन्य विषयहरूमा आधारित यी समालोचनात्मक लेखहरू विद्यार्थीका निम्ति धेरै उपयोगी रहेको पाइन्छ। उनले "मान्छे- कवि 'किरण'-को कविता-केन्द्र" नामक लेखमा कवि पवन चामलिङको काव्यकारितामाथि आफ्नो समालोचकीय दृष्टिकोण राख्दै चामलिङलाई विचारधारामा अविचलित र दृढ भएर निरन्तरता दिने कवि हुन् भनेका छन्। नेपालले उक्त लेखमा विद्रोह, क्रान्ति र विरोधका साथै प्रजातान्त्रिक चेतनामूलक काव्यधारालाई चामलिङका कविताको प्रमुख तत्त्व मानेका छन्।

### (ख) सम्पादित पुस्तकहरूमा प्रकाशित लेखहरूका आधारमा

सुदर्शन श्रेष्ठको सम्पादनमा सन् २०१८ मा नेपालको साथी प्रकाशनद्वारा प्रकाशित *भारतीय नेपाली समालोचना* पुस्तकमा डिल्लीप्रसाद अधिकारीको "कवि पवन चामलिङ किरण र उनको 'म को हुँ'

छोटो विवेचना" समीक्षात्मकलेख सङ्गृहीत छ। यसमा उनले चामलिङका कविताहरूको विश्लेषण गर्दै समग्रमा चामलिङको काव्यिक व्यक्तित्वलाई विद्रोही, क्रान्तिकारी र प्रगतिवादी बताएका छन्।

### (ग) पत्र-पत्रिकाका आधारमा

सिक्किमबाट प्रकाशित हुने पत्रिका *निर्माण* (सन् २००९) वर्षः ३०, अङ्कः ४८ मा भीम दाहालको 'अन्तहीन सपनाः मेरो विपना-मा कवि पवन चामलिङ' समीक्षात्मक लेख प्रकाशित छ। यस लेखमा भीम दाहालले कवि चामलिङको दोस्रो कविता सङ्ग्रह *अन्तहीन सपनाः मेरो विपना*मा सङ्गृहीत कविताहरूको विश्लेषण गरेका छन्। कवि चामलिङका कवितामा वर्गसचेत, भौतिक द्वन्द्ववाद र क्रान्तिकारी स्वर रहेको दाहालको विचार पाइन्छ।

पश्चिम सिक्किम गेजिङबाट प्रकाशित अनि वीरभद्र कार्कीढोलीको सम्पादनमा छापिने *प्रक्रिया रजत जयन्ती विशेषाङ्क* (सन् २०११), वर्षः २५, अङ्कः३० मा कवि पवन चामलिङका कविताहरूसँग सम्बन्धित दुईवटा समीक्षात्मक लेखहरू प्रकाशित छन्। यस पत्रिकामा नेपालका प्रतिष्ठित साहित्यकार नरेन्द्र चापागाईंका " 'म को हुँ?'-का कवि पवन चामलिङको कवित्व" नामक समीक्षात्मक लेख सङ्गृहीत छ। यस लेखमा उनले चामलिङका कविताहरूमा सामाजिक असमानता, आर्थिक विषमता, शोषण, दमन र उत्पीडन आदि मुखरित बनेको बताएका छन्। भाषा, संस्कृति, जातीयता, राष्ट्रियता, स्वतन्त्रता र प्रजातान्त्रिक मूल्य र मान्यता, समानताको स्थापनामा कवि चामलिङको कवित्व अघि आएको देखिन्छ।

वीरभद्र कार्कीढोलीद्वारा सम्पादित *प्रक्रिया रजत जयन्ती विशेषाङ्क* (सन् २०११), वर्षः २५, अङ्कः३० मा कवि पवन चामलिङका कविताहरूसँग सम्बन्धित दुईवटा समीक्षात्मक लेखहरू प्रकाशित छन्। यसमा नरेन्द्र चापागाईंका " 'म को हुँ?'-का कवि पवन चामलिङको कवित्व" नामक समीक्षात्मक लेख सङ्गृहीत छ। यस लेखमा उनले चामलिङका कविताहरूमा सामाजिक असमानता, आर्थिक विषमता, शोषण, दमन र उत्पीडन आदि मुखरित बनेको बताएका छन्। भाषा, संस्कृति, जातीयता, राष्ट्रियता, स्वतन्त्रता र प्रजातान्त्रिक मूल्य र मान्यता, समानताको स्थापनामा कवि चामलिङको कवित्व अघि आएको देखिन्छ।

*प्रक्रिया*को सोही अङ्कमा गोविन्द गिरीको लेख 'साहित्यकार पवन चामलिङको योगदान' प्रकाशित छ। यसमा उनले मानवतावादी, सामाजिक चेतना, क्रान्तिकारी चेतनाको आधारमा पवन चामलिङका 'शान्तिहीन मान्छेसँग अन्तहीन कुरा', 'मेरो त जातै मान्छे', 'भानुलाई सम्झेर', 'महाजन्म' र 'एउटा कथाको समाप्तिपछिको अर्को कथा' कविताहरूको सङ्क्षिप्त विश्लेषण गरेका छन्।

राजकुमार राईद्वारा सम्पादित हङकङबाट प्रकाशित हुने पत्रिका *साप्लाबुङ* (सन् २०१३) वर्षः४, पूर्णाङकः६ पवन चामलिङ विशेषाङ्कको रूपमा प्रकाशित छ। यस पत्रिकामा समालोचक पेम्पा तामाङले 'पवन चामलिङका कविताहरूः एक पठन' नामक समीक्षात्मक लेखमा कविका कविताहरूको प्रवृत्तिमाथि विशेष अध्ययन प्रस्तुत गरेका छन्। चामलिङका कविताहरूमा रोमान्टिक वा भावनात्मक, देश प्रेम, जाति प्रेम तथा प्रगतिवादी प्रवृत्ति रहेको उक्त विश्लेषणबाट स्पष्ट हुन्छ।

*निर्माण* (सन् २०१५) -को अङ्कः ५५, वर्षः ३६ मा सुमन बान्तवाको लेख 'पवन चामलिङकृत अन्तहीन सपना मेरो विपना-मा वस्तु प्रयोग' प्रकाशित छ। यस लेखमा उनले पवन चामलिङका कविताहरूलाई शोषण कविता, विद्रोहजन्य कविता, स्व-अस्तित्वप्रति चिन्तन, सामाजिक वैषम्य र युद्धसम्बन्धी कविता पाँचवटा विषयमा विभाजन गरेर विश्लेषण गरेका छन्। उनले पवन चामलिङको काव्यगत प्रवृत्ति प्रगतिवादी रहेको किटान गरेका छन्।

उदय छेत्रीद्वारा सम्पादित *अकादेमी जर्नल* (वर्षः१४, अङ्कः ७, सन् २०१८) मा सबिता तामाङको 'प्रगतिवादको सन्दर्भमा अन्तहीन सपनाः मेरो विपना' लेख प्रकाशित छ। उनले चामलिङको दोस्रो काव्यकृति *अन्तहीन सपनाः मेरो विपना*मा सङ्कलित कविताहरूको सामाजिक सञ्चेतना, वर्ग सङ्घर्षको चित्रणसँगै परिवर्तनकारी चेतना, सामन्तवाद तथा पुँजीवादको विरोध, कुरूप वर्तमानको अभिव्यक्तिका आधारमा विश्लेषण गरेकी छन्। उनले चामलिङका कवितामा शोषण र उत्पीडनको विरोध पाइने विचार व्यक्त गरेकी छन्।

### (घ) शोधप्रबन्धका आधारमा

पुष्प शर्माले सन् २०११ मा उत्तर बङ्ग विश्वविद्यालयबाट *नेपाली कविताको विकासमा सिक्किमको योगदान* शीर्षकमा विद्यावारिधि गरेको पाइन्छ। यस शोधमा सन् १९४० देखि १९९० सम्मको सीमाङ्कन गरी सिक्किमको नेपाली कविताको विकासको मूल्याङ्कन गरिएको पाइन्छ। यो शोधप्रबन्ध सन् २०१२ मा *सिक्किमका नेपाली कविता विश्लेषण र मूल्याङ्कन* (सन् १९४०-१९९० सम्म) शीर्षक पुस्तकमा प्रकाशित भएको छ। शोधप्रबन्धको चौथो अध्यायअन्तर्गत ४.३ मा राखिएको 'कवि पवन चामलिङ किरणका तिनैवटा कविता सङ्ग्रहहरू' उपशीर्षकमा कवि चामलिङका प्रकाशित कविताकृतिका विभिन्न आयाम र संरचना स्वरूपबारे चर्चा गरिएको छ। पुष्प शर्माले आफ्नो शोधप्रबन्धमा तिनैओटा कविताकृतिका कविताहरू सरल, सहज, स्वाभाविक, कोमल अभिव्यक्ति रहेको ठहर गर्दै यी कृतिहरू पठनीय रहेको उल्लेख गरेकी छन्।

गीता थपलियाले सन् २०१८ मा त्रिभुवन विश्वविद्यालयका प्राध्यापक ताराकान्ता पाण्डेयको निर्देशनमा *आधुनिक नेपाली कवितामा पर्यावरणीय चेतना* शीर्षकमा विद्यावारिधि तहको शोधकार्य गरेको थाह लाग्दछ। यस शोधमा सन् १९७९ देखि सन् २०१७ सम्मका आधुनिक नेपाली कवितामा पर्यावरणीय चेतनाको विश्लेषण गरिएको छ। गीता थपलियाले पवन चामलिङको 'ब्रह्मपुत्र र कामाख्या पुगेर आफैलाई हेर्दा' शीर्षकको कवितालाई पर्यावरणीय चेतनाको दृष्टिले विश्लेषण गरेकी छन्। उनको यस कवितामा राजनीतिक र सांस्कृतिक परिवेशको चित्रण भए पनि त्यस परिवेशसँग जोडिएर आएको स्थानीय धार्मिक परिवेशले गहन पारिस्थितिकी प्रस्तुत गरेको विचार प्रकट गरेकी छन्।

माथि उल्लिखित सर्वेक्षणहरूबाट विभिन्न लेखक, समालोचक अनि शोधार्थीहरूले पवन चामलिङका कवितालाई विभिन्न दृष्टिकोणबाट अध्ययन-विश्लेषण गरे तापनि कविका कविताहरूमा निहित लोकतान्त्रिक स्वरको अध्ययन भएको थाहा लाग्दैन।

## १.६ शोधविधि

### १.६.१ अध्ययन विश्लेषणको सैद्धान्तिक आधार

प्रस्तुत शोधकार्यमा निगमनात्मक विधि अनि विश्लेषणात्मक पद्धतिको प्रयोग गरिएको छ। शोधकार्यमा प्रयुक्त भाषा अनि व्याकरण *नेपाली लेखन शैली* (सन् २०११) -मा आधारित रहेको छ भने सन्दर्भ, पादटिप्पणी तथा सन्दर्भ लेखनमा चूडामणि बन्धुको *अनुसन्धान तथा प्रतिवेदन लेखन* (सन् २०१३) पुस्तकलाई आधार मानिएको छ।

### १.६.२ शोधको सामग्री सङ्कलन विधि

प्रस्तुत शोधसम्बन्धी तथ्याङ्क र अन्य आवश्यक सामग्रीहरू द्वितीय स्रोतबाट सङ्कलन गरिएको छ। द्वितीय स्रोतअन्तर्गत पुस्तक, लेख, शोधग्रन्थ, पत्रपत्रिका तथा पुस्तकालयबाट प्राप्त सामग्री सङ्कलन गरिएको छ भने विद्युतीय माध्यमद्वारा प्राप्त सामग्रीलाई पनि यस अध्ययनमा द्वितीय स्रोतका रूपमा समाविष्ट गरिएको छ।

## १.७ शोधको औचित्य र महत्त्व

भारतीय नेपाली कवितामा लोकतान्त्रिक स्वरको विकासलाई केलाउँदै कवि पवन चामलिङका कवितामा ध्वनित लोकतान्त्रिक स्वरको विश्लेषण गर्नु यस शोधको औचित्य र महत्त्व रहेको छ।

## १.८ शोधको सीमाङ्कन

प्रस्तुत शोधको सीमा पवन चामलिङ 'किरण'-का अहिलेसम्म प्रकाशित तिनवटा काव्यकृति जस्तै *वीरको परिचय र अन्य प्रारम्भिक कविताहरू* (सन् २००९), *म को हुँ?* (२०१०) र *अन्तहीन सपना मेरो विपना* (२०१०) -मा सङ्गृहीत कविताहरूको अध्ययनमा सीमित रहेको छ।

## १.९ शोधप्रबन्धको रूपरेखा

प्रस्तुत शोधप्रबन्धको रूपरेखा यस प्रकार रहेको छ-

पहिलो अध्यायः यस अध्यायमा शोधको परिचय राखिएको छ। शोधको परिचय प्रस्तुत गर्नाका निम्ति शोध शीर्षकको परिचय राख्दै शोधको समस्या र उद्देश्यलाई स्पष्ट पारिएको छ। यसपछि प्रस्तुत अध्यायमा सिङ्गो पुस्तक, सम्पादित पुस्तकहरूमा प्रकाशित लेखहरू, पत्र-पत्रिका तथा शोध प्रबन्धका आधारमा पूर्वकार्यको समीक्षा गरिएको छ। त्यसपछि शोधविधि, शोधको औचित्य र महत्त्व अनि शोधको सीमाङ्कनमाथि प्रकाश पारिएको छ।

दोस्रो अध्यायः यस अध्यायमा लोकतन्त्रको सैद्धान्तिक पक्षबारे सविस्तार चर्चा गरिएको छ। यसअन्तर्गत लोकतन्त्रको अर्थ, परिभाषा, प्रकार, स्तम्भ र तत्त्वमाथि विशेषतः प्रकाश पार्दै लोकतन्त्रको विकास, मूलभूत विशेषता आदिको पनि चर्चा गरिएको छ। यसअतिरिक्त शासन प्रणालीका प्रकार र भारतको लोकतन्त्रको चर्चा गर्दै भारतीय नेपाली कविता र लोकतन्त्रको सम्बन्धलाई केलाउने काम गरिएको छ। भारतीय नेपाली कविता लेखनमा सक्रिय कविहरूमा लोकतन्त्रको प्रभाव, लोकतान्त्रिक स्वरको प्रयोगलाई केलाउँदै नेपाली कवितामा लोकतान्त्रिक स्वरका आधारहरू खुट्ट्याइको छ। त्यसपछि प्रस्तुत अध्यायको अन्तमा निष्कर्ष राखिएको छ।

तेस्रो अध्यायः यस अध्यायमा कविको व्यक्तित्व र कृतित्वको चर्चा गरिएको छ। यसै क्रममा कवि पवन चामलिङका साहित्यिक व्यक्तित्वमा कवि, गीतकार, निबन्धकार, सम्पादक र प्रकाशकका रूपमा चिनाइएको छ। यसका साथै पवन चामलिङका कविताहरूको वैशिष्ट्यमा सामाजिक यथार्थवादी, स्वच्छन्दतावादी, अस्तित्ववादी, वर्गीय चेतना, क्रान्तिकारी स्वर, राजनीतिक चेतनामाथि सोदाहरण प्रकाश पारिएको छ। यसअतिरिक्त चामलिङका कवितामा प्रयुक्त भाषामाथि संक्षेपमा अध्ययन गरिएको छ। अन्तमा निष्कर्ष राखिएको छ।

चौथो अध्यायः यस शोध प्रबन्धको मूल अध्याय नै चौथो अध्याय हो। कवि पवनका प्रकाशित तिनवटा कविता सङ्ग्रहका आधारमा लोकतान्त्रिक स्वरको विश्लेषण गरिएको छ। यसका आधारहरू

लोकतन्त्रका विशेषता र तत्त्व रहेका छन्। यसका साथै यस अध्यायको अर्को उपशीर्षकमा कवितामा ध्वनित लोकतान्त्रिक स्वरको अध्ययन रहेको छ भने अन्तमा निष्कर्ष राखिएको छ।

पाँचौँ अध्यायः यो अध्याय शोध प्रबन्धको अन्तिम अध्याय हो। शोधको उपसंहार एवम् निष्कर्षअन्तर्गत शोध प्रबन्धका सबै अध्यायहरूको सार रूप प्रस्तुत गरिएको छ। निष्कर्षमा शोध विषयका मूलभूत प्राप्तिहरूलाई बुँदागत रूपमा प्रस्तुत गरिएको छ।

## १.१० भावी शोधकर्तालाई सुझाउ

प्रस्तुत शोधप्रबन्धको शीर्षक ''पवन चामलिङ 'किरण'-का कविताहरूमा ध्वनित लोकतान्त्रिक स्वर'' रहेको छ। भावी शोधकर्ताका निम्ति कवि पवन चामलिङका कवितासम्बन्धी शोध गर्ने क्षेत्र यस प्रकार छन्-

- पवन चामलिङका कविताहरूको प्रवृत्तिगत अध्ययन।
- नवइतिहासवादका दृष्टिले पवन चामलिङका कविता।
- पवन चामलिङका कविताहरूको समाजशास्त्रीय अध्ययन।
- पवन चामलिङका कविताहरूमा प्रयुक्त शिल्प चेतना।

*

# दोस्रो अध्याय

# लोकतन्त्र एवम् भारतीय नेपाली कवितामा लोकतन्त्र

## २.१ लोकतन्त्रको सैद्धान्तिक परिचय

### २.१.१ लोकतन्त्रको अर्थ र परिभाषा

विश्वमा प्रचलित विभिन्न विचारधाराहरूले मानव समाजलाई प्रभाव पार्दैँ आइरहेको छ। यसमध्ये राजनीतिक विचारधारा एउटा हो। यसले मानव समाजलाई उचित दिशा निर्देश गर्नाका साथै सही रूपले समाज सञ्चालित हुनमा पनि महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ। लोकतन्त्र यसैको एउटा रूप हो। इसापूर्व पाँचौँ शताब्दीमा ग्रीसको एथेन्समा सवर्प्रथम लोकतन्त्रको बीजारोपण भएको मानिन्छ। वर्तमान विश्वमा लोकप्रिय बनेका अनेकौँ मान्यताहरूमध्ये लोकतन्त्रलाई शीर्ष स्थानमा राखिएको पाइन्छ। शासन प्रणालीको एउटा भेद मानिने लोकतन्त्र राजतन्त्र तथा अन्य शासन प्रणालीभन्दा भिन्न विशेषताले युक्त छ। स्वतन्त्रता र समानता यसको मूल स्वभाव हो। लोकतन्त्रले जनतालाई सर्वोच्च स्थान दिने हुनाले यसमा जनताको सक्रिय सहभागिता अपरिहार्य रहन्छ।

लोकतन्त्रको प्रारम्भिक स्थल एथेन्सलाई माने तापनि यसको विकासमा पश्चिमी प्रान्तका अन्य देशहरू ब्रिटेन, अमेरिका, फ्रान्स आदिको पनि धेरै योगदान रहेको छ। विभिन्न विचारधाराकै कारण विश्वमा धेरै प्रकारको शासन प्रणाली कायम रहेको पाइन्छ। राजतन्त्र, कुलीनतन्त्र र अधिनायकतन्त्र शासन प्रणालीले मानव समाजमा राम्रो प्रभाव पार्न नसक्दा विभिन्न क्रान्तिको प्रारम्भ हुन गएको हो। फ्रान्सेली क्रान्ति, अमेरिकेली क्रान्ति, रसियाली क्रान्ति, ब्रिटेनको गृह युद्धदेखि लिएर पुनर्जागरणकाल र विश्वयुद्धले ल्याएका अवस्था तथा परिवेशहरूले लोकतन्त्रको विकास हुनमा ठुलो भूमिका निर्वाह गरेको थाहा लाग्दछ।

जनतासित प्रत्यक्ष सम्बन्ध हुने शासन प्रणाली लोकतन्त्र हो। यस प्रणालीले जनताको हित, कल्याण र सर्वाङ्गीण विकासलाई प्रमुखता दिँदछ। तथापि अन्य मान्यता र विचारधाराहरू सरह यसबारे पनि धेरैले आलोचना गरेका छन्। सीमित झुन्डलाई मात्र फाइदा पुऱ्याउने, समान अवसरलाई सदुपयोग

गर्न प्रतिस्पर्धामा सहभागिता नहुँदा पछाडि पर्ने आदि जस्ता लोकतन्त्रका दुर्बल पक्षहरू हुन् भनी धेरैले यसको आलोचना गरेको पाइन्छ। अधिकार र कर्त्तव्य दुवैलाई समानान्तर रूपमा लिएर हिँड्नु लोकतन्त्रको सबल पक्षहरू हुन्। प्रत्यक्ष लोकतन्त्र अनि अप्रत्यक्ष लोकतन्त्र गरी यसका दुईवटा रूपहरू छन्। समयअनुसार यसमा केही परिवर्तन हुँदै जाने गर्दछ।

लोकतन्त्र भनेको शासनको एउटा पद्धति हो। यस पद्धतिमा मूल रूपले लोकतन्त्र र जनतामाझ प्रत्यक्ष सम्बन्ध हुने गर्दछ। यसमा शासनको सत्ता जनताकै अधीनमा रहने हुनालेनै जनताले यसको प्रयोग प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा गर्दछ। तसर्थ लोकतन्त्रमा शासन शक्तिको केन्द्रमा जनता नै रहन्छन्। अङ्ग्रेजी शब्द 'डेमोक्रेसी'-को नेपाली रूपान्तरण लोकतन्त्र हो। "ग्रीसेली भाषाको 'डेमोस' र 'क्रेटोस' दुईवटा शब्दहरूको संयुक्त रूपबाट बनेको शब्द ' डेमोक्रेसी '-को अर्थ 'जनता र उसको शक्ति वा शासन भन्ने हुँदछ।"[1] लोकतन्त्र शब्दको अर्थले जनताको सर्वोच्चतालाई प्रस्ट पार्दछ। यस दृष्टिमा लोकतन्त्र जनताद्वारा गरिने शासन भनेर बुझिन्छ।

लोकतन्त्रको व्यापकता यसको उपयोगितामाथि निर्भर रहन्छ। लोकतन्त्र जनतामा केन्द्रित रहनाका कारण यसलाई सामूहिक निर्णयको एउटा पद्धति मानिन्छ। डेविड बिथम र केविन बायलेद्वारा लिखित अनि देसराज गोयलद्वारा अनूदित पुस्तक *लोकतन्त्र ८० प्रश्न और उत्तर* (सन् १९९९) -मा लोकतन्त्रका दुईवटा मूल सिद्धान्त रहेको उल्लेख गर्दै पहिलोमा सामूहिक निर्णयमा सार्वजनिक नियन्त्रण र दोस्रोमा त्यही नियन्त्रणलाई प्रयोग गर्दा अधिकारमा समानता आउने बताइएको छ। यसरी हेर्दा लोकतन्त्रले सामूहिक निर्णयलाई पनि प्राथमिकता दिएको बुझिन्छ। यद्यपि अधिकांश आलोचकहरूले लोकतन्त्रलाई विशेषतः शासन पद्धतिकै रूपमा स्वीकार गरेको पाइन्छ। समानता, आधारभूत आवश्यकता पूर्ति, विभिन्न अधिकार तथा मूलभूत स्वतन्त्रताको सुनिश्चितता र सामाजिक नवीनीकरणलाई लोकतन्त्रले विशेष जोड दिंदछ।

---

[1]हमिद अलि महम्मद, सन् २००५, *डेमोक्रेसी आइडिएल्स एन्ड रियालीटि*, पञ्जाब विश्वविद्यालयअन्तर्गत दर्शनशास्त्र विभागमा विद्यावारिधि प्राप्त गर्न बुझाइएको शोधप्रबन्ध, पृ.१४

लोकतन्त्रलाई अर्को दृष्टिकोणबाट पनि बुझ्न सकिन्छ। "लोकतन्त्र, सरकारको त्यो रूप हो जसमा सर्वोपरि शक्ति जनतामा निहित हुन्छ। निर्वाचनमा जनमतद्वारा प्रतिनिधि चुनिएपछि जनताले त्यस शक्तिको उपयोग प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा गर्दछन्।"[२] जनताको शासन भएकाले यसको शक्ति जनतामै निहित हुन्छ। जनताको हित, कल्याण र सम्पन्नता यसमा पूर्ण रूपले सम्बद्ध हुन्छ। जनताको शक्ति सर्वोपरि भए तापनि लोकतन्त्रमा व्यवस्था र प्रतिनिधि दुवै उतिकै अनिवार्य र मुख्य ठहर्दछ। व्यवस्था निर्माणमा प्रतिनिधिको भूमिका मुख्य भएकाले निर्वाचनलाई एउटा सशक्त माध्यम मानिन्छ। निर्वाचनद्वारा जनताले आफूले रोजेको, चुनेको र मानेको प्रतिनिधिलाई आफ्नो मताधिकारको प्रयोग गरी सरकार गठन गर्ने अनुमति दिँदछन्। निर्वाचित प्रतिनिधिले जनताको पक्ष र हितमा काम गर्दछ। तसर्थ लोकतन्त्रमा निर्वाचनद्वारा प्रतिनिधि चयन गरिने कार्य यसको अत्यन्त महत्त्वपूर्ण प्रक्रिया हो।

*प्रयोगात्मक शब्दकोश*अनुसार लोकतन्त्रको अर्थ- "जनताबाट निर्वाचित प्रतिनिधिहरूबाट चलाइने शासन व्यवस्था, जनप्रतिनिधिहरूको व्यवस्था हो।"[३] जनताले आफ्नो मतद्वारा प्रतिनिधिलाई शासन व्यवस्था चलाउने अधिकार पूर्ण रूपले दिएको भए तापनि लोकतन्त्रमा जनप्रतिनिधिहरू उत्तरदायित्व र जवाफदेही बन्नु पर्दछ भनी बताइएको छ। जनप्रतिनिधिले शासन व्यवस्था जनताकै हित, कल्याण र सरोकारमा सञ्चालन गर्न पर्ने अनिवार्यता रहन्छ। स्वतन्त्रता, समानता र न्यायलाई लोकतन्त्रको आदर्श मानिन्छ।

*राजनीतिक शब्दकोश*अनुसार लोकतन्त्रको अर्थ- "लोकतन्त्र सामान्यरूपमा जनताद्वारा जनतालाई जनताका लागि गरिने शासन प्रणाली हो। जनसहभागिता, जनपरिचालन र जनउत्तरदायित्व तथा जननीति यसको विधिविधान हो। यसले राजनीतिक अवस्था, राज्यको संरचना तथा विधिविधानलाई पनि एक ढङ्गले प्रकाशमा ल्याउने गर्दछ।"[४] लोकतन्त्रमा जनताको सहभागिता, दायित्त्व र कल्याणलाई यसले प्राथमिकता दिँदछ। "लोकतन्त्र राजतन्त्र, कुलीनतन्त्र र

---

[२] एडिटर्स अप् एनसाइक्लोपेडिया, सन् २००५, *ब्रिटानिका रेडी रेफरेन्स एनसाइक्लोपेडिया*, नयी दिल्लीः ग्रिन पार्क मेन मार्केट, पृ.१२

[३] हेमाङ्गराज अधिकारी अनि बद्री विशाल भट्टराई, वि सं २०७४, *प्रयोगात्मक नेपली शब्दकोश*, काठमाडौँ: विद्यार्थी प्रकाशन, पृ.९००

[४] गोपाल शिवाकोटी, सन् २०१३, *राजनीतिक शब्दकोश*, काठमाडौँ: जनपैरबी प्रकाशन, पृ.८३१

अधिनायकतन्त्रभन्दा भिन्न हुन्छ।"[५] लोकतन्त्रको अर्थलाई अझ गहन तरिकाले बुझ्नका निम्ति यी तिनै शासन प्रणालीलाई बुझ्न आवश्यक हुन्छ।

राजतन्त्रमा राजाले आफ्नो स्वेच्छाअनुसार देशको शासन चलाउँदछ। यस प्रकारको शासन व्यवस्थामा जनताको न्याय र कल्याणका विषयहरूको निक्यौंल र निर्णय गर्ने शक्तिको केन्द्र राजामा मात्र सीमित हुन्छ। राजाले आफ्नो इच्छाअनुसार जनतामा शासन चलाउँदछ।

शासन शक्ति मूल रूपमा एकजना व्यक्ति अथवा एउटा समूह र एउटा दलमाथि केन्द्रित हुनु अधिनायकतन्त्र हो। यसमा कुनै पनि शक्ति विभाजित नभएर एउटै व्यक्ति अथवा समूहमा केन्द्रित रहन्छ। जनताको हक, अधिकार र न्याय यस शासन प्रणालीमा सर्वमान्य हुँदैन। अधिनायकतन्त्रले मौलिक अधिकार तथा व्यक्तिगत स्वतन्त्रतालाई प्राथमिकता नदिने हुनाले व्यक्तित्वको विकास पनि सम्भव हुँदैन। यस शासन व्यवस्थामा सत्ता अथवा आफ्नो शक्तिलाई कायम राख्न साधारण जनताले गरेको विरोधलाई दबाएर राख्दछ। यसले जनतालाई अत्याचार गर्दछ। विचारको सम्प्रेषणलाई शासन व्यवस्थाले पूर्ण रूपमा दमन गरेर राखेको हुन्छ। लोकतन्त्रले सिङ्गो व्यक्ति, समूह र दललाई मात्र सशक्त तुल्याउँदैन। व्यक्तित्वको विकास, विचारको सम्प्रेषण, शक्ति विकेन्द्रीकरण आदिलाई प्राथमिकता दिने हुनाले लोकतन्त्रले समग्रलाई शक्ति सम्पन्न बनाउँदछ। लोकतन्त्रमा कुनै पनि निर्णयका निम्ति नागरिक तथा जनताको सहभागिता प्रमुख मानिन्छ। "यदि निर्णय प्रक्रियाबाट जनतालाई हटाइन्छ भने लोकतन्त्रको कुरा उठानसम्म गर्न सकिँदैन। देशको राजनीतिमा नागरिकको अर्थपूर्ण सहभागिता र सफल लोकतन्त्रका लागि प्रत्येक नागरिकले लोकतन्त्रमा आफ्नो भूमिका र कर्त्तव्य जानेको हुनुपर्दछ।"[६] यसरी लोकतन्त्रमा नागरिक अथवा जनताको भूमिका सर्वोपरि र प्रमुख रहेको हुन्छ।

लोकतन्त्रको अर्थ समान रूपले मान्य भए पनि यसलाई विभिन्न प्रकारले परिभाषित गरिएको पाइन्छ। विश्वका विभिन्न विद्वान्हरूले लोकतन्त्रको परिभाषा आआफ्ना मत तथा दृष्टिकोणअनुसार राखेका छन्-

---

[५] वाट् इज डेमोक्रेसी? Lघशाbrary.fes.5.10.2019, 9.30 p.m., पृ.४

[६] कन्सेप्ट एन्ड प्रिन्सिपल्स अव् डेमोक्रेटिक गभर्नेन्स एन्ड एकाउन्टिबिलिटि, www.kas.de, 6.10.2019, 7 a.m., पृ.११

प्लेटोले लोकतन्त्रलाई आलोचनात्मक रूपमा यसरी परिभाषित गरेका छन्- "लोकतन्त्र वास्तवमा भीडतन्त्र हो। भीडले आफ्नो इच्छानुसार शासकहरूको कानुन बनाउँदछ। प्रत्येक व्यक्ति शासक बनेर मनमानी गर्दछ।"[७]

एरिस्टोटलले लोकतन्त्रलाई शासनको एउटा प्रकार मान्दै भनेका छन्- "यस शासनको अर्थ केवल निर्धनहरूका हितका लागि गरिने जनताको शासन हो। यस प्रकारको शासनमा राज्य सञ्चालन कानुनअनुसार नभएर जनताको इच्छाअनुसार हुन्छ।"[८]

अर्का विद्वान् रूसो भन्छन्-"लोकतन्त्रमा सरकारको सत्ताधिकार समस्त जनता अथवा बहुमतको हातमा हुन्छ।"[९]

एम के गान्धीका दृष्टिमा- "लोकतन्त्र भनेको सबै जनता अथवा सबै वर्गको समान र असल सेवाका निम्ति सम्पूर्ण भौतिक, आर्थिक र आध्यात्मिक संसाधनहरू जुटाउनु हो।"[१०]

अमेरिकेली पूर्वराष्ट्रपति अब्राहम लिङ्कनको विचारमा- "जनताद्वारा, जनताको लागि, जनताको सरकार नै लोकतन्त्र हो।"[११]

बी आर अम्बेडकरका दृष्टिमा लोकतन्त्र- "जनताको सामाजिक र आर्थिक जीवनमा मूलभूत परिवर्तन आउनु तथा कुनै पनि विवाद, रक्तपातबिना त्यस परिवर्तनलाई जनताले स्विकार्नु नै लोकतन्त्र हो।"[१२]

माथि उल्लिखित विभिन्न परिभाषाहरूलाई समग्रमा अध्ययन गर्दा लोकतन्त्रले मूलतः जनताको सर्वोच्चतालाई इङ्गित गर्दछ। लोकतन्त्रमा जनताको शक्ति महान् वा ठुलो हुने तथा समानतालाई प्रमुखता दिने कुरा स्पष्ट बुझिन्छ।

---

[७] प्रभुदत्त शर्मा, *पाश्चात्य राजनीतिक विचारों का इतिहास*, जयपुरः कालेज बुक डिपो, पृ.८६

[८] उही, पृ.१८१

[९] उही, पृ.५५३

[१०] एम.के गान्धी, सन् १९६१, *डेमोक्रेसीः रियल एन्ड डिसेप्टिभ*, अहमदबादः नवजीवन पब्लिसिङ हउस, पृ.३

[११] अब्राहम लिङ्कन स्पिचेस् एन्ड राइटिङ्ग्स,d3nx8a8pro7vhmx.cloudfront.net, 7.10.2019, 6 a.m., पृ.५८

[१२] बी आर अम्बेडकर एन्ड हिज फिलोसफी अन् डेमोक्रेसीः एन एप्राइसल, www.iiste.org, 6.10.2019, 9 a.m., पृ.७६

### २.१.२ लोकतन्त्रका प्रकार

शासन प्रणालीको एउटा आधुनिक प्रारूपका रूपमा प्रचलित लोकतन्त्रलाई विभिन्न विद्वान्‌हरूले दुईवटा आधारमा छुट्ट्याएर हेरेका छन्। ती आधारहरू छन्- (क) अवधारणाको आधारमा (ख) शासन प्रणालीको आधारमा।

### २.१.२.१ अवधारणाको आधारमा

लोकतन्त्रले व्यापक विषयलाई समेटेको हुँदा यसलाई विभिन्न दृषिकोणबाट अध्ययन गर्न सकिन्छ। लोकतन्त्रलाई अवधारणाका आधारमा (क) प्रत्यक्ष वा सहभागितामूलक लोकतन्त्र (ख) अप्रत्यक्ष वा प्रतिनिधिमूलक लोकतन्त्र गरी दुई प्रकारले छुट्ट्याएर हेर्न सकिन्छ।

### (क) प्रत्यक्ष वा सहभागितामूलक लोकतन्त्र

शासन प्रक्रियामा जनताले प्रत्यक्ष रूपमा सहभागी जनाउन पाउनु प्रत्यक्ष लोकतन्त्र हो। यसमा जनताको आकाङ्क्षा सरोकारको विषय बन्दछ। राजनीतिक मामिला र निर्णयमा पनि जनताले प्रत्यक्ष सहभागिता जनाउन पाउनुपर्छ भन्ने विषयमा रूसोको विशेष योगदान रहेको पाइन्छ।

प्रत्यक्ष लोकतन्त्रमा कुनै पनि निर्णय लिन जनता आफै प्रत्यक्ष सहभागी बन्दछन्। निर्णय प्रक्रियामा जनतालाई निर्वाचित अथवा मनोनित प्रतिनिधिको सहयोगको आवश्यकता पर्दैन। तसर्थ प्रत्यक्ष लोकतन्त्रमा जनता र सरकारमाझ कुनै भिन्नता हुँदैन। यसलाई जनताको थोरै सहभागिताद्वारा पनि कार्यान्वयन गर्न सकिन्छ। उदाहरणका रूपमा कुनै सङ्गठन, जनजाति परिषद् अथवा स्थानीय श्रमिक सङ्गठनका सदस्यहरू एउटा कोठामा भेला भएर सम्बन्धित मुद्दा तथा अन्य विषयहरूमाथि सर्वसम्मति र बहुमतद्वारा निर्णय लिन सक्दछ। जनसङ्ख्या धेरै भएको राज्य अनि राष्ट्रहरूमा प्रत्यक्ष लोकतन्त्र कार्यान्वित हुनु सम्भव हुँदैन।

### (ख) अप्रत्यक्ष वा प्रतिनिधिमूलक लोकतन्त्र

अप्रत्यक्ष अथवा प्रतिनिधिमूलक लोकतन्त्रमा सरकारको स्वरूप अत्यन्त महत्त्वपूर्ण हुँदछ। यस लोकतन्त्रमा जनताबाट निरन्तर सल्लाह-सुझाउ लिने हुनाले यसलाई लोकतन्त्रको आदर्श स्वरूप पनि

मानिन्छ। यस प्रकारको लोकतन्त्रमा प्रतिनिधिको भूमिका महत्त्वपूर्ण हुँदछ। यसमा निर्वाचनलाई पनि प्रमुख मानिन्छ। जनताले निर्वाचनद्वारा प्रतिनिधिको चयन गर्दछ। जनता आफैले आफ्नो मताधिकारको शक्ति प्रयोग गरी छानेको प्रतिनिधिद्वारा मात्र आफ्नो अधिकार उपभोगमा ल्याउन सक्ने हुनाले यस लोकतन्त्रलाई अप्रत्यक्ष लोकतन्त्र मानिन्छ। प्रतिनिधिले सरकार र जनतामाझमा विश्वासिलो र प्रभावकारी सम्बन्ध कायम राख्न सके मात्र लोकतन्त्र दिगो बन्न सक्दछ।

प्रत्यक्ष लोकतन्त्रभन्दा भिन्न विशेषता रहेको प्रतिनिधि लोकतन्त्रमा नागरिकले आफ्नो कार्य सम्पन्न गराउन प्रतिनिधिलाई मताधिकारद्वारा चुनेर पठाउँदछ। जनताले चुनेका प्रतिनिधि जनताप्रति जवाफदेही हुन्छन्। प्रतिनिधि लोकतन्त्रलाई उदारवादी लोकतन्त्र पनि भनिन्छ। "जोहन स्टुअर्ट मिल (१८०६-१८७३) उदारवादी लोकतन्त्रका एक प्रभावकारी चिन्तक हुन्। उनको कामले मानवीय उत्कृष्टताका लागि राजनीतिक पूर्वपद्धतिको खोजी, व्यक्तिगत क्षमता र नैतिक आत्म विकासको विस्तार गर्न सक्ने अवसर प्रदान गरेको थियो। केवल स्वतन्त्रताद्वारा मात्र मानिसले आफ्नो पूर्ण क्षमतालाई चिन्न सक्ने उनको मत थियो।"[१३] यसअतिरिक्त मिलको राजनीतिक जीवनको अवधारणाले सिङ्गो व्यक्तिको स्वतन्त्रतालाई मात्र प्राथमिकता नदिएर सरकारको लेखाजोखा र कुशल नोकरशाहपूर्ण प्रशासनलाई पनि मान्यता दिएको देखिन्छ। वर्तमानमा लोकतन्त्रको अध्ययन दुई रूपमा मात्र सीमित छैन। अहिले समावेशी लोकतन्त्र र डिजिटल लोकतन्त्रको नयाँ अवधारणा पनि विकसित भएको पाइन्छ।

समावेशी लोकतन्त्रको अवधारणाका प्रतिपादक ग्रीसेली दार्शनिक टाकिस फोटोपाउलसलाई मानिन्छ। उनले लोकतन्त्रलाई नयाँ तरिकाले व्याख्या गर्ने क्रममा प्रत्यक्ष लोकतन्त्र, आर्थिक लोकतन्त्र र पारिस्थितिक लोकतन्त्रलाई आधार मानेका छन्। यसलाई आर्थिक, राजनीतिक र प्रकृतिलाई समाजसँग पुनः जोड्ने सामाजिक सङ्गठनको रूपमा पनि हेरिन्छ। समावेशी लोकतन्त्रअन्तर्गत राजनीतिक शक्ति सबै नागरिकहरूमा समान रूपले विभाजित भएको हुनुपर्दछ। कुनै प्रकारको राजनीतिक निर्णय तथा कानुन-विधि निर्माणको क्षमता सामूहिक रूपमा नागरिकले ग्रहण गर्नुपर्ने समावेशी लोकतन्त्रको अर्को मान्यता हो।

---

[१३] हालिना वार्ड अनि नानदिनी योगानाथन, सन् २०१०, *वाट इज डेमोक्रेसी*, लन्डनः फाउण्डेसन फर डेमोक्रेसी एन्ट सस्टेनेबल डेलोप्मेन्ट, पृ.७

आर्थिक लोकतन्त्रले सबै जनतामा आर्थिक शक्ति समान रूपले बाँडिएको हुनु पर्दछ भन्ने विचारलाई मान्यता दिँदछ। आर्थिक उत्पादन, उपभोग र निवेशजस्ता महत्त्वपूर्ण क्षेत्रको निर्णायक सामूहिक रूपमा जनतालाई बनाउने पनि आर्थिक लोकतन्त्रको अर्को मान्यता रहेको छ। पारिस्थितिक लोकतन्त्रले मानिस र प्रकृतिलाई परस्परमा सम्बद्ध राख्ने व्यवस्थाको निर्माण गर्दछ। यति मात्र नभएर प्रकृतिप्रतिको मानव अतिक्रमणलाई रोकथाम गर्नु पनि पारिस्थितिक लोकतन्त्रको एउटा महत्त्वपूर्ण उद्देश्य हो।

समावेशी लोकतन्त्रले आर्थिक, राजनीतिक र प्रकृतिलाई समाजसँग एकीकरण गरेर जनताको हित र कल्याणको पक्षमा विशेष मार्ग तयार गरेको पाइन्छ। यी विषयहरूले सामाजिकतालाई दिगो र फराकिलो आधार निर्माण गर्न सहयोग पुऱ्याउँदछ। लोकतन्त्रमा जनताको समान रूपले विकास हुने प्रमुख आधारमा समाजिकता पनि पर्दछ। "समावेशी लोकतन्त्रले व्यक्तिगत र सामूहिक निर्णय निर्माण, अल्पसङ्ख्यकको अधिकारको सुरक्षा तथा नागरिकर सामाजिकताको महत्त्वलाई समेट्छ।"[१४]

२१औँ शताब्दीमा लोकतन्त्रको अर्को विकसित रूपमा डिजिटल डेमोक्रेसीलाई लिन सकिन्छ। डिजिटल लोकतन्त्रलाई ई-लोकतन्त्र तथा इन्टरनेट लोकतन्त्र पनि भनिन्छ। यो पूर्ण रूपले सञ्चार अनि प्रौद्यौगिक क्षेत्रसित सम्बद्ध रहेको हुन्छ। डिजिटल लोकतन्त्रले वर्तमान समयमा भएको प्रौद्योगिक जगत्सित नागरिक र प्रतिनिधि दुवैलाई सम्बद्ध गराउँदछ। सूचना तथा सञ्चारका माध्यमले सरकारी कार्य, सूचना आदिमा नागरिकलाई सशक्त तुल्याउँदछ।

### २.१.२.२ शासन प्रणालीको आधारमा

लोकतान्त्रिक शासन प्रणालीको आफ्नै व्यवस्था हुन्छ। यस व्यवस्थाले जनताका विभिन्न अधिकारको सुरक्षा गर्दछ। जनतालाई प्रत्यक्ष अथवा अप्रत्यक्ष रूपमा शासन प्रणालीमा सहभागी तुल्याउन र जनतालाई आफ्नो दायित्वप्रति सचेत बनाउन लोकतान्त्रिक सरकारको ठुलो भूमिका हुन्छ। शासन

---

[१४] डेभिड प्रिमेन, सन् २००५, "इन्क्लुसिभ डेमोक्रेसी एन्ड इट्स प्रस्पेक्टस्", द *इन्टरनेसनल जर्नल अप् इन्क्लुसिभ डेमोक्रेसी*, भल्युम् १, नम्बर ३, पृ.२

प्रणाली सरकार सञ्चालनको पद्धति पनि हो। लोकतान्त्रिक शासन प्रणाली संसदीय शासन, राष्ट्रपति शासन र मिश्रित शासन गरी तिन प्रकारका हुन्छन्।

## (क) संसदीय शासन

संसदीय शासनमा बहुमत प्राप्त गरेका सांसदहरूले सरकार गठन गर्दछन्। यस शासनमा प्रधानमन्त्री मुख्य हुन्छन्। विधायिका र कार्यपालिका पूर्ण रूपले भिन्न मात्र नभएर यस शासन प्रणालीमा प्रधानमन्त्री र मन्त्रीमण्डलका सदस्य पनि संसदबाट तयार गरिन्छ। यसैले प्रधानमन्त्री राष्ट्रिय नेता बन्न पुग्छन्। "संसारमा राष्ट्रपति शासनभन्दा अधिक संसदीय शासन धेरै प्रचलित छ। संसदीय व्यवस्थामा विधायिकाको हातमा शक्ति सुम्पिएको हुनाले यो व्यवस्था धेरै भिन्न बन्न पुगेको छ। यस प्रकारको व्यवस्था भएका देशहरूमा जर्मनी र युनाइटेड किङ्डमलाई उदाहरणका रूपमा लिन सकिन्छ। यस संस्थागत विन्यासमा मतदाताहरूलाई संसदीय प्रतिनिधि चयन गर्न लगाइन्छ। चुनाउ लडेर अत्यधिक आसन जित्ने राजनीतिक पार्टीले आफ्नो सरकारको प्रमुख प्रधानमन्त्री अथवा चान्सलर छान्दछ। सरकारमा कार्यकारीको विभाजन यस व्यवस्थाको एउटा विशिष्ट विशेषता हो। विभाजित कार्यकारीमा सरकार र राज्य प्रमुख रूपले समावेश हुन्छ। विधानसभाको सदस्यका रूपमा सरकारका प्रमुखले संसदीय प्रक्रिया नियन्त्रण गर्नका साथै नीति निर्माणका कार्यसूची तयार पार्दछ।"[१५] संसदीय शासनमा चुनाउद्वारा जनताले आफ्ना प्रतिनिधि छानेर विधानसभामा पठाउँदछ। यस शासन व्यवस्थामा चुनाउ चरणगत रूपमा हुने गर्छ। लचिलोपन र शक्ति विकेन्द्रीकरणका कारण आउने अस्थिरता संसदीय शासनको दुर्बल पक्ष हो।

## (ख) राष्ट्रपति शासन

राष्ट्रपति शासनमा राष्ट्रपतिलाई विधानसभा सदस्यहरूले अलग्गै चुन्दछन्। राष्ट्रपति र विधानसभा सदस्य दुवैमा आफ्नो आफ्नो शक्ति र राजनीतिक निर्वाचन समष्टि हुन्छ, जसले निरीक्षण र सन्तुलन गर्दै जनतामा सेवा पुऱ्याउँदछ। "राष्ट्रपति लोकतान्त्रिक शासन संसारमा कम सङ्ख्यामा पाइन्छ र त्यो अमेरिका (उत्तर अमेरिका, केन्द्रीय अमेरिका, दक्षिण अमेरिका) -मा केन्द्रीकृत छ। विद्वान्हरूअनुसार संसदीय शासनमा लोकतान्त्रिक प्रणाली अत्यधिक प्रतिनिधित्वपूर्ण र अधिक अस्थिर हुन्छ। यसको विपरीत राष्ट्रपति

[१५] टाइप्स अव् डेमोक्रेसी,www.saylor.org, 6.11.2019, 7.30 a.m., पृ.३

शासनमा शक्ति कार्यपालिकामा केन्द्रित हुनाले प्रतिनिधित्व कम र अत्यधिक स्थिर हुन्छ। यस प्रकारको लोकतान्त्रिक व्यवस्थाका लागि संयुक्त राज्य अमेरिका उदाहरणका रूपमा लिन सकिन्छ।"[१६] राष्ट्रपति शासन व्यवस्थामा मतदाताहरूले कार्यपालिका र विधायिकाका सदस्यहरू एकै समयमा चयन गर्दछन्।

### (ग) मिश्रित शासन

विश्वका केही देशमा राष्ट्रपति शासन र संसदीय शासन दुवै व्यवस्था रहेको पाइन्छ। त्यस प्रकारको अवस्थामा मिश्रित शासन लागु हुन्छ। "केही लोकतान्त्रिक राज्यहरूमा राष्ट्रपति शासन र संसदीय शासन उपयुक्त नभए पनि दुवै शासनमा पाइने विशेषताअनुसार शासन व्यवस्था सञ्चालित हुन्छ। त्यस व्यवस्थालाई मिश्रित व्यवस्था भनिन्छ।"[१७] स्विट्जरल्यान्डलाई यस प्रकारको शासन व्यवस्था भएको उदाहरणका रूपमा लिन सकिन्छ। यहाँ राष्ट्रपतिलाई केही सीमित शक्ति प्रदान गरिएको हुन्छ। राष्ट्रपतिलाई विधानसभाका सदस्यहरूले हटाउन पाउँदैन भने उनलाई विधानसभा भङ्ग गर्न सक्ने क्षमता दिएको हुँदैन। आज विश्वमा त्यही लोकतान्त्रिक शासन व्यवस्थाअनुसार सरकार गठन हुने गर्दछ। संसदीय शासन व्यवस्था नै संसारमा अत्यधिक उपयोगमा आएको शासन व्यवस्था हो।

## २.१.३ लोकतन्त्रका स्तम्भ

लोकतन्त्रलाई शासन प्रणालीका अतिरिक्त सरकार सञ्चालनको एउटा पद्धति पनि मानिन्छ । "कुनै पनि देशको सफल लोकतन्त्र त्यस देशमा भएको बलियो संस्थानहरूमाथि निर्भर रहन्छ। ती संस्थानहरूमा सरकारका तिनवटा उपकरण समावेश हुन्छन्, ती हुन्- विधायिका (विधानसभा, संसद), कार्यपालिका र न्यापालिका।"[१८] यी तिनै उपकरणहरूलाई लोकतन्त्रको स्तम्भ भनिन्छ। यी स्तम्भहरूको पारस्परिक समायोजन र सक्रियताले लोकतन्त्र बलियो अनि सफल बन्दछ।

---

[१६] टाइप्स अव् डेमोक्रेसी, उही, पृ.३

[१७] टाइप्स अव् डेमोक्रेसी, उही, पृ.३

[१८] कन्सेप्ट एन्ड प्रिन्सिपल्स अव् डेमोक्रेटिक गभर्नेन्स एन्ड एकाउन्टबिलिटि, www.kas.de,10.10.2019, 9.35 a.m.,पृ.७

### २.१.३.१ विधायिका

लोकतन्त्रको पहिलो स्तम्भ विधायिका हो। यसमा दुई अन्य विषयहरू विधानसभा र संसदको संयुक्त रूप पाइन्छ। जनमतद्वारा प्रतिनिधि चुनिएपछि विधानसभा संसद बनिन्छ, जसलाई विधायक पनि भनिन्छ। कानुन निर्माण गर्ने क्षमता विधानसभाको सीमाअन्तर्गत भएकाले नै यसलाई विधायिका भनिएको हो। यसले जनता र सरकारमाझ सम्बन्ध कायम राख्दछ। विधान, नियम, प्रतिनिधित्व, परीक्षण आदि कार्य विधायिकामा समावेश हुन्छ। विधायिका र विधानसभा एकार्काका पुरक हुन्। यसैले विधानसभाका कार्यहरूले विधायिकाको विशेषता, महत्त्व र सीमालाई स्पष्ट तुल्याउँदछ। विधानसभाका प्रमुख कार्यहरू यस प्रकार छन्-

### (क) विधान निर्माण

विधायक जनताको प्रतिनिधि भएका हुनाले विधानसभा संसदहरूमा जनताका पक्षबाट कानुन बनाउने शक्ति निहित रहेको हुन्छ। यसले कानुनको अनिवार्यतालाई बुझाउँछ, किनभने विधानसभा संसदले कानुन निर्माण कार्यलाई जनताका पक्षबाट निष्पादन गर्दछ, जसको अर्थ जनता स्वयम्ले सो कार्य निष्पादन गरेको हुन्छ। विधानसभामा कानुन निर्माणमाथि विचार विमर्श र तर्क हुने गर्छ।

### (ख) प्रतिनिधित्व

विधानसभाले जनता र सरकारमाझ सम्बन्ध जोड्ने काम गर्दछ, किनभने विधानसभामा जनतालाई जनताका मतबाट निर्वाचित विधानसभा सदस्यले प्रतिनिधित्व गर्दछन्।

### (ग) छानबिन निरीक्षण

विधानसभाले सरकारको दायित्वमाथि निरीक्षण गर्ने छानबिन निकायको निर्माणसम्म गरेको हुन्छ। तसर्थ छानबिन र सन्तुलनको अवधारणालाई सरकारको कार्यक्षेत्रमा पनि देखरेख गर्न प्रयोगमा ल्याउँछन्।

### (घ) प्रशिक्षण

विधानसभा एउटा प्रशिक्षणालय पनि हो, जहाँ जनप्रतिनिधिहरूले वाक् क्षमताको विकास गर्नाका साथै तर्क वितर्क, कानुन निर्माणको प्रशिक्षण लिन सक्छन्, तथा विभिन्न राजनीतिक कार्यालयमा गरिने कार्यहरू विषयमा आफ्नो क्षमताको अभिवृद्धि गर्दछ।

### (ङ) वैधता

विधानसभाले जनतालाई आफूमाथिको शासन प्रणाली उचित छ भन्ने कुरामा विश्वास गर्न प्रेरित गर्दछ। यसैकारणले सत्ताधारी शासनले पनि विधानसभालाई मान्य ठान्दछ।

## २.१.३.२ कार्यपालिका

कार्यपालिका सरकारसित प्रत्यक्ष सम्बन्धित हुन्छ। यसले विधानसभामा निर्मित नियम-कानुनलाई जनताका पक्षमा कार्यान्वित गर्दछ। कार्यपालिका लोकतन्त्रको एउटा प्रमुख स्तम्भ हो, जसका माध्यमले सरकार सञ्चालन हुन्छ। नियम-कानुन र नीतिलाई कार्यान्वित गर्ने प्रमुख माध्यम भएकाले कार्यपालिकालाई सरकारको मुख्य शाखा पनि मानिन्छ। सरकारका प्रमुख, प्रहरी, सैनिक लगायत नोकरशाह आदिको देखरेख वा व्यवस्थापनको महत्त्वपूर्ण भूमिका कार्यपालिकाले नै निर्वाह गर्दछ। सरकार सञ्चालनमा निर्देशन अनि सहकारिताको दायित्व कार्यपालिकाद्वारा प्रमुख रूपमा निर्वाह गरिन्छ।

## २.१.३.३ न्यायपालिका

कानुनी झमेलालाई निरीक्षण गरेर निर्णय दिने क्षमता न्यायपालिकामा हुन्छ। नियम-कानुनलाई स्वतन्त्र रूपमा निर्णय दिने हुनाले यस स्तम्भलाई राजनीतिक गतिविधि तथा अन्य प्रक्रियाबाट टाढा राखिएको हुन्छ। सरकारको तेस्रो उपकरण न्यायपालिका हो, जसलाई कानुनी झैँझगडामाथि निर्णय दिन सशक्त बनाइएको हुन्छ। “न्यायाधीशको मुख्य कार्य भनेको नै कानुन निर्माण र व्याख्याद्वारा कानुनी निर्णय दिनु हो। कुनै देशको लिखित संविधानअनुसार सरकारी संस्थान, राज्य तथा व्यक्तिको झैँझगडालाई मिलाउने

दायित्व न्यायाधीशको हुन्छ।"[१९] उदारवादी लोकतान्त्रिक प्रणालीमा न्यायपालिकाको सबैभन्दा मुख्य विशेषता नै न्यायाधीशहरूलाई स्वतन्त्र र गैरराजनीतिक अभिनेताको रूपमा राखिनु हो।

### २.१.३.४ सञ्चार माध्यम

लोकतन्त्रलाई सफल तुल्याउने चौथो स्तम्भका रूपमा सञ्चार माध्यमलाई लिइन्छ। "सञ्चार माध्यम सशक्त हुनु साँचो लोकतन्त्र अनि युवावर्ग तथा सम्पूर्ण विश्वसित कुशलतापूर्वक सञ्चारित भएको सङ्केत हो।"[२०] सञ्चार माध्यममा रेडियो, टेलिभिजन, खबरपत्रिका, पत्रिका, पुस्तक र वर्तमान समयमा प्रचलित इन्टरनेट, डिजिटल मिडिया आदि पर्दछन्। यसले नागरिकलाई साँचो सूचना दिनाका साथै शिक्षित तुल्याउने जस्ता प्रमुख भूमिका निर्वाह गर्दछ। सरकारको दुर्बल पक्षलाई स्पष्ट पार्नका साथै जनताको वास्तविक समस्या र आवश्यकताहरूलाई सबै समक्ष देखाउनु, जनसरोकारका विषयहरूलाई प्रचार-प्रसारमा ल्याउनु, नागरिकलाई सचेत तुल्याउने आदि यसका दायित्वहरू हुन्। यसले निष्पक्ष र निर्विघ्न लोकतन्त्रलाई सफल तुल्याउन ठुलो टेवा पुऱ्याउँदछ।

राजनीतिक दलहरू, नागरिक समाज, सामाजिक सङ्घ-संस्थान आदिलाई पनि लोकतन्त्रका गौण स्तम्भहरू मानिन्छन्। यी स्तम्भहरूका सक्रियतापूर्ण संलग्नताले लोकतान्त्रिक व्यवस्थालाई सफलतापूर्वक सञ्चालित गर्नमा ठुलो मदत पुग्दछ।

## २.१.४ लोकतन्त्रका विशेषता

लोकतन्त्र अन्य शासन प्रणालीभन्दा पृथक् विशेषता भएको शासन व्यवस्था हो। लोकतन्त्रका विविध र गहन स्वरूपलाई बुझ्नका निम्ति यसका विशेषताहरूलाई क्रमिक रूपले हेर्न आवश्यक देखिन्छ।

सन् २०१३ मा प्रकाशित हवार्ड सिन्कोट्टाद्वारा लिखित पुस्तिका *डेमोक्रेसी इन् ब्रिफ*का आधारमा लोकतन्त्रको विशेषतालाई बुँदागत रूपमा यसरी राख्न सकिन्छ-

[१९] कन्सेप्ट एन्ड प्रिन्सिपल्स अव् डेमोक्रेटिक गभर्नेन्स एन्ड एकाउन्टबिलिटि, www.kas.de, 10.10.2019, 9.35 a.m., पृ.९

[२०] रोल अप् मिडिया इन सोसियो-इकोनोमिक ट्रान्सफर्मेसन अप् इन्डिया, anubooks.com, 10.10 2019, 10 a.m., पृ.१९२

- लोकतन्त्र बहुमतको शासन र व्यक्तिगत अधिकारका सिद्धान्तमा अडेको हुन्छ। लोकतन्त्र केन्द्र सरकारको सबैभन्दा शक्तिशाली रक्षक बन्नका अतिरिक्त सरकारलाई क्षेत्रीय तथा स्थानीय स्तरमा विकेन्द्रीकरण गर्नमा अग्रसर हुन अनि जनताका निम्ति उत्तरदायी र सुविधाजनक रहनमा सहायक सिद्ध हुँदछ।
- विचारको अभिव्यक्ति र धर्ममा स्वतन्त्रता तथा कानुनको सीमाभित्र समानताको अधिकार, समाजमा राजनीतिक, आर्थिक, सांस्कृतिक कार्यक्रमहरूको आयोजना गर्न र सहभागिताको अवसर उपलब्ध गराउन र मानव अधिकारको सुरक्षा गर्नमा लोकतन्त्रको भूमिका रहेको हुन्छ।
- भोट दिने उमेर पुगेका सबै नागरिकका लागि लोकतन्त्रले नियमित रूपमा स्वतन्त्र अनि निष्पक्ष चुनाउको आयोजना गर्दछ।
- लोकतन्त्रले नागरिकको अधिकारलाई सुनिश्चित गर्दछ भने नागरिकले आफ्नो अधिकार र स्वतन्त्रतालाई सुरक्षा गर्नका निम्ति राजनीतिक व्यवस्थामा सहभागिता दिने दायित्व निर्वाह गर्न आवश्यक हुन्छ।
- लोकतान्त्रिक समाज सहनशीलता, सहयोग र सम्झौताको मूल्यमा प्रतिबद्ध हुन्छ। एम के गान्धीको भनाइअनुसार असहनशीलता आफैमा हिंसाको एउटा प्रकार भएको हुनाले यसले साँचो लोकतान्त्रिक भावनाको विकासमा बाधा उत्पन्न गर्छ।

यस अतिरिक्त लोकतन्त्रका अन्यान्य विशेषताहरू निम्नलिखित छन्-

### २.१.४.१ व्यक्तिगत अधिकार

मानिसको व्यक्तिगत विकासका लागि प्रयोग गरिने अधिकारलाई व्यक्तिगत अधिकार भनिन्छ। व्यक्तिगत अधिकारले सबै मानिसलाई आफ्नो जीवन र लक्ष्यलाई कुनै पनि व्यक्ति अथवा सरकारको हस्तक्षेप बिना अघि बढ्न दिँदछ। मानिसले आफ्नो जीवन खुसी र शान्तिपूर्वक निर्वाह गर्न पाउनु नै त्यस व्यक्तिको व्यक्तिगत अधिकार हो।

### २.१.४.२ जनसहभागिता

चुनाउका अतिरिक्त राजनीतिक चर्चा, सार्वजनिक बहस तथा सरकारका कार्यक्रमहरूमा जनताको सक्रियतापूर्वक सहभागितालाई जनसहभागिता भनिन्छ, जहाँ जनताले खुल्ला रूपमा चर्चामा भाग लिएर, बहस गरेर अनि सरकारी कार्यक्रमहरूमा सहभागी बनेर आफ्ना विचार स्वतन्त्रतापूर्वक राख्न सक्छन्।

### २.१.४.३ समानता र स्वतन्त्रता

समानताले सबै मानिस कानुन अघि बराबर अथवा समान हुन्छन् भन्ने बुझाउँछ। यसमा सामाजिक, आर्थिक तथा विभिन्न अवसरमा प्रतिभागी हुने अधिकारहरू सबै मानिसले समान रूपले उपभोग गर्न पाउनुपर्छ भन्ने मान्यता रहेको पाइन्छ। स्वतन्त्रताले मानिसलाई विभिन्न कार्य गर्न छुट दिने गर्दछ।

### २.१.४.४ निर्णयको विकेन्द्रीकरण

यसमा जनतासित सम्बन्धित सबै कार्य एक स्थानमा मात्र सञ्चालित नगरेर विभिन्न स्तरमा सञ्चालन गरिन्छ। ती कार्यहरूसँग सम्बन्धित निर्णयहरू पनि त्यही स्तरमा गरिन्छ। यसले सत्ता, अधिकार र सरकारका शक्तिहरूलाई विभिन्न स्थानमा बाँड्दछन्।

समग्रमा लोकतन्त्रका विशेषताहरूले जनताको हित र कल्याणलाई सर्वोच्च मान्दछ। लोकतन्त्रमा जनताको शक्ति र अधिकार समान रूपमा विभाजन हुनु पर्ने अर्को महत्त्वपूर्ण आधारलाई यसको विशेषताद्वारा बुझ्न सकिन्छ। जनता अधिकार सम्पन्न मात्र नभएर दायित्त्व सचेत पनि बन्नु पर्ने लोकतान्त्रिक मान्यता रहेको छ। लोकतन्त्रमा जनप्रतिनिधि पनि दायित्व सचेत र जवाफदेही बन्नु पर्दछ। यसमा जनता, प्रतिनिधि, प्रशासन, देश तथा नागरिक समाजको कल्याणसँग सम्बन्धित सबै सीमाहरू समावेश हुँदछ।

### २.१.५ लोकतन्त्रका तत्त्व

लोकतन्त्रमा जनताको सर्वोच्च स्थान हुन्छ। तसर्थ लोकतन्त्रको तत्त्व मूल रूपमा जनतासँग सम्बद्ध रहेको पाइन्छ। लोकतन्त्रका तत्त्वहरू राजनीतिक बहुलवाद, चुनाउ, कानुनी शासन, मानव अधिकार, राजनीतिक

नेतृत्व, सुशासन, उत्तरदायित्व, नागरिक समाज आदि हुन्। लोकतन्त्रका यी तत्त्वहरूको चर्चा संक्षेपमा निम्न प्रकारले गरिन्छ-

### २.१.५.१ राजनीतिक बहुलवाद

बहुलवादले विविधता तथा एकभन्दा अधिकलाई बुझाउँदछ। राजनीतिक बहुलवादमा कुनै पनि समाजको शक्ति तथा सत्ता एक स्थानमा मात्र केन्द्रित हुन नदिएर समाजका अनेकौँ समूहमा बाँडिनु पर्छ भन्ने मान्यता रहेको हुन्छ। यसमा विभिन्न राजनीतिक दल, सामाजिक सङ्घ-संस्थान, सङ्गठन, निजी संस्थान आदिको भूमिकालाई महत्त्वपूर्ण मानिन्छ। यी समूह तथा सङ्गठनहरूलाई लोकतान्त्रिक समाजमा आफ्नो अस्तित्व कायम राख्नका लागि सरकारमाथि निर्भर रहने आवश्यकता पर्दैन। यी समूहले प्रत्येक नागरिकलाई समाजको हिस्सा बन्ने अवसर प्रदान गर्दछ। विभिन्न राजनीतिक दलले क्षेत्रीयदेखि राष्ट्रिय स्तरसम्म राजनीतिक शक्ति ग्रहण गर्न प्रतिस्पर्धा गर्न पाउँदछन्। सबै राजनीतिक दल, सामाजिक संस्थान, निजी संस्थान, विभिन्न सङ्गठनहरूले सरकार र शासनप्रति अनेकौँ परिप्रेक्ष्यमा आफ्ना विचार स्वतन्त्रतापूर्वक राख्न पाउने राजनीतिक बहुलवादको अर्को मान्यता रहेको छ। निर्णय प्रक्रियामा राजनीतिक नेता, निर्वाचित प्रतिनिधि, सरोकारवाला नागरिक समाज आदिलाई अनिवार्य मानिन्छ। यसरी नै यसले स्थानीय स्तरमा नारी, बालकहरू, युवा, दिव्याङ्ग, व्यापारी सङ्गठन आदिका विचार र आकाङ्क्षालाई पनि विशेष ध्यानमा राख्दछ। लोकतन्त्रमा यसले जनतालाई राम्रोभन्दा राम्रो प्रतिनिधि चयन गर्ने अवसर प्रदान गर्नका साथै सत्तारूढ सरकारलाई निरीक्षण गर्नका निम्ति राजनीतिक प्रतिपक्षी दललाई समर्थन गर्नेअवसर पनि प्रदान गर्दछ।

### २.१.५.२ चुनाउ

स्वतन्त्र अनि निष्पक्ष चुनाउ लोकतान्त्रिक प्रणालीको महत्त्वपूर्ण तत्त्व हो। देश तथा समाजको हितार्थ जिम्मेवार नेतृत्व चुन्नु नागरिकहरूको राजनीतिक दायित्व हो। नागरिकहरूले यस दायित्वको परिपूर्ति चुनाउ प्रक्रियाअनुसार भोट दिएर गर्दछन्। लोकतन्त्रमा चुनाउ प्रतिस्पर्धात्मक हुन्छ। यसैले कुनै पनि प्रतिपक्षी दल र उम्मेद्वारले वाक्स्वतन्त्रता अनि कार्यक्रमहरूको आयोजना गरेर सरकारको आलोचना खुल्ला रूपमा गर्न पाउँदछन्। चुनाउ निर्धारित समयसम्मका लागि गरिनुपर्छ। लोकतन्त्रले एकजनालाई

मात्र शासक भइरहन दिँदैन। निर्धारित समय समाप्त भएपछि जनाधारका माध्यमले जनप्रतिनिधि चयन हुन्छ। १८ वर्ष पुगेका नागरिकहरूले मात्र भोट लगाउने अधिकार प्राप्त गरेका छन्।

### २.१.५.३ कानुनी शासन

लोकतन्त्रमा कानुन सबैभन्दा महत्त्वपूर्ण हुन्छ। विद्वान्हरूको भनाइअनुसार कानुनरहित लोकतन्त्र अकल्पनीय बन्दछ। कानुनी शासनअनुसार सबै नागरिकहरू कानुनअघि समान हुन्छन्। यसको अर्थ समाजको साधारण सदस्यदेखि लिएर देशका प्रधानमन्त्री, राष्ट्रपतिसम्म कानुनभन्दा माथि हुँदैनन्। कानुनी शासनले नागरिकहरूको राजनीतिक, सामाजिक, आर्थिक अधिकारको सुरक्षा गर्दछ। यसले नागिरकहरूलाई अन्याय, अत्याचार र शोषणबाट रक्षा गर्दछ। तसर्थ कसैले पनि कानुनको उल्लङ्घन गरेको खण्डमा उचित दण्डको भागिदारी हुनुपर्नेछ।

### २.१.५.४ मानव अधिकार

मानव अधिकारले सार्वभौम रूपमा हरेक नागरिकको मौलिक स्वतन्त्रता र मानव अस्मिताको रक्षा गर्दछ। मानव अधिकारले लिङ्ग, धर्म, आर्थिक अवस्था, जातीयता आदिमा वैभिन्यता नगरी सबै नागरिकहरूलाई समान अवसरमा भागीदार गराउँदछ। यसमा हरेक नागरिकहरूले बाँच्न पाउने अधिकार, धनसम्पत्ति आर्जन गर्ने अधिकार, अभिव्यक्तिको अधिकार, सङ्गठित बन्ने अधिकार आदि समावेश गरिएको हुन्छ।

लोकतन्त्र र मानव अधिकारको परस्पर सम्बन्ध हुन्छ। मानव अधिकारले प्रदान गर्ने समानता र स्वतन्त्रतालाई लोकतन्त्रले सुनिश्चित गर्दछ। संयुक्त राष्ट सङ्घले पनि लोकतान्त्रिक शासन व्यवस्थालाई विश्वव्यापी बनाउन विभिन्न प्रकारका निर्देशन जारी गरेको छ। कुनै प्रकारको त्रास, क्षति, स्थानीयताको सुरक्षा, लोकतन्त्र निर्माणमा सहभागिता र संलग्नता, नारीहरूको छुवाछुतप्रति विरोध आदिजस्ता निर्देशन तालिकाले लोकतन्त्रलाई अझ बलियो तुल्याउने पहल भइरहेको छ। त्यति मात्र नभएर संयुक्त राष्ट्र सङ्घले राजनीतिक सुविधा, स्वतन्त्र अनि निष्पक्ष चुनाउमा सहभागिताका लागि प्रोत्साहन, लोकतान्त्रिक संस्कृति विकास, राजनीतिक बहुलवादलाई सहयोग, पारदर्शिता तथा जवाफदेहीमा

बढोत्तरी, कानुन राजलाई मान्यता, समावेशी शासनलाई प्रोत्साहन, जीवन्त र बलियो नागरिक समाजलाई सहयोग आदिद्वारा लोकतन्त्रलाई सक्रिय र विकसित तुल्याउने कोसिस गरिरहेको छ।

### २.१.५.५ राजनीतिक नेतृत्व

राजनीतिक नेतृत्व लोकतन्त्रको अर्को प्रमुख तत्त्व हो। लोकतान्त्रिक शासन प्रणालीलाई सबल ढङ्गमा सञ्चालन गर्नका निम्ति राजनीतिक नेतृत्वको दायित्त्व मुख्य हुन्छ। व्यवहार र व्यक्तिगत गुण राजनीतिक नेतृत्वलाई बुझ्ने आधारहरू हुन्। राजनीतिक नेतृत्वले दिशाहीन बनेका जनतालाई उचित दिशा निर्देशन दिँदै सही बाटोमा हिँड्न प्रेरित गर्नु पर्दछ। यसमा सबै नागरिकलाई एकताका साथमा अघि बढ्न प्रोत्साहन गर्न आवश्यक हुन्छ। राजनीतिक नेतृत्वले वैश्विक समस्यालाई पनि ध्यान दिनुपर्छ। यसका साथै राजनीतिक नेतृत्वले आर्थिक र राजनीतिक समस्या समाधान गर्ने पक्षमा एकाग्र हुन नितान्त आवश्यक छ। समाजदेखि राष्ट्रसम्मको सर्वाङ्गीण हित राजनीतिक नेतृत्वको कार्यशैलीमा निर्भर रहेको हुन्छ। राजनीतिक नेतृत्वले अल्पसङ्ख्यक जनताको हित र कल्याणको पक्षमा काम गर्न अनिवार्य हुन्छ। अल्पसङ्ख्यक जनता धार्मिक, सांस्कृतिक परम्परा, वर्ण, मान्यता आदिबाट बहुसङ्ख्यक जनताभन्दा भिन्न हुन सक्छ। यसो हुँदा उनीहरूको इच्छा र सम्मानका निम्ति विभिन्न दृष्टिकोण, तर्क गर्न सक्ने व्यवस्थापन गरिएको हुनु पर्नेछ।

### २.१.५.६ सुशासन

सुशासन लोकतान्त्रिक पद्धतिको अर्को प्रमुख तत्त्व हो। यसले निर्णय प्रक्रियालाई प्रधानता दिँदछ। निर्णय प्रक्रियामा सहभागीको मुख्य अंश जनता हुन्छन्। यसैले सुशासनलाई जनमुखी र नागरिक सहभागितामूलक शासन व्यवस्था पनि भनिन्छ। जनभागीदारिता, जनउत्तरदायी सरकार सञ्चालन, शासन प्रक्रियामा पारदर्शिता अवलम्बन, जवाफदेही शासन सञ्चालन, कानुनमा आधारित शासन व्यवस्था, समावेशी, स्वतन्त्र प्रेसको व्यवस्था आदिलाई सुशासनको आयाम मानिन्छ। सुशासन राज्य अथवा नेतृत्वमा मात्र आधारित हुँदैन। यो देशको विकासमा सहभागी बन्ने क्षेत्रीय विकेन्द्रीकृत निकाय, राजनीतिक दल, नागरिक समाज, सम्पूर्ण नागरिक आदिले निर्मित भएको हुन्छ। सुशासनमा पारदर्शिता अनिवार्य हुन्छ। जनताले मताधिकार प्रयोग गरेर प्रतिनिधिलाई सरकारमा पठाउँदछ। तसर्थ जनतालाई

कार्यालयहरूमा हुने हरेक प्रकारका कार्यहरूको जानकारी भएको हुनुपर्दछ। प्रतिनिधिले पनि जनतालाई अनिवार्य रूपमा यसबारे जानकारी गराएको हुनुपर्छ।

### २.१.५.७ उत्तरदायित्व

लोकतन्त्रले जनतालाई अधिकार सम्पन्न बनाउनका साथै आफ्नो दायित्वबोध पनि गराउँदछ। जनतालाई दायित्व सचेत बनाएर आफ्ना हक-अधिकारको सुरक्षासँगै समाज तथा राज्यप्रतिको कर्त्तव्य निर्वाहमा सहभागिता जनाउनमा प्रेरित गर्ने हुनाले जनतामा उत्तरदायित्वको चेतना विकास हुँदछ।

### २.१.५.८ नागरिक समाज

नागरिक समाजलाई लोकतन्त्रको मुख्य अंश मानिन्छ। साधारण जनताको हक, हित, कल्याण र अधिकारका पक्षमा स्वेच्छिक रूपमा नागरिकहरूको सङ्गठित समूहलाई नागरिक समाज भनिन्छ। यस्ता सङ्गठनमा मजदुर सङ्गठन, महिला सङ्गठन, मानवअधिकार तथा विकास संस्थान, धार्मिक सङ्गठनलगायत साधारण पक्षमा सङ्गठित सङ्घ-संस्था आदि पर्दछन्। नागरिक सङ्गठनले कसैबाट पनि जनताप्रति अन्याय, अत्याचार, शोषण र दमन हुन दिँदैन। यसले साधारण जनतालाई राष्ट्रसँग सम्बन्धित विभिन्न विषयमा सचेत गराउनका साथै जनताको काम गर्न सरकारलाई सजग गराउँदछ। भ्रष्टाचारको विरोधमा आवाज उठाउने काममा पनि नागरिक समाज अग्रसर बन्दछ।

## २.२ लोकतन्त्रको विकास

लोकतन्त्रको विकासबारे जान्नका लागि यसको मूल जरोलाई केलाउन आवश्यक हुन्छ। आज विश्वमा जुन लोकतन्त्र प्रचलित छ यसको स्रोत प्राचीन ग्रीस देशको नगर राज्य एथेन्स हो भन्ने विद्वान्जनको मत पाइन्छ। इसापूर्व पाँचौँ शताब्दीमा प्रारम्भ भएको लोकतन्त्रको विकास हुन भन्दाअघि त्यहाँ पनि राजतन्त्रात्मक व्यवस्था थियो। क्रोदोसलाई ग्रीसको अन्तिम राजा मानिन्छ। क्रोदोसकालपछि एथेन्समा राजतन्त्र समाप्त भएर राजाको स्थानमा केही कुलीनवर्गद्वारा प्रशासन चल्न थाल्यो। त्यसलाई ‘आर्कन’ भनिन्थ्यो। यस आर्कनले दुईवटा समितिहरूको माध्यमद्वारा प्रशासन चलाउँथ्यो। यी समितिहरूले प्रशासनलाई विभिन्न ढाँचामा सञ्चालन गर्दथे। ‘ड्राकोन’ नामक पहिलो कानुनविद्ले लेखेको विधि संहिताले पनि कृषक र दासहरूको उत्पीडन तथा शोषणलाई अन्त गर्न सफल नहुँदा कृषक र दासको

अवस्थालाई सुधार्नका निम्ति 'सोलोन' नामक विद्वान्ले निर्वाह गरेको भूमिकालाई महत्त्वपूर्ण मान्दछ। उनले नागरिकता र प्रशासनिक अधिकारमा जन्मको आधारलाई प्राथमिकता नदिएर आयलाई महत्त्व दिएका थिए। आयलाई महत्त्व दिनका कारण त्यसबेला एथेन्समा आर्थिक सुधारमा सफलता प्राप्त भएको थियो। सोलोनको समयपछि एथेन्समा राजा 'पिसिसत्रातोस'-को निरङ्कुश शासन चलेको थियो। पिसिसत्रातोसको मृत्युपछि उनका पुत्र हिप्पिआसले शासन चलाएका थिए। हिप्पिआसलाई हटाएर इसागोरसले एथेन्सको नेतृत्व सम्हाले पनि क्लिस्थनीजले सत्ताको अधिकार आफ्नो पक्षमा लिए। त्यसपछि एथेन्समा लोकतन्त्रको स्थापनाका लागि अनेकौँ संवैधानिक सुधारात्मक कार्यहरू प्रारम्भ भए। हेरोडोटसअनुसार, "लोकतन्त्रका निर्माता क्लिस्थनिज थिए।"[२१] क्लिस्थनिजपछि लोकतन्त्रलाई दिशा दिने अर्का विद्वान् एफिआलतिस हुन्। त्यहाँ लोकतन्त्र प्रारम्भ भएपछि सार्वजनिक पदमा भाग लिनका निम्ति सम्पत्तिको योग्यतालाई हटाइयो, जनताले आफ्ना व्यक्तिगत विचार राख्ने समान अधिकार पाउन थाले र प्रशासनिक कार्य प्रणालीहरूमा एथेन्सवासीहरूले सहभागिता जनाउन थाले। पहिलो लोकतान्त्रिक कार्यप्रणालीको यही उदाहरण त्यही बेलादेखि लोकतन्त्रवादीहरूका लागि सन्दर्भ-बिन्दु र प्रेरणाको स्रोत बनेको हो। सिङ्गो व्यक्तिले प्रत्यक्ष रूपमा सहभागिता जनाउने प्रावधानका कारण एथेन्सको लोकतन्त्र प्रत्यक्ष लोकतन्त्रको रूपमा प्रचलित भएको थियो। यसरी लोकतन्त्रमा मूल रूपमा नागरिकको जीवनस्तर र सहभागिताले प्राथमिकता पाएको देखिन्छ।

एथेन्समा प्रारम्भ भएको लोकतन्त्रलाई प्राचीन लोकतन्त्र पनि भनिन्छ। यो लोकतन्त्र केही कालसम्मका निम्ति सञ्चालित रहे पनि विभिन्न कारणले गर्दा यसको पतन भएको थाहा पाइन्छ। नगर राज्यमा भएको गृहयुद्धले निम्त्याएको सैनिक शासनको असमानता र अस्थिरतालाई पनि प्राचीन लोकतन्त्रको पतनको एउटा मूल कारण मानिन्छ।

अहिले विश्वव्यापी रूपमा प्रचलित हुँदै आएको लोकतन्त्रलाई आधुनिक लोकतन्त्र भनेर विद्वान्हरूले परिभाषित गरेका छन्। आधुनिक लोकतन्त्रको विकासको पृष्ठभूमिभित्र विश्वमा प्रचलित विभिन्न राजनीतिक चिन्तन, विचारधारा, क्रान्ति तथा मान्यताहरू पर्दछन्। विश्वमा विभिन्न दर्शन,

---

[२१] अरोड़ा, *प्राचीन यूनान,* उही, पृ.१४५

विचारधारा अथवा वादको विकास हुनअघि पश्चिमेली प्रान्तबाट राजनीतिक चिन्तनको बीजारोपण भएको थियो। राजनीतिक चिन्तन युगौँदेखि चल्दै आएको गहन र विस्तृत विषय हो। विश्वका विभिन्न देशमा समय-समयमा राजनीतिक विचारधारा अथवा चिन्तनको उदय भए पनि यसको अध्ययन प्रारम्भिक स्थल प्राचीन ग्रीसलाई मानिन्छ। युरोप अथवा पश्चिमेली देशका अतिरिक्त प्राचीन भारत, मिश्र, चीन, बेबिलोन, ईरान, सीरिया आदि देशहरूमा पनि राजनीतिक चिन्तनको उदय भएको थियो।

राजनीतिक चिन्तन वा दर्शनको अध्ययन परम्परालाई तिनवटा भागमा विभाजित गरिएको छ- प्रारम्भदेखि ५औँ शताब्दीलाई प्राचीन राजनीतिक दर्शन, ५औँ शताब्दीदेखि १५औँ शताब्दीलाई मध्ययुगीन राजनीतिक दर्शन र १५औँ शताब्दीदेखि आजसम्मलाई आधुनिक राजनीतिक दर्शन भनिन्छ। प्राचीन राजनीतिक दर्शनको केन्द्रबिन्दु नगर-राज्य थियो। यसलाई सामाजिक सङ्गठनको पूर्णरूप मानिन्छ। नगर-राज्य हराएपछि यस युगको पनि अन्त भयो। त्यसपछि रोमन-साम्राज्य तथा इसाई धर्मको अभ्युदयसँगै एउटा नयाँ सामाजिक व्यवस्था स्थापित भएको थियो। मध्ययुगको दर्शन सार्वभौमवादमा आधारित भएकाले त्यसबेला राजनीतिक चिन्तनको केन्द्रबिन्दु आचार नभएर धर्म बनेको थियो। मध्यकालीन युगलाई आधुनिक रूप दिने काम पुनर्जागरण तथा सुधार आन्दोलनले गरेको पाइन्छ।

पुनर्जागरण कालको सूत्रपात हुनअघि युरोपमा धर्मका कारण शासन व्यवस्था निरकुङ्श र तानाशाही बनेको थियो। १६औँ शताब्दीमा पुनर्जागरण काल प्रारम्भ भएपछि धार्मिक सुधार आन्दोलनले पोपको सर्वोच्च प्रभुताको समाप्ति, शताब्दियौँदेखि चल्दै आएको रोमन चर्चको साम्राज्य ध्वंश, रोमन क्याथोलिक चर्चको विरोधमा अन्य राष्ट्रिय चर्च स्थापना, प्रोटेस्टेन्ट र क्याथोलिकको धार्मिक एकतामा विभाजन साथै पोपको विरोधसँगै साम्राज्यको साटो राष्ट्र वा राज्यको विकास भएको मानिन्छ। सुधारवादी आन्दोलनको प्रमुख पहल भनेको नै व्यक्ति एवम् धार्मिक स्वतन्त्रता तथा लोकतन्त्रीय विचारको विकास र विस्तार थियो। तत्कालीन निरङ्कुश शासन प्रणाली र धार्मिक कट्टरपन्थीले प्रजामा धेरै नैराश्य ल्याएको हुनाले सुधारवादी आन्दोलनको प्रतिफललाई सहजै अङ्गीकार गरेका थिए। त्यसबेला राजा शासनको विरोध गर्नाकै कारण लोकतन्त्र स्थापनामा ठुलो टेवा पुगेको थियो। नगर राज्यदेखि औपचारिक-संस्थागत रूपमा प्रारम्भ भएको लोकतान्त्रिक शासन व्यवस्था कैयौँ शताब्दीदेखि ब्रिटेनमा र त्यसपछि अमेरिका,

फ्रान्स, स्विट्जरल्यान्ड हुँदै आज संसारका अधिकांश देशहरूमा प्रचलित रहेको छ। सन् १६४० पछि इङ्ल्यान्डमा लामो समयसम्म गृहयुद्ध चलेको थियो। राजनीतिक अस्थिरताका कारण सुरु भएको यो युद्ध धेरै समयसम्म चलेपछि सन् १६६८ मा "उत्तरदायी सरकार"-ले नयाँ सिद्धान्तलाई विकसित गर्दै राजालाई पदासीन गराएको थियो। उत्तरदायित्वले पूर्णतः जनताको शक्तिलाई इङ्गित गरेका हुनाले त्यसबेला जनताले सरकारलाई कुनै पनि काम वा कार्य गरेको खण्डमा किन र केका लागि भनेर सोध्न सक्ने तथा सरकारको कार्यप्रणाली उचित नलागेको खण्डमा निर्वाचनद्वारा फेर्न सक्ने पद्धतिको विकास हुँदै आएको देखिन्छ। यसरी स्थापित भएको आधुनिक लोकतन्त्रको घडेरी बिस्तारै विकसित हुने क्रममा यसलाई कानुनका मापदण्डमा चल्ने सरकार अथवा संवैधानिक शासन प्रणाली पनि भन्न थालियो।

आधुनिक लोकतन्त्रको घडेरी अझ बलियो र विस्तृत बनाउनमा सन् १७७६ मा भएको अमेरिकाको स्वतन्त्रता आन्दोलन र सन् १७८९ को फ्रान्सेली क्रान्तिको भूमिका महत्त्वपूर्ण रहेको पाइन्छ। फ्रान्सेली क्रान्तिले प्राचीन शासन प्रणालीलाई समाप्त गरेर स्वतन्त्रता, समानता तथा बन्धुत्वका आदर्शमा एउटा नयाँ समाजको स्थापना गर्न ठुलो योगदान पुऱ्याएको पाइन्छ। पाश्चात्य देशहरूमा परेको यसको प्रभावले स्वतन्त्रता र समानतापूर्ण समाज स्थापनामा सबैलाई चासो हुन थालेको देखिन्छ। प्राचीनकालदेखि चलिआएको शासन प्रणालीले निम्त्याएको सङ्कीर्णतालाई यसले अस्वीकार गऱ्यो। यसो हुँदा लोकतन्त्र नयाँ मान्यता र मूल्यका साथमा विकसित हुन थाल्यो। यसका साथै १९औँ शताब्दीमा युरोप र उत्तर अमेरिकामा मताधिकार बढोत्तरीका निम्ति गरिएको पहलले लोकतन्त्रका विकासमा थप टेवा पुऱ्याएको थियो। २०औँ शताब्दीमा लोकतन्त्रको विचार सामान्य सरकारका रूपमा स्थापित भइसकेको थियो, जसको हकदार युरोप, अमेरिका, एसिया र अफ्रिका पनि रहेका छन्। यस शताब्दीमा लोकतन्त्रको विस्तारित रूपले वयस्क मताधिकारअन्तर्गत यो अधिकार महिलाहरूका निम्ति पनि हो भन्ने विषयलाई विश्वभरि स्वीकृति दिन थालेको हो।

अहिले आएर विश्वका विभिन्न भूभागमा राजनीतिक, आर्थिक र सांस्कृतिक शक्तिहरूको विशिष्ट क्रियाशीलताले लोकतन्त्र विश्वभरि नै प्रभावशाली बन्दै गइरहेको छ। आधुनिक विश्वमा लोकतन्त्रलाई सरकार सञ्चालनको सबल माध्यमका रूपमा स्विकृति दिएको पाइन्छ। "२०औँ

शताब्दीको अन्त्यतिर लोकतान्त्रिक आन्दोलन संसारका सारा भागमा फैलिएर अधिकांश देशहरूमा लोकतान्त्रिक सरकार स्थापित भएको पाइन्छ। लोकतान्त्रिक रूपान्तरणले असल अनि अत्यधिक शान्तिपूर्ण विश्वका लागि नयाँ आशा बढाएको छ। लोकतन्त्रले साम्यवाद र अन्य प्रतिस्पर्धी सिद्धान्तहरूलाई जित्ने कुरोमा फ्रान्सिस् फुकियामाले जोड दिएका छन्। उनका मतअनुसार लोकतन्त्र समयमा सार्वभौमिक हुनेछ।"[२२] आधुनिक लोकतन्त्रको विकास आज विश्वव्यापी भएको छ। जनतालाई सर्वोपरि मानेर जनतालाई मूल रूपमा प्राथमिकता दिने लोकतान्त्रिक प्रणाली निकै प्रभावकारी बन्दै गइरहेको छ। तसर्थ लोकतन्त्रको विकासले अझ तीव्र गति लिएको देखिन्छ।

आधुनिक लोकतन्त्रमा कानुन निर्माण र निर्णय प्रक्रियामा जनताले अप्रत्यक्ष रूपमा सहभागिता जनाउँदछ। जनताले मताधिकारको प्रयोग गरेर चुनिएका प्रतिनिधिद्वारा आफ्नो हक-अधिकारको प्रयोग गर्नु नै आधुनिक लोकतन्त्रको वैशिष्ट्य हो। यसका साथै यसले जनतालाई कानुन र मताधिकार अघि समान दृष्टिले हेर्दछ। यसमा जनताले आफ्नो विचार स्वतन्त्रतापूर्वक राख्ने विशेष अधिकार पाएको हुन्छन्। आधुनिक लोकतन्त्रले जनताका सर्वोच्च शक्तिलाई कायम राख्दै आइरहेको छ।

## २.३ भारतको लोकतन्त्र

विश्वको महान् लोकतान्त्रिक देश भनेर चिनिने भारतको ऐतिहासिक पृष्ठभूमि नितान्त बेग्लै छ। भारतको वैभव, मर्यादा र अस्तित्व सबै अङ्ग्रेजहरूले लिलाम गरिदिएका थिए। लामो अवधिको सङ्ग्रामपछि सन् १९४७ मा भारत एउटा स्वतन्त्र देश बन्यो। अनि २६ जनवरी १९५० देखि भारत पूर्णतः एउटा लोकतान्त्रिक देश बन्न गयो। प्राचीन भारतको वैदिककालमा पनि लोकतान्त्रिक व्यवस्था प्रचलित थियो। तर भारतमा अङ्ग्रेजहरूको शासनको अन्त्य भएपछि मात्र लोकतन्त्र मौलिन थालेको हो भन्ने धेरै विद्वान्हरूको भनाइ रहेको छ। वैदिककालमा भारतमा लोकतन्त्रको धारणा सीमित थियो। त्यस समयमा उच्चवर्गलाई कुनै पनि सभा र समितिको सल्लाहकार मानिन्थ्यो। मौर्य साम्राज्य, गुप्त, चालुक्य अथवा मुगल राजाहरूका समयमा भारतमा लोकतन्त्रको विकास हुने कुनै सङ्केत थिएन। भारतमा इस्ट इन्डिया कम्पनी सरकारको औपनिवेशिक सत्ताधारी क्रियाकलापलाई उपयोगमा लिएपछि समष्टिहरू विस्तारित

[२२] बी आर अम्बेडकर एन्ड हिज् फिलोसपी अन इन्डीयन डेमोक्रेसीः एन अप्राइसल,www.iiste.org, 6.10.2019, 9 a.m., पृ.७५

हुन थालेका थिए। देशमा अङ्ग्रेजहरूका सक्रियतामा रेग्युलेक्टिङ एक्ट, पिट्स र चार्टरजस्ता विभिन्न अधिनियमहरू बनेका थिए। तिनै अधिनियमहरू भारतको लोकतान्त्रिक प्रक्रियामा ऐतिहासिक कार्य बन्न पुग्यो। पश्चिमेली दर्शनको प्रभावमा भारतीयहरूले बिस्तारै स्वतन्त्रताको महत्त्वलाई बुझ्न थाले। त्यसपछि भारतमा अङ्ग्रेज सरकारको शक्तिलाई स्थानीय सरकार, उत्तरदायित्व सरकार अनि अन्तिममा स्व-सरकारमा रूपान्तरण गर्न सफल बनेको देखिन्छ। महान् दार्शनिक, विद्वान्, विचारक जस्तै रूसो, थोमस पेन, अब्राहम लिङ्कन आदिबाट भारतीय विद्वान्हरू धेरै प्रभावित बनेको देखिन्छ। भारत स्वतन्त्र बनेपछि लोकतान्त्रिक प्रणाली सुरु भएको हो। त्यसपछि देशमा राजनीतिक विकासको क्रम बढ्न थाल्यो। एम के गान्धी, बी आर अम्बेडकर, स्वामी विवेकानन्द, विपिन चन्द्र पाल आदि भारतीय विद्वान्हरूका ऐतिहासिक पहलले लोकतन्त्रको विकासमा ठुलो भूमिका निर्वाह गरेको छ। स्वतन्त्र भारतमा लोकतन्त्रको विकास धेरै भएको छ।

भारतमा संसदीय लोकतान्त्रिक शासन व्यवस्थाअनुसार सरकार गठन हुँदछ। "यहाँ २६ नोभेम्बर १९४९ को संविधान सभाले विभिन्न कानुनलाई अधिनियमित गरेपछि २६ जनवरी १९५० देखि संसदीय लोकतान्त्रिक शासन व्यवस्था प्रारम्भ गरिएको हो।"[२३] चुनाउ प्रक्रियाद्वारा अत्यधिक जनमत प्राप्त गर्ने राजनीतिक दलले सरकार गठन गरेपछि पाँच वर्षको समयावधिसम्म सत्तामा रहेर जनता अथवा देशको सेवाको भूमिका निर्वाह गर्दछ। जनताले सरकारको काम हेरेर राम्रो-नराम्रो खुट्ट्याउने गर्दछन्। भारत देशको सन्दर्भमा लिखित संविधान सर्वमान्य हुन्छ। लोकतन्त्रमा स्वतन्त्रता, मौलिक अधिकार र अन्य जन्मसिद्ध अधिकारलाई भारतीय संविधानमा समावेश गरिएको पाइन्छ। "भारतीय संविधान प्रथमतः सामाजिक दस्तावेज हो। यसका धेरै जसो प्रावधानहरूको लक्ष्य सामाजिक क्रान्तिलाई उद्देश्यपूर्ण बनाउनका निम्ति तयार गरिएका छन्। सामाजिक क्रान्ति फस्टाउने अवसरहरू सिर्जना गर्ने उद्देश्य यसमा समाविष्ट हुन्छन्। सम्पूर्ण संविधान नै राष्ट्रिय नवजागरणका उद्देश्यले व्याप्त भए पनि सामाजिक क्रान्तिप्रतिको प्रतिबद्धताको निचोड भने तेस्रो अध्याय र चौथो अध्याय, मौलिक अधिकारहरू अनि राज्यका नीतिमूलक निर्देशन मै

[२३] मौसमी चक्रवर्ती, सन् २००५, *डेमोक्रेसी इन्डीयन पर्सपेक्टीभ*, कलकत्ता विश्वविद्यालयअन्तर्गत दर्शनशास्त्र विभागम विद्यावारिधि प्राप्त गर्न बुझाइएको शोधप्रबन्ध, पृ.७०

निहित छन्।"[२४] संविधानले सम्पूर्ण नागरिकको हक-अधिकारको सुरक्षा सुनिश्चित गर्दछ। लोकतान्त्रिक व्यवस्था प्रणालीलाई सदृढ र सबल ढङ्गमा सञ्चालित गर्नका निम्ति संवैधानिक प्रावधान कार्यान्वित हुन नितान्त आवश्यक रहन्छ। भारतीय संविधान विश्वका अन्य देशहरू भन्दा पृथक् र विशिष्ट छ।

एम के गान्धीले लोकतन्त्रसम्बन्धी आफ्नो विचार प्रस्तुत गर्ने क्रममा स्वराज्य, अहिंसा, शक्ति विकेन्द्रीकरणलाई लोकतन्त्रको मूल आधार मानेको पाइन्छ। स्वराज्य भन्नाले स्वयम्‌को राज मात्र नभएर स्वनिर्भरता भन्ने पनि बुझिन्छ। गान्धीले स्वराज्यको सन्दर्भमा व्यक्ति स्वतन्त्रतामाथि जोड दिँदै आर्थिक विकासको पहिलो आधारभूमि गाउँलाई बनाउनु पर्ने विचार राखेका छन्। "स्वराज्य व्यक्ति, राष्ट्र र सारा विश्वलाई मुक्ति दिलाउने दृष्टि हो। यसले साम्राज्यवादी जालबाट मुक्ति मात्र नदिएर शोषण, सामाजिक दुष्टता, अहिंसा, अन्याय, असमानता आदिबाट स्वतन्त्रता दिन्छ। स्वराज्य व्यापक अवधारणा हो। यसमा स्वशासित सरकार, अहिंसक आदेश, विकेन्द्रीकरण-मानवकृत अर्थव्यवस्था, सर्वोदय, भूमण्डलीकरण आदि समावेश हुन्छ।"[२५] एम के गान्धीले लोकतन्त्र प्राप्तिको अर्को माध्यम अहिंसालाई मानेका छन्। हिंसायुक्त समाजमा शान्ति र व्यक्ति स्वतन्त्रता सम्भव हुँदैन। यसैले उनले हिंसारहित मानवीय समाजको आदर्श विचार राखेका छन्। उनले सत्य र अहिंसालाई साँचो लोकतन्त्रका आधार मानेको पाइन्छ। यसरी नै उनले जनतालाई समान अवसरमा सहभागी गराउनका निम्ति पञ्चायती राज व्यवस्थामा शक्ति विकेन्द्रीकरणलाई जोड दिएको पाइन्छ। शक्ति विकेन्द्रीकरणले ग्रामीण स्तरका जनताका शासन स्थापित हुँदछ। यसअतिरिक्त गान्धीले लोकतान्त्रिक संरचना समावेशी हुनु पर्ने विषयमा पनि जोड दिएको पाइन्छ। समग्रमा गान्धीले दिएका लोकतान्त्रिक अवधारणाले व्यक्ति स्वतन्त्रता, समान अवसर, आर्थिक विकास, स्वराज्य, अहिंसालाई मूल रूपमा मान्यता दिएको पाइन्छ।

## २.४ भारतीय नेपाली कविता र लोकतन्त्र

भारतीय नेपाली कविता र लोकतन्त्रबारे चर्चा गर्न अघि भारतीय नेपाली कविताको आशय के हो ? भन्ने प्रश्नलाई स्पष्ट पार्न आवश्यक देखिन्छ। भारतीय नेपाली कविता भन्नाले भारतीय मूलका नेपाली

[२४] राजेन्द्र ढकाल, सन् २०१७, *भारतीय संविधान- राष्ट्रको आधारशीला*, मैसुरीःभारतीय भाषा संस्थान, पृ.६५

[२५] चक्रवर्ती, सन् २००५, *डेमोक्रेसी इन्डीयन पर्सपेक्टीभ*,उही, पृ.१०५

कविहरूद्वारा लिखित कविता भन्ने बुझिन्छ। जबकि नेपाली कविता भारतबाहिरका विभिन्न मुलुकहरूमा पनि लेखिँदै आइरहेको छ। यसकारण भारतीय नेपाली कविता भन्नाले भारतीय परिवेश अनि यहीँको समय र सन्दर्भको काव्यात्मक अभिव्यक्ति भन्ने प्रस्ट हुँदछ। कविहरूले यहीँको माटो, हावा-पानी, यहीँको जीवन व्यवस्था, यहीँको रङ्ग, यहीँको परिस्थिति सुहाउँदो कविता रचना गरेका छन्। भारतीय परिवेशमा कविहरूले जस्तो प्रकारका जीवन अनुभवहरू गरेका छन् त्यसको तुलना अन्य मुलुकका कविहरूले भोगेका अनुभवहरूसित हुन सक्दैन। यहाँ जुन वास्तविकता छ त्यो अरूकाभन्दा भिन्न छ। यहाँका कविताले ग्रहण गरेको वस्तुगत यथार्थ अरूकोभन्दा फरक छ। तसर्थ यहाँ रचना भएको कवितालाई भारतीय नेपाली कविता भन्ने संज्ञा दिइएको छ।

भारतमा नेपाली कविताको इतिहास हेर्दा नेपाली कविता विधाको प्रणयन सवाई अनि लहरी काव्यबाट भएको हो भन्ने थाहा पाइन्छ। सन् १८७७ मा रचित ज्ञानदिलदासको *उदय लहरी* भारतीय नेपाली कविताको पहिलो नमुना हो। समाजको विसङ्गत परिस्थिति, छुवाछुत, जातपातको भेदभाव, धर्मको आडमा गरिने पाखण्डजस्ता विषयहरूमाथि व्यङ्ग्य गर्दै मानिसको आध्यात्मिक चेतना जगाउन सके सम्पूर्ण मानव समाजको उन्नति गर्न सकिन्छ भन्ने अभिप्राय लिएर लेखिएको ज्ञानदिलदासको उक्त लहरी काव्यको अनुसरण गर्दै पछिबाट डाकमान राई, दिलुसिंह राई, तुलाचन आले, धनवीर भँडारी, गजवीर राणा, बबगुणी गुरुङ आदिले पनि विभिन्न विषयमाथि सवाई अनि लहरी काव्यहरूको रचना गरे, जसले भारतीय नेपाली कविता विधाको पृष्ठभूमि तयार गर्ने काम गर्‍यो। यसपछि फेरि दार्जिलिङको नेपाली साहित्यमा सूर्यविक्रम ज्ञवाली, धरणीधर कोइराला, पारसमणि प्रधानको आगमनले एउटा नवजागरण ल्यायो। सवाई अनि लहरी काव्यमा भइरहेको एकै प्रकारको काव्यिक आस्वादनमा परिवर्तन ल्याउँदै आफ्नो स्वजातिको उन्नतिलाई मुख्य विषय बनाएर कोइरालाले नीति-उपदेशका प्रशस्त कविताहरू लेखेर सन् १९१८ मा पारसमणि प्रधानको सम्पादनमा छापिने पत्रिका *चन्द्रिका*मा प्रकाशित गराउन थालेको देखिन्छ। तथापि नीति उपदेश सँगसँगै आफ्नो देशप्रतिको भक्तिभाव, प्रेमका साथै मानिसलाई आध्यात्मिक रूपले पनि सजग गराउनुपर्छ भन्ने आन्तरिक उद्देश्यले प्रेरित यिनका कविताहरूको प्रभाव उनी पछिका दार्जिलिङका नेपाली कविहरू रामचन्द्र गिरी, ओकिउयामा ग्वाइन, दानियल खालिङ, वीरेन्द्र सुब्बा, तुलसी बहादुर छेत्री, अगमसिंह तामाङ आदिका कवितामा पनि यथेष्ट

रूपमा देख्न सकिन्छ। ज्ञानदिलदासदेखि नै प्रवाहित बन्दै आइरहेको आध्यात्मिक रहस्यमयताको प्रभाव अगमसिंह गिरीसम्ममा आइपुगेको देखिन्छ। गिरीको कवित्वमा पाइने यो रहस्यमयता पछिबाट जातीय जागरण, जातीय अस्मिताको प्रश्नमाथि अधिक केन्द्रित बन्न पुगेको पाइन्छ। वास्तवमा गिरीका कविताहरूमा यहींँको लोकतान्त्रिक मूल्यहरू बढी प्रस्ट रूपमा अभिव्यक्त भएको देखिन्छ। यसबाट केवल गिरी मात्र नभएर उनका अन्य समकालीन कविहरू नरेन्द्रप्रसाद कुमाइ, प्रेम शेर्पा विरोकी, लक्खीदेवी सुन्दास, सानुमति राई, विनीता सिंह, साबित्री सुन्दास, विक्रम रूपासा, बाबुलाल प्रधान, जी छिरिङ, नरबहादुर दाहाल, कुमार घिसिङ, भाइचन्द प्रधान आदि पनि प्रभावित बन्न गएको देखिन्छ। त्यस पछि खडगसिंह ‘काँडा’, शरद् छेत्री, गुमानसिंह चामलिङ, बुद्धकुमार मोक्तान, जस योन्जन ‘प्यासी’, जीवन नामदुङ, अविनाश श्रेष्ठ, भविलाल लामिछाने, युद्धवीर राणा, नव सापकोटा, मोहन ठकुरी, पवन चामलिङ ‘किरण’, जीवन थिङ, गिर्मी शेर्पा, केदार गुरुङ, सन्तोष बरदेवा, राजेन्द्र भण्डारी, अर्जुन प्रधान, मनप्रसाद सुब्बा, नोर्जाङ स्याङदेन, नरदेन रूम्बा, ज्ञानेन्द्र खतिवडा, बिजय बान्तवा, सुरेन्द्र थिङ, जीवन बान्तवा आदि प्रमुख देखिन्छन्, जसले आफ्ना कवितामा जीवनको एक्लोपन, निस्सङ्गता सँगसँगै जातीय अस्तित्वको सङ्घर्षलाई पनि अभिव्यक्त गरेका छन्। बहुजातीय राष्ट्र भारतको शासन व्यवस्थाबाट किनारीकृत बन्दै आइरहेका नेपाली समुदायमाथि आइपरेको परिचय सङ्कट यहाँको नेपाली कवितामा देखिने एउटा सबैभन्दा संवेदनशील विषय हो। नब्बेको दशकदेखि देखा पर्ने भारतीय नेपाली कविहरू सञ्जय बान्तवा, सुधीर छेत्री, विमल छेत्री, केवलचन्द्र लामा, उदय थुलुङ, कविता लामा, किशन प्रधान, रेमिका थापा, शान्ति सहारा, किरण कुमार राई हुँदै वर्तमानमा आइपुग्दा राजा पुनियानी, मनोज बोगटी, वासुदेव पुलामी, ज्ञानेन्द्र यक्सो आदिका कवितामा राजनीतिक रूपले पछि परेका जातिको हक, अधिकार, समानताजस्ता लोकतान्त्रिक मूल्यहरूबाट पाखा लगाइनुको ठुलो असन्तोष प्रकट गरिएको पाइन्छ।

कविता भाव वा विचारको अभिव्यक्तिको सशक्त माध्यम भएका हुनाले हरेक कविले आफ्नो मनमा उठेका विचारहरूलाई यसकै माध्यमद्वारा व्यक्त गर्ने गर्दछन्। यसै गरी भारतीय नेपाली कविहरूले स्वतन्त्र भारतमा लोकतान्त्रिक मूल्यहरूदेखि वञ्चित रहन परेको पीडालाई आआफ्ना कवितामा

अभिव्यक्त गरेका छन्, जसले गर्दा भारतीय नेपाली कविता अनि लोकतन्त्रमाझ परस्पर सम्बन्ध रहेको छ भन्ने कुरा प्रस्ट हुँदछ।

## २.४.१ भारतीय नेपाली कवितामा लोकतान्त्रिक स्वर

भारतीय नेपाली साहित्यको विकासक्रमलाई हेर्दा स्वातन्त्र्यपूर्वकाललाई उठानकाल मान्न सकिन्छ। विधागत रूपले त्यसताकको नेपाली साहित्य आजको जस्तो समृद्ध नभए तापनि कविता लेखन भने निकै विकसित अवस्थामा रहेको थियो। यही अवधिदेखि नै भारतीय नेपाली कवितामा लोकतान्त्रिक स्वर सर्वप्रथम राष्ट्र प्रेमको रूपमा टुसाएको देखिन्छ। भारत प्रायः दुईसय वर्षसम्म अङ्ग्रेज उपनिवेशकको अधीनमा शोषित बनेर रहेको यसको प्रमुख कारण हो। यस अवधिमा भारतले राजनीतिक, आर्थिक, शैक्षिक, धार्मिक सबै पक्षबाट प्रताडित बन्न परेको थियो। अङ्ग्रेज शासकहरूको यस्तो अन्याय र अत्याचारबाट भारतलाई मुक्त गराउनुपर्छ भन्ने विचार यहाँका विभिन्न प्रान्तमा बसोबास गर्ने हरेक नागरिकको मनमा उठेको पाइन्छ। परतन्त्रको साङ्लामा जकडिएको दयनीय अवस्थाबाट आफ्नो देशलाई स्वतन्त्र गराउने चाहना हरेक भारतीय नागरिकमा जागृत भएको हो। यसलाई कतिले गीत, कथा, उपन्यास, नाटक आदिका रूपमा अभिव्यक्त गरे भने कतिले यसलाई कविता लेखनको मुख्य विषय बनाए । देश प्रेम अथवा राष्ट्र प्रेमका रूपमा झ्याँगिएको यस प्रकारको काव्यात्मक अभिव्यक्तिले भारतीय नेपाली कवितामा लोकतान्त्रिक स्वरको घडेरी तयार गरेको देखिन्छ। यसलाई स्वातन्त्र्यपूर्व नेपाली कवितामा लोकतान्त्रिक स्वर अनि स्वातन्त्र्योत्तर नेपाली कविता लोकतान्त्रिक स्वर गरी दुई चरणमा राखेर हेर्न सकिन्छ।

स्वातन्त्र्यपूर्व नेपाली कवितामा लोकतान्त्रिक स्वरलाई नियालेर विचार गर्नु हो भने यसका निम्ति भारतीय नेपाली कविताको प्रारम्भिक चरणमा फर्किएर जान पर्ने हुन्छ। सबैभन्दा पहिले लहरीकाव्यबाट भारतीय नेपाली कविताको विकासक्रमको थालनी भएको थाहा पाइन्छ। त्यसताक लेखिएका लहरी अनि सवाईहरू प्रेम-प्रिती, प्राकृतिक सौन्दर्य, प्राकृतिक आपदा साथै आध्यात्मिक चिन्तनमाथि अधिक केन्द्रित रहेको देखिन्छ। व्यक्तिको सुषुप्त चेतनालाई जगाई त्यसका माध्यमबाट सम्पूर्ण मानव समाजको भलाई गर्न आवश्यक छ भन्ने दिशातिर लक्ष्य गर्ने ज्ञानदिलदासको *उदय लहरी*जस्ता कविताको महत्त्वपूर्ण

विशेषता रहन गएको देखिन्छ। व्यक्तिको चेतना जगाउने उद्देश्य लिएर रचना गरिएका यस्ता लहरी अनि सवाई लेखन उत्तरार्द्धमा आएर सूर्यविक्रम ज्ञवाली, धरणीधर कोइराला, पारसमणि प्रधानको भारतीय नेपाली साहित्यमा योगदान महत्त्वपूर्ण रहेको मानिन्छ।

भारतमा स्वतन्त्र सङ्ग्राम चलिरहेको समयमा सिक्किमका सन्तवीर लिम्बूको *उदय* पत्रिका (सन् १९४४) -मा 'गोर्खाली ह्वौं' शीर्षक कविता छापिएको पाइन्छ। यस कवितामा उनले वीरतालाई यसरी वर्णन गरेका छन्-

*गोर्खाली हामी लड्छौँ रणमा*
*भय छैन किञ्चित् शत्रु दलको।*
*जन्मभूमिको रक्षानिमित्तमा*
*बहाउँछौँ धारा रक्त जलको।।१।।*
*प्राण, धन स्वदेश खातिरमा*
*समर्पण गर्ने हामी नै छौं।*
*गोर्खाली ह्वौं रणाग्रगामी।।२।।*

राष्ट्र प्रेममा आधारित यस कविताले त्यस समय नै भारतलाई सन्दर्भमा राखेको सङ्केत दिन्छ।

यसताकमा लेखिएका कतिपय भारतीय नेपाली कविताहरूमा राष्ट्र प्रेमको अभिव्यक्ति टड्कारो भएको पाइन्छ। भारत स्वतन्त्र हुनअघि राष्ट्र प्रेममा आधारित कविता रचना गर्नेमा कृष्ण बहादुर सिंह र गम्भीर राई प्रमुख रहेका छन्। कृष्ण बहादुर सिंह 'नवीन भारत' शीर्षकमा रहेको कविता *तरूण गोर्खा* नामक पत्रिकामा सन् १९३२ र गम्भीर राईका 'स्वदेश', *गोर्खा सेवक* पत्रिकामा सन् १९३६ मा प्रकाशित भएको आर पी लामाले सन् १९९४ मा प्रकाशित आफ्नो पुस्तक *भारतीय नेपाली साहित्य राष्ट्रीयताको सन्दर्भमा*मा उल्लेख गरेको पाइन्छ।

कृष्ण बहादुर सिंहले भारत देशको महिमा गाउँदै कविता रचना गरेका छन्। देशको महिमा गाएर उनले राष्ट्र प्रेमलाई 'नवीन भारत' कवितामा अभिव्यक्ति दिएका छन्। यसका साथै उनले यस रचनामा महिमामयी देश भारतको दुर्दशालाई यसरी प्रकट गरेका छन्-

*जुन भारत ऋषि वेद पडी*
*अघि बस्द थिए ध्वनी खुब गरी,*
*उहि आज अमावस रात्रि सरी,*
*भई शुन्य जननी यसरी।।*[२६]

अर्का कवि गम्भीर राईले पनि राष्ट्र प्रेम दर्साएर कविता रचना गरेका छन्। 'स्वदेश' शीर्षकमा रचिएको यस कवितामा कविले आफ्नो देशको महानतामा गर्वबोध गरेका छन्। कविले देशलाई शान्त तपोवन भनेर सम्बोधन गरेका छन्। उदाहरणार्थ-

*युनान, मिश्र औं रोम सुप्त।*
*संसार तिमिराच्छादित गुप्त।।*
*मानस संस्कृतिको प्रथम किरण।*
*उद्भासित थियो मम मधुर बन।।*
*मेरो स्वदेश शान्त तपोवन।*[२७]

भारत स्वतन्त्र बन्न अघि रचिएका यी दुईवटा कविताहरूमा राष्ट्र प्रेमको अभिव्यक्ति पाइन्छ। यसरी भारतीय नेपाली कवितामा भारत स्वतन्त्र हुन अघिदेखि नै लोकतान्त्रिक स्वर लेखनगत प्रवृत्तिको रूपमा विकास हुन थालेको बुझिन्छ। देश प्रेमयुक्त कविताहरूले भारतलाई अङ्ग्रेजहरूको अधीनबाट मुक्त गराउनमा धेरै महत्त्वपूर्ण योगदान पुऱ्याएको मान्न सकिन्छ। वास्तवमा यही देश प्रेमको भावना

[२६] खडक बहादुर सिंह,सन् १९९४,'नवीन भारत', आरपी लामा(सम्पा),*भारतीय नेपाली साहित्य राष्ट्रियताको सन्दर्भ*, नयाँ दिल्लीःसाहित्य अकादमी, पृ.१९

[२७] गम्भीर राई, सन् १९९४,'स्वदेश',*भारतीय नेपाली साहित्य राष्ट्रियताको...*, उही, पृ.२०

स्वातन्त्र्यपूर्व भारतीय नेपाली कवितामा लोकतान्त्रिक स्वर बनेर देखा पर्‍यो, जो यहाँको कवितामा देखिने एक विशेष प्रवृत्तिका रूपमा विकसित बन्न पुग्यो।

यस दृष्टिले हेर्दा तत्कालीन भारतमा अङ्ग्रेज उपनिवेशविरुद्ध लोकतान्त्रिक विचार फैलाउनमा एकातिर नेपाली कविहरूले आफ्नै प्रकारले योगदान दिइरहेका थिए भने अर्कोतर्फ विभिन्न प्रकारका आन्दोलनहरू पनि भइरहेका थिए। यस आन्दोलनमा नेपाली जातिले पनि यथेष्ट मात्रामा योगदान दिएका छन् भने कवि लेखकहरूले यस प्रकारको देशभक्ति कविताहरूको रचना गरेर अङ्ग्रेज उपनिवेशकको एकतन्त्रीय शासन व्यवस्थालाई तोडेर लोकतान्त्रिक भारतको निर्माण गर्नमा जुन योगदान दिएका छन् त्यो अतीव महत्त्वपूर्ण रहन गएको छ। फलस्वरूप औपनिवेशिक शासनविरुद्ध गरिएको लामो सङ्घर्षपछि १५ अगस्ट १९४७ सालमा जब भारत स्वतन्त्र बन्यो। त्यसपछि यहाँको नेपाली कवितामा लोकतान्त्रिक चेतनाको अर्को पाटो सुरु भएको देखिन्छ। यसलाई हामी स्वातन्त्र्योत्तर चरण मान्न सक्छौँ। यहीँदेखि भारतीय नेपाली कवितामा अघिबाटै विकसित बन्दै आइरहेको देश प्रेमले अझ विस्तारित भएर जाने अवसर प्राप्त गर्‍यो र यसले लोकतन्त्रका विविध रूपहरूलाई आफ्नो कवितामा समावेश गर्दै लैजान थाल्यो। यसका मुख्य कारक मान्न सकिने केही यस्ता घटनाहरू पनि सम्पन्न भए, जसले जनसाधारणलाई लोकतान्त्रिक चेतनाप्रति सचेतता प्रदान गर्दै लग्यो।

### २.४.२ स्वातन्त्र्योत्तर भारतीय नेपाली कवितामा लोकतान्त्रिक स्वर

अङ्ग्रेज उपनिवेशकहरूको विरोधमा स्वतन्त्रताको अभिलाषा लिएर लेखिएका राष्ट्र प्रेमका कविताहरूले भारतीय नेपाली कवितामा स्वातन्त्र्यपूर्व लोकतान्त्रिक चेतना कस्तो थियो भन्ने विषयको जानकारी दिँदछ। हरेक क्षेत्रबाट भारतलाई अङ्ग्रेजहरूका अधीनदेखि मुक्त गराउनलाई भारतीय नागरिकहरूले गरेको सङ्घर्षको फलस्वरूप सन् १९४७ सालमा भारत एउटा स्वतन्त्र देश बन्न सफल भयो। त्यसपछि भारतको शासन व्यवस्था लोकतान्त्रिक ढाँचामा सञ्चालन हुन थाल्यो। विश्वका अन्यान्य लोकतान्त्रिक देशहरूमध्ये भारत सबैभन्दा ठुलो लोकतान्त्रिक देश बन्यो। जहाँ अगमसिंह तामाङ प्रभृति कवि सबैमा समानताको भाव हुन्छ भन्ने कुरामा विश्वस्त बन्दछन्। तामाङको ‘राष्ट्रीय पथिक’ शीर्षक कवितामा यही भाव प्रकट भएको देखिन्छ-

*प्रजातन्त्रको राज्य मनोहर*

*सुन्दर देश छ पारी।*

*समानताको बन्धनभित्र*

*पुलकित छन् नर-नारी।*[२८]

समानतालाई लोकतान्त्रिक मूल्य मानिन्छ। तथापि स्वतन्त्र भारतका जनसाधारणले लोकतन्त्रका आधारभूत विशेषताहरूको उपभोग गर्न पाएनन्। भारत एउटा बहुभाषी, बहुजातीय, बहुधार्मिक अनि बहुसांस्कृतिक राष्ट्र भएका हुनाले यहाँ कतिपय स्थितिमा, समान रूपले लोकतन्त्र व्यवहृत हुन सकेन। फलस्वरूप कहीँ जातिको नाममा, कहीँ धर्मको नाममा, कहीँ भाषाको नाममा, कहीँ राजनीतिक अधिकार उपभोगका नाममा एकप्रकारको अव्यवस्था कायम रहिरह्यो। यसो हुँदा विभिन्न क्षेत्रका मानिसमा एउटै लोकतान्त्रिक पद्धतिभित्र पनि किनारीकृत बन्नु पर्ने अवस्था निर्माण भयो। प्रकारान्तरले उपनिवेशबाट मुक्त बनेको स्वतन्त्र भारतमा आन्तरिक उपनिवेशवाद सुरु हुन गयो, जसले गर्दा भारतभित्रै भएका अन्यान्य राज्यहरू, जिल्लाहरू फेरि एकपल्ट उपनिवेशित बन्न पुगे। यसो हुँदा यहाँको नेपाली कवितामा दोस्रो चरणको लोकतान्त्रिक चेतनाले विस्तार पायो । जसअन्तर्गत देशभित्रै पनि पछौटेपनको सिकार बन्न परेको अवस्था, समान राजनीतिक सुविधा नपाएको अवस्था यसका साथसाथै शैक्षिक, सामाजिक दृष्टिले किनारा लगाइएको अवस्था भोग्न पर्दा विभिन्न प्रकारका आवाजहरू उठ्न थाले, जसलाई स्वातन्त्र्योत्तर लोकतान्त्रिक स्वरका रूपमा लिन सकिन्छ।

भारतलाई अङ्ग्रेज शासकहरूको एकतन्त्रीय शासनबाट मुक्त गराउनलाई यहाँका सबै नागरिकले आफ्नो मन, प्राणले योगदान दिएको कुरा इतिहासमा अङ्कित छ। जतिबेला परतन्त्रको साङ्लाबाट भारतलाई मुक्त गराउन आफ्नो जीवनको बलिदान दिएर सङ्घर्ष गरिरहेका थिए, तिनीहरूलाई आफ्नो देशसित आशा थियो, जसलाई अगमसिंह गिरीले आफ्नो 'हाम्रो आकाशमनि पनि हुन्छ उज्यालो' शीर्षक कवितामा यसरी अभिव्यक्त गरेका छन्-

[२८] अगमसिंह तामाङ, सन् १९९४,*भारतीय नेपाली साहित्य राष्ट्रियताको..*, उही, पृ.२७

*युगपछिका युगहरूमा पनि नमर्ने उज्यालो*

*र त त्यही उज्यालोको पर्खाइमा*

*मेरा जीवनका क्षणहरू लम्बिंदै-लम्बिंदै गइरहेछन्*

*यो पराधीनता जस्तो अँध्यारोले*

*मलाई बाँध्न सकेको छैन, निमोठ्न सकेको छैन*

*निलिहाल्न सकेको छैन*

*र त म झैं लोलाइरहेका अनगन्ति चेतनाहरूलाई*

*म चिच्याई-चिच्याई भनिरहेछु*

*-हाम्रो आकाशमनि पनि हुन्छ उज्यालो*[२९]

तर स्वतन्त्र भारतबाट राखिएको अपेक्षा पूर्ण हुन सकेन। यसका निम्ति नेपाली जातिले लामो समयदेखि फेरि अर्को सङ्घर्ष गर्न बाध्य बन्नु पऱ्यो। कारण आफैले लडेर दिलाएको स्वतन्त्र देशमा आफ्नै अस्तित्व फेरि सङ्कटमा पर्नु ठुलो दुःखको कुरा हो। यसले लोकतान्त्रिक शासन प्रणालीमा हुने गरेको समान शासन व्यवस्थामाथि आघात पुऱ्याएको प्रस्ट देखिन्छ। यसलाई गिरीको अर्को कविता 'अस्तित्वहीन यी अस्तित्वहरू'-बाट बुझ्न सकिन्छ-

*अशक्त वेदना, विवशतापूर्ण वाध्यता*

*भौंतारिएका संकल्पशून्य आँखाहरू*

*सम्मुख उभिन आउँछन्*

*निर्णयहीन, निष्प्राण मुखाकृति*

*क्षीण कायाहरू सल्बलाइ रहन्छन्*

*आघात यातना सिउरेका अनेक*

*उत्पीडित छायाहरू चल्मलाइ रहन्छन्।*[३०]

---

[२९] अगमसिंह गिरी, सन् १९९८, *अगमसिंह गिरी रचनावली-ग्रन्थ* १, दक्षिण सिक्किम: निर्माण प्रकाशन, पृ.४५२

[३०] अगमसिंह गिरी, उही, पृ.५२६

गिरीमा पाइने जुन असन्तुष्टि छ, त्यसबाट हरिभक्त कटुवाल पनि त्यति कै पीडित रहेको देखिन्छ। यसलाई कटुवालको 'हामीलाई निर्धो नसम्झ' कवितामा अभिव्यक्त प्रस्तुत कवितांशबाट बुझ्न सकिन्छ-

*यो देशको माटोले भन्छ*

*यो देशको ढुंगाले भन्छ*

*हाम्रो पनि रातो रगत यहीँ बगेको छ।*

*हाम्रो पनि तातो पसिना यहीँ खसेको छ।*[३१]

देशको असमानतापूर्ण व्यवहारले ग्रस्त नागरिकहरूको अवस्थिति कस्तो देखिन्छ भन्ने कुरालाई गुमानसिंह चामलिङको 'कारागारभित्र प्रतीक्षा त्यो अन्तिम फैसलाको' शीर्षक कवितामा यसरी प्रकट गरिएको छ-

*मेरो आज*

*मेरो आफ्नै छैनः*

*म यहीँ छु र पनि यहीँ म छैन*[३२]

यसरी स्वातन्त्र्योत्तर भारतमा पनि लोकतान्त्रिक मूल्य समान रूपमा उपभोग्य बन्न सकेन। वास्तवमा भारतीय लोकतन्त्रमा संविधानलाई बढी महत्त्व दिइन्छ। यसमा अङ्कित विभिन्न प्रावधानहरूका कारण लोकतान्त्रिक शासन प्रणालीलाई प्रभावकारी तुल्याउने एउटा मुख्य शक्ति स्रोतको रूपमा संविधानलाई मानिन्छ। भारतीय संविधानको १३ देखि ३० सम्मका अनुच्छेद्हरूमा नागरिकहरूको मौलिक अधिकारलाई समावेश गरिएको छ। कुनै पनि देश अथवा राष्ट्रको जनताका निम्ति अधिकार नितान्त आवश्यक विषय हो। संविधानद्वारा प्रदत्त अधिकार सम्पन्न भएर पनि भारतीय नागरिकहरू यसको उपभोग गर्न सकिरहेका छैनन्। यसको मूल कारण अज्ञानता र शिक्षाको अभावलाई पनि मानिन्छ। भारतजस्तो ठुलो जनसङ्ख्या भएको देशमा शिक्षाको अभाव हुनु भनेको लोकतन्त्रको एउटा विफल पाटो हो। यसरी नै लोकतन्त्रको दुर्बल पक्षमा जनता स्वयम् आफ्नो दायित्वमा सचेत बन्न

[३१] हरिभक्त कटुवाल, सन् २००७, *हरिभक्त कटुवाल रचना संचयन*, दिल्ली: साहित्य अकादमी, पृ.८१

[३२] गुमानसिंह चामलिङ, सन् १९७८, *कारागारभित्र प्रतीक्षा र अन्य कविता*, दार्जिलिङ: श्याम ब्रदर्श प्रकाशन, पृ.५

नसक्नुलाई पनि मानिन्छ। यस्ता कतिपय दुर्बल पक्षहरू हुँदाहुँदै पनि अन्य कति विषयका सन्दर्भमा लोकतन्त्र धेरै प्रभावकारी रहेको पनि देखिन्छ। हिन्दी साहित्यका लेखक, कवि तथा चिन्तकहरू पनि लोकतान्त्रिक विचारधाराबाट धेरै प्रभावित रहेका छन्। देशमा सञ्चालित लोकतान्त्रिक शासन प्रणालीमा देशको विकास, समृद्धि र जनताको जीवनस्तरमा कस्तो प्रभाव पारेको छ भन्ने विषयलाई हिन्दी साहित्यका कविहरूले आफ्ना कविताहरूमा अभिव्यक्ति दिँदै आइरहेका छन्। रघुवीर सहायले आफ्ना कवितामा लोकतान्त्रिक प्रणालीमा पनि भारतका साधारण नागरिकहरूले दुःख पाएको सत्यतालाई प्रकाश पारेका छन्। यसरी नै अन्य लेखक र कविहरू पनि लोकतन्त्रको सफलता र विफलतामाथि जनचेतना ल्याउने दिशामा अनवरत लागिरहेका छन्।

हिन्दी कवितामा जस्तै नेपाली कवितामा पनि भारतीय लोकतन्त्रको प्रभाव पाइन्छ। भारतलाई लोकतान्त्रिक राष्ट्रका रूपमा घोषणा गर्दा भारतीय नेपाली कविताको कालखण्डमा आधुनिक कालको पदार्पण भइसकेको थियो। प्राथमिक कालको नीति, परिष्कार, धार्मिक चेतना तथा जागरणमूलक लेखन प्रवृत्ति परित्याग गरी नेपाली कविताले आधुनिक कालको व्यापकता अङ्गाली सकेको थियो। यसैअन्तर्गत आधुनिक कालमा प्रयोगवादी र समकालीन प्रवृत्तिले स्थान लिएको समयमा भारतीय नेपाली कवितामा लोकतान्त्रिक स्वरको प्रबलता अझ बढेर जान थालेको हो।

भारत स्वतन्त्र बनेर लोकतान्त्रिक प्रणालीलाई अङ्गालेको ऐतिहासिक घटनापछि भारतीय नेपाली कवितामा लोकतान्त्रिक स्वर एक विशेष प्रवृत्तिको रूपमा परिवर्तित हुन थालेको बुझिन्छ। यो स्वर सत्तरका दशकदेखि यता भारतीय नेपाली कवितामा प्रबलरूपमा ध्वनित हुन थालेको पाइन्छ। यसैको प्रभाव स्वरूप भारतीय कविहरू राष्ट्र प्रेमदेखि समानता, स्वतन्त्रता तथा जनसाधारणको हक, अधिकारलाई कविताहरूमा प्रभावकारी रूपमा उठान गर्न सफल बनेका छन्। लोकतान्त्रिक प्रणालीले सुनिश्चित गर्ने सबै अधिकार र दायित्वमा जनसाधारणलाई सजग र सचेत तुल्याउने पक्षमा पनि भारतीय नेपाली कविहरू अग्रसर रहेको पाइन्छ। लोकतन्त्रको विशेषता, मूल्य-मान्यता भारतीय नेपाली कविताहरूमा प्रस्तुत हुनथालेका कारण लोकतान्त्रिक स्वर भारतीय नेपाली कविता लेखनको मूल प्रवृत्ति बन्न पुगेको मान्न सकिन्छ।

भारतीय नेपाली कवितामा लोकतन्त्रको प्रभावलाई विभिन्न दृष्टिकोणले हेर्न सकिन्छ। यस्ता दृष्टिकोणमा मूल रूपमा देशका संविधानले प्रदान गरेका अधिकारहरू, नागरिकहरूको जीवनस्तरको विकास तथा नागरिकहरूमा अधिकार सचेतना पर्दछन्। देशको संविधानले प्रदान गरेको मौलिक अधिकारअन्तर्गत समानता र स्वतन्त्रतालाई नागरिकहरू उपभोग गर्न कति सक्षम छन् भन्ने सन्दर्भ भारतीय नेपाली कवितामा विशेष रूपमा प्रकट भएको पाइन्छ। लोकतान्त्रिक शासन प्रणालीमा सम्पूर्ण नागरिकहरूको जीवन शैलीमा सुधार आएको हुनुपर्छ। सबै नागरिकहरूले आफ्नो हक र अधिकारको उचित उपयोगसँगै व्यवस्था प्रणालीमा आफ्नो सहभागिता जनाउन पाउनुपर्छ। यस प्रकारका विषयहरू पनि भारतीय नेपाली कवितामा प्रस्फुटित भएको पाइन्छ। तर देश स्वतन्त्र बनेपछि देशमा लोकतान्त्रिक प्रणालीको सूत्रपात भए पनि यहाँ लोकतान्त्रिक मूल्यहरू समान रूपले व्यवहृत बन्न सकेन। जबकि देशको स्वतन्त्रता एउटा ऐतिहासिक घटना थियो। तर यसबाट सबै भारतीय नागरिक खुसी बन्न सकेनन्। जसको प्रभाव तत्कालीन धेरै कविहरूका कवितामा अभिव्यक्त भएको देखिन्छ। यसले लोकतान्त्रिक स्वर मुख्य प्रवृत्तिका रूपमा विकसित तुल्याउने आधार खडा गर्‍यो। फलस्वरूप भारतीय नेपाली कवितामा पनि यही कुरा लोकतान्त्रिक स्वर बनेर प्रवृत्तिगत रूपमा विकसित बन्न गयो। यो स्वर समकालीन भारतीय नेपाली कविता लेखनमा अद्यावधि प्रयोग हुँदै आइरहेको पाइन्छ।

कवि विकास गोतामेद्वारा रचित कविता ‘कविता लेख्दिँन अब’-मा लोकतान्त्रिक स्वर ध्वनित भएको पाइन्छ। जस्तै,

*जननेताको मुखुण्डो ओढी*
*कालो रातमा सूरा र सुन्दरीमा डुबी*
*विप्लवका कुरा हाँक्दै*
*चौकीको सपना देख्नेहरूका*
*नांगो चित्र कोर्छु अब*[३३]

---

[३३] विकास गोतामे, सन् १९९३,‘कविता लेख्दिँन अब’, रत्न बान्तवा (लेखक) , *क्रान्तिकारी रचनाकार विकास गोतामे*, दार्जिलिङः विकल्प प्रकाशन, पृ.३९

लोकतन्त्रमा जनताले आफ्ना मताधिकार प्रयोग गरेर प्रतिनिधिका माध्यमले हक-अधिकारलाई सदुपयोग गर्ने गर्दछन्। नेताहरू जनप्रतिनिधि बन्नका निम्ति जनतालाई विभिन्न प्रलोभनले देखाउने गर्छन्। नेताको यस्तो नराम्रो उद्देश्यलाई चेतावनी दिँदै कवि विकास गोतामेले यथार्थलाई उदाङ्गो पार्ने साहस जुटाएका छन्। लोकतन्त्रले जनप्रतिनिधि तथा नेतालाई आफ्नो दायित्वप्रति उत्तरदायी बन्नु पर्ने कुरामा विशेष जोड दिन्छ। यसैले माथिको पङ्क्तिमा लोकतान्त्रिक स्वर ध्वनित रहेको पाइन्छ।

लोकतान्त्रिक पद्धतिमा राजनीतिक नेतृत्वको भूमिका प्रमुख हुन्छ। राजनीतिक नेतृत्वको व्यवहार र व्यक्तिगत गुण जनताका लागि अनुकरणीय हुनुपर्छ भन्ने मान्यता लोकतान्त्रिक मान्यता हो। यसका साथै लोकतन्त्र र पुँजीवाद दुई भिन्न विषय हुन्। पुँजीवादले सीमित मान्छेलाई मात्र धनी र मान्य तुल्याएको हुन्छ भने लोकतन्त्रले सामूहिकता र समानतालाई प्राथमिकता दिन्छ। पुँजीवादीहरूले जनसाधारणकै परिश्रम र मेहेनतको बलमा पुँजी कमाएको हुन्छ अनि शोषण र दमनको हतियार पनि तिनीहरू नै अधिक चलाउँछन्। राजनीतिक नेतृत्वले त्यही पुँजीपतिहरूको आडमा मौज-मस्तीसँग जनताको श्रमलाई दुरूपयोग गरेको कुरा कवि गोतामेको उक्त कविताको अर्को पङ्क्तिमा यसरी प्रकट भएको छ-

*भन त कति ढाँटछौ जनतालाई*
*धुँवादार क्रान्तिका कुरा गर*
*भोलि तिमीलाई त्यो होटलको चार दिवारहरूले*
*तिमीले बिताएका रंगीन रातको विषयमा*
*प्रश्न गरे तिमी के भन्छौ?*
*तिम्रो ऐश र आरामको निम्ति*
*रगत चुहेको पैसा दिने जनता र*
*रगत चुसेको पैसा दिने पूंजीपतिहरूले*
*दुइतिरबाट एक्कै चोटी प्रश्न गरे तिमी के भन्छौं?*[३४]

---

[३४] विकास गोतामे, सन् १९९३, *क्रान्तिकारी रचनाकार विकास*...,उही, पृ.३९

कवि विकास गोतामेको 'लड बीरबहादुर! तिमी लड!' शीर्षक कविताको यस पङ्क्तिमा पनि लोकतान्त्रिक स्वर प्रभावकारी ढङ्गमा अभिव्यक्त भएको पाइन्छ-

*सहानुभूति नमाग*

*सान्तवना नमाग*

*माग्छौ नै भने बरू रोटी माग*

*लुगा माग*

*घर माग*

*माग्नलाई बरु भाषा चाहिन्छ भने बीरबहादुर*

*म तिमीलाई भाषा दिन्छु।*

*लड बीरबहादुर! तिमी लड!*[३५]

लोकतान्त्रिक प्रणालीको मुख्य सङ्घटक मौलिक अधिकारबारे कविको स्पष्ट विचार यस कवितांशमा प्रकट भएको देखिन्छ। गाँस, बास र कपास नागरिकहरूको मौलिक अधिकार हो। यस अधिकारबाट कोही पनि वञ्चित बन्न गएमा मौलिक अधिकारको हनन् हुन जान्छ। कवि गोतामेले सहानुभूति र सान्त्वना नमागेर मौलिक अधिकार खोज्ने दिशामा मानिसलाई उत्साहित गरेका छन्। जनतालाई साहसपूर्वक आफ्नो हकको निम्ति लड्न आह्वान गरेका छन्। भारतीय संविधानले सबै नागरिकको मौलिक अधिकारलाई सुरक्षित राखेको छ। यसका आधारमा कविले मानिसहरूलाई साहसपूर्वक आफ्नो मौलिक अधिकारको लागि लड्ने प्रेरणा दिएको छर्लङ्ग बुझिन्छ।

यसरीनै कवि के बी नेपालीको 'दुइ टुक्रा' कविताको दोस्रो पङ्क्तिमा जनताले खान नपाएको विषयलाई उठाएका छन्। उनको यस भावमा लोकतान्त्रिक स्वर प्रबल रहेको छ-

*होइन-?*

*यी भोका नांगा जनता*

*किन मरिरहेका?*

---

[३५]विकास गोतामे, सन् १९९३, *क्रान्तिकारी रचनाकार विकास*...,उही, पृ.३०

*के यो देश होइन र?*

*हो!*

*उई खानु त के छ नाउँ ठुलो!*[३६]

जनताले पाउनु पर्ने मौलिक अधिकारमाथि कविको स्पष्ट विचार रहेको देखिन्छ। खान र लाउन नपाएका साधारण जनताको अवस्था दयनीय हुन्छन्। उनले यही प्रसङ्गमा जनताले दुःख पाउने देश पनि देश हो र भनी देशको लोकतन्त्रमाथि व्यङ्ग्य गरेका छन्। देशको नाम मात्र ठुलो भएर हुँदैन। जनताले आफ्नो मौलिक अधिकार प्राप्त गर्न पाउनुपर्छ भन्ने उनको यस काव्यात्मक अभिव्यक्तिले लोकतान्त्रिक विचारधारालाई सशक्त रूपमा उठाएको मान्न सकिन्छ।

यसरी नै कवि गोपाल बहादुर नेपालीले पनि आफ्ना कवितामा बाँच्ने हकबारे आवाज उठाएका छन्। सारा विश्व सबै मान्छेको मातृभूमि भएकाले यहाँ बस्ने अधिकार जन्मजात लिएर आएको हुने विचार कविले यसरी पोखेका छन्-

*यो विश्व हाम्रो मातृभूमि हो*

*कसैको पेवा होइन*

*हाम्रो यहाँ बाँच्ने हक*

*यो हामीले जन्म साथ लिएर आएका छौँ!*

('हामी नेपाली')[३७]

कवि कर्णबहादुर चामलिङले 'शहरहरू' शीर्षक कवितामा भारतको दुर्दशालाई दर्साएका छन्। लोकतान्त्रिक प्रणाली हुँदाहुँदै पनि भारतीय नागरिकहरूले उचित सुख र सुविधा पाएका छैनन्। आफ्नो अधिकारस्वरूप पाउने आवश्यकीय वस्तुहरूको निम्ति पनि पालो पर्खनु पर्ने अवस्था लोकतान्त्रिक भारत देशको ठुलो विडम्बना हो। यस विडम्बनालाई के बी नेपालीले प्रस्ट रूपमा आफ्नो कवितामा प्रकट गरेका छन्-

[३६] के बी नेपाली, सन् १९९४,'दुइ टुक्रा', गोपाल बहादुर नेपाली(सम्पा), *पूर्वाञ्चलीय नेपाली कविता,* असमः शंख प्रकाशन, पृ.२७

[३७] गोपाल बहादुर नेपाली, सन् १९९४, उही, पृ.४४

*मट्टितेलको लाम*

*राशिनको लाम*

*ग्यासको क्यू*

*विमारीहरूको लाम*

*सिनेमामा क्यू*

*शहरका गल्लीहरूमा माग्नेहरूको क्यू*[३८]

लोकतान्त्रिक चेतनाले युक्त कविता लेख्ने अर्का कविका रूपमा पी अर्जुनलाई पनि लिन सकिन्छ। उनले आफ्नो 'महाभारतदेखि अयोध्यासम्म' शीर्षकको कवितामा मानवताको सन्दर्भलाई उठाएका छन्। मानवातको पक्ष लोकतान्त्रिक आधार हो। मानव समाजमा हरेकको मानवीय मूल्य रहेको हुन्छ। यसको सुरक्षासँगै हक, हित, न्याय र अधिकारको जगेरा नै मानवताको मूल उद्देश्य हो। कवि पी अर्जुनको कवितामा देशवासी स्वयम् नै मानवताको पथमा हिँड्न पर्ने कुरा अभिव्यक्त भएको पाइन्छ-

*मान्छे-मानवता नाश गरेर*

*मन्दिर-मस्जिदमा सत्य खोज्ने*

*प्रेम-विश्वास हत्या गरेर*

*गीता-कुरानको लाश बोक्नेहरूसँग*

*वास्तवमा*

*धर्म हिँडेकै छैन*

*परम सत्य हिँडेकै छैन*

*मान्छे मानवता*

*देशवासी*

---

[३८] कर्णबहादुर चामलिङ, सन् २००२,'शहरहरू', केदार गुरुङ (सम्पा), *स्रष्टा*, वर्षः २३, अङ्कः ५०, गेजिङः पश्चिम सिक्किम साहित्य प्रकाशन, पृ.२६५

*पटक्कै हिँडेको छैन*

*महाभारतदेखि अयोध्यासम्म।*[३९]

धर्मको वास्तविक मूल्यलाई धमिल्याएर मानवतानै हराएकोमा कवि खुसी छैनन्। मानवता हराएकाले प्रेम, विश्वास र सत्यसमेत मानव संसारबाट विलुप्त हुने अवस्थाप्रति पी अर्जुनको कवि व्यक्तित्व धेरै पीडित बनेको बुझिन्छ। यस कवितामा मानवीय समानतालाई प्रधानता दिने यस विचारधारामा मानवताको महत्त्वलाई अक्षुण्ण राख्नुपर्छ भन्ने विशेष आग्रह रहेको देखिन्छ।।

अर्का भारतीय नेपाली कवि गोपीनारायण प्रधानले पनि आफ्ना कवितामा मानिसको मौलिक अधिकारसँगै इज्जतसँग बाँच्ने अधिकारलाई प्रभावकारी ढाँचामा प्रस्तुत गरेका छन्। उदाहरणार्थ-

*छातीमा सम्झनाको*

*रेखा कोरिदिने चाहिएको छ*

*अनि बाँच्नलाई*

*दाल-भात, लुगा-फाटा*

*घर-जमीन मात्र होइन*

*इज्जतसित बाँच्ने*

*अधिकार पनि चाहिएको छ।*

(चाहिएको छ)[४०]

कविले जीवन बाँच्नलाई केवल खानेकुरा, लुगाफाटा र घरमात्र पर्याप्त नहुने विचार उक्त कवितांशमा प्रकट गरेका छन्। कवि मान्छेलाई इज्जतसँग बाँच्ने अधिकार चाहिन्छ भन्ने पक्षमा रहेको बुझिन्छ। उनको यस विचारले लोकतान्त्रिक धारणालाई जीवन्त रूपमा बोकेको छ। बाँच्ने अधिकारलाई लोकतन्त्रले पूर्ण रूपले प्राथमिकता दिँदछ। यसैले कवि प्रधानद्वारा प्रकटित विचारमा लोकतान्त्रिक स्वर टड्कारो रूपमा प्रस्तुत भएको भेटिन्छ।

---

[३९] पी अर्जुन, सन् २००२, *स्रष्टा*, उही, पृ.३१८

[४०] गोपीनारायण प्रधान, सन् २००२, *स्रष्टा,* उही, पृ.४२६

कवि प्रधानको यस काव्यात्मक अभिव्यक्तिले समानता र बाँच्ने हकलाई इङ्गित गरेको छ। विश्वलाई सबैको मातृभूमि हो अनि यहाँ सबै मानिसले समान रूपमा बाँच्न पाउनु पर्छ भन्ने प्रधानको विशेष आग्रह रहेको देखिन्छ। यति मात्र नभएर मान्छेले बाँच्न पाउने हक जन्मजात लिएर आएका हुन्छन् भन्ने उनको अडानले लोकतान्त्रिक स्वर उच्च रूपमा मुखरित भएको छ।

कवि भीम दाहालद्वारा रचित 'रगतको हस्ताक्षर' कवितामा पनि लोकतान्त्रिक स्वर सशक्त रूपमा सम्प्रेषित भएको पाइन्छ। बहुसङ्ख्यक साधारण जनता शिक्षाबाट वञ्चित हुने दयनीय अवस्था कवितामा अभिव्यक्त भएको पाइन्छ। लोकतन्त्रको सिद्धान्तमा सबैले शिक्षा ग्रहण गर्न पाउने कुरालाई प्राथमिकता दिइएको छ। शिक्षा ग्रहण गर्ने अधिकारबाट वञ्चित जनसाधारणको अवस्थालाई कवि दाहालले काव्यात्मक रूपमा यसरी प्रकट गरेका छन्-

*अझै पनि छन् करोडौँ जो नाम लेख्न सक्दैनन्*
*यस्तै करोडौँ छन् जो पाठशाला नदेखिकनै*
*कुनै खेत, खलिहान र बघैंचामा वेवारिस मर्छन्*
*जिउमा आधा लुगा अनि पेटमा आधा अन्न।*
*यो कुरा यही संसारको हो।*
*यो कुरा अझै हुने गरेको मानव क्रय-विक्रयको*
*अझै व्याप्त दासत्वको कुरा हो।*[४१]

लोकतन्त्रमा दासत्वलाई मान्यता दिइँदैन। सबैले बराबर अधिकार प्राप्त गर्न पाउने कुरा लोकतन्त्रको वैशिष्ट्य हो। दासत्वले बराबर हक अधिकार नभएर शोषण र दमनलाई इङ्गित गर्दछ। शोषण र दमन लोकतन्त्रको विरोधात्मक क्रियाकलाप हो। कवि दाहालले शिक्षाको अधिकारबाट वञ्चित भएको अनि दासत्वको पिञ्जरामा फँसेका खटिखाने वर्गको स्थितिलाई आफ्नो कवितामा गम्भीरतापूर्वक उठाएका छन्। मान्छेको क्रय-विक्रयले पुँजीवादी व्यवस्थालाई बुझाउँदछ। लोकतन्त्रले

[४१] भीम दाहाल, सन् २००१, *रगतको हस्ताक्षर*, नाम्चीः निर्माण प्रकाशन, पृ.४

पुँजीवादी व्यवस्थाको सधैँ विरोध गर्दछ। मान्छेलाई दास बनाउनु पनि पुँजीवादी व्यवस्थाको एउटा ज्वलन्त नमुना हो। यसलाई लोकतन्त्रले सरासर नकार्दछ।

भारतीय आधुनिक नेपाली कवितामा लोकतान्त्रिक स्वर मुखरित भएका अनेकौँ कविताहरूमध्ये मनप्रसाद सुब्बाको 'यी शब्दहरू' कवितालाई पनि उदाहरणका रूपमा हेर्न सकिन्छ। स्वतन्त्रता, जनसहभागिता, हक-अधिकार आदि लोकतन्त्रका मूलभूत विशेषताहरूमा हुन्। जनसाधारणको जीवनको आधारभूत आवश्यकता नै स्वतन्त्रता, समानता र अधिकार सम्पन्न बन्नु हो। यसलाई लोकतान्त्रिक मान्यता भनेर पनि बुझ्न सकिन्छ। यही मान्यताले प्रत्येक सिङ्गो व्यक्तिको विकास हुँदै समग्र समाज, देश र राष्ट्र समृद्ध हुन्छ। अनि मात्र साधारणभन्दा साधारण जनतासमेत सशक्त भएर जीवन सम्मानपूर्वक निर्वाह गर्न सफल बन्दछ। कवि मनप्रसाद सुब्बाले स्वतन्त्रताका पक्षमा टड्कारो विचार व्यक्त गरेका छन्। 'यी शब्दहरू' शीर्षक कविताबाट दृष्टान्त स्वरूप निम्न हरफलाई हेर्न सकिन्छ-

*तिम्रो सामन्ती विचारको भारी बोकेर*
*हिँड्ने छैनन् अब यी शब्दहरू।*
*यिनीहरूले*
*आफू फुक्का भएको घोषणा गरिसके।*[४२]

कविले शब्दलाई साधारण जनताको प्रतीकात्मक रूपमा प्रयोग गरेका छन्। सामन्ती विचार सधैँ एकमुट्ठी सीमित मान्छेहरूको हित र भलोको पक्षमा हुन्छ। यस्ता एकमुट्ठी मान्छेहरू सम्भ्रान्त र पुँजीवादी वर्गमा पर्ने हुनाले समाजमा यस वर्गले निम्नवर्गमाथि शोषण, दमन र अत्याचार गरिरहेको हुन्छ। त्यही विषयलाई इङ्गित गर्दै कविले माथिका हरफहरूमा फुक्का भएको घोषणा गर्दै सामन्ती विचारको पञ्जाबाट स्वतन्त्र हुने भाव प्रकट गरेका छन्। स्वतन्त्रता हरेक मानव जीवनको जन्मसिद्ध अधिकार हो। यो अधिकार प्राप्त गर्न कसैले अवरोध गर्न सक्दैन। माथिको पङ्क्तिमा कविले 'तिमी' भनेर सामन्तीवर्ग र देशका कतिपय सामन्ती नेतावर्गलाई प्रतीकात्मक ढङ्गमा सम्बोधन गरेका छन्।

[४२] मनप्रसाद सुब्बा र रेमिका थापा, सन् २०१३, *किनाराका आवाजहरू*, नाम्चीः निर्माण प्रकाशन, पृ.९८

सोही कविताको अर्को स्थानमा कविले हक, अधिकार र सम्मानको पक्ष लिँदै भन्छन्-

*तिम्रो प्रपग्याण्डा र विज्ञापनको कङ्क्रिट खेतबारीमा*

*यी शब्दहरू जोतिनसम्म जोतिए*

*तर बधाइ-पत्र र अभिनन्दनहरूमा*

*यी शब्दहरूले कहिले ठाउँ पाएनन्।*[४३]

देश निर्माणमा श्रम प्रदान गर्न साधारण जनता इमान्दारीपूर्वक खटिन्छन्। यति हुँदा-हुँदै पनि तिनीहरूका श्रमको मोल नहुनु आफ्नै परिश्रमले निर्मित देशमा अधिकार, हक र न्यायबाट वञ्चित बन्नु ठुलो विडम्बना हो। यसलाई पनि कविले प्रतीकात्मक ढङ्गमा प्रस्तुत गरेका छन्। उनले मान्छेको हक-अधिकार, समान जीवन अनि अस्तित्वको विषयलाई कलात्मक रूपमा अभिव्यक्त गरेका छन्।

आधुनिक भारतीय नेपाली कवि सञ्जय बान्तवाद्वारा रचित 'पद्मबहादुर' शीर्षक रहेको कविताका यी हरफहरूमा लोकतान्त्रिक स्वर स्पष्ट रूपमा ध्वनित भएको छ-

*दिल्लीको सडकमा/ कारखानामा*

*बँधुवा मजदुर छन्।*

*बनारसको होटल/ गल्लीमा*

*नोकर छन्।*

*हैदरवाद, सिकन्दरावाद र भुवनेश्वरको गर्मीमा*

*खडा छन्।*

*श्रमको मोल नपाई*

*रगत सुकाएर मरिरहेछन्।*[४४]

---

[४३] सुब्बा र थापा, सन् २०१३, *किनाराका आवाजहरू,* उही, पृ.९८

[४४] सञ्जय बान्तवा, सन् २०१५, *आवर्त काल,* सिक्किमः निर्माण प्रकाशन, पृ.९

मजदुरवर्गको दयनीय अवस्थालाई कवि सञ्जय बान्तवाका कवितामा सम्प्रेषणीय ढङ्गमा प्रकट भएको पाइन्छ। विभिन्न स्थानका मजदुरवर्गले भोगिरहेको शोषण, दयनीय परिस्थिति एकै रहेको यथार्थ माथिका हरफहरूमा दर्सिन्छ। पुँजीवादी व्यवस्थाले मजदुरवर्गको श्रमलाई उचित मोल पाउने अधिकारबाट वञ्चित गराउँछ। ती शोषित मजदुरवर्गको दयनीय अवस्थालाई प्रकट गर्दै तिनीहरूको अधिकार र हकका निम्ति कविले आवाज उठाएका छन्। लोकतन्त्रले सबैजनाको हक र अधिकारलाई सुनिश्चित गर्ने हुनाले कविले व्यक्त गरेका भावमा लोकतान्त्रिक स्वर अभिव्यक्त भएको पाइन्छ।

कवि राजु प्रधान 'हिमांशु'-को 'जन-आकङ्क्षालाई बाटो देखाउने ज्योति मर्नु हुँदैन' शीर्षक कविता पनि लोकतान्त्रिक स्वरलाई प्रबल रूपमा प्रस्तुत गर्न सफल रहेको देखिन्छ। लोकतन्त्रमा जनताको स्थान सर्वोच्च हुन्छ। लोकतान्त्रिक प्रणालीमा जनआकाङ्क्षालाई नेताहरूले नितान्त रूपमा प्राथमिकता दिनु पर्ने हुन्छ। भारत देशमा नेताले जनतामाथि गर्ने दमन र शोषणले लोकतान्त्रिक प्रणालीको उचित विकास असम्भव बन्दछ। कवि राजु प्रधानले लोकतन्त्रमा जनता ठुलो हुने विचार साझा गरेर आफू लोकतान्त्रिक विचारधारालाई मान्यता दिने कवि भएको प्रमाण गरेका छन्-

*प्रजातन्त्रमा प्रजा ठुलो नेता सानो हुन्छ*
*प्रजाबिनाको नेता काम लाग्दैन*
*जनताको आकाङ्क्षा संविधानभन्दा ठुलो हुन्छ*
*जनताको आकाङ्क्षा ढाल्ने व्यवस्था काम*
*लाग्दैन।*[४५]

'केही कविताहरू' नामक शीर्षक कवितामा कवि दुर्गानारायण प्रधानले मान्छे मान्छेमा हुने भेदभावप्रति असन्तुष्टि व्यक्त गरेका छन्। उनी मानवीय समाजमा हुने भेदभावले प्रेम र सद्भावना नै हराएर जाने आशङ्का व्यक्त गर्छन्। उदाहरणार्थ-

*यहाँ प्रेम मऱ्यो, सद्भाव मऱ्यो,*
*मान्छे मान्छेमा भेदभाव बढ्यो*

[४५] राजु प्रधान 'हिमांशु', सन् २०१९, *एउटा महायज्ञपछि,* खरसाङः परिशीलन प्रकाशन, पृ.३४

*यो संसार यहाँ, कस्तो अनौठो भयो*

*न रह्यो प्रेम यहाँ, न जाति रह्यो।*[४६]

समानता लोकतान्त्रिक विचारधाराको एउटा प्रमुख विशेषता भएका हुँदा यसले मानवीय समाजमा हुने विभिन्न प्रकारका भेदभावको विरोध गर्दछ। यसले सबै मानिस एक हुन् र सबैले समान रूपले हरेक अधिकार उपभोग गर्न पाउनुपर्छ भन्ने विचारलाई प्रधानता दिँदछ। यसैले कवि दुर्गानारायण प्रधानले राखेका विचारमा प्रेम र सद्भावनारहित संसार अनौठो बन्ने आशङ्का प्रकट गरिएको छ। उनी भेदभावका विरोधमा छन्। उनको यस भावले लोकतान्त्रिक स्वरलाई बोकेको छ।

भारतीय नेपाली कविताको क्षेत्रमा नयाँ लेखन पारिपाटीद्वारा कविता लेख्न रुचाउने कवि राजा पुनियानीका कवितामा पनि लोकतान्त्रिक स्वर प्रबल रूपमा मुखरित भएको पाइन्छ। जस्तै-

*जे जे हो, त्यसलाई त्यही नै हो*

*कहिल्यै भन्दैनन् सत्तामा हुनेहरू*

*उनीहरू भन्छन्-*

*सत्तामा जनताको सच्चाइ छ।*

*सत्ता जनताको भारी बोक्ने खच्चर हो।*

*सत्ता नून हो। पानी हो। सुन हो। जुन हो।*

*तर गाँठी कुरा चाहिँ के छ भने-*

*जनता र सत्तामाझको*

*छत्तीसेको साइनो कहिल्यै फिरिएन।*

('दुइ, सत्ता')[४७]

लोकतन्त्रमा निर्वाचनको माध्यमले कुनै राजनीतिक दल सत्तामा पुग्दछ। जनताले आफ्नो मताधिकारको प्रयोग गरेर शासन सत्ता विजयी राजनीतिक दललाई सुम्पिन्छन्। यसैले सत्ता जनाधिकारले प्रदान गरेको

[४६] दुर्गानारायण प्रधान, सन् २०१७,'केही कविताहरू', महेश प्रसाई (सम्पा), *सिक्किमका कविता*, काठमाडौँ: छाया प्रकाशन, पृ.१०१

[४७] राजा पुनियानी, सन् २०१३, *अर्को लश्कर*, कालेबुङःमानवी प्रकाशन, पृ.४६

ठुलो दायित्वको पद हो। प्रतिष्ठा हो। सत्ताले जनताका पक्षमा क्रियाशील बनेर अनिवार्य रूपमा काम गर्नु पर्दछ। यद्यपि देश अनि देशका स्थानीय प्रान्तहरूमा सत्ता दायित्व निर्वाह गर्न विफल बनेका छन्। यसलाई कवि राजा पुनियानीले आफ्ना कवितामा प्रस्ट पारेका छन्। सत्ताले जनताको आधारभूत आवश्यकता पूर्ति गर्नु पर्दछ। जनताको हित र कल्याणका निम्ति सत्ता सबैथोक हो। जनताले सत्ता प्रदान गर्दछ। यति भएर पनि सत्ताले जनतालाई नचिनेजस्तो गर्नु हाम्रो समाजको ठुलो विडम्बना हो। कवि पुनियानीले सत्ताको त्यो विकराल रूपलाई प्रकाशमा ल्याएका छन्।

भारतीय नेपाली कविता विधाका क्षेत्रमा सरल र सहज भाषाको प्रयोग गरी समाजका निमुखावर्गको मुक्तिलाई प्रधानता दिने वर्तमान समयका एक सशक्त कवि हुन् सुमन बान्तवा। उनको कवितामा समानताको प्रखर भाव मुखरित भएको पाइन्छ। मानिस भौतिक सम्पत्ति, सुख-सुविधाले मात्र परिपूर्ण भए तापनि बँचाइका क्रमिकतामा मानिस समान हुनुपर्छ, मान्छेले समानतापूर्वक बाँच्नुपर्छ भन्ने कवि सुमनले विचार व्यक्त गरेका छन्। उनीद्वारा अभिव्यक्त यस विचारमा लोकतान्त्रिक स्वर प्रस्ट रूपमा देख्न सकिन्छ-

*घर, गाडी, धन-सम्पत्ति र*

*जहान, छोराछोरी*

*सबै छ।*

*आकासमा लागिरहेको*

*घाम छ।*

*छैन तर उज्यालो*

*बराबर।*

*तर न्यानो छैन*

*बराबर।*

('सबै थोक छ। छैन तर...')[४८]

---

[४८] सुमन बान्तवा, सन् २०१३, *घामको छाया*, दार्जिलिङः केशरी प्रकाशन, पृ.२८

भारतीय नेपाली कवितामा लोकतान्त्रिक स्वरलाई वर्तमान समयका युवा कविहरूले पनि अझ सशक्त रूपमा प्रयोगमा ल्याउन थालेको पाइन्छ। कवि मनोज बोगटीको 'जिब्रो' शीर्षकको कवितामा पनि लोकतान्त्रिक स्वर मुखरित भएको पाइन्छ। उदाहरणार्थ-

*कसले थुत्यो तिम्रो जिब्रो?*
*कसले थुत्यो तिम्रो जिब्रो जनता?*
*कसले थुत्यो तिम्रो जिब्रो जाति?*
*कसले थुत्यो तिम्रो जिब्रो पाठक?*
*कसले टाँस्यो हौ यस्तो पोस्टर*
*सद्दे नयाँ पो छ त!*
*पोस्टर र संवाद बीच जुन खालीठाउँ छ*
*हो त्यहीँ उभिएको छ देशको चरित्र।*[४९]

लोकतन्त्रले जनता तथा सबै नागरिकले आफ्नो विचार तथा मत सम्प्रेषण गर्न पाउने अधिकारलाई सुनिश्चित गर्दछ। माथिका हरफमा कवि बोगटीले वाक् अधिकार खोसिएकोमा स्पष्ट रूपमा प्रश्न गरेका छन्।

भारतीय नेपाली कविता लेखनका क्षेत्रमा उदीयमान कवि तारा दासले आफ्नो कविता 'आह्वान'-मा मानवता र समानताको पक्ष लिएका छन्। उनी पनि मान्छे मान्छेमा हुने भेदभावहरूलाई मेटाउन चाहन्छन्। उनी मानवतालाई महान् ठान्दछन्। दृष्टान्तः

*मानवताको प्रसङ्गमा/समानताको प्रसङ्ग*
*मान्छे नै हुन् संसारमा उच्च जातिका प्राणी*
*यसैले मान्छे मान्छेमा साना-ठुला जात*
*हुँदैनन्*
*मान्छेमा त केवल मानवता हुन्छ*

[४९] मनोज बोगटी, सन् २०११, *गीतको रीस*, सिक्किमः निर्माण प्रकाशन, पृ.२१

*त्यही मानवतामा महानता हुन्छ।*[५०]

अर्का उदीयमान कवि राजु पाखरिनले लोकतन्त्रको प्रमुख तत्त्व चुनाउलाई कविताको विषय बनाएका छन्। लोकतान्त्रिक प्रणालीमा जनताले आफ्नो प्रतिनिधि छान्नका निम्ति चुनाउमा मताधिकारको प्रयोग गर्दछन्। भारतमा मताधिकार प्रयोग विषय लिएर जनता दिग्भ्रमित बन्ने गरेको पाइन्छ। चुनाउमा लड्ने कुनै पनि नेताले पैसा बाँडेर भोट माग्नु कानुनी रूपमा अपराध हो। यति हुँदा पनि विजयी बन्ने होडमा नेताहरूले कानुनको दृष्टिबाट लुकेर जनतालाई प्रलोभन देखाउँछन्। यस प्रकारको प्रणालीप्रति कवि पाखरिनले व्यङ्ग्यात्मक प्रहार गर्दै असहमति जनाएका छन्-

*पोहोर साल चुनावकै छेकमा*
*मन्त्री साबले बाँटेका पैसाले किनेको*
*जे.बी.को कोट*
*धनबहादुरको कुममा झुण्डिरहेकै छ।*
*तर हिज राती अचानकमै*
*'आय-कर' को झगडाले*
*मन्त्रीमण्डल विघटन भइसकेछ*
*मेरो देशको मन्त्री र मुख्यमन्त्रीको भाग्य*
*धनबाहदुरको जे.बी.को कोटभन्दा*
*पनि सस्तो रहेछ।*

('सस्तो')[५१]

स्वतन्त्रतापूर्वक बाँच्न पाउने पक्षमा कविता लेख्ने अर्का कवि हुन् अनिता सेवा। 'स्वतन्त्रता' शीर्षक कवितामा उनले यही भावलाई प्रकट गरेकी छन्। स्वतन्त्रता लोकतन्त्रको प्रमुख तत्त्व हो। मान्छेले आफ्नो जीवन स्वतन्त्रतापूर्वक निर्धक्कसँग निर्वाह गर्न पाउनुपर्छ। मान्छेले निर्धक्क भएर खुसीसाथ जीवन अघि बढाउन पाए मात्र उसका निम्ति स्वतन्त्रता उपयोगी सिद्ध हुन्छ। यसैले कवि सेवाले मान्छेले खुसी

---

[५०] तारा दास, सन् २०१७,'आह्वान', महेश प्रसाई (सम्पा), *सिक्किमका कविता*, उही, पृ.७१

[५१] राजु पाखरिन, सन् २००२, *स्रष्टा*, उही, पृ.५०७

भएर आफ्नै जीवन निर्धक्कसँग बाँच्न पाएकै छैन भने त्यस बँचाइलाई के स्वतन्त्रता भन्नु भनेर प्रश्न गरेकी छन्। यस विषयलाई सेवाले यहाँ लोकतान्त्रिक स्वरका रूपमा खुबै प्रबलताका साथ प्रस्तुत गरेकी छन्-

*खै के छ यहाँ स्वतन्त्र भई बाँचेको?*
*देख्दिनँ म त कदापि पनि*
*कोही निर्धक्क भई हाँसेको।*

('स्वतन्त्रता')[५२]

यसरी लोकतान्त्रिक मूल्यहरूलाई वस्तुतत्त्वका रूपमा ग्रहण गरी कविता लेख्ने परम्परा भारतीय नेपाली कविता साहित्यमा सुरुदेखि अद्यावधि झ्याँगिँदै गइरहेको छ। तथापि अघिल्लो समयमा देश प्रेमले आशक्त भावाभिव्यक्ति अधिक रूपमा पाइन्थ्यो भने हालको समयमा स्वतन्त्र देश भारतको लोकतन्त्रमाथि आलोचनात्मक दृष्टि राखिनु समकालीन भारतीय नेपाली कविताको एउटा भिन्न प्रवृत्तिगत विशेषता हो। यसको एउटा उदाहरण भिमा राई 'तोलाछा'-को 'देश कसको?' शीर्षक कविताबाट लिन सक्छौँ-

*सरकार! सरकार! सरकार!*
*तिमीले पारित गरेको*
*सहुलियतभित्र*
*देशको जनता पर्छ कि पर्दैन?*
*खुल्ला पाइखानामुक्त देश*
*बनाउनुभन्दा अघि*
*पारित गर न बरु*
*भोको पेटमुक्त देश,*

[५२] अनिता सेवा, सन् २०१७,'स्वतन्त्रता', महेश प्रसाई (सम्पा), *सिक्किमका कविता*, उही, पृ.२१५

*तिम्रो ऐनले बलात्कारीलाई*

*मृत्युदण्ड दिन्छ*

*तर, प्रहरीले*

*आदिवासी केटीको बलात्कार गर्दा*

*हेरिबस्छौ रमिता,*

*तिम्रो कानुनमा*

*आदिवासी आमाको अधिकार पर्छ कि पर्दैन?*

*भन देश! तिमी वास्तवमा*

*कसका पक्षमा उभिएका छौ?*[५३]

कवि भिमा राईले देशको व्यवस्थामाथि प्रश्न गरेका छन्। अन्याय र अत्याचार सहन बाध्य साधारण जनता तथा किनारीकृतवर्गका अधिकार खोजेकी छन्।

लोकतन्त्र  विश्व राजनीतिमा देखिएको शासन प्रणालीको एउटा नव्य रूप हो। राजतन्त्रको नकारात्मक प्रभावदेखि उन्मुक्त भएर सबैको समान अस्तित्व अनि समान महत्त्वलाई मान्यता दिँदै लोकतन्त्रको आगमन भयो। यसबाट विश्वका अधिकाधिक देश अनि मानव समाज आकृष्ट बने। एकताक अङ्ग्रेज उपनिवेशकहरूको एकाधिकारमा पेलिएर, पिसिएर बाँच्न परेको भारत लामो समयको सङ्घर्षपछि स्वतन्त्र बन्यो अनि सबै नागरिकको समान अधिकार, समान महत्त्वस्वरूप नयाँ भारतको निर्माण हुन गयो। यहाँ लोकतन्त्र आयो। विश्वको राजनैतिक मानचित्रमा भारत एउटा सबैभन्दा ठुलो लोकतान्त्रिक देश बन्न गयो। तर समयान्तरालमा यहाँ लोकतन्त्रका रूपहरू परिवर्ति हुँदै गए र आफैले रोजेको लोकतन्त्रमा फेरि नागरिक किनारीकृत बन्न पुगे। यसो हुँदा त्यही अपेक्षा गरिएको लोकतन्त्रलाई हालको परिस्थितिमा आलोचनात्मक दृष्टिले हेरिन थालेको पाइन्छ। कारण लोकतान्त्रिक देशमा समान रूपले लोकको कल्याण नभइरहेको अवस्थाले भारतीय नेपाली कविहरूमा एक प्रकारको निराशा र उदासीनता देखिन थालेको पाइन्छ। तथापि जुनै रूपमा भए तापनि भारतीय नेपाली कवितामा

[५३] भिमा राई 'तोलाछा', सन् २०२१, *साङ्लाहरू*, कालेबुङः मानवी प्रकाशन, पृ.६७

लोकतान्त्रिक स्वर एउटा प्रवृत्तिगत विशेषता बनेर सुरुदेखि अद्यावधि देखा पर्दै आइरहेको छ। यस दृष्टिले हेर्दा भारतीय नेपाली कविता र लोकतन्त्रमाझ अन्योन्याश्रित सम्बन्ध रहेर आएको कुरा स्वतः प्रस्ट हुँदछ। यी दुवै माझको अन्योन्याश्रित सम्बन्धले भारतीय नेपाली कविताको लोकतान्त्रिक आधारहरूमा समानता, अधिकार र  देशका मूल स्रोतबाट किनारीकृत वर्गको अवस्था कस्तो रहेको छ भन्ने कुरा प्रस्ट हुँदछ। देशले लोकतान्त्रिक पद्धतिलाई ग्रहण गरेर पनि नगारिकहरू अधिकार र न्याय पाउनदेखि वञ्चित बनेका सत्यतालाई भारतीय नेपाली कविहरूले आफ्नो कविताका माध्यमद्वारा प्रकट गर्दै आइरहेका छन्। नेपाली कविहरू यस प्रकारका अधिकारहरूदेखि वञ्चित नागरिकहरूका पक्षमा आवाज बनेर आइरहेको देखिन्छ। यसैको फलस्वरूप वर्तमान भारतीय नेपाली कवितामा लोकतान्त्रिक स्वर प्रवृत्तिका रूपमा विकसित बन्न पुगेको देखिन्छ।

## २.५ निष्कर्ष

लोकतन्त्र राजतन्त्रभन्दा भिन्न र वैशिष्ट्यपूर्ण एउटा सशक्त शासन प्रणाली हो। यसले जनताको शक्तिलाई पूर्णरूपले महत्त्व दिँदछ। पाँचौँ शताब्दीमा एथेन्सेलीहरूका निम्ति प्रयोग गरिएका सहभागिताको प्रत्यक्ष पद्धतिबाट समय क्रमअनुसार आधुनिक लोकतन्त्रको विकास भएको थाहा लाग्दछ। लोकतन्त्रले समानताको तर्क गर्दै समान अवसर दिलाउँछ भने जनतालाई आफ्नो दायित्वप्रति सचेत बन्ने तथा प्रतिस्पर्धामा सहभागिता जनाउने अनिवार्यतालाई पनि मान्यता दिँदछ। जनताका मताधिकारलाई प्रमुखता दिने लोकतन्त्रका मूल स्तम्भहरू विधायिका, न्यायपालिका र कार्यपालिका प्रमुख छन्। लोकतन्त्रलाई सुदृढ र सफल बनाउन यी तिनै स्तम्भहरूको परस्पर आन्तरिक सम्बन्ध रहेको हुन्छ। तसर्थ एउटा कमजोर वा निष्क्रिय भएमा अर्को पनि स्वतः कमजोर बनेर जाँदछ। लोकतन्त्र सफल बन्न सक्दैन। लोकतन्त्रमा जनताको भूमिका महत्त्वपूर्ण हुने तथ्यलाई नकार्न सकिन्न। तथापि लोकतन्त्रमा राजनीतिक विपक्षी दलको भूमिका पनि धैरै महत्त्वपूर्ण रहन्छ। जनमतले छानिएका प्रतिनिधि पक्षले सत्तारूढ सरकारमा गएर जनताका कल्याणका पक्षमा ठोस पहलहरू गर्न असफल बनेका खण्डमा विपक्षी दलले जनताका पक्षमा अडान लिएर बोलिदिने परिवेश लोकतन्त्रले सृजना गरेको हुन्छ। समग्रमा, लोकतन्त्र सबै प्रकारका शासन पद्धतिहरूमध्ये एउटा असल पद्धति हो। यसमा जनता नै सर्वोपरि हुन्छ।

विश्वमा भएका विभिन्न क्रान्ति, आन्दोलन, युद्ध, प्रचलित मान्यता, वाद, दर्शन, सिद्धान्त आदिले भारतीय नेपाली कविता क्षेत्रलाई प्रभावित पारेको पाइन्छ। त्यही अनुरूप भारतीय नेपाली कविता दिनप्रतिदिन नयाँ ढाँचामा विकसित र उर्वर बन्दै गइहेको छ। भारतीय नेपाली कविता साहित्यमा समयअनुसार विभिन्न प्रवृत्ति तथा विचारधाराको प्रयोग हुँदै आइरहेको देखिन्छ। यस क्रममा देशले प्राप्त गरेको स्वतन्त्रताको ऐतिहासिक घटनाले पनि ठुलो प्रभाव पाऱ्यो। कारण स्वतन्त्र भारतले सबैभन्दा पहिला अङ्गीकार गरेको लोकतान्त्रिक व्यवस्था प्रणालीले भारतीय नेपाली कविताको सम्बन्ध लोकतन्त्रसँग स्थापित हुन पुग्यो। फलस्वरूप आज विश्व साहित्यदेखि लिएर हिन्दी साहित्यसम्ममा लोकतान्त्रिक स्वर कविता लेखनका मुख्य प्रवृत्तिका रूपमा प्रयोग भएको पाइन्छ। यही क्रमले देशको लोकतान्त्रिक प्रणालीले भारतीय नेपाली कविहरूमा सकारात्मक प्रभाव पार्न सक्यो। यही प्रभाव लोकतान्त्रिक स्वरका रूपमा भारतीय नेपाली कविताको एउटा प्रवृत्ति बनेर देखा पऱ्यो। वास्तवमा जनअधिकार, समानता,  स्वतन्त्रता तथा पछि परेका नागरिकहरूका न्यायको पक्षमा अभिव्यक्त भाव नै लोकतान्त्रिक स्वर हो। यही स्वर भारतीय नेपाली कविता विधाले ग्रहण गरेको प्रवृत्तिगत वैशिष्ट्य पनि हो।

*

# तेस्रो अध्याय

# पवन चामलिङ र उनका कविताहरू

## ३.१ कवि परिचय

सिक्किम गणतान्त्रिक देश भारतको २२औँ राज्य हो। भारतको राज्य बन्न अघि सिक्किम एउटा छुट्टै सिङ्गो देश थियो। त्यसबेला सिक्किममा राजतन्त्रात्मक शासन व्यवस्था थियो। तसर्थ राजतन्त्रकालीन सिक्किमको ऐतिहासिक पृष्ठभूमि भिन्न प्रकारको पाइन्छ। ३३२ वर्षसम्म चलेको राजतन्त्र शासन प्रणालीको अन्तिम राजा टाशी नामग्याल थिए। राजतन्त्रकालमा काजी, ठेकादार तथा सामन्तीवर्गका बोलबाला रहेकाले सिक्किमका प्रजाले एउटा देशभित्र पाउनु पर्ने सुख, सुविधा र न्याय उपभोग गर्न पाएनन्। त्यस समयको कालोभारी, झार्लाङी, कुरूवा, बेठीजस्ता जनविरोधी प्रथाहरूले प्रजालाई धेरै शोषित र प्रताडित बनाएको थियो। यस काललाई सिक्किमको अँध्यारो इतिहास मानिन्छ। त्यसबेला सिक्किमका सबै नागरिकहरूको आर्थिक अवस्था अत्यन्त दुर्बल रहेको थाहा पाइन्छ। उनीहरू शिक्षा आर्जन गर्ने अधिकारबाट वञ्चित थिए। राजतन्त्रकालीन सिक्किममा साधारण जनताको जीवनस्तर एकदमै जीर्ण रहेको थियो। यस्तो दयनीय र जीर्ण अवस्थाबाट देश तथा नागरिकहरूलाई मुक्ति दिनका निम्ति तत्कालीन सचेत अग्रजहरूले राजनैतिक निकास खोजी निकाले। सिक्किममा राजतन्त्रको एकतन्त्री शासन, काजी, ठेकादारहरूका शोषण र दमनलाई सधैँका निम्ति हटाउन प्रजातन्त्रलाई अङ्गीकार गर्न अग्रसर बने। त्यसपछि जनमतसँगै सिक्किम भारतमा विलय भयो। "२३ अप्रेल, सन् १९७५ मा लोकसभाले अनि २६ अप्रेल, सन् १९७५ मा राज्यसभाले संविधान संशोधन विधेयक पारित गऱ्यो। १६ मई, सन् १९७५ मा भारतका राष्ट्रपतिले हस्ताक्षर गरेपछि त्यही विधेयकअन्तर्गत सिक्किम भारतको बाइसौँ राज्य बन्न पुग्यो।"[५४] यसपछि सिक्किमेली समाज राजतन्त्रको एकतन्त्री शासनबाट मुक्त बन्यो। भारतीय संविधानअनुसार सिक्किममा लोकतान्त्रिक प्रशासन सञ्चालन सुरु भयो।

---

[५४] तुलसीराम शर्मा 'कश्यप', सन् १९९६, *सिक्किम हिजोदेखि आजसम्म,* गान्तोकः आँकुरा प्रकाशन, पृ.२२७

भारतमा विलय हुनुभन्दा अघिदेखि नै यहाँका समाजमा नेपाली भाषा-साहित्यको विकासका निम्ति छुटपुट पहलहरू हुनथालेको देखिन्छ। राजतन्त्रकालीन सिक्किमको एकतन्त्रीशासनमा शिक्षाको अभाव, आर्थिक दुर्बलता, असमानता, पछौटेपन आदिजस्ता विषम परिस्थितिबाट सिक्किमेलीहरू प्रभावित थिए। यसैको प्रतिफलस्वरूप सिक्किमका साधारण नागरिकहरूमा जागरण ल्याउने प्रमुख माध्यम साहित्य बन्न पुग्यो। सन् १९४७ मा स्थापित *अपतन साहित्य परिषद्* यसैको एउटा उदाहरण हो।

राजतन्त्रकालीन सिक्किमेली समाजमा धेरै कविहरूको प्रादुर्भाव भएको थियो। तत्कालीन समाजको दयनीय अवस्थाले ती कविहरू पनि विचलित बनेका थिए। यसैले सिक्किमेली समाजका नेपाली कविहरूले त्यसबेलादेखि नै जनसाधारणलाई आफ्ना हक, अधिकार र न्यायका निम्ति सजग, सचेत गराउन तथा स्वतन्त्र मानव जीवनको उन्मुक्तिका निम्ति कविताको सिर्जना गर्न अग्रसर बन्न थालेको देखिन्छ। सिक्किमका धेरैजना नेपाली कविहरू राजतन्त्रकालीन सिक्किमदेखि भारतीय सङ्घमा मिलेर लोकतान्त्रिक सिक्किमको अस्तित्वमा परिणत हुँदासम्मका साक्षी थिए। उनीहरूले राजतन्त्रात्मक प्रणालीमा साधारण जनता उत्पीडित भएको यथार्थलाई अनुभूत गर्न सके भने यही जनतालाई न्याय दिने उद्देश्यमा देशनै गुमाउनु परेको पीडालाई पनि भोगेका थिए। यस्ता भिन्न भिन्न प्रकारका अनुभूतिसहित मानव हित, न्याय, अधिकारको पक्षमा आफ्नो विचार कविताका माध्यमद्वारा राख्दै सिक्किम राज्यलाई प्रतिनिधित्व गर्ने नेपाली कविहरूमध्ये पवन चामलिङ 'किरण' पनि एकजना प्रमुख कवि हुन्। उनलाई भारतीय नेपाली साहित्यमा एकजना सशक्त कविका रूपमा चिनिन्छ। दक्षिण सिक्किमस्थित याङगाङ गाउँमा २२ सेप्टेम्बर सन् १९५० मा पवन चामलिङको जन्म भएको हो। उनी माता आशारानी चामलिङ र पिता आशबहादुर चामलिङका ज्येष्ठ पुत्र हुन्। उनी जन्मँदा सिक्किममा राजतन्त्र थियो।

कवि चामलिङ बाल्यकालदेखि सामन्तीवर्गबाट अवहेलित र शोषित निम्नवर्गको दयनीय अवस्थासँग परिचित थिए। उच्चवर्गले निम्नवर्गलाई शोषण र दमन गर्ने त्यसबेलाको सामाजिक सोचले कवि चामलिङको बाल मस्तिष्कमा प्रभाव पर्नु स्वाभाविक थियो। यतिमात्र नभएर साधारण कृषक परिवारमा जन्मिएका पवन चामलिङले आफ्ना पिता र माता तथा गाउँ छरछिमेकीहरूको सङ्घर्ष, खेतीपाती तथा श्रमपूर्ण जीवन परिपाटीलाई बाल्यकालदेखिनै नजिकबाट देख्दै आएका थिए। गाउँको

सरल जीवन शैली र प्राकृतिक सुन्दरताले उनको बाल मस्तिष्कमा सकारात्मक प्रभाव पारेको थियो। उनी सानैदेखि संवेदनशील  व्यक्ति थिए। उनको बाल्यकाल साधारण कृषक परिवार र सामाजिक परिवेशमा साधारण रूपमा बितेको थियो।

सिङ्गो देश सिक्किमको आर्थिक, सामाजिक, राजनैतिक र शैक्षिक व्यवस्था त्यस समय अत्यन्त दुर्बल थियो। त्यसबेला उनको जन्मस्थान याङगाङ पनि देशकै दुर्गम र अविकसित गाउँहरूमध्ये एउटा थियो। त्यस्तो विकट परिस्थितिमा तत्कालीन सिक्किमेली समाजमा शिक्षार्जन गर्न सहज थिएन। तसर्थ त्यस समय शिक्षाको महत्त्वलाई अङ्गीकार गर्ने सचेत समाजले शिक्षाको विकास आफ्नै स्तरबाट प्रयास गरे अनि गाउँका स्थानीय सचेत बासिन्दाहरूसित मिलेर विद्यालय सञ्चालन समिति गठन गरेका थिए। कवि चामलिङस्वयम् गाउँले समितिले सञ्चालन गरेको याङगाङको विद्यालयमा पढेका थिए। “यहीबाट प्राथमिक स्तरको शिक्षा ग्रहण गरेका पवन चामलिङले प्रवेशिका उत्तीर्ण गरेपछि पुनाबाट बहुउद्देश्यी सहकारी विषयमा डिप्लोमा तहसम्मको अध्ययन पूरा गरे।”[५५] तत्कालीन परिवेशमा उच्च शिक्षा ग्रहण गर्न असमर्थ बनेका चामलिङले शिक्षा तथा ज्ञान आर्जनको इच्छा परिपूर्तिका लागि स्वअध्ययनको मार्ग अपनाए। यसकारण उनले औपचारिक उच्च शिक्षा ग्रहण गर्ने अवसर पाउन नसके तापनि स्वअध्ययनद्वारा ज्ञानार्जनको मार्गमा निरन्तर अघि बढिरहे।

## ३.२ पवन चामलिङका बहुआयामिक व्यक्तित्व

कवि पवन चामलिङले जनसेवाका निम्ति आत्मसात गरेको क्षेत्र राजनीति हो। यस क्षेत्रमा संलग्न बने पनि उनले आफ्ना संवेदना, विचार, अनुभूति र भावहरूलाई प्रकट गर्ने माध्यम साहित्यलाई रोजेका छन्। बाल्यकालदेखि नै संवेदनशील र भावुक स्वभावका हुनाले उनले आफ्नो मूल विधा कवितालाई बनाए। उनले आफ्ना कविताहरूमा मान्छेले मूल रूपमा पाउनु पर्ने हक, अधिकार, न्यायको आवाजलाई दह्लिो बनाउने काम गरे। यसका साथै उनले समाजमा हुने अन्याय, अत्याचार, भ्रष्टाचार, शोषण र विकृति आदिको विरोध काव्यात्मक शैलीमा गर्दै आइरहेका छन्। यसअतिरिक्त उनका बहुआयामिक व्यक्तित्व निम्न रूपमा हेर्न सकिन्छ-

---

[५५] सुरेश शर्मा, वि.सं. २०६५, *म को हुँ कवित्ववृत्तमा चामलिङ*, काठमाडौँ: छाया प्रकाशन, पृ.१

### ३.२.१ कवि पवन चामलिङ

पवन चामलिङले आफ्नो साहित्यिक जीवनको प्रारम्भ कविताबाट गरेका हुन्। गान्तोकबाट प्रकाशित हुने *कञ्चनजङ्घा* पत्रिकामा सन् १९६८ मा प्रकाशित *वीरको परिचय* कवि 'किरण'-को पहिलो प्रकाशित कविता हो। यही कविताबाट उनले साहित्यिक यात्रा आरम्भ गरेका हुन्। "तीक्ष्ण बुद्धि भएका पवन चामलिङले सानै उमेरदेखि रचनात्मक काम गर्न थालेका थिए। उनले १७ वर्षको कलिलो उमेरमा पहिलो कविता *वीरको परिचय* लेखे। यस कवितामा उनले जीवनको जटिल परिस्थितिहरूलाई सामना गर्नु पर्ने साहस र क्षमताबारे लेखेका छन्। भावी पिँढीका निम्ति सफलतापूर्वक युद्ध लड्ने कविताको अन्त्यमा उत्सुकतापूर्ण कामना गरिएको छ।"[५६] हालसम्म उनका प्रकाशित कविताकृतिहरू यस प्रकार छन्- *म को हुँ?* (सन् २००९), *वीरको परिचय र अन्य प्रारम्भिक कविताहरू* (सन् २०१०), र *अन्तहीन सपना मेरो विपना* (सन् २०१०)। सामाजिक परिवेश, निम्नवर्गका दयनीय अवस्था, शिक्षाको अभाव अनि सम्भ्रान्तवर्गको शोषण, दमन अत्याचार तथा निरङ्कुश शासन आदि उनका कविताले ग्रहण गरेको मुख्य विषयवस्तुहरू हुन्।

### ३.२.२ गीतकार पवन चामलिङ

गीतसङ्गीतले मानव हृदयलाई स्पर्श गर्नका साथै चेतनालाई स्फूर्त तुल्याउँछ। स्वर, लय, धुन र शब्दका सङ्गममा बनिने गीतले मान्छेको मर्म र भावलाई बोकेको हुन्छ र नै गीत हृदयस्पर्शी हुन्छ। मनको भावलाई सम्प्रेषित गर्ने अर्को माध्यम पवन चामलिङले गीतलाई रोजेका छन्। "भारतीय नेपाली भाषा, साहित्य र संस्कृतिका अनन्य साधक र उपासक पवन चामलिङ 'किरण' भारतवर्षका नेपाली गीत रचनाका शिखर-पुरुष पनि हुन् भन्ने कुरा साहित्य, संस्कृति, सङ्गीत र कलाक्षेत्रमा केही पनि रुचि वा जिज्ञासा राख्ने व्यक्तिलाई अवगत हुने कुरा हो। उनको रचनाधर्मिता मूलरूपमा लगभग चार दशक अघिदेखि काव्यमा प्रस्फुटित बन्दै विगत दुई दशकभित्र गीतहरूमा मुखरित बनेको छ, यद्यपि उनका काव्य-साधना गीत-रचनाको हाराहारीमै गतिमान रहेको पाइन्छ।"[५७] सन् २०११ मा उनीद्वारा रचित १०७

---

[५६] होवार्ड ए. बारनेस र जीवन राई, सन् २०१८, *पवन चामलिङ च्याम्पियन अव् सोसियल जस्टिस,* हरियाणाः पेन्गुइन् रेन्डम हाउस इन्डिया, पृ.xxxi

[५७] भीम दाहाल, सन् २०११, 'भूमिका', पवन चामलिङ'किरण', *पवन चामलिङ 'किरण'का गीतहरू*, गान्तोकः जनपक्ष प्रकाशन, पृ.iii

वटा गीतहरूको सङ्गालो *पवन चामलिङ किरणका गीतहरू* पुस्तकका रूपमा प्रकाशित भएको छ। यही पुस्तकमा समावेश अधिकांश गीतहरू एल्बमका रूपमा बजारमा आइसकेका छन्। उनका आजसम्म निर्मित एल्बमहरू *मान्छेको साइनो, समर्पण, उपमा, मेरो मूर्च्छना, अर्को क्षितिज, जिन्दगीको घाम-छायाँ, मुस्कानको भाषा* आदि हुन्।

पवन चामलिङका गीतहरू धेरै हृदयस्पर्शी छन्। "चामलिङले स्पर्श गरेको जगत्, उनले आफूभित्र सङ्गालेको प्रतिबद्धता, उनको वर्ग र मानवता प्रेम, उनका गीतहरूमा समेटिएको प्रीतिको कोमलता र अभिव्यक्तिको सरलता, तरलता र गाम्भीर्यको उद्देश्यको उद्दीपन र प्रकटन अरू गीतकारको भन्दा बेग्लै र अत्यन्त बेगवान छ।"[५८] धेरै लोकप्रिय बनेको उनका गीतहरूले सबै उमेरका श्रोताहरूको हृदय जित्न सकेको छ। उनीद्वारा रचित गीतका शब्दहरूबाट उनीभित्रको कोमल भाव, अपार कल्पनाशीलता अनि देश र राज्यप्रतिको प्रतिबद्धतालाई छर्लङ्ग बुझ्न सकिन्छ। उनका गीतहरूमा प्रेमको अनुभूतिसँगै विश्वबन्धुत्वको भावना जाग्रत गराउने विशेषता पाइन्छ। त्यतिमात्र नभएर उनका गीतमा प्राकृतिक सुन्दरताको वर्णनले मानव मन खुसीले झुम्न सक्छ भने कतिपय गीतहरूमा मानव जीवनलाई मूल्यवान् बनाउने सन्देश मुखरित भएको पाइन्छ। उनको 'हजार जुनीसम्म खोजी बसे तिमीलाई' गीत नेपाली चलचित्र *हजारजुनीसम्म*मा समावेश गरेको पाइन्छ। यसरी गीतकारका रूपमा पवन चामलिङको नाम नेपाली साङ्गीतिक जगत्मा सुपरिचित र लोकप्रिय छ।

### ३.२.३ निबन्धकार पवन चामलिङ

पवन चामलिङले कविता लेखनका अतिरिक्त निबन्ध लेखनलाई पनि अघि बढाएका छन्। उनले आफ्ना निबन्धहरूमा राजनीतिक, सामाजिक, धार्मिक, जातीय एकता, राष्ट्रिय चेतना आदिलाई विषयवस्तुका रूपमा ग्रहण गरेको पाइन्छ। उनका निबन्धहरूमा सिक्किमेली समाजले विकासको मार्ग कसरी तय गर्न सक्यो भन्ने विषयमाथि विश्लेषण गरिएको पाइन्छ। यसका साथै उनका निबन्धले नारीको मर्यादालाई उच्च स्थान दिएको छ। नारी जातिले आफ्नो जीवनलाई निर्वाह गर्दै कसरी मर्यादित र अस्तित्ववान् बनाउन सकिन्छ भन्ने विषयमाथि आफ्नो पक्ष उदारतापूर्वक राखेका छन्।

---

[५८] दाहाल, भूमिका,पूर्ववत्, पृ.v

चामलिङका आजसम्म प्रकाशित निबन्ध कृतिहरू *दामथाङ हिज र आज* (सन् १९९३), *सिक्किम र नारीको मर्यादास्तर* (सन् १९९४), *प्रजातन्त्र र सिक्किम, प्रजातान्त्रिक आन्दोलनको आत्मसंघर्ष* (सन् २००४), *प्रतिवाद, पार्टी शिक्षा र साहित्य* हुन्। उनले यी निबन्धहरूमा समाजको यथार्थ विषयको उठान गर्दा गर्दै मानव जीवनको सङ्घर्ष, दुःख, सुख र विभिन्न पाटोहरूको वर्णन गरेका छन्। सिक्किमेली समाजका अनेकौँ रूपलाई पनि उनको निबन्धका माध्यमद्वारा जान्न र बुझ्न सकिन्छ। सबै प्रकारका पाठकलाई ग्राह्य हुने भाषा-शैलीको प्रयोगले चामलिङका निबन्धहरू पठनीय रहेका छन्।

## ३.२.४ सम्पादक पवन चामलिङ

समाज, भाषा र साहित्यप्रति सदैव झुकाउ राख्ने पवन चामलिङले कविता लेखनका साथै साहित्यिक पत्रिकाको सम्पादनमा पनि सक्रियता जनाएको थाहा लाग्दछ। सन् १९६६ मा प्रकाशित हुने *नवज्योति* पत्रिका सिक्किमका विभिन्न पत्रिकाहरूमध्ये एउटा उत्कृष्ट पत्रिका हो। भाषा-साहित्यको विकासमा यस पत्रिकाको भूमिका धेरै महत्त्वपूर्ण रहेको पाइन्छ। यस पत्रिकाको प्रकाशन र सम्पादनका निम्ति सहयोग पुऱ्याउने त्यसबेलाका धेरै जागरूक युवाहरूमध्ये एकजना पवन चामलिङ पनि हुन्। त्यसपछि उनले सन् १९७८ देखि आफ्नै जन्मथलो याङगाङबाट *निर्माण* समसामयिक पत्रिकाको सम्पादन र प्रकाशन सुरु गरे। चार दशकदेखि निरन्तर यो पत्रिका आजपर्यन्त प्रकाशित भइरहेको छ। *निर्माण* पत्रिका भारतीय नेपाली साहित्यिक जगत्मा स्थापित एउटा प्रमुख पत्रिका हो। "सिक्किमबाट प्रकाशित हुने विभिन्न साहित्यिक पत्रिकाहरूमध्ये *स्रष्टा*पछि सर्वाधिक लामो समयावधिसम्म प्रकाशित हुने पत्रिका *निर्माण* नै रहेको देखिन्छ। साहित्यिक पत्रकारिताको अब्बल नमुना प्रस्तुत गर्ने *निर्माण* पत्रिका नेपाली साहित्यका सम्पूर्ण विधाहरूको समुत्थान र विभिन्न साहित्यकारहरूका विभिन्न प्रकारका साहित्यिक रचनाहरूलाई समान महत्त्व दिएर प्रकाशमा ल्याउने गरेको छ।"[५९] हालसम्म ५२ अङ्क प्रकाशित भइसकेको *निर्माण* पत्रिकाले *भाषा मान्यता विशेषाङ्क* (वर्ष १५, अङ्क ७, सन् १९९४), *संस्कृति विशेषाङ्क* (वर्ष १९, अङ्क ३४, सन् १९९९), *गोपाल गाउँले स्मृति अङ्क* (वर्ष २०, अङ्क ३५, सन् २००१), *रजत जयन्ती विशेषाङ्क* (वर्ष २२, अङ्क ३७, सन् २००२), *सिक्किम वाङ्मय विशेषाङ्क* (वर्ष २६, अङ्क ४०, सन् २००४),

[५९] दीपक तिवारी, सन् २०१३, *सिक्किमको नेपाली साहित्यिक इतिहास परम्पराः स्वरूप र प्रवृत्ति*, नाम्चीः रमा तिवारी, पृ.३२३

*गुमानसिंह चामलिङ स्मृति अङ्क* (वर्ष २७, अङ्क ४४, सन् २००६) आदिजस्ता विशेषाङ्कहरू प्रकाशित गरेर नेपाली भाषा-साहित्यको उत्थानमा टेवा पुऱ्याएको छ।

### ३.२.५ प्रकाशक पवन चामलिङ

पवन चामलिङ युवा अवस्थादेखि एकजना कर्मठ समाजसेवी रहेको थाहा पाइन्छ। समाजको उत्थान र हितका निम्ति काम गर्न सधैँ तत्पर रहने साथै भाषा, साहित्यको विकासका निम्ति लगनशील रहने उनको व्यक्तित्वको अर्को पाटो हो। "सन् १९७५ देखि ७७ सालसम्म हस्तलिखित पत्रिका पनि प्रकाशित भएको छ। यही अवधिभित्र चामलिङको अगुवाइमा निर्माण परिवार नामक साहित्यिक सांस्कृतिक संस्थाको गठन गरियो। यही परिवारका सदस्य मिलेर देउसी-भैली खेली, चन्दा सङ्ग्रह गरी *निर्माण* पत्रिकाको प्रकाशन सुरु गरेको हो।"[६०] यस प्रकारले उनको सक्रियतामा याङगाङमा *निर्माण* साहित्यिक पत्रिका तथा नेपाली साहित्यिक कृतिहरू प्रकाशित गरेर लेखक, साहित्यकारहरूलाई सहयोग पुऱ्याउन र प्रोत्साहित गर्ने उद्देश्यमा निर्माण प्रकाशनको प्रारम्भ भएको थाहा पाइन्छ।

यस प्रकाशनले आजसम्म सिक्किम, दार्जिलिङ, नेपाल आदिका धेरै साहित्यकारहरूका पुस्तक प्रकाशन गरेर उदाहरणीय कार्य गरेको छ। नेपाली साहित्य जगत्का प्रतिष्ठित लेखकहरूको ग्रन्थावली जस्तै *पारिजातका संकलित रचनाहरू, छ खण्ड* (सन् १९९७), *अगमसिंह गिरीका रचनावली, चार खण्ड* (सन् १९१८), *इन्द्रबहादुर राईका सम्पूर्ण रचना, इन्द्र सम्पूर्ण* (सन् २००४), *गोपाल गाउँलेका सम्पूर्ण रचनाहरू* सन् (२००१), ईश्वरवल्लभ, भीमनिधि तिवारी आदिका कृतिहरू निर्माण प्रकाशनले प्रकाशित गरेको पाइन्छ।

पुस्तक प्रकाशनदेखि लिएर विभिन्न स्रष्टाहरूलाई सम्मानित तुल्याउने र गुणात्मक कार्यले यस प्रकाशनको महत्त्व नेपाली पत्र-पत्रिकाको इतिहासमा स्मरणीय रहने छ।

---

[६०] सी.बी. कार्की, सन् २००२, 'एउटा सम्झना निर्माणको',पवन चामलिङ किरण (सम्पा), *निर्माण*, वर्ष २२, अङ्क ३७, नाम्ची घुर्बिसेः निर्माण प्रकाशन, पृ.३६९

## ३.३ पवन चामलिङ 'किरण' -का कविताका प्रमुख विशेषता

कविले आफ्नो काव्यात्मक सिर्जनाद्वारा मानव जीवनको महत्त्वलाई प्रकाशमा ल्याउने गर्दछन्। मानवलाई उचित दिशामा अघि बढ्न प्रेरित गर्दछन्। मानवीय समाजमा विशेष निम्नवर्गको हित, न्याय र कल्याणको पक्षलाई स्थान दिँदै उनीहरूमाथि भएको अन्याय, अत्याचार, शोषण र दमनको विरोध गर्न कवि अग्रसर बन्दछन्। कविको मानवप्रतिको निःस्वार्थ र उदार विचारधारा अनुकरणीय मानिन्छ। कविहरू मानवीय समाजलाई केन्द्रमा राखेर काव्यात्मक सिर्जना गर्दछन्। त्यस सिर्जनामा उनको विचारधारा सम्प्रेषित भएको हुन्छ।

कवि पवन चामलिङले काव्य सिर्जनाद्वारा निरन्तर रूपमा मानव जीवनका हरेक पक्षमा आफ्नो विचार प्रस्तुत गरेको पाइन्छ। उनी भारतीय नेपाली कविता लेखनमा सत्तरको दशकदेखि सक्रिय रहँदै आएका हुन्। उनका कवितामा सामाजिक यथार्थवाद, स्वच्छन्दतावाद, अस्तित्ववाद, वर्गीय चेतना, राजनीतिक चेतना आदि प्रमुख विशेषताहरू भेटिन्छन्। उनले प्रयोग गरेको भाषा सरल भए पनि केही कवितामा विम्ब, अलङ्कार, प्रतीक आदिको प्रयोग गरेको पाइन्छ। चामलिङका कवितामा पाइने विशेषताहरूको संक्षेपमा चर्चा गरिन्छ-

### ३.३.१ सामाजिक यथार्थवादी

समाज सामूहिकताको प्रतीक हो। यसैले मानिस समाजसँग सम्बद्ध रहेको हुन्छ। व्यक्ति र समाजलाई एकअर्कादेखि छुट्ट्याउन सकिँदैन। समाज एउटा परिवर्तनशील व्यवस्था पनि हो। कुनै पनि समाजको संरचना र यसको मान्यताले मानिसको व्यक्तिगत जीवन विकासमा प्रभाव पार्दछ। कविहरूले कविताको माध्यमद्वारा सामाजिक चेतना जाग्रत गराउने सन्देश पाठकलाई साझा गरेका हुन्छन्। "परम्परागत रूढि प्रथालाई तोडेर आधुनिक युगमा आफ्नो तरिकाले विचार राख्नु नै सामाजिक चेतना हो अथवा समाज सुधारको स्वरलाई सामाजिक चेतना भनिन्छ।"[६१] सामाजिक चेतनाले समाजमा हुने अन्धविश्वासको परम्परालाई मान्यता दिँदैन। यसले समाजमा भएको अन्याय, अत्याचार, शोषण र दमनको विरोध जनाउँदछ। मानिसलाई उनको बुद्धि शक्तिको प्रयोग गरी सत्य-तथ्यको निर्क्यौल गर्न लगाउनु सामाजिक

[६१] सन्तोष खटक, सन् २००२, *बलदेव वंशी के काव्य में सामाजिक चेतना*, हरियाणा महर्षि दयानन्द विश्वविद्यालयअन्तर्गत हिन्दी विभागमा विद्यावारिधि प्राप्त गर्न बुझाइएको शोधप्रबन्ध, पृ.४

चेतनाको सार्थकता मानिन्छ। समाजको यथार्थ घटनालाई लिएर लेखिने लेखनगत मान्यतालाई 'सामाजिक यथार्थवाद' भनिन्छ। यस्तो यथार्थ लेखनमा कल्पनाको स्थान गौण रहेको हुन्छ। पवन चामलिङका कविताहरूमा पाइने विशेषताहरूमध्ये सामाजिक यथार्थवाद एउटा प्रमुख विशेषता हो। "कवि चामलिङले समाजमा विद्यमान विसङ्गति, शोषण, स्वार्थान्धता, अन्याय र अत्याचारलाई रोचक ढङ्गले प्रस्तुत गरेका छन्।"[६२] उनी समाजलाई बिथोल्ने अन्धविश्वासको विरोध गर्छन् र यथार्थ र विज्ञानको पक्षमा उभिन्छन्-

*ए.. मान्छे!*
*किन तिम्रो आँखामा कालो पट्टी?*
*नियालेर हेर त, तिम्रै अगाडि,*
*तिमीले पुजेका 'जून-तारा' पनि*
*तिमीजस्तै मान्छेको पाउमा झुकेका छन्*
*यो 'एपोलो' र 'ल्यूना'-को युगमा।*

('अन्धविश्वासीप्रति', पृ. ७७)

विज्ञान र तकनिकीको प्रगतिले जुन र तारामा मानिसहरूले पाइलो टेकेको सत्यता युगीन सत्यता हो। मानवीय संसारको यति ठुलो उपलब्धिबाट धेरै मानिसहरू अनभिज्ञ छन्। कतिपय समाजमा जुन र तारालाई पुज्ने अन्धविश्वासी चलन अद्यावधि मान्दै आइरहेको देखिन्छ। कविले अन्धविश्वासरूपी अज्ञानताको कालो पट्टी हटाउन अन्धविश्वासमा भर नपर्ने मानिसहरूलाई आग्रह गरेका छन्। आफ्नो आग्रहलाई सम्प्रेषणीय बनाउने उद्देश्यले उनले 'एपोलो' र 'ल्यूना'-को उदाहरण दिएका छन्। एपोलो ग्रीसेली मिथकअनुसार सङ्गीत, कविता, नृत्य आदिको देवता हो भने ल्यूना इटालियन शब्द हो, जसले जुनको अर्थ बुझाउँछ। कविले कलाको देवता र जुनको युग हो भनेर ज्ञान, बुद्धि बढाउने र प्रगति गर्ने सङ्केत दिएका छन्। सामाजिक चेतनाको सार्थकतालाई बुद्धि शक्तिको रूपमा प्रयोग गरेर सत्य-तथ्यको निर्क्यौल गर्ने कविको अभिव्यक्तिमा सामाजिक चेतना सम्प्रेषित भएको देखिन्छ।

[६२] कमलकान्त सेढाई, वि.सं. २०५५, *पवन चामलिङः व्यक्ति र कृति*, असमः उत्तरपूर्वी प्राज्ञिक परिषद्, पृ.४५

कतिपय समाजमा पशु-प्राणीको हत्या गरेर पूजा अर्चना गर्दा मानिसको जीवनमा सुख, शान्ति र समृद्धि ल्याउँछ भन्ने अन्धविश्वास प्रचलित छ। यस्तो परम्पराप्रति कवि विरोध जनाउँछन्। उनले समाजलाई पशु-प्राणीको निर्मम हत्या गर्न लगाउने व्यक्तिबाट जोगिने आह्वान गरेका छन्। जस्तै-

*अझै पनि कतिले तिम्रै अगाडि*
*अन्धविश्वासको ढोल र ढ्याङ्ग्रो ठोकेर*
*कुखुरा र बाख्रा काटेर*
*खुनको सागर बहाएर*
*संसारलाई कलङ्कित पारेको*
*तिमीले पनि नसुनेका, नदेखेका होइनौ।*

('अन्धविश्वासीप्रति', पृ. ७७)

अन्धविश्वास मानवीय जीवन र समाजको प्रगतिमा ठुलो बाधा बन्न सक्छ। यसले भूल बाटोतर्फ डोऱ्याउँदछ। ज्ञान, सत्य र व्यावहारिकतादेखि अन्धविश्वासले मानिसलाई टाडा राख्दछ। यस्तो सचेतनात्मक सन्देश दिएर कविले मानवीय समाजलाई अन्धविश्वासको जालबाट बाहिर निकाल्ने प्रयास गरेका छन्। यसले उनको कवितात्मक अभिव्यक्तिमा सामाजिक यथार्थवादप्रतिको संज्ञान रहेको कुरालाई प्रमाणित गर्दछ।

आफू बाँचेको समाजमा उपयोगी कर्म गर्नका निम्ति मानिसलाई सजग गराउनु कविको कर्त्तव्य हुन्छ। कवि चामलिङले आफ्नो कवितात्मक अभिव्यक्तिद्वारा मानिसलाई कर्मशील बन्नका लागि सजग तुल्याएका छन्। कर्मको महत्त्वलाई बुझाउँदै उनी मानिसलाई कर्मशील र यथार्थवादी बन्न प्रेरित गर्छन्-

*हाँसी-हाँसी बाँचिदेऊ दुइ दिन भए पनि*
*बाँचिरहोस् कर्म तिम्रो तिमी नरहे पनि।*

('आह्वान', पृ. ३०)

कवि चामलिङ ज्ञान, धर्म, अहिंसा र सत्यताबारे मानिसलाई सचेत गराउन काव्य सिर्जनामा प्रतिबद्ध रहेको देखिन्छ। मानव जीवन र समाजको अभिवृद्धि सँगसँगै सारा विश्व पनि उज्ज्वल बन्न सक्छ। यसैले कवि विश्वका सम्पूर्ण मानिसहरूलाई ज्ञान,धर्म,अहिंसा र सत्यको रक्षा गर्न आग्रही देखिन्छन्-

*ज्ञान, धर्म, अहिंसा, सत्यको नाश भो*

*भू-तल बीचमा अन्धकारको राज भो*

*हटाऊ अन्धकार, ए मानव हो!*

('आह्वान', पृ. ३०)

'एकता नै बल हो' भन्ने लोकोक्तिको प्रयोग गरी कविले एकताको महत्त्व बुझाएका छन्। मानव जातिलाई एकताको सूत्रमा बाँधेर धरतीलाई चम्काउन सक्ने बताउँछन्। शान्ति र सुरक्षाले पूर्ण भए मात्र धरती चम्किनेछ। यसका निम्ति मानव मानव बिचमा एकता, सद्भावना र प्रेम हुन आवश्यक छ। कवि कल्पनामा होइन यथार्थमा बाँच्न चाहन्छन्-

*एकता नै बल हो जप्दै*

*मानव अघि बढाऔँ*

*नीलाम्बरको तारासरी नै*

*धरती यहाँ चम्काऔँ*

('पुकार', पृ. ३५)

कवि चामलिङ काव्यात्मक अभिव्यक्तिद्वारा मानिसलाई उच्च लक्ष्य राख्ने आह्वान गर्छन्। सबै मानिसले उच्च लक्ष्य राख्नु आवश्यक हुन्छ। अनि मात्र एकबारको जीवन अर्थपूर्ण बन्छ। कवि आफ्नो कविताको माध्यमद्वारा सबै मानिसलाई उच्च लक्ष्य राख्न प्रेरित गर्दछन्। दृष्टान्त-

*जन्मियौँ हामी जगतीततलमा*

*सृष्टिको श्रेष्ठ फूलबारीमा*

*उद्देश्य लिऊँ सूर्य-सरह*

*चम्किने, यो काँडाघारीमा।*

('अभिलाषा', पृ. १९)

मानिस कर्त्तव्यपरायण बन्नुपर्छ भन्ने कविको आग्रह देखिन्छ। जीवनमा कर्त्तव्य पालन गर्दा मानिसले उच्चस्थान प्राप्त गर्न सक्ने विचार व्यक्त गरेका छन्। जस्तै-

*तिमीले पुजेको कर्त्तव्यले एक दिन*
*तिमीले बगाएको त्यो सिंहासनमा पुऱ्याउनेछ*
*तिमीले बगाएको पसीना पनि*
*मोती बनी चम्किनेछ*
*तिम्रो पाइला परेको भूमि पनि*
*पुज्य बन्नेछ।*

('मान्छे अनि कर्त्तव्य', पृ. २७)

हिंसा मानवीय समाजको ठुलो शत्रु हो। यसले मानिसदेखि लिएर सबै प्राणीको जीवनलाई समाप्त गरिदिन्छ। यसैले कविले मानवीय समाजमा अहिंसा, परोपकार र सत्यको ज्ञानरूपी बत्ती बाल्न आह्वान गरेका छन्। उनी आफ्ना विचारद्वारा मानिसहरूको चेतना जगाउन प्रतिबद्ध देखिन्छन्। दृष्टान्त-

*हिंडौँ न ए साथी!*
*हिंसाको दुश्मन बनेर*
*अहिंसाको ज्योति बाली*
*परोपकारको कर्म गरेर*
*कुकर्मलाई फाली*
*कोमल भावनामा सजिएर*
*सत्यको बत्ती बाली।*

('बाँचौँ', पृ. ७५)

समाजको सुधार गर्न सधैँ मानिस नै अघि बढ्नुपर्छ। मानिसले व्यक्तिगत स्वार्थको त्याग नगरेसम्म सामाजिक उन्नति सम्भव हुँदैन। आफ्नो काव्यात्मक अभिव्यक्तिमा पवन चामलिङ सम्पूर्ण मानिसलाई कुभावना र कुमति त्याग्ने आग्रह गर्दछन्। सबैको हित मानिसको उद्देश्य रहेको हुनुपर्छ भन्ने कविको विचार यहाँ प्रष्फुटित भएको छ। उदाहरण-

*जाग है जगका मानव सारा*

*हे सृष्टिका श्रेष्ठ प्यारा*

*कुभावना कुमति छाडी जगमा*

*बहाऊ अमृत धारा।*

('केही कथाःकेही व्यथा', पृ. ४७)

### ३.३.२ स्वच्छन्दतावादी

स्वच्छन्दतावाद शब्द अङ्ग्रेजी'रोमान्टिसिज्म'-को नेपाली अनुवाद हो। मध्यकालीन ल्याटिन शब्द 'रोमानिसे'-बाट फ्रान्सेली 'रोमान्स' हुँदै 'रोमान्टिसिज्म' शब्द निर्माण भएको हो। वैयक्तिकता, काल्पनिकता, विद्रोहात्मकता, भावुकता, प्रकृतिप्रेम, सौन्दर्यात्मकता, अद्भुतता, कृत्रिमताबाट मुक्ति, सङ्गीतात्मकता, मानवतावादी दृष्टिकोण, राष्ट्र प्रेम आदि स्वच्छन्दतावादका प्रमुख विशेषता हुन्। वैयक्तिकतामा काव्यचिन्तनको दृष्टि सामाजिक नभएर व्यक्तिवादी हुने भएकाले यसमा निजी रुचि, व्यक्तिवादी दृष्टि र आत्म पक्षलाई धेरै महत्त्व दिइएको हुँदछ। रचनाकारको निजी इच्छा, आकाङ्क्षा, भावुकता, पीडा, व्यथा, वेदना आदिको अभिव्यक्ति पाइन्छ। एउटा दृष्टान्त-

*यसरी कति-कति युग भइसक्यो*

*मैले त्यस आकृतिको प्रतीक्षा गरेको*

*कति-कति जुनी गइसक्यो*

*त्यो सुन्दर आकृतिको अभीप्सा गरेको।*

('विश्वास', पृ. १९)

### ३.३.२.१ मानवतावादी

मानिसको दुःख, पीडाप्रति संवेदना तथा सहानुभूति हुनु स्वच्छन्दतावादी प्रवृत्तिकै एउटा सहायक सङ्घटक हो। यही स्वदुःखानुभूति नै वास्तवमा मानवतावाद हो। मानवतावादी दृष्टिकोण पवन चामलिङका कवितामा देखिने एउटा सबल पक्ष हो। यसले समानतालाई प्रमुख रूपमा समेट्दछ। सबै मानिस एक समान हुन्छन् भन्ने धारणाले भेदभावरहित मानव समाजको निर्माण सम्भव हुन्छ। कवि चामलिङ आफ्नो कविताका माध्यमद्वारा मानिस मानिसमा हुने साना-ठुला र वैचारिक मतभेदले मानवतामा ह्रास आउने कुरा सङ्केत गर्न चाहन्छन्। यसै कारण उनी कुनै भेदभावरहित समाज निर्माण गरेर मानवता बँचाउन वैचारिक रूपमा अग्रसर देखिन्छन्-

*देख्छु जगमा साना-ठुला, भेदभावका मेला*
*अँध्यारो लाग्छ धरती पनि मानवता रोएको बेला*
*मान्छे सबै एउटै रगतको, विचार बेग्लै हुन्छ*
*स्वार्थ र पापको साक्षी बनेर मानवता यहाँ रुन्छ।*

('मेला', पृ. १८)

समाजमा हुने वर्गीय र जातीय विभेदले मानिसको सोच र उसको स्वतन्त्रतामा ठुलो बाधा उत्पन्न गर्दछ। निम्न दुई हरफमा भेदभावरहित समाजमा मानवताको विकास हुने कुराबारे जोड दिएका छन्-

*भेदभाव केही नराखी मनमा*
*मानवता जगाऊ।*

('बिन्ती', पृ. १२१)

संसारमा मानिसले सबै प्रकारको भूमिका निर्वाह गर्नुपर्ने हुन्छ। यसै सन्दर्भमा कविको आफ्नो मानवतावादी प्रतिबद्धता यसरी अभिव्यक्त हुन पुगेको छ। एउटा दृष्टान्त-

*म ठुलो हुँ, सानो हुँ,*
*म देवताको एक रक्त हुँ।*

*म गुहार हुँ, हुँकार हुँ*

*म मानवताको भक्त हुँ।*

('म', पृ. ४०)

अर्थात् कवि स्वयम् आफूलाई सानो ठुलो केही नसम्झेर मानव सम्झन्छन्। मानवतावादी विचारधाराले विश्वबन्धुत्वलाई प्रधानता दिँदछ। सारा विश्वको मानिस एकाअर्कामा एकै हुन् भन्ने धारणा नै मानवतावादी धारणा हो। यति मात्र नभएर विश्वभरका मानिसलाई आफ्नो परिवार मान्ने कविको उदार विचारले मानवतावादी दर्शनलाई समर्थन गरेको बुझिन्छ-

*म मानवको एक सन्तान*

*विश्व मेरो घर*

*मान्छे मेरो थर*

*विश्वका मान्छे मेरो परिवार*

*मेरो घर मेरै संसार*

*सबैमा व्याप्त भएर बाँचिरहेछु*

*जत्तिकै दुःखमा पनि म हाँसिरहेछु।*

('हाँसिरेहछु', पृ. २१)

कवि चामलिङ मानवताको रक्षा गर्न प्रतिबद्ध देखिन्छन्। यसैले उनीआफ्ना कवितामा मानवताको रक्षा गर्नतर्फ यसरी आग्रही भएका छन्-

*जाउँ हामी सबै साथी*

*मानवताको रक्षा गर्न।*

('मानवताको रक्षा गर्न', पृ. ६२)

सोही कवितामा उनी मानवतावादी विचारको रक्षा गर्न प्रकृतिको काखमा पुग्छन्-

*सत्यको पूजा गर्न*

*अहिंसाको शंखनाद गर्न*

*अन्धकार नास्न परोपकारी कर्म गरेर*

*सत्य भावनाले संसार रच्न*

*हिंसाको बाढी थाम्न*

*सत्य जन्माउन*

*र तारा झैँ चम्कन*

*सूर्य झैँ किरण फिँजाउन*

*चन्द्र झैँ कोमल बन्न*

*हिमाल झैँ शान्त रहन*

*पहाड झैँ स्थिर बन्न*

*जाऊँ हामी सबै*

*मानवताको रक्षा गर्न।*

('मानवताको रक्षा गर्न', पृ. ६२)

कविले सत्य र अहिंसाका निम्ति मानवता बचाउँन आवश्यक रहेको बोध गराएका छन्। परोपकारी भावले मानव जातिको कल्याण हुन्छ। यसका निम्ति पनि कविले मानवता बचाउँन चाहेका छन्। कवि चामलिङले सूर्यको किरणलाई समानताका विम्बका रूपमा प्रयोग गरेका छन्। उनले चन्द्रमा, हिमाल अनि पहाडलाई विम्बका रूपमा प्रयोग गरी मानवताको महिमा गाएका छन्। यी विम्बहरूको प्रयोगले मानवता गुणकारी र प्रभावकारी रहेको बुझिन्छ। चामलिङको मानवतावादलाई निम्न कविता पङ्क्तिले पनि प्रस्ट पार्दछ-

*एउटा अर्को नयाँ संसारको सपना देख्दैछु,*

*जहाँ मेरो मान्छेको बाँच्ने अधिकारमा*

*हिरोशिमा र नागासाकी नबाँचून्*

*मानवताको अदालतमा मान्छेको हत्या नहोस्।*

('एउटा अभियान', पृ. २८)

मानवतावादी दृष्टिकोणले उनको 'माया' कविता पनि धेरै पठनीय रहन गएको छ, जहाँ उनले यो भौतिक संसारमा मानवता सधैँ कायम रहेको हेर्न चाहन्छन्-

*मानवताको गङ्गा बहिरहोस्*
*परोपकार र धर्मको गङ्गा बहिरहोस्*
*समानता र एकताको गङ्गा बहिरहोस्*
*माया र प्रेमको गङ्गा बहिरहोस्*
*सत्य र शान्तिको गङ्गा बहिरहोस्।*

(पृ. ८३)

कविले सोही कवितामा विश्वका सबै मानिस मानवताको नाताले एकै हुन् भन्ने विचार राखेका छन्। उनी आफ्ना कविताको माध्यमबाट समानता, परोपकार, सत्य र शान्ति कायम राख्नका निम्ति विश्वभरका मानिसलाई प्रेमको सूत्रमा बाँध्न चाहन्छन्। उदाहरणार्थ-

*अनेक टुक्रामा विभाजित*
*विश्वका मान्छेहरूलाई*
*मानवताको डोरीले बाँधिदेऊ*
*ताकि मान्छेको हृदय-सागरबाट*
*सम्यक दृष्टि-गङ्गा बहिरहोस्।*

(पृ. ८५)

निरीह पशु-प्राणीको जीवन पनि मानिसको जस्तै अमूल्य हुन्छ। पशु-प्राणी बाँचेकाले मानवीय दुनियाँ सुन्दर बन्न पुगेको छ। कवि निरीह प्राणीहरूप्रति धेरै संवेदनशील बनेका छन्। प्रस्तुत कवितामा उनी मानव समाजलाई यही संवेदनशीलता राख्ने आग्रह गर्दछन्-

*निरीह प्राणीलाई किन सताउँछौँ*
*पशुभन्दा पनि किन नीच बन्छौँ*

*ए मानव!*

*तिमी मान्छे हौँ, तिमी देव हौँ*

*तिमी सृष्टिको श्रेष्ठतम प्राणी हौँ*

*नसताऊ,नसताऊ निरीह प्राणीलाई*

*नबन, नबन दुष्टा तिमी।*

('मानवसँग', पृ. २१)

### ३.३.२.२ प्रकृति प्रेम

स्वचछन्दतावादीहरूले प्रकृतिसित अटुट र अद्धूत सम्बन्ध स्थापित गरेको हुन्छ। तिनीहरूमा प्रकृतिप्रति प्रगाढ प्रेम रहेको हुन्छ। प्रकृतिलाई केवल प्रकृतिका रूपमा मात्र नहेरेर त्यसलाई मानवीकरण गरी साथी, सहचरी, आमा, शिक्षिका, प्रेमिका आदिका रूपमा पनि हेरिएको पाइन्छ। आफ्ना रचनाहरूमा प्रकृतिलाई सजीव र जीवन्त तुल्याएको हुन्छ। मानिसको जीवन प्रकृतिसँग पूर्णरूपले सम्बद्ध हुन्छ। विद्वान्हरूका मतअनुसार प्रकृति र मानिसको सम्बन्ध सृष्टिको उद्भव मान्छेको प्रारम्भिक इतिहासदेखि नै रहिआएको बुझिन्छ। कविहरूले कविताका माध्यमद्वारा मानिस र प्रकृतिको सम्बन्धलाई व्यक्त गर्दछन्। आफ्नो भाव व्यक्त गर्न विम्ब, प्रतीक प्रयोग गर्दछन् भने कहीँ प्रकृतिलाई मानवीकरण गर्दछन्। प्राकृतिक सुन्दरताको वर्णनले कविता आकर्षक साथै रमणीय बन्ने गर्दछ।

कवि चामलिङले प्रकृतिद्वारा क्रान्तिकारी भावको वर्णन गरेका छन्। बादल देख्नसाथ कोमलताको भाव प्रष्फुटन भए पनि यसले बोकी ल्याउने पानीले पृथ्वीलाई गहिरो प्रभाव पार्दछ। बादल कोमल देखिएजस्तै यसको क्रान्तिकारी भावलाई यसरी देखाएका छन्-

*अरू त के कुरा*

*पानी बर्साएर, सागर बढ़ाएर*

*भल-पहिरो चलाएर*

*पृथ्वीलाई धूलो-पीठो पार्न सक्छस्*

*ध्वस्त पार्न सक्छस्*

*तरै पनि*

*ए बादल! तँ किन यति कोमल?*

('कोमल बादल', पृ. ४५)

मानव जीवनमा प्रकृतिको महत्तालाई ध्यानमा राख्दै कविले यहाँ प्रकृतिलाई प्रेम गर्ने अनुनय गरेका छन्। सिक्किमको प्राकृतिक सौन्दर्यप्रतिको उनको प्रेम प्रस्तुत कवितामा यसरी अभिव्यक्त हुन गएको देखिन्छ-

*कञ्चन, धवल उच्च-हिमाली*

*प्रकृतिको खानी*

*सुनाखरी घुम्टो लगाई*

*सजेकी सिक्किम रानी।*

('पुत्र हिमाली', पृ. ४७)

कवि चामलिङले आफ्ना काव्यात्मक अभिव्यक्तिद्वारा हिमालको गुणलाई सगौरव गाएका छन्। विम्बात्मक रूपमा हिमालको गुण र सुन्दरताको वर्णनले कविको अभिव्यक्ति सहजै बुझ्न सकिन्छ। यसमा कविको प्रकृतिप्रति उत्कट प्रेम रहेको देखिन्छ-

*युग-युगान्तर चम्किरहने हरदम यो हिमाल*

*विश्वभरिमा शान्त, अटल उच्च यो हिमाल।*

*भूतलबीच कोलाहल बस्छ बनी यहाँ धीर*

*मान्दैन दुःख गर्दैन गुनासो यस्तो यो हो वीर।*

('हिमाल', पृ. ६३)

ग्रामीण परिवेशको शान्त वातावरण र प्राकृतिक सुन्दरताको चित्रण गर्नु कवि चामलिङको कवित्वको अर्को विशेषता हो। यसको एउटा उदाहरण-

*खेतका कान्ला र बारीका डिलहरूमा*

*बुकीफूल फुलेर ढकमक्क हुन्छन्*

*सुन्तला, अमबक र अनेकन् फलहरू फलेर*

*बोटहरू झुकेका हुन्छन्*

*फूलका बोटहरूमा पक्षीहरू झुमेका हुन्छन्*

*खोला-नाला र झरनाहरू*

*छङ...छङ... गर्ने धुन सुसेल्दै बहेका हुन्छन्*

*हावाको गतिसँगै फूल र पातहरू*

*रूख र पोथ्राहरू*

*गुन्गुनाइरहेका हुन्छन्।*

('सहरका मान्छे', पृ. ७९)

### ३.३.२.३ राष्ट्र प्रेम

राष्ट्र प्रेम स्वच्छन्दतावादको अर्को विशेषता हो। राष्ट्र प्रेमले देशप्रतिको प्रेम भावनालाई बुझाउँदछ। आफ्नो देशको सामाजिक र राजनीतिक स्थिति सुधार्नका निम्ति प्रष्फुटित भावना नै राष्ट्र प्रेम हो। राष्ट्र प्रेमले हरेक नागरिकलाई आफ्नो राष्ट्रको सुरक्षा र उन्नतिका लागि प्रेरित तुल्याउँछ। पवन चामलिङका कविता राष्ट्र प्रेमले ओतप्रोत रहेको पाइन्छ। उनी आफ्नो राष्ट्र तथा मातृभूमिलाई सम्मानपूर्वक प्रेम गर्छन्। आफ्ना कविताहरूमा राष्ट्रको अस्मिता र गरिमालाई सुरक्षित राख्ने कवि हुन् उनी। भारत देशको गुणगान गर्छन्। जस्तै-

*मोइनामका झण्डा आह्वान गर्छन् फरफर गरेर*

*गर्नु छ कर्म सत्य-प्रेम-धर्म मनुष्य भएर*

*इन्द्रलोक जस्तै सुन्दर देश छ, जनता छन् दयालु,*

*पृथ्वीबीच लाग्दछ मलाई यही देश मायालु।*

('मेरो देश', पृ. ११३)

सचेत नागरिकका लागि आफ्नो सङ्घर्षपूर्ण जीवनसँगै देशको सुरक्षा र प्रगति पनि महत्त्वपूर्ण हुन्छ। जीवन सङ्घर्षसँगै देशको समृद्धिका लागि नागरिकहरू संलग्न बन्नुपर्छ भन्ने कविको विचारले राष्ट्र प्रेमलाई बोकेको छ-

*दुःख-सुखको यो भारी*

*जीवनभरि बोक्नु छ*

*आफैँ मरे पनि*

*देशको लागि बाँच्नु छ*

*सलेदो खरानी बने पनि...।*

('यसो गर्नु छ', पृ. ७१)

कवि चामलिङ जिजस र गान्धीजस्ता महान् व्यक्तित्वहरूले पूर्ण भएको देश निर्माण गर्न अग्रसर देखिन्छन्-

*यीशु, गान्धी मानव बनाई*

*आमाको छाती सिंगार्छु*

*दूधको बदला प्राण दिई*

*देश उज्यालो पार्छु।*

('संसार उज्यालो पार्छु', पृ. ९७)

देशको सुरक्षाका निम्ति सैनिकहरू हरसमय सिमानामा खटिएका हुन्छन्। सैनिकहरू आफ्नो प्राणको आहुति दिएर देशलाई शत्रुबाट सुरक्षित राख्न कटिबद्ध हुन्छन्। अनेकौँ वीर सैनिकहरू देशका निम्ति सहिद बनेका नेपाली जातिको जिउँदो इतिहास छ। कवि ती सैनिकहरूप्रति कृतज्ञ छन्। उनी देशका निम्ति प्राण गुमाउने ती महान् आत्मालाई हृदयबाट श्रद्धा गर्छन्-

*जसको बलिदानले*

*आफ्नी माताको अस्तित्व बचाएको छ*

*जसको खूनले*

*देशको माटो पवित्र बनेको छ*

*जसको प्राणले*

*देशमा नयाँ प्राण भरेको छ*

*जसको आत्माले*

*आफ्नी माताको काखमा*

*सदा स्थान पाएको छ*

*उनै महान आत्मालाई*

*हृदयभरि स्वागत छ*

*मुटुभरि श्रद्धाञ्जली छ।*

('स्वागत छ', पृ. १०८)

राष्ट्र प्रेमले प्रेरित भई सहिद बनेका वीर योद्धाहरूमाथि लेखिएको उनको अर्को कविता यहाँ उल्लेखयोग्य देखिन्छ। एउटा उदाहरण-

*तिमी युग-निर्माता*

*तिमी इतिहास-निर्माता*

*तिमी देश निर्माता*

*तिमी जग-स्रष्टा*

*हे महाशक्ति!*

*हे मानवरूपी ईश्वर!*

*तिम्रो रगत र पसीनाका थोपा-थोपाले*

*तिम्रो बलिदानको वेदीमा*

*प्रत्येक देश र सिमानाका इतिहासहरू निर्मित भएका छन्*

*बाँचेका छन्, हाँसेका छन्।*

('मैले पुज्नुपर्ने ईश्वरसँग', पृ. ९४)

राष्ट्रको एकता र अखण्डतामा नागरिकले दिएको योगदान तथा बलिदानलाई लिएर लेखिएको 'आत्मस्वीकृति' कविताको केही पङ्क्तिहरू यहाँ प्रस्तुत गर्न युक्तिसङ्गत देखिन्छ-

*विचारले, मनले, सिद्धान्तले, नीतिले,*
*नैतिकताले, मानवताले*
*र तिम्रो मुक्तिको लागि अब म लड्न सक्छु!*
*मेरो जन्मभूमिको लागि अब म निर्धक्क*
*मरिदिन, उत्सर्गित भइदिन सक्छु।*

('आत्मस्वीकृति', पृ. १२०)

जन्मभूमिका लागि आफ्नो प्राणको आहुति दिनु भनेको राष्ट्र प्रेमको एउटा उल्लेखनीय पक्ष हो। यही भावले राष्ट्र तथा जन्मभूमिप्रतिको प्रेम यहाँ अभिव्यक्त हुन गएको छ।

हत्या र हिंसाले ल्याउने तनावपूर्ण अवस्थामा देश समृद्ध बन्न सक्दैन। कविले आफ्नो राष्ट्रको दुर्दशा बताएर शान्ति र समृद्धिको आवश्यकताबोध गराएका छन्। उनको राष्ट्र प्रेमको भावना यसरी व्यक्त भएको पाइन्छ-

*मेरो वरिपरि अन्धकार छ*
*उकुसमुकुस वातावरण छ सर्वत्र फैलिएको*
*बारुद, बम र रगतको मसीले*
*मेरो राष्ट्रको मानचित्र छ कोरिएको।*

('राष्ट्रियताको आकाश', पृ. २७)

### ३.३.३ अस्तित्ववादी

बीसौँ शताब्दीको प्रारम्भमा उदय भएको अस्तित्ववादी धारणाका प्रर्वतक डेनमार्कका किर्केगार्दलाई मानिन्छ। विद्वान्हरूका मतअनुसार युरोपमा पहिलो विश्वयुद्धपछि परम्परागत नैतिक-धार्मिक मूल्यहरूको अवमूल्यनले सिर्जित अस्तव्यस्ततापूर्ण परिवेशमा अस्तित्ववाद विकसित भएको बुझिन्छ। 'अस्तित्व'-

को सामान्य अर्थ कुनै वस्तुको हुनाको भाव अथवा विद्यामानता भए तापनि सिद्धान्तसूत्रको सन्दर्भमा अस्तित्ववादको दार्शनिक अर्थमा 'अस्तित्व'-ले चेतना सम्पन्न क्रियाशिलतालाई बुझाउँदछ।

अस्तित्ववादले मानिसको क्रियाशीलतालाई अधिक महत्त्व दिँदछ। तसर्थ मानिस आफू स्वयम्ले जे बनाउँछ त्यही बनिन्छ भन्ने अस्तित्ववादीहरूको विचार रहेको देखिन्छ। मानिसले आफ्नो इच्छाअनुसार स्वतन्त्रतापूर्वक निर्णय लिन सक्दछन्। यसमा मानिसको सत्ता मुख्य रहेको बुझिन्छ। अस्तित्ववादी चेतना कवि पवन चामलिङका कवितामा पाइने अर्को विशेषता हो। अस्तित्ववादीहरूले मानिसको भाग्य निर्माता मानिस स्वयम् हुनुपर्छ भन्ने मान्यतालाई अघि सारेका छन्। कवि चामलिङद्वारा व्यक्त भावले आफ्नो अस्तित्व निर्माणका निम्ति मानिस स्वयम् कर्त्तव्यपरायण बन्न आवश्यक रहेको बोध गराएका छन्-

*ए मान्छे! किन भन्छौ ?*
*अलिकति कर्त्तव्य गर्दै*
*गलिसकेँ, थाकिसकेँ*
*जबकि कर्त्तव्यभित्र नै छ*
*तिम्रो अस्तित्वको पहिचान*
*किनकि साँचो कर्त्तव्यले नै*
*गर्नेछ तिम्रो अस्तित्व निर्माण।*

('मान्छे अनि कर्त्तव्य', पृ. २७)

मानिसको अस्तित्वमा जातीय अस्तित्व पनि जोडिएको हुन्छ। जातीय अस्तित्वले सबै जात-जातिका चिह्नारी सुरक्षित र सम्मानित हुन्छ भन्ने विचारलाई कवि चामलिङले आफ्ना कवितामा अभिव्यक्त गरेका छन्। उनले भारतमा नेपाली जातिको अस्तित्व र चिह्नारीमाथि सधैँ प्रश्नचिन्ह खडा भएको चिन्ताजनक अवस्थालाई कवितामा उठाएका छन्। देशमा भएको राष्ट्रिय अस्तित्व सङ्कटप्रति व्यक्त कविको यस भावले अस्तित्ववादी चेतनालाई प्रकट गर्दछ-

*अरूले संसार सजाउँदा-सजाउँदै*

*यसैले आज*

*हाम्रो अस्तित्वका हिमालहरू*

*'बहादुर' र 'कान्छा' बनेर बिलाएको छ।*

('आफ्नो निम्ति सोच्दा', पृ. ११०)

देशमा अनेकौँ नागरिकहरूले राष्ट्रिय चिह्नारीको सङ्कटलाई झेलिरहेका छन्। कतिपय नागरिकहरू राष्ट्रिय चिह्नारी प्राप्त गर्न नसक्दा हतोत्साही बन्ने गर्छन्। आफ्नै देशमा राष्ट्रिय चिन्हारी सङ्कटमा परेका नागरिकहरूको अस्तित्वलाई कविले आफ्ना कवितामा यसरी दर्साएका छन्-

*यही मानचित्र हेर्दै*

*यसैभित्र आफ्नो राष्ट्रियता खोज्दै*

*गलेर, थाकेर, लखतरान भएर*

*झोक्रिरहेछन् मेरो देशका मान्छेहरू*

*आफैँभित्र राष्ट्रियतालाई कैद गरेर।*

('राष्ट्रियताको आकाश', पृ. २७)

कवि चामलिङले आफ्ना कवितामा स्वअस्तित्वको उठान गरेको पाइन्छ। मानिसको बचाइको बलियो आधार नै स्वअस्तित्व हो। कवि त्यही अस्तित्वलाई भविष्यसम्म बचाउने पक्षमा आफ्नो दृढ विचार यसरी प्रकट गर्दछन्-

*यसैले*

*आफैलाई खोज्दैछु म*

*समयका आँखाले चियाएर*

*भविष्यको संसारमा*

*आफैलाई बाँच्दैछु म*

*उभिएर धरातलमाथि कायामा*

*भोलिको मान्छेको मायामा।*

('मलाई चिन्दैनौं', पृ. ३६)

यही कवितामा कवि आफूलाई बचाएर मानव अस्तित्व प्रत्येक कालमा बाँचेको हेर्न चाहन्छन्। उनी वर्तमानदेखि भविष्यसम्म मानव अस्तित्व कायम रहने विषयमा विश्वस्त छन्-

*भविष्यको संसारमा*

*आफै बाँच्दैछु म*

*उभिएर धरातलमाथि कायामा*

*भोलिका मान्छेको मायामा।*

(पृ. ३६)

युद्धले मानव संसारमा ध्वंस मात्र गरेको छ। युद्धले मानिसमा आतङ्क, भय र संत्रासमात्र फैलाउँदछ। कविका मतमा युद्ध मानव अस्तित्वलाई ध्वस्त पार्न सक्ने कारक तत्त्व हो। तसर्थ मानव अस्तित्वको रक्षाका निम्ति युद्धहरू बहिष्कार गर्नु पर्ने कविले आग्रह रहेको देखिन्छ-

*मानव संहारमा लागेका दानवहरू*

*हार र जीतको दाउमा अन्धा भएर*

*बम, गोला, बारुद र मिसाइलको प्रहार गरेर*

*मान्छे मात्रको वर्तमान र भविष्यलाई*

*मान्छेको विपना र सपनालाई*

*मान्छेको शाश्चत रूपलाई र अस्तित्वलाई नै*

*यी यसरी ध्वंस पार्नलागेका छन्।*

('युद्ध', पृ. २४)

उनका कवितामा अभिव्यक्त अस्तित्ववादी दृष्टिको अर्को उदाहरण यहाँ प्रस्तुत गर्न सकिन्छ-

*म केही हुँ र पनि केही होइन*

*मेरो अस्तित्व*

*मान्छेको जन्म र मृत्युको बीचको*

*दुःखमय एउटा सानो यात्राभन्दा*

*परतिर केही होइन।*

('क्रुसिफाइड प्रश्नहरू', पृ. ५०)

## ३.३.४ वर्गीय चेतना

सामाजिक संरचनामा वर्गीय वैभिन्यता रहेको हुन्छ। एउटै वर्गले मात्र समाज निर्मित हुँदैन। वर्गरहित समाजको परिकल्पना अनेकौँ चिन्तक तथा विद्वान्हरूले गरे तापनि यो आजसम्म सम्भव भएको छैन। हरेक समाजमा निम्नवर्गीय समाज हुन्छ, जसको आर्थिक अवस्था सोचनीय र दयनीय रहेको हुन्छ। कविले आफ्ना कवितामा समाजमा रहेको अवहेलित र शोषित निम्नवर्गको पक्षमा प्रशस्त आवाज उठाएका छन्।

कवि चामलिङ निम्नवर्गप्रति धेरै संवेदनशील छन्। तिनीहरूको जीवन कठोर परिश्रम र मजदुरी गरेर मात्र निर्वाह हुन्छ। तिनीहरू परिश्रमी हुँदाहुँदै पनि समाजमा सम्पन्नवर्गबाट शोषित र अवहेलित बन्छन्। सङ्घर्षशील उनीहरू स्वयम्ले जीवनमा सुख, शान्ति र सम्पन्नता ल्याउनु पर्ने कविको विचार रहेको छ। उनले नयाँ वर्षलाई खुसी र सुखी जीवनको प्रतीक मानेका छन् र अरूबाट आशा नगरी आफैले नयाँ वर्ष ल्याउने प्रयास गर्नुपर्छ भन्छन्-

*कति युग बितिसके, कति सदी बितिसके*

*तर आएन हाम्रो नयाँ वर्ष*

*तिमी, म र हामीझैं*

*हतभागीका लागि त*

*हामीले नै ल्याउनु छ नयाँ वर्ष।*

('हाम्रो नयाँ वर्ष', पृ. १४)

'विपनाको गीत'कवितामा कविको प्रखर वर्गीय चेतना यस प्रकार रहेको पाइन्छ-

*ए किसान-मजदूर हो!*

*ए खटिखाने हली-कोदाले हो!*

*सुन है सुन चारैतिर*

*गुन है मनभरी*

*हामी कहाँ छौँ? के छौँ?*

*किन यसरी बेघर-बेजमीन छौँ?*

*किन मान्छेकै संसारमा भएर पनि*

*मान्छेको इज्जतमा हामीलाई लिइँदैन?*

(पृ. ९२ )

सोही कवितामा कवि निम्नवर्गका पक्षमा आवाज उठाउँदै यसो भन्छन्-

*हाम्रो-खून-पसिना पनि*

*यही मालिक-साहू अझै छ*

*हामी मात्र खटिन्छौं, हामी मात्र जोतिन्छौं*

*तर यसलाई सधैँ मज्जै-मज्जा छ*

*अझै हामी कति दिन यसरी बाँच्ने?*

*कि सबै मिलेर यसलाई मास्ने?*

*किनकि हामी पनि मान्छे हौं*

*मान्छेजस्तै बाँच्नु छ ।*

(पृ. ९३)

गरिबको मृत्युसमेत भोक र शोषणका कारणले हुने विडम्बनामाथि कवि तीखो प्रहार गर्छन्-

*गरिब मर्छ*

*भोकले*

*रोगले*

*शोषणले*

*तर एकैपल्ट*

*मान्छेजस्तै*

*मान्छेको मृत्यु।*

('उदाहरण', पृ. १७)

यस कवितामा कविको वर्गीय चेतना सशक्त रूपमा अभिव्यक्त भएको छ।

कतिपय विसङ्गतिले गरिबको जीवन अत्यन्त पीडामय रहेको देखिन्छ। आर्थिक विपन्नताका कारण उनीहरू धनीवर्गद्वारा शोषित बन्न बाध्य हुन्छन्। शोषकवर्गमा जहिल्यै पनि गरिब तथा निमुखालाई शोषण गर्ने प्रवृत्ति हुन्छ। पवन चामलिङले गरिब, किसान तथा सर्वहाराका छोरा-छोरीहरू भोक-भोकै जिउनु पर्ने चिन्ताजनक अवस्थाको विरोध गर्दै आवाज उठाएका छन्-

*नत्र...नत्र आज यी गाउँ-घरका झोपड़ीहरूमा*

*आएर हेर एकपल्ट*

*कि कसरी त्यहाँ ती गरिब किसानहरू*

*ती सर्वहाराका छोरा-छोरीहरू*

*भोक-भोकै रोइरहेछन्*

*भोक-भोकै सुस्ताइरहेछन्*

*गुँड़मा चारो पर्खेर बसेका बचेरा झैँ*

*करूण र दर्दनाक वातावरण जन्माएर।*

('भानुलाई सम्झेर', पृ. १०६)

कवि निम्नवर्गको सोचनीय अवस्थाप्रति धेरै चिन्तित छन्। अनेकौँ परिश्रम गरेर पनि गाँस र कपासको अभावले ग्रसित यी शोषित जनताको अधिकारको खोजीमा उनको काव्यात्मक अभिव्यक्तिको उद्देश्य बन्न गएको देखिन्छ। यसको एउटा दृष्टान्त-

*आँसु र खून-पसीनाको मोल*
*जगमा खोज्न म आएँ*
*भोका-नाङ्गा, जीर्ण जीवनको*
*अधिकार खोज्न म आएँ।*

('म आएँ', पृ. ३१)

देश निर्माणमा निम्नवर्गले दिएको बलिदान पनि त्यत्तिकै महत्त्वपूर्ण हुन्छ। उनीहरूको बलिदानको इतिहास कसैद्वारा लेखिएको छैन। तिनीहरू आफ्नै देशमा अस्तित्वविहीन बनेको पीडा र उनीहरूको इतिहास लेख्नुपर्ने आवश्यकतामाथि कविको विशेष आग्रह रहेको छ-

*देश निर्माणमा यी मान्छेको*
*बलिदानको इतिहास लेखेर साध्य छैन*
*यिनै मान्छेको यही देशमा तर*
*कहीँ सानो इतिहास र अस्तित्व किन छैन?*

('एकलकाँटे मान्छेहरू', पृ. १०३)

शोषणरहित समाज निर्माण कविको अभीप्सा हो। यसको निम्ति पवन चामलिङको कवि सधैँ अग्रसर रहेर आएको देखिन्छ-

*शोषित-पीडित, कुण्ठित जगमा*
*उन्मुक्तिको द्वार खोल्न आएँ*
*भोका नाङ्गा, जीर्ण जीवनको*
*अधिकार खोज्न म आएँ।*

('म आएँ', पृ. ३१)

### ३.३.५ क्रान्तिकारी स्वर

क्रान्तिकारी स्वर चामलिङका कवितामा पाइने अर्को विशेषता हो। क्रान्ति परिवर्तनको पर्याय हो। नयाँ युग चेतनाको अभिकाङ्क्षी चामलिङ आफ्नो कवितामा आडम्बरी ईश्वरद्वारा आवाद बस्तीमा परिवर्तन ल्याउन चाहन्छन्। यसको एउटा दृष्टान्त-

*यसैले*

*आउ...आउ...!*

*बृहत् मशाल बनेर*

*ईश्वरका यी जर्जर बस्तीहरूमा*

*आगो लगाउ !*

*आगो लगाउ !*

('आक्रोशको मोहरीबाट विप्लवका कुरा', पृ. ११५)

कवि चामलिङले आफ्नो कविताद्वारा क्रान्तिलाई ठुलो आयाम दिएका छन्। उदाहरणस्वरूप यहाँ अर्को कवितांश प्रस्तुत गर्न सकिन्छ-

*क्रान्ति त मान्छेको जन्मसिद्ध अधिकारबाट जन्मिनुपर्छ*

*क्रान्ति त किसान-मजदूरको चिसो-चुल्हाबाट जन्मिनुपर्छ*

*क्रान्ति त खेतका आली र बारीका कान्लाबाट उम्रिनुपर्छ*

*किनकि क्रान्तिको जन्म नै वास्तवमा मान्छेको महाजन्म हो।*

('महाजन्म', पृ. ९७)

कविले चाहेको क्रान्तिमा मानव हितको कुरा समावेश छ। उनी क्रान्तिद्वारा अन्धकारलाई हटाउन अग्रसर देखिन्छन्। यसैले उनी स्वयम् अन्धकारका विरोधमा लड्ने योद्धा बन्न चाहन्छन्। उनले आग्रह गरेको यो क्रान्ति उज्यालो प्रकाश ल्याउने महाअभियानमा छ।

*युद्धभूमिको योद्धा म*

*हृदयको धरतीभरि*

*एक हूल उज्यालो प्रकाशको पल्टन*

*विचारको आकाश भएर आउँदैछ मसँग*

*अन्धकारको विरोधमा अन्तिम युद्ध लड्न।*

('म योद्धा युद्धको', पृ. २१)

अन्यायको विरोधमा आफू स्वयम् लड्न तयार बनेको कवि आफ्नो परिचय यसरी दिन्छन्-

*अन्यायको विरोधमा जुझिहाल्ने*

*सत्यको लागि उत्सर्गीत हुने म*

*अधिकार बचाऔँ मान्छेको भन्ने*

*सबै भएर हाँसौँ भन्ने म।*

('यस संसारमा म', पृ. ५१)

मानवीय समाजमा सबै वर्गका मानिसहरू हुन्छन्। समाजमा हुने अन्याय र अत्याचारको विरोधमा आवाज उठाउन नसक्ने निमुखावर्ग पनि हुन्छन्। यसैले उनले त्यस्ता निमुखावर्गलाई 'बोनसाई' भनेका छन्। निमुखावर्ग माया र दयाको भरमा बोनसाईसरह बन्न बाध्य हुन्छन्। यही प्रसङ्गलाई उठाउँदै कविले अत्याचार विरूद्ध यसरी व्यङ्ग्य गरेका छन्-

*माया र दया थापेर*

*धेरै-धेरै युगहरू*

*बोन्साई'-जस्तै बाँचेर*

*जीवन बिताउने हामी*

*अत्याचार सहनसक्ने वीर हामी।*

('हाम्रो नयाँ वर्ष', पृ. १४)

## ३.३.६ राजनीतिक चेतना

मानव जीवन र समाज विकासमा राजनीति एउटा महत्त्वपूर्ण विषय रहेको हुन्छ। समाज परिवर्तनमा राजनीतिको भूमिका अधिक रहेको पाइन्छ। राजनीतिले व्यक्तिको अधिकार र हकलाई सुरक्षा दिँदछ। "देशको राजनीतिले नै सामाजिक, नैतिक, आर्थिक र सांस्कृतिक स्थितिहरूलाई दर्शाउँदछ। देशको राजनीतिद्वारा देशको उत्थान-पतन, भूत-वर्तमान र भविष्यमा हुने स्थितिहरूको अनुभव र अनुमान गर्न सकिन्छ।"[६३] यसैले यो दिगो र स्थायी रूपमा परिचालन हुन सके मात्र कुनै पनि देशको विकास सम्भव हुन्छ भन्ने विद्वान्हरूको मत रहेको पाइन्छ। कवितामा राजनीतिक चेतना एउटा महत्त्वपूर्ण विशेषताको रूपमा प्रयोग भएको पाइन्छ।

कवि पवन चामलिङका कविताहरूमा पाइने अर्को विशेषता राजनीतिक चेतना पनि हो। उनले उठान गरेका राजनीतिक विषय मूल रूपले निमुखावर्गको मुक्ति र अधिकारका निम्ति हो। उनले नयाँ वर्षलाई असल व्यवस्था तथा शासनको प्रतीकका रूपमा प्रयोग गरेका छन्। असल शासनले मात्र सम्पूर्ण नागरिकहरूलाई सुखमय, शान्तिमय, स्वतन्त्र अधिकार पूर्ण तथा सुरक्षित बनाउन सक्छ। यसैले कवि नयाँ वर्षलाई असल शासनको प्रतीक मान्छन्-

*हाम्रो भाग्यको जगेडा*
*हाम्रो अधिकारको सुरक्षाको लागि*
*ल्याउनुपर्छ हामीले हाम्रो लागि नयाँ वर्ष*
*हाम्रो मुक्ति र अधिकारको नयाँ वर्ष*
*हाम्रो खुशी र स्वतन्त्रताको नयाँ वर्ष*
*आउँदैछ हामी भएर हाम्रो नयाँ वर्ष।*

('हाम्रो नयाँ वर्ष', पृ. १४)

---

[६३] सङ्गीता, सन् २००८, *समकालीन हिंदी कविता में राजनीतिक चेतना (सन् २००१ से २०१५ तक)*, हरियाणा महर्षी दयानन्द विश्वविद्यालयअन्तर्गत हिन्दी विभागमा विद्यावारिधि प्राप्त गर्न बुझाइएको शोधप्रबन्ध, पृ.४

कविले आफ्ना कवितामा राजनीतिक घटनाक्रमलाई प्रस्तुत गरेका छन्। नागरिकहरूले आफ्नो माग कुनै पनि सरकारसँग स्वतन्त्रतापूर्वक राख्न पाउने अधिकार प्राप्त गरेका हुन्छन्। ती मागहरू पूर्ण नहुँदा तिनीहरूले लोकतान्त्रिक ढङ्गमा जुलुस, हड्ताल आदिको आयोजना गर्न स्वतन्त्र छन्। लोकतान्त्रिक देशमा यस्तो राजनीतिक गतिविधि भइरहेको पाइन्छ। निम्न कवितांशले त्यसैको पुष्टि गर्दछ-

*अस्तव्यस्त मान्छेका बस्तीहरू*

*त्रस्त-त्रस्त मान्छेका हूलहरू भएर*

*माँग, जुलूस, हडताल, क्रान्ति, सत्याग्रहको नाम बोकेर*

*पोस्टर, नारा, अश्रुग्यास, गोली-बारुद छातीभरि टालेर*

*सपनाको गर्भभित्रको उकुसमुकुसिएको जिन्दगी भएर*

*जन्मनै नपाइको यो सपनाको गर्भ*

*कति-कति शताब्दिदेखि 'क्यू'-मा पालो पर्खेर।*

('सपनाको गर्भ', पृ. २८)

कविले राजनीतिबाट सिर्जित हुने विभिन्न अवस्थाहरूदेखि साधारण जनता टाढा नरहने यथार्थलाई प्रकट गरेका छन्। हरेक मानिसको जीवनमा राजनीतिक घटनाले प्रभाव पार्दछ। यी सबै थोकलाई कवि चामलिङले धेरै नजिकबाट देखेका छन्, अनुभूत गरेका छन्। जस्तै-

*सधैँ हल्ला बोकेर*

*यी गाँउ, शहर र देशका मानिसहरू*

*आन्दोलन, जुलूस, हडताल भएर*

*भाषण, नारा, पार्टी भएर*

*ठुला-ठुला मागँका पोस्टरहरू र क्रान्ति*

*ढुङ्गा, भित्ता, रूखतिर टालेर*

*उफ्रिन्छन् नाच्छन् खुशी हुन्छन्।*

('मेरो देश, पृ. ३६)

यस्ता गतिविधिहरू लोकतान्त्रिक व्यवस्थाभित्रका राजनीतिक चेतनाका सङ्केत हुन्।

मानव जीवनलाई राजनीतिले प्रभाव पारेकै हुन्छ। सिङ्गो व्यक्ति, समाज र देशको सर्वाङ्गीण विकासमा राजनीतिको भूमिका महत्त्वपूर्ण हुन्छ। देश तथा राज्य सञ्चालनका निम्ति जनताले जनप्रतिनिधिलाई सत्तामा पुऱ्याउँछ। आफ्नो प्रतिबद्धता पुरा नगर्ने जनप्रतिनिधिलाई राजनीतिक चेतना भएका जनताले यसरी प्रतिकार गर्न सक्छन् भन्ने पुष्टि निम्न कवितामा व्यक्त गरिएको छ-

*खै त! यी निर्देशन र योजनाहरूमा*
*मान्छेका बाँच्ने अधिकार र स्वाभिमानका सुरक्षाहरू*
*खै त! यी जुलूस, नारा र क्रान्तिका लहरहरूमा*
*सम्पूर्ण जीवन-आयतनका कुराहरू*
*खै त! बस्तीका झोपडीहरूमा*
*समाज व्ययवस्थाका स्वच्छ उपलब्धिहरू*
*र अब त मलाई लाग्छ*
*यी योजनाका कुराहरू*
*यी क्रान्ति, जुलूसका आवाजहरू*
*स्वार्थी मान्छेका प्रलोभन मात्र हुन्।*

('आरम्भ नयाँ बाटोको', पृ. ५९ )

कवि चामलिङ आफ्नो जन्मथलो सिक्किममा प्रतिदिन बढ्दै गइरहेको बेरोजगारी समस्याले चिन्तित र व्यथित देखिन्छन्। राजनीतिलाई आफ्नो खेलमैदान ठान्ने तर जनताको समस्यासित कुनै सरोकार नराख्ने आडम्बरी राजनीतिज्ञउपर कठोर व्यङ्ग्य गर्दै आफ्नो ठाउँको यथार्थ चित्रण यसरी गर्छन्-

*थाकेको शरीर र*
*मरेका विश्वासहरू बोकेर*
*मन्त्री र सचिवको कार्यलय चाहार्दै दिनभर*
*आश्वासनले हैरान भएको बेकारीको*

*फाटेको जुत्ताको नगर*

*यो गान्तोक शहर।*

('गान्तोक एक पोट्रेट', पृ. ६२)

राजनीतिमा सत्ता सबैभन्दा प्रमुख विषय हो। सत्ता प्राप्तिको लक्ष्य हरेक राजनीतिक दलले लिएको हुन्छ। सत्ता प्राप्तिका निम्ति जनतालाई विभिन्न प्रकारका प्रलोभन, वाचा र वचन दिएका हुन्छन्। कुनै पनि राजनीतिक दल चुनाउ जितेपछि सत्ता प्राप्त गरेर शक्तिशाली बन्दछ। सत्ता शक्तिले अघिल्ला वाचा र वचनहरू भुलेको त्यही प्रवृत्तिमाथि कवि चामलिङ व्यङ्ग्य गर्छन्-

*मलाई पाप र धर्मको वास्ता छैन*

*मलाई राम र रावणमा भिन्नता छैन*

*मलाई न्याय र अन्यायसँग मतलब छैन*

*किनकि म सर्वशक्तिमान सत्ता हुँ।*

('सत्ता', पृ. ४८)

## ३.४ कवि पवन चामलिङ'किरण'-का कवितामा भाषा प्रयोग

भाषा अभिव्यक्तिको प्रमुख माध्यम हो। यसलाई विचार आदान प्रदानको माध्यम पनि भनिन्छ। मानिसले यसको प्रयोग दैनिक रूपमा गर्दछ। दैनन्दिन जीवनमा बोल्ने सामान्य भाषाभन्दा काव्यभाषा विशिष्ट हुन्छ। "कविता विशिष्ट शब्द र शब्दावलीयुक्त पङ्क्ति तथा पङ्क्तिपुञ्जमा उत्तरोत्तर विकसित गरिने कलात्मक अभिव्यक्ति हो। काव्य भाषामा कलात्मकता, लयात्मकता, रागात्मकताजस्ता विशिष्ट अभिलक्षण हुन्छन्। कविताको भाषा अभिधेयार्थभन्दा अधिक व्यञ्जनात्मक, सङ्केतात्मक र प्रतीकात्मक हुन्छ।"[६४] कविद्वारा प्रयुक्त भाषाले कवितालाई धेरै सम्प्रेषणीय र बोधगम्य तुल्याउँछ।

सरल, सहज र शिष्ट भाषाको प्रयोग कवि चामलिङका कविताहरूको प्रमुख विशेषता हो। उनका कविता सरल र सहज भाषा प्रयोगले पाठकहरूका निम्ति पठनीय बनेको पाइन्छ। उनले अभिजात्यपूर्ण

[६४] शर्मा, मोहनराज, लुइटेल, खगेन्द्रप्रसाद, वि सं २०६०, *आधुनिक भाषाविज्ञान*, काठमाडौँ: विद्यार्थी पुस्तक भण्डार, पृ.१०७

शब्दजाल, भावचित्र्य र शैलीविलक्षणताद्वारा साधारण पाठकहरूलाई अल्मल्याउने काम गरेका छैनन्। उनमा काव्यगत दुरुहता पाइँदैन। उनले आफ्नो अनुभूतिलाई सधैँ सुस्पष्ट अभिव्यक्ति दिने प्रयास गरेका छन्। यसैले कवितामा कविको विचार धाराप्रवाह रूपमा अघि बढेको पाइन्छ-

*यो युगमा अनगन्ती-अनगन्ती मान्छेहरू आएका छन्*
*ठुला-साना, गरिब-धनी, राम्रा नराम्राको संज्ञा बोकेर*
*खाल-खालका धर्म रङ्ग-बिरङ्गी झण्डा बोकेर*
*आफ्नो-आफ्नो चिहान चौतारा बोकेर*
*आफ्नो-आफ्नो देश-विदेश र संसार लिएर*
*आफ्नो-आफ्नो भाषा, बोली, भेष-भूषा लिएर*
*सिमाना-साँध, आफ्नो-आफ्नो बाँध लिएर*
*आएका मान्छेहरू*
*समस्याको महासागरमा डुबेका छन्*
*कुव्यवस्था र कुसंस्कारले पिल्सिएका छन्।*

('संसारदेखि फालौं', पृ. १२६)

चामलिङका कविताहरू सहज, लयात्मक र सङ्गीतात्मक भएकाले बोधगम्य बन्न पुगेका छन्। उनका कवितामा खुबै सुन्दर ढङ्गले लोकोक्तिको प्रयोग भएको हुन्छ। लोकमा चलेको उक्ति अथवा भनाइलाई लोकोक्ति भनिन्छ। विचारको अभिव्यक्ति व्याख्यात्मक नभएर सङ्केतात्मक रूपमा व्यक्त गर्नका लागि कविहरू लोकोक्तिको प्रयोग गर्दछन्। निम्न कवितांशमा लोकोक्ति प्रयोगको एउटा नमुना यसरी यसरी आएको छ-

*चिसेनीमा मैले त आगो बाल्नु परेको छ*
*बलेको आगो त लाटोले पनि ताप्छ।*

('लाटो बोल्छ', पृ. १६)

शब्द योजना भाषाको अर्को महत्त्वपूर्ण पक्ष हो। शब्द प्रयोगद्वारा कविले आफ्ना अनुभूतिलाई अभिव्यक्त गर्दछन्। कविको कल्पना, अनुभूति र विचार शब्दमा रूपान्तरण हुँदा त्यो लोकको हुँदछ। कवि चामलिङका कवितामा विभिन्न स्रोतबाट आएका शब्दहरूको प्रयोग भएको पाइन्छ-

### (क) संस्कृत तत्सम शब्द

'अमर', 'मृत्यु', 'युद्ध', 'सेना', 'वीर', 'सन्तति', 'सुरक्षा', 'स्वतन्त्रता', 'मुक्ति', 'अस्तित्व', 'विश्व', 'शब्द', 'पल', 'क्षण', 'व्यापक', 'नयन', 'स्पर्श', 'साक्षी', 'शोषण', 'शासक', 'सृष्टि', 'श्रेष्ठ', 'सूर्य', 'दानव', 'रक्षा', 'स्वार्थी', 'प्राणी', 'दुष्ट', 'मर्म', 'कर्म', 'समपर्ण', 'शूल', 'अमृत', 'धर्म', 'विष', 'वायु', 'प्रबल', 'सूर्य', 'शीत', 'चन्द्र', 'सामर्थ्य', 'भूमि', 'गर्भ', 'क्रान्ति', ' सत्याग्रह', 'शताब्दी', 'नित्य', 'चिता', ' अश्रु', 'आशा', 'अभिलाषा', 'रोम', 'शान्त', 'सत्कर्म', 'मानव', 'परोपकार', 'पुर्खा', 'किरण', 'स्वर्ग', 'समतल', 'निर्माण', 'बन्धन', 'नीच', 'प्रेम', 'हिंसा', 'ईर्ष्या', 'नीलाम्बर', 'भाषण', 'पश्चताप', 'व्यवस्था', 'अत्याचार', 'आह्वान', 'बाध्यता', 'नीलकण्ठ', 'आकाश', 'निराकार', 'शून्यता', 'उदाउनु', 'शुष्कता', 'मरुभूमि', 'शरद', 'विवेक', 'वक्षस्थल', 'कलङ्क', 'निष्कर्ष', 'सम्पूर्णता', 'शक्ति', 'घमण्ड', 'निस्तेज', 'सुन्दर', 'पुष्प', 'सुशोभित', 'वेश्या', 'मातृत्व', 'विचित्र', 'वेदना', 'व्यथा', 'ममता', 'नदी', 'धनी', 'भेदभाव', 'मृत्यु', 'भूतल', 'शुभ्र', 'उष्ण', 'प्रकृति', 'अङ्ग', 'कमल', 'परिभाषा', 'सफलता', 'सत्य', 'पृथ्वी', 'युग', 'स्वार्थ', 'चन्द्रमा', 'कलङ्कित', 'पवित्रता', 'प्रहार', 'आकार', 'लोभ', 'कष्ट', 'सागर', 'भयावह', 'अन्त्य', 'उन्माद', 'वृहत्', 'तरङ्ग', 'ब्रह्माण्ड', 'समाहित', 'आत्मसात्', 'विस्तृति', 'माया', 'निश्चल', 'ज्योति', 'भावना', 'ढोल', 'शिष्य', 'पाताल', 'अग्निज्वाला', 'नारी', 'ध्येय', 'दुर्दशा', 'हली','मज्जा', 'प्राणी', 'चित्कार', 'अस्ति', 'उन्नति', 'प्रगति', 'मर्यादा', 'रेखा', 'जङ्गल', 'हत्या', 'दानव', 'परिणत', 'विचार', 'भरोसा', 'व्यक्तित्व', 'निर्बल', 'दरिद्रता', 'विदेशी', 'निर्माण', 'बल', 'अर्द्धाङ्गिनी', 'विभीषिका', 'भीषण', 'रोग', 'तथाकथित', 'प्रवास', 'क्षितिज', 'अभिशप्त', 'मुरली', 'भविष्य', 'निष्पक्ष', 'वर्ण', 'कुव्यवस्था', 'अन्याय', 'कुसंस्कार', 'संस्कृति', 'अपच', 'प्रीत', 'जनता', 'विस्फोट', 'खण्डहर', 'बहिष्कार', 'आगन्तुक', 'तन्तु', 'रक्तरञ्जित', 'सत्ता','घन', 'विप्लव', 'प्रचण्ड', 'अभीप्सा', 'प्रतीक्षा', 'अतृप्त', 'कामुक', 'वासना' आदि।

### (ख) तद्भव शब्द

'चिसेनी', 'लाटो', 'कुतकुती', 'झ्याम्पल', 'मार्तोल', 'पेला', 'छोरा', 'हम्मे', 'रगत', 'मान्छे', 'पत्थर', 'अन्धकार', 'उज्यालो', 'पिउनु', 'भल', 'पहिरो', 'थर', 'सिमाना', 'घुम्टो', 'आयतन', 'पसीना', 'आँसु', 'काँडा', 'फूल', 'बिलाउनु', 'मुटु', 'आमा', 'भाला', 'पानी', 'भाका', 'काँचुली', 'पाखा', 'हामी', 'रगत', 'आँगन', 'जल्नु', 'सानो', 'जिउनु', 'हिमाल', 'रात', 'पतझर', 'मन', 'तन', 'शरद', 'पहाड', 'चट्टान', 'ठक्कर', 'आज', 'झार', 'पात', 'पहरा', 'नाला', 'भाइ', 'घायल', 'सलेदो', 'खरानी', 'अँगालो', 'भल', 'बत्ती', 'चपरी', 'माटो', 'पट्टी', 'पट्पटी', 'झार', 'अल्याङटल्याङ', 'बास', 'किसान', 'कोदाली', 'भात', 'लाख', 'सयल', 'लुट्नु', 'साहू', 'हिजो', 'घुम्टो', 'औँसी', 'हरियो', 'दीयो', 'बद्ला', 'दूध', 'खाल्डा', 'तागत', 'झोपडी', 'उजाड', 'साझा', 'हड्डी', 'मासु', 'झण्डा', 'भोक', 'पैसा', 'आसन', 'नर्क', 'छत्तीस', 'खाल', 'हार', 'जीत', 'लुगा', 'रुघा', 'ज्वरो', 'प्यासी', 'दाउ', 'गोला', 'लखतरान', 'नसा', 'पत्थर', 'आरन', 'मर्जी', 'चोइटा', 'खेत', 'बूँद', 'झोपडी', 'गल्ली', 'पन्ना', 'बिरालो', 'न्वागी', 'नाप', 'निस्लोट' , 'चपरासी', 'चुरा', 'सिँदुर', 'नेल', 'बुढो', 'ओठ', 'छोरा', 'स्याबास', 'कान', 'नाक', 'हात', 'अन्धा', 'फाँसी', 'ख्योउटो', 'गोठ', 'पौरी' आदि।

### (ग) लोक भाषाका शब्द

'ठुस्किनु', 'ढ्याङ्ग्रो', 'झाँक्री', 'कान्छा', 'जाँतो', 'नाम्ले', 'बहादुर', 'हेम्बारी', 'दाप' आदि।

### (घ) नेवारी शब्द

'खोला' र 'बुंख्याचा' आदि।

### (ङ) अरबेली र फारसेली शब्द

'सदी', 'बाग', 'खातिर', 'दुनियाँ', 'जाल', 'गरिब', 'गुनासो', 'फिक्री', 'इज्जत', 'मालिक', 'मतलब', 'महल', 'दौलत', 'कब्ज', 'तूफान', 'तलब', 'बन्दुक', 'खसी', 'जवान', 'जिन्दगी', 'दवाई', 'जीवन', 'खून', 'बेहाल', 'दिल','हजार', 'गुलाफ', 'आवाज', 'चश्मा', 'अफसोस्',

'मजदुर', 'मुर्दा', 'किनार', 'आबरु', 'शहर', 'जागिर', 'कागज', 'दर्द', 'सिपाही', 'रूख', 'लगाम' आदि।

### (च) अङ्ग्रेजी शब्द

'ब्लास्टिङ', 'पोस्टर', 'क्यू', 'पार्टी', 'एपोलो', 'ल्यूना', 'फोसिल', 'बम', 'मिसाइल', 'सेल', 'स्काइलार्क', 'क्रुसिफाइड', 'मेड इन', 'सो-केश', 'ब्ल्याक-होल, 'फूटपाथ', 'साइरन', 'रम', 'बुट','एटम', 'न्यूटन', 'जेल', 'क्रेटर', 'हार्ट एटेक', 'युक्लिप्टस', 'केप्ट', 'हाइट्रोजन' आदि।

### (छ) स्थाननाम शब्द

'टिस्टा', 'रङ्गीत', 'टेण्डोङ', 'मैनाम', 'गान्तोक' आदि।

### (ज) लोकतान्त्रिक शब्द

'सुरक्षा', 'स्वतन्त्रता', 'जुलुस', हड्ताल, जनता, शासन, अधिकार, सत्ता, चुनाउ, समानता आदि।

## ३.५ निष्कर्ष

आधुनिक भारतीय नेपाली कविताको विकासमा पवन चामलिङ 'किरण'-को बलियो उपस्थिति रहेको देखिन्छ। साधारण परिवारमा जन्मिएका चामलिङले सङ्घर्षरत जीवन, समाज, गरिबी, अभावलाई अनुभूत गर्दै राजनीति र कविता लेखनलाई आफ्नो जीवनका अभिन्न क्षेत्र बनाएको थाहा लाग्दछ। सामाजिक यथार्थवाद, स्वच्छन्दतावाद, अस्तित्ववादी, वर्गीय चेतना, क्रान्तिकारी स्वर, राजनीतिक चेतना आदि उनका कविताका विशेषताहरू हुन्। उनी समाजिक यथार्थवादी विचारअन्तर्गत समाजलाई सही मार्गदर्शन गराउन प्रतिबद्ध रहेका छन्। उनी अन्धविश्वास र अज्ञानताबाट पाठकलाई टाडा राख्न चाहन्छन्। उनका दृष्टिमा ज्ञानको धैरै महत्त्व छ। स्वच्छन्दतावादी प्रवृत्तिअन्तर्गत चामलिङले मानवतावाद, प्रकृति प्रेम र देश प्रेमको भावलाई प्राथमिकताका साथ प्रयोग गरेका छन्।

मानिसको अस्तित्वको महत्त्वलाई अघि सार्दै समाजका निम्नवर्गका पक्षमा चामलिङले धेरै कविताहरू लेखेका छन्। यसअतिरिक्त चामलिङको कवितामा मानवधर्म र मानवताप्रतिको विचारलाई प्रमुखतासित प्रस्तुत गरिएको देखिन्छ। लोकतान्त्रिक स्वरले स्वतन्त्रता, व्यक्ति अधिकार, न्यायसँगै समानता अनि जिम्मेवारीलाई प्रमुखता दिँदछ। चामलिङका कवितामा यी स्वरहरू पटक पटक प्रयोगमा आएका छन्।

*

# चौथो अध्याय

## ४. पवन चामलिङ 'किरण'-का कविताहरूमा निहित लोकतान्त्रिक स्वरको विश्लेषणात्मक अध्ययन

लोकतन्त्रलाई विश्वमा प्रचलित अन्यान्य प्रणालीझैँ महत्त्वपूर्ण मानिन्छ। लोकतन्त्र जनतासित सम्बद्ध एउटा सशक्त विचारधारा भएकाले यसमा जनताको कल्याण, हित र न्यायको पक्ष समेटिएको हुन्छ। यसमा जनताको अधिकार र स्वतन्त्रतालाई बढी महत्त्व प्रदान गरिएको हुन्छ। तसर्थ लोकतन्त्रलाई शासन प्रणालीको मात्र नभएर जीवन दर्शनका रूपमा पनि मान्यता दिएको पाइन्छ। राजनीतिक अवधारणाका रूपमा उत्पन्न विषय भए तापनि अहिले यसमा सामाजिक, आर्थिक र नैतिक मूल्यलाई पनि समावेश गरिएको पाइन्छ। विद्वान्हरूले लोकतन्त्रलाई जीवनको एउटा शैली अथवा सामाजिक दर्शन पनि मानेका छन्।

लोकतान्त्रिक विचारधाराबाट विश्वका अनेकौँ कविहरूझैँ भारतीय नेपाली कविहरू पनि धेरै प्रभावित भएको देखिन्छ। पवन चामलिङ 'किरण' लोकतान्त्रिक विचारधाराबाट सर्वाधिक रूपमा प्रभावित रहेका कवि हुन्। यिनको कवितामा लोकतान्त्रिक विचारधारा एउटा प्रमुख प्रवृत्तिको रूपमा प्रयोग भएको देखिन्छ। यसका निम्ति चामलिङका तिनवटा कविता सङ्ग्रहहरू *वीरको परिचय र अन्य प्रारम्भिक कविताहरू* (सन् सन् १९९६), *म को हुँ?* (सन् २००९) र *अन्तहीन सपना मेरो विपना* (सन् २०१०) -मा सङ्गृहीत कविताहरूमा ध्वनित लोकतान्त्रिक स्वरको विश्लेषण गरिएको छ। यस अध्यायमा लोकतान्त्रिक स्वरको विश्लेषण लोकतन्त्रका विशेषता र तत्त्वका आधारमा गरिएको छ।

### ४.१ लोकतन्त्रको विशेषताका आधारमा

### ४.१.१ व्यक्तिगत अधिकार

व्यक्तिगत अधिकार लोकतन्त्रको प्रमुख विशेषता हो। लोकतान्त्रिक मान्यताअनुसार कुनै पनि मानिसले आफ्नो जीवन कसैको हस्तक्षेप बिना खुसी र शान्तिपूर्वक निर्वाह गर्न पाउँदछ। सिङ्गो व्यक्तिको सार्वङ्गीन विकासका निम्ति व्यक्तिगत अधिकारलाई सदुपयोग गर्न आवश्यक मानिन्छ। मानव जीवन

अमूल्य छ। हरेक मानिसको जीवन शान्ति, खुसी र सुरक्षित हुनु नितान्त आवश्यक छ। लोकतान्त्रिक विचारधाराले कुनै पनि मानिसको जीवन शान्तिपूर्ण निर्वाह हुनुपर्छ भन्छ। यो उसको जन्मसिद्ध अधिकार हो।

लोकतान्त्रिक प्रणालीले जनताको व्यक्तिगत अधिकारअन्तर्गत आधारभूत आवश्यकता जस्तै गाँस, बास र कपास सुनिश्चित गर्दछ। कवि चामलिङले देशका नागरिकहरू आफ्नो व्यक्तिगत अधिकारको उपभोग गर्न नपाई मृत्यु हुने विडम्बनालाई कवितामा उतारेका छन्। देशमा लोकतान्त्रिक व्यवस्था हुँदाहुँदै पनि जनता आधारभूत आवश्यकताबाट वञ्चित बन्न पर्ने चिन्तनीय अवस्थालाई कवितामा कवि यसरी प्रस्तुत गर्छन्-

*यस देशको अनगन्ती मान्छे*
*लुगा किन्न नसकेर*
*जाडोले कक्रिएर मर्छन्*
*पुसको रातमा*
*र मान्छे त्यही मरिसकेको लाशलाई*
*बेह्रिदिएर कात्रो*
*पुऱ्याउँछ घाटमा।*

('उदाहरण', पृ. १८)

यस कवितामा कविले लोकतान्त्रिक व्यवस्थाको विफलतामाथि ठुलो कटाक्ष प्रहार गरेका छन्।

चामलिङ साधारण जनताको व्यक्तिगत अधिकार र न्यायप्रति सचेत लोकतन्त्रवादी कवि हुन्। उनले व्यक्तिगत अधिकार खोसिएर शोषित बनेका जनताका पक्षमा आफ्नो काव्यात्मक अभिव्यक्ति यसरी दिएका छन्-

*भोका-नाङ्गा कति छन् कति यहाँ*
*शोषित, पीडित, बढी उति छन्*

*अन्याय, अत्याचार भोगी बाँच्दछन्*

*अभागी जनता हरे! यहाँ जति छन्।*

('अभागी जनता', पृ. १९)

मानिसको व्यक्तिगत अधिकारमाथि मानिसले नै अतिक्रमण गर्नु सामाजिक विडम्बना हो। व्यक्तिगत अधिकारमाथि अतिक्रमण हुँदा कविको अन्तरमा वितृष्णाको भाव प्रकट भएको देखिन्छ। हरेक मानिसले शान्तिपूर्वक बाँच्न र बोल्न पाउनु पर्ने कुरामा कविले जोड दिएका छन्। उनको प्रस्तुत कवितामा व्यक्तिगत अधिकार हनन् भएको कुरालाई लक्ष्य गरिएको छ-

*त्यो मान्छेको गला*

*मान्छेले निमोठेको छ*

*उ पागल होइन*

*उसको मुटु मान्छेले चिमोटेको छ।*

('पागल', पृ. १७)

चामलिङ व्यक्तिगत अधिकारप्रति कति सजग र सचेत छन् भन्ने कुरा उनका यी दुई हरफबाट प्रस्ट रूपमा बुझ्न सकिन्छ-

*म सधैँ आफ्नो संसारमा*

*खुशीको सिंहासनमा मदमस्त छु।*

('म', पृ. १८)

खाद्य पदार्थ र औषधि-उपचार मानव जीवनलाई चाहिने अनिवार्य सामग्री हुन्। यी सामग्री ग्रहण गर्न पाए मात्र मानिसले शान्तिपूर्वक जीवन बाँच्न सक्छन्। यसै क्रममा कतिपय मानिसहरू व्यक्तिगत अधिकारदेखि वञ्चित देखिन्छन्। यस सम्बन्धमा आफ्नो असन्तुष्टि व्यक्त गर्दै व्यक्तिगत अधिकारको पक्षमा कवि बोल्छन्-

*विपनाको मरुभूमिमा*

*सपनाको फूलबारी सजेजस्तै*

*चन्द्रमा विजेता मान्छेको बस्ती पनि*

*भोकले मरेको एउटा लाश हो*

*जाडोले कक्रिएको एउटा व्यथा हो*

*दवाई किन्न नसकेर*

*बाँचेको रोगी मान्छेको जीवन हो।*

('आजको स्थिति', पृ. ४८)

शान्तिपूर्ण जीवन निर्वाह गर्नाका लागि मानिसलाई बासको आवश्यकता पर्दछ। तसर्थ सुखिलो बास पनि शान्तिपूर्ण जीवनको एउटा बलियो आधार हो। कविले मानिसको बास खोस्ने अन्यायी र अत्याचारीको कुकृत्यप्रति असन्तुष्टि व्यक्त गर्दै व्यक्तिगत अधिकार खोसिएको अवस्थालाई निम्न कवितांशमा यसरी दर्साएका छन्-

*एकपल्ट होइन*

*दुइपल्ट होइन*

*भइरहेछ बारम्बार*

*पुगेन यिनीहरूलाई*

*लुटेर पनि हाम्रो घर-बार।*

('तिम्रो-मेरो अभियान', पृ. ३८)

व्यक्तिगत अधिकार उपभोग गर्न असमर्थ बनेका नागिरकबारे कवि अझ भन्छन्-

*गाँस-बाससम्म लुटाएर*

*मान्छेका आकारमा बाँचिरहेका छन्*

*सास मात्रै फेरिरहेका छन्।*

('कविलाई सम्झेर', पृ. ९१)

दुःख, पीडा र कष्टपूर्ण अवस्थाहरूले मानिसको जीवनमा बाधा सिर्जना गर्दछ। मानिस जबसम्म दुःख र अभावबाट मुक्त हुँदैन तबसम्म उसले शान्ति अनि स्वतन्त्र जीवन बाँच्न सक्तैन। यसमा कवि भन्छन्-

*मानिसको जीवनमा धेरै रहेछ पीर*

*बाँचुञ्जेल सहनैपर्ने यस्ता अनेक पीर।*

('व्यथालु संसार', पृ. ५१)

व्यक्तिगत अधिकारबारे उल्लेखयोग्य काव्यात्मक अभिव्यक्ति-

*संगी हो!*

*हाम्रो साँचो जीवनको*

*जन्मोत्सव मनाउन*

*क्रान्तिका दीपहरू बालेर*

*मान्छेका अँध्यारा मनहरूमा*

*स्वतन्त्र र निष्पक्ष घाम लाग्नुपर्छ*

*स्वार्थको धरतीमा*

*वास्तविकताको आकाश खोज्नुपर्छ।*

('प्रवासको क्षितिजमुनि', पृ. १२३)

सुखमय जीवन बाँच्न नपाएका र व्यक्तिगत अधिकारबाट वञ्चित निम्नवर्गीय जीवनको चित्रण गर्ने कविताको एउटा उदाहरण यहाँ प्रस्तुत गर्न सकिन्छ-

*जिन्दगीभरि*

*कुलैन र सिन्कुना स्याहार्ने*

*बूढो थामी बाजे*

*रुघा-ज्वरोको दवाई किन्न नसकेर*

*अकालमै मर्नुपर्छ*

*मरिसकेर पनि*

*कुलैन र सिन्कुनामै मल भएर*

*त्यो थूललाई पनि*

*उसैमा समर्पित गर्नुपर्छ।*

('यहाँ हामी', पृ. १८ )

विश्व इतिहासमा हिरोसिमा र नागासाकीमा भएको मानव संहारको भीषण घटना अङ्कित छ। यस भयानक घटनाले अझै पनि मानवीय संवेदनालाई व्यथित पार्दछ। कविले मानव संहार भएको त्यो भीषण घटना फेरि दोहोरिएर मानिसहरूको हत्या हुनुहुँदैन भन्ने धारणा व्यक्त गरेका छन्। उनी युद्धको पक्षमा छैनन्। कवि नयाँ संसारको सिर्जना गरेर मानिसलाई भय र संत्रासबाट मुक्त बन्ने अनि स्वतन्त्रताको अधिकार उपभोग गर्ने सम्पन्न समाज बनाउन चाहन्छन्। युद्धको परिणामले भय, त्रास र वियोग लिएर आउँदछ। व्यक्तिगत अधिकारमाथि लेखिएको कविको निम्न कवितालाई सशक्त लोकतान्त्रिक स्वर भएको कवितामा मान्न सकिन्छ-

*युद्धको विभीषिकामा परेका मानिसहरू*

*ईश्वर-पुकार र प्रार्थनाका करुण आर्तनादहरू*

*निर्दोष मानिसका चकनाचूर सपनाहरू*

*विगत, वर्तमान र आगत*

*देशको आबरू, मर्यादा र अस्तित्वको नाममा*

*मानव संहारमा लागेका दानवहरू*

*हार र जीतको दाउमा अन्धा भएर*

*बम, गोला, बारुद र मिसाइलको प्रहार गरेर*

*मान्छे मात्रको वर्तमान र भविष्यलाई*

*मान्छेको विपना र सपनालाई*

*मान्छेको शाश्वत रूपलाई र अस्तित्वलाई नै*

*ध्वंस पार्नलागेका छन्।*

('युद्ध', पृ. २४)

मानिसले आफ्नो भाग्य र अधिकार आफ्नै क्रियाकलापको कारणले कठघरामा बन्द गरी पठाउँछन्। आफ्नै अमानवीय क्रियाकलापको कारण मानिसको वर्तमान, भविष्य अनि भाग्य र अधिकार धराशायी बन्न पुगेकोमा कवि त्रसित छन् । उनी अमानवीय क्रियाकलापको विरोध गर्दै मानिसको अधिकार बचाउन अग्रसर देखिन्छन्। जस्तै-

*मान्छेले वीभत्स हतियार उठाएर*

*संसारलाई त्राहि-त्राहि पारेको छ*

*मान्छेको पाँच अरब आबादीलाई*

*मान्छेको वर्तमान र भविष्यलाई*

*मान्छेको भाग्य र अधिकारलाई*

*आफू मात्र हुनुको दाउमा*

*मान्छेले जुवामा च्याँखे थापेको छ।*

('मनको साँध',पृ.९६)

डर, भय र संत्रास मानिसको जीवनका शान्ति, सुख र खुसीका ठुलो बाधक हुन्। लोकतान्त्रिक व्यवस्थाले व्यक्तिगत अधिकारको सुरक्षा गरिदिँदा पनि मानिसहरू एक आपसमा विच्छिन्न भएको पाइन्छ। मानिस मानिसको वैमनष्यताले व्यक्तिगत अधिकार हनन् हुने सत्यता कवितामा यसरी प्रकट गरिएको छ-

*मान्छे भएर आफुजस्तै*

*अर्को मान्छेसँग पनि डराएर*

*बाँच्नुपर्ने।*

('बाध्यता', पृ. ३९)

कविले मान्छेले मान्छेलाई मान्छे नमानेको, मान्छेलाई समान इज्जत नदिएको र मात्र पशुसमान व्यवहार गरेको विषयमा प्रश्न गर्दै मान्छेको बाँच्ने अधिकार नै नभएको प्रसङ्गलाई उठाएका छन्-

*किन यसरी बेघर-बेजमीन छौं?*
*किन मान्छेकै संसारमा भएर पनि*
*किन मान्छेको इज्जतमा हामीलाई लिँदैन?*
*किन हामी घोडा भएका छौं?*

('विपनाको गीत', पृ. ९२)

कवि चाहन्छन् सुख, शान्ति र उल्लासपूर्ण बास भएको देश। कारण उनी मानिसको व्यक्तिगत अधिकारका पक्षमा छन्। यसको एउटा उदाहरण-

*कहाँ होला त्यो देश*
*जहाँ हुन्छ सधैँ शान्तिको बास*
*आसपास मान्छ-मान्छेको मात्रै बास*
*सुख र शान्तिको उल्लास!*

('शान्तिहीन मान्छेका अन्तहीन कुरा', पृ. ४१)

व्यक्तिगत अधिकारको उपयोगिताले मानिसका जीवनको अभिवृद्धि र प्रगतिमा महत्त्वपूर्ण भूमिका खेल्दछ। 'जीवनको खेती' कवितामा व्यक्तिगत अधिकार हनन् भएको अवस्थालाई यसरी वर्णन गरिएको छ-

*यसैले लाग्छ, यो जीवन केही होइन*
*किनकि यो कतै बिराएको छ, कतै डराएको छ*
*कतै सडिएको छ, कतै कुँडिएको छ*

*कतै बिलाएको छ, कतै ओइलाएको छ*

*बारीका कान्ला-कान्ला र खेतका गराहरूमा*

*बाँझो धरतीको टुक्रा-टुक्रामा*

*यो कतै हराएको छ।*

(पृ. ५७)

## ४.१.२ जनसहभागिता

लोकतान्त्रिक पद्धतिमा अर्को महत्त्वपूर्ण विशेषता जनसहभागिता हो। नीति निर्धारण र निर्माण एवम् स्वशासित बन्ने प्रक्रियामा सहभागी बन्नु नै जनसहभागिता हो। चुनाउमा जनता र नागरिक सङ्गठनको भागीदारितालाई पनि जनसहभागिताको अर्को रूप मानिन्छ। यसले जनतालाई आफ्नो हित र कल्याणको पक्षमा स्वयम् निर्णायक बन्न प्रेरित गर्दछ। यसरी नै आफ्नो हक, हित, उन्नति र अधिकारका निम्ति जनतालाई सहभागी बन्न लोकतान्त्रिक पद्धतिले विशेष महत्त्व दिएको पाइन्छ।

कवि चामलिङले आफ्ना कविताहरूमा आफ्नो जीवन सम्पन्न र सुखी बनाउनका निम्ति जनमानसलाई स्वयम् नै सहभागी बन्ने सन्देश दिएका छन्। उनले मानिसलाई आफ्नो अधिकार, मुक्ति र भविष्य निर्माणका निम्ति स्वयम् सहभागी बन्न यसरी प्रेरित गरेका छन्-

*हाम्रो भाग्यको जगेडा*

*हाम्रो अधिकारको सुरक्षाको लागि*

*ल्याउनुपर्छ हामीले हाम्रो लागि नयाँ वर्ष*

*हाम्रो मुक्ति र अधिकारको नयाँ वर्ष*

*हाम्रो खुशी र स्वतन्त्रताको नयाँ वर्ष*

*आउँदैछ हामी भएर हाम्रो नयाँ वर्ष।*

('हाम्रो नयाँ वर्ष', पृ. १५)

उक्त कवितांशमा प्रयुक्त 'नयाँ वर्ष' पद उपलब्धिपूर्ण सम्पन्न अवस्थाको सङ्केतक हो।

लोकतान्त्रिक पद्धतिमा जनताको स्थान सर्वोच्च भएका हुनाले तिनीहरूको प्रगति र उन्नतिलाई अधिक महत्त्व दिइन्छ। तथापि यसका लागि सबै मानिसले सत्कर्म गर्न पनि आवश्यक रहन्छ भन्ने कविको आग्रह यहाँ उदाहरणीय देखिन्छ-

*हाँसी-हाँसी बाँचिदेऊ दुई दिन भए पनि*

*बाँचिरहोस् कर्म तिम्रो तिमी नरहे पनि।*

*शान्त अटल बनेर बाँच पहाड समान*

*सत्कर्म गर तब रहला तिम्रो नाम।*

(‘आह्वान’, पृ. ३०)

‘भोलिको प्रसङ्ग: म अनि मान्छे’कवितामा जनताको सहभागितालाई कवि अर्थपूर्ण बनाउन चाहन्छन्-

*हाम्रा सामूहिक हुँकारहरू विस्फोट गरेर*

*मानव मात्रको उन्मुक्ति खोज्नुपरेको छ*

*र पसीनाको मूल फुटाएर*

*पापका खाटाहरू पखाल्नुपरेको छ*

*एकताको प्रबलता जुटाएर यहाँ*

*‘आदमखोर’-का बोटहरू उखेल्नुपरेको छ।*

(पृ. ४५)

उनको अर्का कवितामा जनसहभागिताले यस धरतीलाई सुन्दर बनाउन सक्ने अपेक्षा राखेको पाइन्छ-

*‘एकता नै बल हो’ जप्दै*

*मानव अघि बढौं*

*नीलाम्बरका तारासरी नै*

*धरती यहाँ चम्काऔं।*

(‘पुकार’,पृ. ३५)

'सपनाको गर्भ' शीर्षक कवितामा जनताले आफ्नो हक, अधिकार र अवसरको खोजीमा सक्रियतापूर्वक सहभागिता जनाउने लोकतान्त्रिक व्यवस्थालाई सम्प्रेषणीय ढङ्गमा चित्रण गरेका छन्-

*म पनि यो शताब्दीमा आइपुगेको छु*
*अस्तव्यस्त मान्छेका बस्तीहरू भएर*
*त्रस्त-त्रस्त मान्छेका हुलबपू भएर*
*माँग, जुलूस, हड्ताल, क्रान्ति, सत्याग्रहको नाम बोकेर*
*पोस्टर, नारा, अश्रुग्यास, गोली-बारुद छातिभति टालेर।*

(पृ. २८)

जनसहभागिताको अर्को सबल उदाहरण निम्न कविता पङ्क्तिमा पाउन सकिन्छ-

*यी गाँउ, शहर र देशका मानिसहरू*
*आन्दोलन, जुलूस, हड्ताल भएर*
*ठुला-ठुला माँगका पोस्टरहरू र क्रान्ति*
*ढुङ्गा, भित्ता, रूखतिर टालेर*
*उफ्रिन्छन्/ नाच्छन्/ खुसी हुन्छन्।*

('मेरो देश', पृ. ३६)

चामलिङ आफ्ना काव्यात्मक अभिव्यक्तिहरूमा सामाजिक र वर्गीय असमानता, शोषण अनि दमनको विरोध गर्न जनसहभागिता आवश्यक रहेको कुरा गर्छन्-

*हाम्रो खून-पसीना चुसेर पनि*
*यही मालिक-साहू अझै छ*
*हामी मात्र खटिन्छौं, हामी मात्र जोतिन्छौं*
*तर यसलाई सधैँ मज्जै-मज्जा छ*
*अझै हामी कति दिन यसरी बाँच्ने?*

*कि सबै मिलेर यसलाई मास्ने?*

( 'विपनाको गीत', पृ. ९५)

** ** ** **

*शोषणलाई खरानी बनाई*

*गरीबीको बन्धन तोडी*

*प्रेमै-प्रेममा संसार सजाई*

*हिंसा-ईर्ष्या छोडी*

*सबले पसीना यहाँ बगाई*

*धरतीमा फूल फुलाऔं*

('पुकार', पृ. ३५)

जनसहभागिताको अर्को मुख्य घटक समानतापूर्ण मानव संसारको निर्माण हो । कवि पवन चामलिङ यही संसार निर्माणार्थ बढी प्रयासरत रहेको देखिन्छ। यसको एउटा दृष्टान्त-

*एउटा नयाँ संसार निर्माण गर्न*

*विचारको यही धरतीमाथि*

*चेतनाको यही धरतीमाथि*

*जहाँ सम्पूर्ण मान्छेका निम्ति*

*साझा सपना फुल्ने देश होस्*

*जहाँ सम्पूर्ण मान्छेको निम्ति*

*आकाशको छानामुनि एउटै घर होस्*

*यस्तै हाम्रो संसार निर्माण गर्न*

*आऊ साथा बैंसालु!*

( 'बैंसालु साथी', पृ. १०६)

लोकतान्त्रिक प्रणालीमा दिगो शासन व्यवस्थाले नागरिकहरूका जीवनलाई स्वनिर्भर बनाउन सक्षम हुन्छ। कवि उन्मुक्तिको नयाँ बाटो निर्माणका निम्ति जनसहभागिताको आह्वान गर्दै भन्छन्-

*अब त हामी*
*यी मान्छेहरूका विश्वासमा अडिनुहुन्न*
*हामी आफैले यहाँ*
*आरम्भ गर्नुपर्छ नयाँ बाटोको*
*यी सडक, फूटपात र गल्लीहरूलाई ब्यूँझाएर*
*मुक्ति-संग्रामी आधार तयार गर्नुपर्छ।*

('आरम्भ नयाँ बाटोको', पृ. ५९)

चामलिङले अन्याय र अत्याचार गर्ने व्यवस्थाको विरोधका निम्ति जनसहभागिता अनिवार्य रहन्छ भन्ने कुरा प्रतीकात्मक ढङ्गमा अभिव्यक्त गरेका छन्। उनी भन्छन्-

*धमिलो नदीको विरोधमा उठ्नुपर्छ*
*आकाश-गङ्गा अब मान्छेले तर्नुपर्छ*
*धमिलो नदीमा आगलागी हुनुपर्छ।*

('आकाश-गङ्गाको देशमा धमिलो नदी', पृ. १२६)

### ४.१.३ समानता र स्वतन्त्रता

समानता र स्वतन्त्रता लोकतन्त्रलाई विशिष्ट तुल्याउने प्रमुख विशेषता हुन्। समानताको अधिकारले सबैभन्दा पहिला कानुनअघि सबै नागरिक समान हुन्छ भन्ने तर्क दिँदछ। यसरी नै समानताको अधिकारमा सामाजिक समानतालाई सर्वोच्च स्थानमा राखिन्छ। सामाजिक समानताअन्तर्गत धर्म, वर्ण, वर्ग, कुल, जाति, लिङ्ग आदिको आधारमा नागरिकमाथि गरिने भेदभावहरूलाई प्रतिबन्धित गरिएको हुन्छ। समानताको अधिकारले प्रत्येक नागरिकलाई सबै अवसरहरू उपलब्ध गराएको हुन्छ।

समाजमा धन, सम्पत्ति, मान-प्रतिष्ठा र जातीय आधारमा साना-ठुलाको भेदभावको रेखा कोरिएको हुन्छ। भेदभावले मानिस मानिसमाझमा असमानता, असुरक्षाको भाव सिर्जना गर्दछ। नागरिकको सर्वाङ्गीण विकासमा असुरक्षा र असमानताले बाधा पुऱ्याउँदछ। कवि चामलिङले आफ्ना कवितामा मानवीय समाजमा हुने भेदभावप्रति असहमति जनाएको पाइन्छ। सबै मानिस समान हुन् भन्ने धारणानै सामाजिक समानताको बलियो आधार हो। वर्गीय भेदभाव लोकतान्त्रिक पद्धतिदेखि टाढा राखिन्छ। समानतालाई लोकतन्त्रको प्रमुख विशेषता मान्दै कवि भन्छन्-

*देख्छु जगमा साना-ठूला, भेदभावका मेला*
*अँध्यारो लाग्छ धरती पनि मानवता रोएको बेला*
*मान्छे सबै एउटै रगतको, विचार बेग्लै हुन्छ*
*स्वार्थ र पापको साक्षी बनेर मानवता यहाँ रुन्छ।*

('मेला', पृ. १८)

कवि चामलिङले वर्गीय असमानताका विरोधमा सशक्त काव्यिक अभिव्यक्ति दिएका छन्। मृत्यु सत्यतालाई सम्बोधन गर्दै कविले धनीवर्गको मृत्युमाथि व्यङ्ग्यात्मक प्रहार गरेको पाइन्छ। धनीवर्गको मृत्युलाई पशुको मृत्युसँग तुलना गरेर वर्गीय असमानताप्रति असहमति जनाउने कवि धनी मान्छेको जीवन जिउँदै मरेतुल्य हुन्छ वा शोषकहरूको मृत्यु पशुको जस्तो हुन्छ भन्छन्-

*धनी मर्छ*
*शोकले*
*अफसोसले*
*जिउँदै*
*हजारपल्ट मरेकोले*
*उसको मृत्यु*
*पशुको जस्तै हुन्छ।*

('पशुको मृत्यु', पृ. १८)

धनीहरूले समानता र स्वतन्त्रताको फाइदा उठाए तापनि अन्याय र शोषणका सिकार भएका गरिब मान्छेको मृत्युमा शान्ति र सुख देख्छन् कवि-

*गरिब मर्छ*

*भोकले*

*रोगले*

*शोषणले*

*तर एकैपल्ट मर्छ*

*मान्छेजस्तै*

*मान्छेको मृत्यु।*

('मान्छेको मृत्यु',पृ. १८)

भारतको लोकतन्त्रलाई बहुसांस्कृतिक, बहुभाषिक र बहुधार्मिक दृष्टिले यसरी व्यक्त गरेका छन्-

*जन्म र मृत्यु मान्छेको मिल्छ*

*विचार मिल्दैन*

*संसारका मान्छे सबै हुन् एउटै*

*भावना मिल्दैन।*

('मन किन मिल्दैन?', पृ. ४६ )

अलोकतान्त्रिक परिवेशप्रति पनि कविले विरोध जनाउँदै आफूलाई लोकतन्त्रको पक्षधर रहेको बताउँछन्-

*चार वर्ण छत्तीस जातमा विभाजित गरेर*

*ब्राह्मण, क्षत्रीय, वैश्य र शूद्र बनाएर*

*मान्छेलाई विभक्त गरेर*

*टुक्रा-टुक्रा पारेर, मारेर*

*ठूला-साना, धनी-गरिब बनाएर*

*मान्छेलाई जात-पातको कैदी बनाउँदै लगे*

*मान्छेको अधिकारलाई सम्पन्नवर्गले, पुँजीपति वर्गले*

*कब्जा गर्दै लगे।*

('संसारदेखि फालौं', पृ. १२५)

** ** ** **

*चार वर्ण छत्तीस जातमा विभाजित*

*मान्छेको इतिहास*

*यातना, आँसु, वेदना, अन्याय*

*अत्याचार, भोक, रोग र शोकको*

*भयावह रगत र आँसुको सागर यो।*

('नयाँ वर्षको पहिलो दिनमा', पृ. १०७)

समाजको सबै वर्ग, धर्म र तहका मानिसले समान रूपमा समानता र स्वतन्त्रताको अधिकार उपभोग गर्न पाउनुपर्छ भन्ने लोकतान्त्रिक प्रणालीको स्थापनालाई कवि नयाँ वर्षको आगमनमा स्वागत गर्छन्-

*'जीत' भएर आएको छ नयाँ वर्ष*

*'प्रीत' बोकेर आएको छ नयाँ वर्ष*

*जीवन-जीवनका निम्ति समानता बटुल्ने*

*सद्भावना, शुभेच्छा लिएर आएको छ नयाँ वर्ष।*

('नयाँ वर्ष', पृ. १५)

** ** ** **

*त्यतिबेला*

*भू-भागको सम्पूर्णतामा*

*अत्यन्त रमाहटपूर्ण स्थिति व्याप्त हुनेछ*

*'तेरो', 'मेरो', 'उसको', 'फलानो'*

*सबै साम्य हुनेछ*

*मान्छेहरू, बस मान्छेहरू सबै-सबै*

*समानाधिकारको साझा संसारमा*

*सुख र शान्तिसँग जीवन उपभोग गर्नेछन्।*

('भोलिको प्रसङ्गः म अनि मान्छे', पृ. ४३)

** ** ** **

*यो नयाँ वर्षमा*

*नयाँ उपलब्धि*

*मायाको, दयाको, प्रेमको*

*क्षमाको, समानताको होस् सबैमा।*

('नयाँ वर्षको पहिलो दिनमा', पृ. १०८)

लोकतन्त्रमा समानता कविको केन्द्रमा रहेको विषय हो। तसर्थ उनी यसैको पक्षमा आफ्नो विचार यसरी प्रकट गर्दछन्-

*कहीँ त्यो समतल*

*जहाँ लाखन् सागरहरू*

*र छ कहीँ त्यो मरूभूमि*

*जहाँ चट्टान र धूलोहरू*

*यी सब जोतेर*

*एक बनाइदिउँ*

*ताकि*

*धरती केवल एउटै, एउटै होस्।*

('यस्तै लाग्छ', पृ. ३२)

मानिसका जीवनमा स्वतन्त्रता र समानताको महत्त्व धेरै हुन्छ। लोकतान्त्रिक मान्यताले प्रत्येक मानिसले स्वतन्त्रता र समानताको अधिकार उपभोग गर्न पाउनु पर्ने तर्क दिँदछ। कवि चामलिङ आफ्नो काव्य सिर्जनाद्वारा स्वतन्त्रता, समानता, मानवता र आत्मसम्मानले परिपूर्ण भएको नयाँ बिहानीको निमार्ण गर्न मानिसलाई प्रेरित गर्दछन्। एउटा दृष्टान्त-

*पसीना र रगतको मूल्यका निम्ति*
*मान्छेको स्वतन्त्रता र आत्म-सम्मानका निम्ति*
*समानता र स्वच्छताका निम्ति*
*छातीमा रगत र मुटुमा सञ्चय गरेर*
*मान्छेको मस्तिष्क र मानवताका आँखा बोकेर*
*मान्छेको सम्पूर्ण फैलावटहरूमा*
*मान्छेको निम्ति जिन्दगी भएर*
*मान्छेहरू*
*प्रत्येक युगमा*
*जीवनको नयाँ बिहानी बोकेर जन्मनु है !*
*मान्छेको नयाँ संसार लिएर आउनु है !*

('मान्छेदेखि मान्छेसम्म', पृ. ८४)

पवन चामलिङ लोकतन्त्रमा विश्वास राख्ने कवि हुन्। उनी हरेक मान्छे समान हुन् भन्ने धारणा प्रस्तुत गरेर उनी लोकतन्त्रको पक्षधर बनेका छन्। यस कुरालाई निम्न कविताको पङ्क्तिले पुष्टि गर्दछ-

*जात मेरो मान्छे हो*
*जाति-धर्म मानवता*

*मान्छे सबै एकै हुन्*

*चाहिन्छ मलाई समानता।*

('यस संसारमा म', पृ. ९६)

जात, धर्म र वर्ण मान्छेलाई विभाजन गर्ने मूल तत्त्वहरू हुन्। मान्छे एकै जात हुँदाहुँदै पनि विभेदक तत्त्वहरू लिङ्ग, धर्म र वर्णले समाजमा विभेद सृष्टि गर्दछ। यी तत्त्वहरूले नै लोकतन्त्रमा मान्छेलाई स्वतन्त्र रही समानताको उपभोग गर्न दिँदैन। कवि यसैको विरोध गर्छन्-

*मान्छेको देश र विदेशको स्थापना र विस्थापनाको नाममा*

*यसरी मान्छेको समुचित रक्षा र सुरक्षाको नाममा*

*मान्छेको हत्या र बलिदान गर्दै*

*अभिमान र स्वाभिमानको मुद्दा बनाएर*

*मान्छेको चोखो अस्तित्वलाई विवादास्पद बनाएर*

*मान्छेको सिङ्गो स्वरूपलाई प्रश्न-चिह्न बनाएर*

*जात, धर्म र वर्णमा विभाजित भएको मान्छे*

*चार वर्ण छत्तीस जातको पहेली हो*

*यसैले मान्छे-मान्छेमा विभाजित र खण्डित छ।*

('मनको साँध', पृ. ९६)

संसारको प्रारम्भदेखि देश निर्माण र विस्थापना गर्ने कामसँगै मान्छेले मान्छेकै हत्या गर्दै, बलिदान दिँदै र अस्तित्व सङ्कटसित सङ्घर्ष गर्दै आएका कुरा सर्वविदित छ। यस कवितामा कवि स्वयम्ले आफ्नो स्वरूपलाई प्रश्न चिह्न खडा गर्दै जात, धर्म, वर्णमा विभाजन गरिरहेको सत्यतालाई स्पष्ट पारेका छन्। उनले चार वर्ण छत्तीस जातलाई एउटा पहेलीमात्र मानेका छन्। यही विभाजनले मान्छेले आफूलाई विक्षिप्त तुल्याएको अनि मान्छे-मान्छे बिच विश्वास हराएको सङ्केत गरेका छन्। प्रस्तुत कवितालाई वर्ग विभाजनको प्रतिकार गरी समानताको अधिकारमाथि लेखिएको यो एउटा बलियो कविता मान्न सकिन्छ।

कवि चामलिङले आफ्ना कवितामा सिक्किमेली समाजमा जातीय समानताको वर्णन गर्दै सबै जाति समान हुन् भन्ने धारणा यस कवितामार्फत व्यक्त गरेका छन्-

*भोटे, लाप्चे,नेपाली*

*सिक्किमका तिन आदिवासी,*

*बेग्ला-बेग्लै जातहरूमा*

*हुन् सबै पुत्र हिमाली।*

('पुत्र हिमाली', पृ. ४७)

लोकतान्त्रिक शासन प्रणालीमा स्वतन्त्रताले मानिसलाई सशक्त पार्दै प्रगतितर्फ अग्रसर बन्न प्रेरित गर्दछ। नागरिकको व्यक्तित्व विकास र लोकतान्त्रिक प्रणालीलाई सफलतापूर्वक सञ्चालन गर्नमा स्वतन्त्रताको भूमिका महत्त्वपूर्ण हुन्छ। स्वतन्त्रताको अधिकारलाई सामाजिक स्वतन्त्रताको केन्द्र मानिन्छ। स्वतन्त्रताको अधिकार मूल रूपले वाक्स्वतन्त्रता अथवा अभिव्यक्तिको स्वतन्त्रता, शान्तिपूर्वक जीवन यापन गर्न पाउने स्वतन्त्रता, हतियारबिना शान्तिपूर्वक सभाहरूको आयोजना गर्न पाउने स्वतन्त्रता, सङ्घ-सङ्गठन स्थापना गर्न पाउने स्वतन्त्रता, भारतको सबै क्षेत्रमा घुम्न पाउने स्वतन्त्रता, भारतको कुनै पनि ठाउँमा स्थायी रूपले बसोबास गर्न पाउने स्वतन्त्रता, कुनै पेसा अथवा व्यवसाय, कारोबार, व्यापार आदि गर्न पाउने स्वतन्त्रता आदि हुन्।

कविले कवितामा बलेको आगो लाटोले पनि ताप्छ भन्ने लोकोक्तिको प्रयोग गर्दै वाक्स्वतन्त्रताको महत्त्वमाथि प्रकाश पारेका छन्। उनले आफ्नो वाक् शक्तिको सदुपयोग गरेर समाज रूपान्तरणका मार्गमा नवीन कार्य गर्न चाहेका छन्। यसैले उनी निर्विघ्न बनेर सहासपूर्वक बोल्छन्-

*चिसेनीमा मैले त आगो बाल्नुपरेको छ*

*बलेको आगो त लाटोले पनि ताप्छ*

*मैले त सार्थक शब्दहरू बोल्नुपरेको छ*

*अर्थहीन शब्दहरू त लाटोले पनि बोल्छ।*

('लाटो बोल्छ', पृ. १६)

लोकतन्त्रमा रहेर सामाजिक रूपान्तरणका लागि उनले सार्थक र सही शब्दहरू बोल्ने विचारलाई साझा गरेका छन्। उनको यस विचारले वाक् अभिव्यक्तिको अधिकार शक्तिशाली हुने सङ्केत दिएको छ।

लोकतन्त्रमा अभिव्यक्तिका धेरै माध्यमहरू हुन्छन्। जनमतद्वारा निर्वाचित व्यवस्थाले उचित कार्य गरेन भने त्यसका विरोधमा जनताले आवाज उठाउन पाउनु लोकतान्त्रिक प्रणालीको एउटा विशेषता हो। जनताले वाक्स्वतन्त्रताको सबै माध्यमलाई सदुपयोग गर्न सक्ने विचार कवि साझा गर्छन्-

*अस्तव्यस्त मान्छेका बस्तीहरू*
*त्रस्त-त्रस्त मान्छेका हूलहरू भएर*
*माँग, जुलूस, हडताल, क्रान्ति, सत्याग्रहको नाम बोकेर*
*पोस्टर, नारा, अश्रुग्यास, गोली-बारुद छातीभरि टालेर*
*सपनाको गर्भभित्रको उकुसमुकुसिएको जिन्दगी भएर*
*जन्मनै नपाइको यो सपनाको गर्भ*
*कति-कति शताब्दिदेखि 'क्यू' मा पालो पर्खेर।*

('सपनाको गर्भ', पृ. २८)

वास्तवमा कविले निम्नवर्गीय मानिसलाई लोकतन्त्रमा समानता र स्वतन्त्रताको अधिकार उपभोग गर्न नपाउने, वाक्स्वतन्त्रता नभएको वर्गका रूपमा चित्रण गरेका छन्।

अधिकारदेखि वञ्चित सङ्घर्षरत मानिसहरूका अवस्थालाई काव्यात्मक बान्की दिने उनको अभिव्यक्तिले समाज र देशको विसङ्गत परिस्थितिलाई पनि प्रस्तुत गरेको छ। जहाँ मानिसलाई जीवन यापनका निम्ति अधिकार अनिवार्य हुन्छ भन्ने विषयबारे सचेत गराउने उद्देश्य लिएको देखिन्छ। देशका समग्र नागरिकहरूले आफ्ना विचार सम्प्रेषण गर्न लोकतन्त्रले प्रदान गरेको वाक्स्वतन्त्रताको अधिकारलाई उपयोग गर्न पाउने परिवेशलाई उनको कविताले समेटेको छ। अन्यथा उनीहरू मात्र राजनेताका वा राजनीतिक पार्टीका कठपुतली बन्न पुग्दछन्-

*सधैँ हल्ला बोकेर*

*यी गाँउ, शहर र देशका मानिसहरू*

*आन्दोलन, जुलूस, हडताल भएर*

*भाषण, नारा, पार्टी भएर*

*ठुला-ठुला मागँका पोस्टरहरू र क्रान्ति*

*ढुङ्गा, भित्ता, रूखतिर टालेर*

*उफ्रिन्छन् नाच्छन् खुशी हुन्छन्।*

('मेरो देश', पृ. ३६)

वाक्स्वतन्त्रता उपभोग चामलिङको कवित्वको अर्को महत्त्वपूर्ण पक्ष हो। सम्पूर्ण अलोकतान्त्रिक वातावरणलाई प्रतिवाद गर्ने कविको अभिव्यक्ति यस्तो छ-

*वारि-पारि, तल-माथि, लेक-बेंसी*

*जता पनि जान-आउन सक्छु*

*कुनै सिमाना र बार अब रहेन*

*टिस्टाको पानी धमिलो बग्दैछ*

*प्रतिवाद गर्नसक्छु*

*टेण्डोङ र मैनाममा डढेलो सल्कँदैछ*

*जङ्गल जल्दैछ*

*सबैलाई सूचित गर्ने*

*मलाई आजादी छ*

*'कालोलाई कालो' र*

*'सेतो'-लाई सेतो भन्नसक्छु*

*पत्थर फूल के हो*

*छुट्याउनसक्छु।*

('आत्मस्वीकृति', पृ. ११७)

उक्त कवितांशले उनको लोकतान्त्रिक स्वरलाई बढी स्पष्टतासित प्रकट गरेको छ।

आफ्नो लोकतान्त्रिक अधिकार उपभोग गर्न पाउनु उसको व्यक्तिगत स्वतन्त्रता हो। त्यही स्वतन्त्रताको प्रसङ्ग कवि आफ्ना कविताहरूमा खोज्छन्-

*आउने दिनहरूका लागि*

*मान्छेको जिउने अधिकार बचाउन चाहन्छु।*

('एउटा अभियान', पृ. २८)

कवि मानिसको स्वतन्त्रताको पक्षमा आफ्नो कवितात्मक अभिव्यक्तिमा निर्विघ्न उभिएका छन्। उनले 'स्थिति' कवितामा विम्बात्मक रूपमा मानिस कसैको क्रियाकलापका कारण कैदी बनेको बताउँछन्-

*यसरी कति शताब्दीदेखि मेरो भगवान*

*धूवाँभित्र अलमलिँदै, खिँदै गइरहेछ*

*निश्चल र शान्त बनेर*

*निर्जीव पत्थर मात्र भइरहेछ।*

*यही निश्चलपन र*

*शान्तपनले नै*

*मेरो भगवान पूजारीको कैदमा छ।*

(पृ. ६५)

लोकतन्त्रवादी धारणाले मानिसको जीवनको मूल्यलाई कायम राख्न स्वतन्त्रताको अधिकारलाई मुख्य ठहराएको पाइन्छ। कवि चामलिङद्वारा यस विचारमा लोकतान्त्रिक स्वर ध्वनित भएको पाइन्छ। उनको निम्न कवितामा स्वतन्त्रताको महत्त्व यसरी अभिव्यञ्जित भएको पाइन्छ-

*मेरो इच्छा, अभिलाषा र सपना पनि*

*मान्छे मात्रको लागि*

*स्वतन्त्रता र मर्यादाको लागि हो।*

('आत्मास्वीकृति', पृ. ११८)

**　　　　**　　　　**　　　　**

*मेरो अवधारणा छ*

*मान्छे हुनु नै उसको स्वतन्त्रता हो*

('आत्मस्वीकृति', पृ. ११८)

उक्त कविता पङ्क्तिहरूले कवि चामलिङलाई निख्खर लोकतान्त्रिक स्वरका धनी कविका रूपमा चिनाएको छ भनी मान्न सकिन्छ।

*मान्छेको नयाँ विश्व निर्माण गर्न आएको छु*

*मान्छेको जन्मसिद्ध अधिकार र भाग्य लिएर आएको छु।*

('यसैले आएको छु', पृ. ६९)

यस घोषणाले उनी मानिसको जन्मसिद्ध अधिकारलाई सर्वमान्य मान्ने लोकतन्त्रवादी कवि देखिन्छन्। कवि घामलाई समानताको प्रतीक मान्छन्-

*हामीलाई मान्छेको छातीबाट*

*झुल्किएको घामको प्रखरता चाहिएको छ*

*हामीलाई मान्छेको समानताबाट*

*फैलिएको व्यापकता चाहिएको छ।*

('भोलिको प्रसङ्गः म अनि मान्छे', पृ. ४४)

कवि चामलिङ गरिब, पीडितहरूको न्याय, हक, हित र अधिकारका पक्षधर हुन् भन्ने कुरा उनका प्रायः काव्यात्मक अभिव्यक्तिहरूले प्रमाणित गर्दछ।

किसान र मजदुर पौरखी हुन्छन्। कठोर परिश्रम, मेहेनतद्वारा तिनीहरूले आफ्नो जीविका चलाउँछन्। कुनै पनि समाज तथा देश निर्माणमा किसान र मजदुरको योगदान अतुलनीय रहेको हुन्छ। कविले आफ्नो पौरखको भरमा खटिखाने किसान र मजदुरलाई मर्यादित जीवन यापन गराउनका निम्ति कविताक ा माध्यमबाट जीवन्त सन्देश दिएका छन्। लोकतान्त्रिक पद्धतिले यस वर्गलाई पनि समानता र स्वतन्त्रताको अधिकारले सम्पन्न तुल्याएको हुन्छ। कवितामा कविको सन्देश छ-

*ए किसान-मजदूर हो!*

*ए खटिखाने हली-कोदाले हो!*

*सुन है सुन चारैतिर*

*गुन है गुन मनभरी*

*हामी कहाँ छौँ? के छौँ?*

*किन यसरी बेघर-बेजमीन भएर पनि*

*मान्छेको इज्जतमा हामीलाई लिइँदैन?*

*किन हामी केवल घोडा भएका छौँ?*

*घाँस खाने होइन भात खाने*

*भात खाएर पनि*

*घाँस खानेको काम गरेर मरेका छौँ।*

('विपनाको गीत', पृ. ९२)

कवि समाजको एक मुठी सम्पन्नवर्गसँग मात्र सन्तुष्ट छैनन्। सम्पन्नवर्गको स्वार्थपनले समाजका कमजोर र निम्नवर्गको स्वतन्त्रता र अस्तित्व कैद गरिएको देख्छन् कवि-

*मान्छेको स्वतन्त्रता, विस्तृति र अस्तित्वलाई*

*एक मुठी सम्पन्न मान्छेले*

*आफ्नो स्वार्थपूर्तिको माध्यम बनाएर लगे*

*स्वतन्त्रताको केवल सपनाको गतिभरि रह्यो अस्तित्व*

*केवल कल्पनाको मीठो वेदना बन्यो*

*मान्छे यसरी मान्छेबाट ठगिँदै गयो*

*दबिँदै गयो, खिँदै गयो*

*रोगिँदै गयो।*

('संसारदेखि फालौँ', पृ. १२५)

देश अङ्ग्रेजहरूको पराधीनताबाट स्वतन्त्र बने पनि साधारण जनता सम्भ्रान्तवर्गको अधीनबाट मुक्त बनेको छैन। कविले अरूकै अधीनमा जीवन बिताउने निर्धो जनताका अवस्थालाई दापभित्रको खुकुरीसँग तुलना गरेका छन्। यस अभिव्यक्तिमा निर्धो जनता अझै पनि स्वतन्त्र छैन भन्ने सत्यता प्रकट भएको छ-

*यसैले यस स्थितिबाट बाहिरिएर अझै पनि*

*यस संसारमा*

*एउटा सानोभन्दा पनि सानो कर्म*

*आफ्नो मर्म र धर्मका निम्ति*

*आफ्नो मर्जी बुत्ताले*

*गर्न नसक्ने यसको कहानी छ*

*आफ्नो निम्ति एक डेग पनि*

*सर्न नसक्ने यसको बानी छ*

*किनकि यो खुकुरी विचारा*

*सधैं दापभित्र हुन्छ*

*एउटा मालिकको कम्मरमा*

*कि शोषकहरूको 'सो-केश'-भित्र रोएको हुन्छ*

*यसलाई संग्रहालयमा*

*मेड-इन जापान-को लेबल लाएर राखे पनि हुन्छ।*

('खुकुरीको धारमाथि नाङ्गा कथाहरू', पृ. ५६)

कति मानिस सम्पन्नवर्गमा पर्दछन् भने कति मानिस निम्नवर्गमा पर्दछन्। मानिसबाट मानिसनै ठगिनु र शोषित हुनु लोकतान्त्रिक प्रणालीको विपरीत हो। प्रकृतिको सादृश्य लिएर कवि यसैको विरूद्धमा आवाज उठाउँछन्-

*रूखका विरुवाहरू, बोटहरू*
*आफ्नै  आकारमा र सीमासम्म*
*स्वतन्त्रतापूर्वक बढेका हुन्छन्*
*फूलहरू आफ्नै रङ्ग र आकारमा*
*आफ्नै खुसीले फुलेका हुन्छन्*
*र जङ्गलै सुगन्धित बनेको हुन्छ*
*बिरुवा पलाएको हुन्छ आफ्नै माटोमा*
*आफ्नै स्वतन्त्र आकाशको छहारीमा*
*सेप लाग्दैन*
*यस जङ्गलमा कति स्वतन्त्रता छ।*

('शहरको मान्छे', पृ. ७८)

अर्थात् उक्त कविताको आशय यो हो कि जङ्गलमा हरेक थोकले स्वतन्त्र रूपमा सास फेर्न सकिरहेका छन् भने मान्छे बस्ने लोकतान्त्रिक समाजमा त्यो परिवेश दुर्लभ बन्दै गइरहेको छ।

## ४.२ लोकतन्त्रको तत्त्वका आधारमा

लोकतन्त्र आफैमा एउटा गहन राजनीतिक विचारधारा हो। लोकतन्त्रका विविध तत्त्वहरू छन्। तीमध्ये राजनीतिक बहुलवाद, कानुनी शासन, चुनाउ, मानवअधिकार, राजनीतिक नेतृत्व, सुशासन, नागरिक समाज आदि केही प्रमुख तत्त्वहरू हुन्। यिनै तत्त्वहरूका संयोजनले लोकतान्त्रिक शासन प्रणाली र राजनीतिक विचारधारा बलियो हुँदछ। यस उपशीर्षकअन्तर्गत लोकतन्त्रका केही तत्त्वहरूका आधारमा पवन चामलिङ 'किरण'-का कविताहरूको अध्ययन गरिएको छ।

### ४.२.१ राजनीतिक बहुलवाद

राजनीतिक बहुलवादले एकभन्दा अधिक राजनीतिक दल र विभिन्न सङ्घ-संस्थानको सहभागितालाई बुझाउँदछ। यसले राजनीतिक दल, सामाजिक सङ्घ-संस्थान, निजी संस्थान, विभिन्न सङ्गठनहरूले सरकार र शासनप्रति आफ्नो विचार स्वतन्त्रतापूर्वक राख्न आग्रह गर्दछ। निर्णय प्रक्रियामा पनि राजनीतिक नेता, निर्वाचित प्रतिनिधि, नागरिक समाज आदिका संलग्नतालाई अनिवार्य मानिन्छ। लोकतान्त्रिक प्रणालीमा जनतालाई असल र अब्बल प्रतिनिधि चयन गर्ने अवसर प्रदान गरिन्छ। राजनीतिक बहुलवादले सत्तारूढ सरकारको क्रियाकलापलाई निरीक्षण गर्ने विपक्षी दलको आवश्यकतालाई पनि महत्त्वपूर्ण मान्दछ।

नागरिकहरू विभिन्न राजनीतिक पार्टीसँग आबद्ध हुनु, सङ्घ-संस्थानहरूको गठन गरेर माग परिपूर्तिका निम्ति जुलुस र हडतालमा सहभागिता जनाउनु आदि लोकतान्त्रिक प्रणालीका अभिन्न पाटा हुन्। चामलिङका कवितामा पनि यसका सङ्केतहरू पाइन्छन्। उनको 'मेरो देश' कविताको यस पङ्क्तिलाई उदाहरण स्वरूप लिएर हेर्न सकिन्छ-

*सधैँ हल्ला बोकेर*
*यी गाँउ, शहर र देशका मानिसहरू*
*आन्दोलन, जुलुस, हड्ताल भएर*
*भाषण, नारा, पार्टी भएर*
*ठुला-ठुला माँगका पोस्टरहरू र क्रान्ति*
*ढुङ्गा, भित्ता, रूखतिर टालेर*
*उफ्रिन्छन्/ नाच्छन्/ खुशी हुन्छन् ।*

(पृ. ३६)

उक्त पङ्क्तिमा प्रयुक्त आन्दोलन, जुलुस, हडताल, भाषण, नारा, पार्टी आदि शब्दहरूले राजनीतिक बहुलवादप्रति सङ्केत गरेको पाइन्छ।

लोकतान्त्रिक व्यवस्थामा सरकार पक्षले जनतालाई न्याय दिन असफल बन्यो भने जनता तथा सङ्घ-संस्थानहरूले शान्तिपूर्वक जुलुस, हड्ताल र आन्दोलनको आयोजना गर्न सक्छन्। देशमा लोकतान्त्रिक मान्यताले दिएको राजनीतिक बहुलवादलाई जनताले उपभोग गर्दा पनि गुणात्मक परिणाम प्राप्त गर्न नसकेको अँध्यारो पाटोलाई कविले 'मेरो देश' कविताको अर्को पङ्क्तिमा यसरी देखाएका छन्-

*तर शून्यमा शून्य जोड्दा हातमा शून्य लाग्दछ*
*फेरि यी मानिसहरू*
*उफ्रिन्छन्/कराउँछन्/पश्चाताप गर्छन्*
*यस्तै हल्लामा यो देश*
*डुब्दै जाँदैछ...डुब्दै जाँदैछ...*

(पृ. ३६)

राजनीतिक बहुलवादको अर्को सशक्त उदाहरण निम्न कवितामा पनि पाइन्छ-

*पोस्टर, नारा, अश्रुग्यास, गोली-बारुद छातीभरि टालेर*
*सपनाको गर्भभित्रको उकुसमुकुसिएको जिन्दगी भएर*
*जन्मनै नपाएको यो सपना गर्भ*
*कति-कति शताब्दीदेखि 'क्यू'-मा पालो पर्खेर।*

('सपनाको गर्भ', पृ. २८)

## ४.२.२ चुनाउ

चुनाउ लोकतन्त्रको अर्को महत्त्वपूर्ण तत्त्व हो। चुनाउमा जनताले मताधिकारको प्रयोग गर्दै आफ्नो प्रतिनिधि चुन्ने गर्दछन्। भारतीय नागरिकहरूले निर्धारित उमेर पार गरेपछि चुनाउका निम्ति आफ्नो उम्मेद्वारिता दिन सक्दछन्। निष्पक्ष र स्वतन्त्र चुनाउ भारतीय लोकतन्त्रको मूल आधार हो। लोकतन्त्रका पक्षधर चामलिङले आफ्ना कविताहरूमा चुनाउको प्रसङ्गलाई पनि प्रस्तुत गरेका छन्।

नेताहरू भोट सङ्ग्रह गर्नका लागि जनतालाई विकासपरक योजना र काम गर्ने अनेकौँ वचन दिनमा खप्पिस हुन्छन्। चुनाउको आयोजना हुनु र भोट खसाल्नु भारतीय लोकतान्त्रिक व्यवस्थाको एउटा अभिन्न पाटो हो। कवि चामलिङ निम्नवर्गका हितमा लडेर पनि उनीहरूका निम्ति क्रान्ति फलदायक बन्न नसकेकोमा असन्तुष्टि प्रकट गर्छन्-

*अरूकै इतिहासको मूर्ति स्थापना गरेर*
*अरूकै संसार निर्माण गर्न परेर*
*बेचिएका छन् सीता, रामहरूसमेत*
*भोटको बजारमा साह्रै-साह्रै सस्तिएर।*

('भानुलाई सम्झेर', पृ. १०६)

उक्त कवितांशमा कवि चुनाउको समयमा भोट किन्ने र भोट बिक्री गर्ने लोकतन्त्रका कलङ्कसरह निर्धा जनताप्रति व्यङ्ग्य गर्छन्, जसले राम र सीताजस्ता पौराणिक आदर्श पात्रलाई पनि बेचिएको देख्छन्।

## ४.२.३ मानव अधिकार

कवि चामलिङले आफ्नो काव्यात्मक सिर्जनामा मानव अधिकारको प्रसङ्ग पनि उठाएका छन्। मानव अधिकार लोकतन्त्रको मुख्य तत्त्व हो। यसले नागरिक समाजको मौलिक स्वतन्त्रता र मानव अधिकार हुनुपर्छ भन्ने कुराप्रति विश्वास राख्दछ। मानव अधिकारले लिङ्ग, धर्म, अर्थव्यवस्था, जातीयता आदिमा असमानता हुने विभेदको विरोध गर्दछ। यसले सबै नागरिकहरूलाई समान अवसर दिएर समान रूपले सहभागी बन्न प्रेरित गर्दछ। संसारमा मानिसले जन्म लिएपछि शान्ति र सुरक्षित जीवन बाँच्नु पाउनुपर्छ। कवि चामलिङले आफ्ना कवितामा मानव अधिकार बचाउने विचार साझा गर्दै लेख्छन्-

*आउने दिनहरूका लागि मान्छेको*
*जिउने अधिकार बचाउन चाहन्छु।*

('एउटा अभियान', पृ. २८)

** ** ** **

*अन्यायको विरोधमा जुझिहाल्ने*

*सत्यको लागि उत्सर्गित हुने म*

*अधिकार बचाऔं मान्छेको भन्ने*

*सबै भएर हाँसौं भन्ने म।*

('यस संसारमा म', पृ. ५१)

मानव अधिकारले सबै नागिरकको जीवन सुरक्षा र सुदृढ बनाउँदछ। मानव अधिकारबाट वञ्चित सामान्य जनमानसको वर्णन गर्दै कवि 'मान्छे पङ्क्निुपर्छ' कवितामा लेख्छन्-

*यसर्थ*

*लथालिङ्गै-लथालिङ्गै मान्छेका घरहरू*

*बग्रेल्तै-बग्रेल्तै मान्छेका जिन्दगीहरू*

*मेरो गाउँ, शहर, देश र विश्वका*

*कुना-काप्चा र गल्लीहरूमा*

*उजाडिएका छन्।*

( पृ. २९)

चामलिङ आफ्ना कविता मानव अधिकारलाई बचाउनका निम्ति वैचारिक रूपमा प्रतिबद्ध रहेको पाइन्छ। कवि मानव अधिकारको महत्त्वलाई शिरोपर गर्दै नयाँ पिँढीका लागि मानव अधिकार खोज्नतर्फ प्रयासरत देखिन्छन्-

*बाँच्नेहरूसँग हातेमालो गरेरअघि बढ्न चाहन्छु म*

*आगन्तुकहरूका निम्ति*

*मान्छेको अधिकार खोजिराख्न चाहन्छु म।*

('म भित्रको म', पृ. ३३)

लोकतान्त्रिक प्रणालीमा कहिलेकाहीँ मानव अधिकार हनन् पनि हुने गर्दछ। कवि यसतर्फ लक्ष्य गर्दै लेख्छन्-

*मान्छे कति जड बन्नसक्छ*

*मान्छे कति निर्दयी बन्नसक्छ*

*आफ्नो साम्राज्यमा*

*मान्छेले अरूलाई मारेर*

*आफू बाँच्ने संविधान बनाउनसक्छ*

*अरूलाई अन्याय-अत्याचार, शोषण-दमन गरेर*

*उ एक्लै बाँच्न पनि सक्छ*

*देश-देशबिचदेखि मान्छेसम्म*

*यसरी द्वन्द्व र युद्ध भइरहेछ*

*मान्छेले मान्छेलाई संहार गर्ने युद्ध लडिरहन्छ*

*बम, बारुद र मिसाइलको खेल खेलिरहन्छ।*

('मनको साँध', पृ. ९८)

उक्त कवितामा मानव अधिकारको प्रत्यक्ष अतिक्रमण भएको काव्यिक अभिव्यक्तिले छर्लङ्ग पारिदिएको छ। तसर्थ कवि चामलिङ लोकतन्त्रको गुहार लगाउँदै कवि भानुभक्तलाई सम्बोधन गर्छन्-

*यसैले हे कविवर !*

*तिम्रो यो महान जन्म-जयन्तिमा*

*हाम्रो प्रतिज्ञा छ*

*अब तिम्रा कविताका ती पङ्क्तिमा*

*ती गरिब पीडितहरूका नाराहरूमा*

*मान्छे मात्रको बाँच्ने अधिकार भई गुञ्जिनेछन्।*

('भानुलाई सम्झेर', पृ. १०८)

समाजमा आर्थिक विपन्नताका कारण किनारीकृत बनेका निम्नवर्गको अधिकारप्रति कवि चामलिङ सजग रहेको देखिन्छ। उनी समाजमा सम्भ्रान्त मानिसहरूको गलत नीतिको यसरी विरोध गर्छन्-

*भोका, नाङ्गा हतभागीहरूको नाम बेचेर*

*क्रान्तिको कुरा*

*किनकि क्रान्ति तसमाजका ठिकादारहरूको ठिका भइसक्यो*

*क्रान्तिसम्पन्नवर्गका मानिसहरूबाट किन-बेच भइसक्यो*

*यिनीहरूबाट क्रान्तिको बलात्कार भइसक्यो।*

('क्रान्ति', पृ. ९१)

देशमै अधिकारदेखि वञ्चित जनसाधारणका पक्ष लिँदै आफ्ना भाव प्रकट गर्दछन्। यसको कारण निम्न कवितांशमा उद्धृत छ-

*भूमिसात भएको मेरो जिउँदो भगवान!*

*तिमीले यो देशको अणु-अणुमा*

*सम्पूर्ण लुटायौ*

*सर्वस्व गुमायौ*

*तर पनि तिमीले पाउनुपर्ने*

*मान्छेको जन्मसिद्ध अधिकारसम्म पाएनौं।*

('मैले पुज्ने ईश्वरसँग', पृ. ९४)

देशमा लोकतान्त्रिक व्यवस्था कायम भए तापनि नागारिकहरू असुरक्षित र अभावले ग्रसित बनेका विषयलाई उनले उठाएका छन्। चामलिङको यस अभिव्यक्तिले देश कमजोर भएको सत्यलाई यहाँ प्रस्ट रूपमा चित्रण गरिएको छ-

*अभाव र असुरक्षा नै हाम्रो देश भयो*

*तिरस्कार र बहिष्कार नै हाम्रो उपलब्धि भयो*

*अतृप्त तिर्खा र रहर*

*शोषण दमनभित्र पनि चुपचाप बाँच्ने हाम्रो थर।*

('हामी हुनुको बोधमाथि एउटा सत्य', पृ. १०१)

मानव अधिकार हनन् भएको विरोधमा उनी क्रान्तिको नयाँ बिहानी उदाउने सङ्केत दिन्छन्। यसरी कवि चामलिङ आफ्ना काव्यिक अभिव्यक्तिमा लोकतान्त्रिक व्यवस्थाका निम्ति सङ्घर्षरत देखिन्छन्-

*मान्छेको हनन् भएको अधिकारलाई*
*तड्पेको मानवतालाई*
*उठाउन, व्युँझाउन, जगाउन*
*मेरो रातो भाले बास्नेछ, बासिरहनेछ*
*एक होइन*
*अब यस धरतीमा*
*लाखौं करोडौं भाले बास्नेछन्, बासिरहनेछन्।*

('रातो भाले युग युग बास्छ', पृ. ५९)

कवि पवन चामलिङ 'आत्मस्वीकृति'कवितामा मानव अधिकारलाई सर्वोपरि अधिकार अङ्गीकार गर्दै लेख्छन्-

*उसको अघि र पछि अथवा तल र माथि*
*कोही ठुलो र सानो छैन*
*घरभित्र र बाहिर छैन*
*पर्खाल वारि-पारि छैन*
*कोही भिक्षा दिने र*
*कोही लिने पनि छैन*
*मान्छे हुनु नै सबभन्दा ठुलो उसको अधिकार हो।*

(पृ. ११८)

### ४.२.४ राजनीतिक नेतृत्व

कुशल राजनीतिक नेतृत्व लोकतान्त्रिक शासन व्यवस्थाका निम्ति अनिवार्य तत्त्व हो। राजनीतिक नेतृत्व भन्नाले जनाधारद्वारा सत्तासीन बन्न पुगेको नेतृत्व बुझिन्छ। राजनीतिक नेतृत्वले जनता, राज्य अथवा

राष्ट्रसम्मको सर्वाङ्गीण विकास र समृद्धिका लागि गहन दायित्व निर्वाह गर्नु पर्दछ। देशको आर्थिक र राजनीतिक समस्याको समाधान गर्न राजनीतिक नेतृत्व एकचित्त हुनु अनिवार्य हुन्छ।

पौराणिक ग्रन्थ 'रामायण'-मा राम र लक्ष्मणको उल्लेख पाइन्छ। कविले राम र लक्ष्मणलाई राजनीतिक नेतृत्वको विम्बका रूपमा प्रयोग गरेका छन्। जनताले गहन दायित्वका साथ सत्तामा पुऱ्याएका हुन्छन्। सत्तासीन बनेपछि राजनीतिक नेतृत्वले आफ्नो दायित्व भुलिपठाउने भारतीय राजनीतिका निम्ति विडम्बना हो। कविले राजनीतिक नेतृत्व स्वयम् मानिस मानिसमाझ भिन्नता ल्याउने र मानिसलाई सताउने कार्यमा संलग्न बन्ने कुरा अभिव्यक्त गरेका छन्। यस प्रवृत्तिप्रति असन्तुष्टि जनाउँदै उनी भन्छन्-

*हे भानु!*
*तिम्रा राम-लक्ष्मणहरूले त सधैँ-सधैँ*
*रगतका साँधहरू कोर्न लाएर*
*हिमालको हिमाच्छादित पाखादेखि*
*मरुभूमिको छातीसम्म*
*मानिसहरूलाई सताउन लागेका छन्*

('भानुलाई सम्झेर', पृ. १०६)

राजनीतिक नेतृत्वहरू आफ्नो दायित्वबाट विच्छिन्न बने जनसाधारणले न्याय पाउन र लोकतान्त्रिक प्रणाली सुचारु रूपले सञ्चालन हुन सक्दैन। कवि स्वयम् राजनीतिक नेतृत्व बनी यसैमाथि व्यङ्ग्य गर्छन्।-

*मेरोमा मान्छेका आवाज र क्रन्दन सुन्ने कान छैन*
*मेरोमा मान्छेलाई देख्ने आँखा पनि छैन*
*मेरोमा मान्छेको बोली बोल्ने आवाज पनि छैन*
*मेरोमा मान्छेको मानवता र अस्तित्व बुझ्ने मन छैन।*

('सत्ता', पृ. ४८)

कविले राजनीतिक नेतृत्वको निष्क्रियता र शिथिल कार्यशैलीप्रति असन्तुष्टि व्यक्त गरेका छन्। सत्तालाई अपाङ्ग र अन्धकारजस्ता नामकरण गरी कमजोर नेतृत्वप्रति प्रहार गर्छन् तर आफू शक्ति र सत्ता हुनमा घमन्ड गर्न छोड्दैनन्-

*म नाक, कान, आँखा, हृदय, माया, दया*
*अङ्ग-प्रत्यङ्ग केही नभएको*
*अन्धो, गूँगो र बहिरो*
*निस्लोट*
*आकार-प्रकारविहीन*
*केवल सत्ता हूँ।*

('सत्ता', पृ. ४९)

### ४.२.५ सुशासन

सुशासनलाई लोकतन्त्रमा जनमुखी शासन पनि भनिन्छ। लोकतन्त्रमा शासन व्यवस्थाको भूमिका महत्त्वपूर्ण हुन्छ। शासन व्यवस्था जनमुखी नभए नागरिकले ठोस उपलब्धि प्राप्त गर्न सक्दैन। कविले यस विषयलाई आफ्ना कविताहरूमा गम्भीरतापूर्वक उठान गरी राम्रो शासन व्यवस्थाको अपेक्षा गर्छन्-

*खै त! यी बस्तीका झोपडीहरूमा*
*समाज व्यवस्थाका स्वच्छ उपलब्धिहरू*
*र अब त मलाई लाग्छ*
*यी योजनाका कुराहरू*
*यी क्रान्ति, जुलूसका आवाजहरू*
*स्वार्थी मान्छेका प्रलोभन मात्र हुन्।*

('आरम्भ नयाँ बाटोको', पृ. ५९)

सुशासनरहित राष्ट्रमा नागरिकले स्वतन्त्रता र मानव अधिकारको उपभोग गर्न पाउँदैन। कवि चामलिङले यस्ता शासनलाई जनहित र जनसाधारणका निम्ति कैदीले भोग्नपर्ने पीडा भनेका छन्-

*यसैले यस संसारमा*
*मान्छेले बनाएका कुव्यवस्था र कुसंस्कारमा*
*कि भनौँ, आफ्नै बचाइ र भोगाइको मतलबमा*
*मान्छेहरू बन्दी बनेका छन्*
*आफैभित्र मान्छे*
*मान्छेभित्र मान्छे*
*वास्तवमा बन्दी छन्।*

('आफैभित्र बन्दी', पृ. ११८)

असल शासन व्यवस्थाले मात्र समग्र जनताको हित रकल्याण गर्दछ। सुशासनले राज्य तथा राष्ट्रमा शान्ति कायम गराउने र नागरिकहरूको सुरक्षा सुनिश्चित गर्दछ। शासन व्यवस्था जनताको हितमा हुनु पर्ने मान्यता लोकतान्त्रिक हो। पवन चामलिङ असल शासन व्यवस्थाप्रति आग्रही देखिन्छन्। उनी समयसापेक्षिक मागलाई प्रस्ट पार्दै नयाँ व्यवस्था र नयाँ उपलब्धिको आवश्यकता बोध गर्छन्। सरल र सहज तरिकाले प्रकट भएको उनका यस भावमा नयाँ व्यवस्थाप्रतिको आग्रह देखिन्छ-

*तीन सय पैंसट्ठी दिनका अङ्ग-प्रत्यङ्गमा*
*नयाँ व्यवस्था*
*नयाँ उपलब्धि*
*नयाँ उमङ्ग*
*नयाँ सङ्ग*
*नयाँ क्रान्ति*
*माग्दैछ युगले।*

('नयाँ वर्ष', पृ. १५)

लोकतान्त्रिक पद्धतिमा जनमतले सरकार बनिन्छ। जुन राजनीतिक दललाई बहुमत प्राप्त हुन्छ, त्यही दलको सरकार गठन हुन्छ। सरकार गठन गर्ने राजनीतिक दलले राज्य अथवा देश चलाउने अधिकार प्राप्त गर्दछ। सत्ताद्वारा निर्मित व्यवस्थाले जनताको हित, कल्याण र न्यायको कार्ययोजनामा निर्भर रहेको हुनुपर्छ। लोकतन्त्रले जनताको आवाजलाई महत्त्व दिन्छ भने 'सत्ता' शीर्षक कविता त्यही महत्त्वलाई क्षीण र सुस्त बनाउने प्रयासमा लेखिएको बुझिन्छ। लोकतान्त्रिक राज्यमा अटुट विश्वास गर्ने कवि चामलिङ यस कविताभित्र सत्ताप्रति मोह र लोभको जालमा फँसेका देखिन्छन्। यस कुराको पुष्टि निम्न कवितांशले दिँदछ-

*मेरोमा मान्छेका आवाज र क्रन्दन सुन्ने कान छैन*
*मेरोमा मान्छेलाई देख्ने आँखा पनि छैन*
*मेरोमा मान्छेको बोली बोल्ने आवाज छैन*
*मेरोमा मान्छेको मानवता र अस्तित्व बुझ्ने मन छैन*
*किनकि*
*मेरो छातीमा मुटुको सट्टा ढुङ्गा छ*
*मेरो शरीरमा रगतको बदली विष छ*
*मेरोमा दया, माया नामको केही वस्तु छैन*
*मेरो केवल सुरसाको जस्तो मुख छ*
*खाएर कहिल्यै नअघाउने पेट छ*
*म शक्ति-सम्पन्न सत्ता हुँ।*

(पृ. ४८)

अर्थात् कविले हाम्रो लोकतान्त्रिक देशमा राजनीतिक नेतृत्वको रूपमा विष उगाल्ने, राजनीतिक नेतृत्वको रूपमा राक्षस बन्ने र भोक नमेटिन्जेल जनतालाई शोषण गर्नेहरूप्रति व्यङ्ग्य गरेका छन्। यस अर्थमा कवि लोकतन्त्रको पक्षमा सदैव आफ्नो आवाजलाई सबल बनाउन उभिएको पाइन्छ।

कविले मान्छेले आफ्नो मौलिक अधिकारका लागि लड्न र एक छाक खानका निम्ति मर्न नपर्ने कल्पना गरेका छन्। कुव्यवस्थाका कारण घुसखोरी र जातिवाद, भाइ-भतिजावादले सबैलाई प्रभाव पारेको हुन्छ। कविले त्यस अवस्थाको वर्णन गर्दै सम्पूर्ण क्रान्तिको आह्वान गरेका छन्-

*आजकलझैं त्यतिबेला*
*मान्छेको अधिकारको निम्ति लड्न पर्ने छैन*
*एक पेटको निम्ति मर्न पर्ने छैन*
*बाँच्नको निम्ति दयाको भिक्षा माग्न पर्ने छैन*
*एउटा जागिर नपाएर सड्न पर्ने छैन*
*घुसखोरीले भूस बनाएको देश हुने छैन*
*जातिवाद र भाइ-भतिजावादले*
*घाटमा पुऱ्याएको व्यवस्था रहने छैन*
*जन्म ग्रहण नै सम्पूर्ण क्रान्ति हुनेछ।*

('भोलिको प्रसङ्गः म अनि मान्छे', पृ. ४४)

लोकतान्त्रिक पद्धतिमा सुचारु रूपले व्यवस्था सञ्चालित हुनु अनिवार्य मानिन्छ। व्यवस्थाले जनाकाङ्क्षालाई सम्बोधन गर्दछ। हरेक थोकलाई सम्बोधन गर्ने माध्यम नै शासन व्यवस्था हो। त्यो व्यवस्था लोकतन्त्रअनुरूप व्यवस्थित हुनुपर्दछ। व्यवस्था निर्माणमा सरकारका निर्देशन र योजनाहरू मुख्य हुन्छन्। तर यस्ता निर्देशन र योजनाहरू जनउपयोगी र विकासमुखी नभएको कुराप्रति कवि चिन्ता व्यक्त गर्दै लेख्छन्-

*मालिक र पूँजीपतिबाट*
*जिउँदै लुटिएका*
*कुटिएका*
*भुटिएका*
*करोडौं शोषित वर्ग*

*र सर्वहाराहरू*

*मजदूर र किसानहरू*

*भाग्य खोसिएका मान्छेहरू*

*जन्मिरहेछन्*

*आजको व्यवस्था*

*र निरंकुश सत्ताबाट।*

('आक्रोश मोहरीबाट विप्लवका कुरा', पृ. ११४)

राज्यमा सुशासनको अभावले नगारिकहरू सबैबाट शोषित बन्न पुग्छन्। कविले व्यवस्था राम्रो नहुँदा जनता सबै थोकबाट शोषित बन्ने यथार्थलाई यसरी प्रकट गरेका छन्-

*यसरी रावण-राज्यको व्यवस्थाले लुटिएका*

*लाखौं राम-सीताहरू, भरत र शत्रुघ्नहरू*

*यो देशको पूर्व-पश्चिम र उत्तर-दक्षिण*

*शोषक र शासकका शोषणमा परेर*

*गाँस-बाससम्म लुटाएर*

*मान्छेका आकारमा बाँचिरहेका छन्।*

('कविलाई सम्झेर', पृ. ९०)

लोकतान्त्रिक व्यवस्थामा जनताको जीवनगत स्वतन्त्रता र समानता राज्यको विधि व्यवस्था अनि राजनीतिक दलको कार्यशैलीमाथि निर्भर रहन्छ। व्यवस्था दिगो र जनमुखी हुनु लोकतान्त्रिक पद्धतिको मूल उद्देश्य हो। व्यवस्थाले मानिसलाई एक्लो र खोक्रो पार्ने हुनाले उनी सबल र असल व्यवस्थाको पक्षमा वकालत गर्दै 'आकाश गङ्गाको देशमा धमिलो नदी' कवितामा भन्छन्-

*हल्लाले हूलहरू र समूहहरूलाई निलेको रहेछ*

*अघि पनि निलेकै रहेछ*

*होल्लाले सृजना गरेको व्यवस्थाभित्रको मान्छे*

*एक्लै बाँच्दोरहेछ*

*एक्ला-एक्ला मान्छेहरू*

*वास्तवमा खोक्रा मान्छे मात्र रहेछन्।*

(पृ. १२६)

कविले सिक्किमेली समाजमा सुशासनको परिकल्पना गरेका छन्। प्रकृतिलाई सुशासनको प्रतीकको रूपमा प्रयोग गर्दै उनी यसो भन्छन्-

*पानी बर्सेर स्वच्छ आकाशबाट*

*सबै खोला-नाला र झरनाहरू उर्लिनेछन्*

*अनि टिस्टाको त्यो धमिलो पानीलाई*

*अझ मन्थनेर सङ्लो पारी लानेछन्*

*टिस्टामा पनि*

*लेउ लागेर बसेका फोहोरहरूलाई*

*जबर्जस्ती जमीन खोजेर*

*दूषित तुल्याउने तत्त्वहरूलाई*

*बगाएर लानेछन्।*

('टिस्टा अझै धमिलो बग्दैछ', पृ. १२६)

सबै धर्मप्रति सहिष्णुताको भाव सुशासन र लोकतन्त्रको एउटा सशक्त उदाहरण हो। कविले धार्मिक सहिष्णुताको वर्णन गरेर सुशासनप्रति आफ्नो झुकाउ देखाएका छन्-

*गिर्जाघरको घण्टीको आवाज*

*मन्दिरमा ठोक्किएर*

*प्रतिध्वनित भएको सुन्दैछु*

*सबै प्रार्थनाका आवाजहरू*

*मिसिएर रमाइलो धुन बनेको छ*

*जसले मेरो मस्तिष्क*

*मन र प्राण स्पर्श गरेर*

*न्यानो र कोमल बनाएको छ*

*म आत्मविभोर बनेको छु।*

('आवाज', पृ. ३१)

### ४.२.६ उत्तरदायित्व

उत्तरदायित्व लोकतन्त्रको अर्को प्रमुख तत्त्व हो। समाज, देश र राष्ट्र निर्माणसँगै नागरिकका जीवनमा प्रगति र समृद्धि ल्याउने दायित्व साधारण जनतासितै नेताको पनि हुन्छ। सत्ता सुम्पिनु भनेको देश सञ्चालनका निम्ति दायित्व प्रदान गर्नु हो। यसैले लोकतन्त्रमा राजनीतिक नेतृत्व र जनता दुवैको दायित्व महत्त्वपूर्ण मानिन्छ। उत्तरदायित्व निर्वाहको पहिलो खुड्किलो कर्त्तव्य पालन हो।

चामलिङले मानिसलाई कर्त्तव्यनिष्ठ बनेर अस्तित्व निर्माण गर्ने आग्रह गरेका छन्। निम्न कवितांशमा अभिव्यक्त भावले त्यही आग्रह गरेको छ-

*ए मान्छे! किन भन्छौ?*

*अलिकता कर्त्तव्यगर्दै*

*गलिसकें, थाकिसकें*

*जबकि कर्त्तव्यभित्र नै छ*

*तिम्रो अस्तित्वको पहिचान*

*किनकि साँचो कर्त्तव्यले नै*

*गर्नेछ तिम्रो अस्तित्वको निर्माण।*

('मान्छे अनि कर्त्तव्य', पृ. २७)

कवि मानिसको अस्तित्व रक्षा गर्न कर्त्तव्य परायण बन्नु पर्ने आग्रह गर्छन्। आफ्नो अस्तित्वको रक्षा गर्नु मानिसको पहिलो दायित्व हो।

लोकतान्त्रिक व्यवस्थामा जनता र नेताको उत्तरदायित्व समान हुन्छ। कविले उत्तरदायित्व पुरा नगर्ने नेतालाई ठाडो प्रतिकार गर्दै प्रश्न सोधेका छन्-

*आफ्नो सुख मात्रै हेर्ने हो कि*
*जनताको दुःख पनि हेर्ने हो?*

('एउटा प्रश्न', पृ. २८)

कवि मानिसलाई दायित्वशील बनाउनका निम्ति यसो भन्छन्-

*म कोहुँ, कहाँ छु*
*के गर्दैछु, के भन्दैछु*
*अनि मैले के गर्नुपर्छ*
*मेरा लागि, हाम्रो लागि*
*आफ्नो लागि, हामी हुनुको लागि*
*आफ्नो मर्यादाको लागि।*

('ऐंठन परेको प्रश्न', पृ. ७२)

यस कवितांशमा मान्छेले गर्नैपर्ने आवश्यक कार्यप्रति सचेत रहनुपर्छ भन्ने बोध गराउन कवि चामलिङको मुख्य उद्देश्य रहेको देखिन्छ।

## ४.३ पवन चामलिङका कवितामा ध्वनित लोकतान्त्रिक स्वर

कवि पवन चामलिङका कविताहरूमा विभिन्न प्रवृत्तिहरू सँगै लोकतान्त्रिक स्वर मूल रूपमा प्रयोग भएको पाइन्छ। जनताको अधिकार र निर्णयलाई प्रधानता दिनु लोकतान्त्रिक व्यवस्थाको मूल उद्देश्य हो। किरणका कविता मानव अधिकार, स्वतन्त्रता, समानता, न्याय आदिका पक्षमा सम्प्रेषित भएका छन्। किनारीकृत तथा निम्नवर्गीय जनताका हक, अधिकार, न्याय, आधारभूत आवश्यकतामाथि पनि कविले साहसपूर्वक आफ्नो विचार राखेका छन्। जनताको हक, अधिकार, न्याय, समान अवसर, आधारभूत आवश्यकताको पूर्ति आदि लोकतन्त्रले मान्यता दिने प्रमुख विषयहरू हुन्। विश्वका लोकतान्त्रिक

देशहरूमा जनतासित सम्बद्ध यी विषयहरू कार्य रूपमा रूपान्तरित भएको पाइन्छ। कवि चामलिङ पनि मान्छेको जीवनको सम्पूर्ण सुख र खुसीको पक्ष लिँदै लोकतान्त्रिक विचारधारालाई आफ्ना कविताहरूमा अभिव्यक्त गर्न अग्रसर देखिन्छन्। यसअतिरिक्त उनले लोकतान्त्रिक व्यवस्था असल र जनताको हितका निम्ति हुनु पर्ने विषयमा विशेष जोड दिएका छन्। समानताको पक्षमा आफ्नो विचार प्रकट गर्ने क्रममा उनले भेदभावपूर्ण समाजको सशक्त रूपमा विरोध गरेका छन्। स्वतन्त्रता उनको कवितामा व्यक्त अर्को लोकतान्त्रिक विशेषता हो।

विभिन्न समालोचकहरूले कवि चामलिङका कवितामाथि भिन्नभिन्नै दृष्टिकोणले समालोचना, टिप्पणी आदि गरेका छन्। कतिपयले मानवतावादी प्रवृत्तिका भनेका छन् भने कतिपयले प्रगतिवादी कवि भनेर चिनाएका छन्। तर उनका कवितामा पाइने लोकतान्त्रिक प्रवृत्तिमाथि सायदै चर्चा गरेका होलान्। समालोचक घनश्याम नेपाल लेख्छन्- "मान्छे, मान्छेपन र मान्छेका भोगाइ-जीवाइहरू नै उनका कविताको तीन सारङ्गी हो। त्यस सारङ्गीमा मानव हित र मानव उत्थानका निम्ति अनिवार्य पर्जन्य, अन्न र यज्ञका अखण्ड कीर्तन र अनन्त रागहरू नित्य बजेका छन्। विद्रोह, क्रान्ति र विरोधका राग, धुन र आलापहरूले उनका तीनवटा तारहरू घरिघरि जीवन्त भई उठ्तछन्। यसैमा उनको निजस्व काव्यिक वाग्धाराको सन्धान साकार भई उठ्तछ। प्रजातान्त्रिक चेतनामूलक काव्यधारा उनको काव्य-यात्राका लागि राजमार्ग बनेर फैलिएको छ। त्यसै राजमार्गमा उनको सिसृक्षा उन्मुक्त दौडन्छ।"[६५] कवि चामलिङले मान्छे र मान्छेका जीवनलाई अधिक प्रधानता दिएका छन्। तसर्थ उनका कवितामा मान्छेका हित, कल्याण र उत्थानको पक्ष टड्कारो रहेको भेटिन्छ। उनका क्रान्ति र विद्रोही भावमा मान्छेको हित र उत्थान नै सर्वोपरि रहेको पाइन्छ। कवि चामलिङका कविताबारे रामप्रसाद मैनालीको टिप्पणी यस प्रकार छ- "दुई युग लामो आफ्नो कविता-यात्रामा सामाजिक असमानता, आर्थिक विषमता, भोक, रोग र शोकग्रस्त साधारण जनताप्रतिको अन्याय-अत्याचार, शोषण, दमन र उत्पीडन, राजनीतिक शक्तिको एकाधिकार, नागरिक अधिकारको उलङ्घन, लोकतान्त्रिक व्यवस्था-विरोधी षड्यन्त्र आदिका कट्टर विरोधी छन् कवि 'किरण' भने भाषा, साहित्य, संस्कृति, जाति र राष्ट्रको हिमायती हुँदै 'वसुधैव कुटुम्बकम' उनको मन्त्र र मानव-स्वतन्त्रता, मानव अधिकार तथा लोकतन्त्रका पक्षपाती उनी हुन पुगेका

[६५] घनश्याम नेपाल, सन् २०१४, *विधा विविधा*, कालिम्पोङः उपमा प्रकाशन, पृ.१५

छन् जग र जीवनका परिवर्तनाकाङ्क्षी कवि।"[६६] चामलिङले साधारण जनताप्रति हुने अन्याय, अत्याचार, शोषण, उत्पीडनको चर्को विरोध गर्दै समानता र स्वतन्त्रताको पक्ष आफ्ना काव्यात्मक अभिव्यक्तिहरूमा लिएका हुनाले उनी लोकतन्त्रका पक्षधर रहेको पुष्टि हुँदछ।

लोकतान्त्रिक व्यवस्थामा मानिसको वैयक्तिक, सामाजिक, राजनीतिक, शैक्षिक, धार्मिक, सांस्कृतिक, लैङ्गिक आदिलाई समान रूपले महत्त्व दिन्छ। भेदभावरहित समाज निर्माण गर्ने कविको मान्यताले लोकतान्त्रिक सुव्यवस्थाप्रति झुकाउ राख्छ। यसअतिरिक्त लोकतन्त्रले जनपक्षीय शासन व्यवस्थालाई प्राथमिकता दिँदछ। यस व्यवस्थाले मात्र राज्यका नागरिकको हक, अधिकार र सुरक्षालाई सुनिश्चित गर्दछ। कविले आफ्ना कविताहरूमा जनताको हित विपरीत शासन व्यवस्थाको विरोध गरेको पाइन्छ। गाँस, बास र कपास नागरिकहरूले प्राप्त गर्न पाउने आधारभूत आवश्यकता हुन्। देशका समग्र नागरिकहरू यस आवश्यकताबाट वञ्चित हुनु हुँदैन भन्ने पक्षलाई लोकतान्त्रिक प्रणालीले मान्यता दिन्छ। आधारभूत आवश्यकता पूर्ति हुनबाट वञ्चित बनेका नागरिकहरूको दुर्दशाप्रति कवि चामलिङ धेरै चिन्तित देखिन्छन्।

चामलिङका तिनवटा कविता सङ्ग्रहका अधिकांश कविताहरूमा लोकतान्त्रिक स्वर प्रयोग भएको पाइन्छ। उनका कवितामा व्यक्तिगत अधिकार, जनसहभागिता, समानता र स्वतन्त्रताजस्ता लोकतान्त्रिक विशेषता निहित रहेका भेटिन्छन्। राजनीतिक बहुलवाद, चुनाउ, उत्तरदायित्व, राजनीतिक नेतृत्व, सुशासन आदि लोकतान्त्रिक तत्त्वहरूका कारण कवितामा लोकतान्त्रिक स्वर सघन भएको पाइन्छ। लोकतन्त्रका यी विशेषता र तत्त्वहरू कवितामा प्रविष्ट गरी कविले जनताको न्याय र अधिकारलाई प्रधानता दिनका साथै देशको लोकतान्त्रिक व्यवस्थाको असफलतामाथि पनि प्रश्न उठाएका छन्।

किनारीकृत निम्नवर्गका हितमा आवाज उठाउने कवि चामलिङले न्याय प्राप्तिका निम्ति निम्न वर्गलाई प्रेरित गरेको पाइन्छ। उनको पहिलो कविता सङ्ग्रह *वीरको परिचय र अन्य प्रारम्भिक कविता*को

[६६] रामप्रसाद मैनाली, सन् २००९, भूमिका, पवन चामलिङ 'किरण', *म को हुँ?*, सिक्किमः निर्माण प्रकाशन, पृ.८

दोस्रो कविता 'हाम्रो नयाँ वर्ष'-लाई यसको उदाहरणको रूपमा लिनसकिन्छ। यस कविता वर्गीय चेतनामा आधारित भए तापनि यसले लोकतान्त्रिक स्वरलाई मूल रूपमा बोकेको छ। निर्धो र निमुखावर्गको अरूका माया र दायामा बाँच्नु पर्ने बाध्यतालाई कविले अघिल्ला पङ्क्तिहरूमा प्रस्तुत गरेका छन्। तिनीहरूको दयनीय अवस्थाको वर्णन मात्र नगरेर कविताको अन्त्यतिर स्वतन्त्रता र व्यक्तिगत अधिकारका निम्ति निमुखावर्गलाई कविले सहभागिताको आग्रह गरेका छन्। उदाहरण-

*हाम्रो भाग्यको जगेडा*
*हाम्रो अधिकारको सुरक्षाको लागि*
*ल्याउनुपर्छ हामीले हाम्रो लागि नयाँ वर्ष*
*हाम्रो मुक्ति र अधिकारको नयाँ वर्ष*
*हाम्रो खुशी र स्वतन्त्रताको नयाँ वर्ष*
*आँदैछ हामी भएर हाम्रो नयाँ वर्ष।*

(पृ. १५)

नयाँ वर्षलाई कविले लोकतान्त्रिक व्यवस्थाको विम्बका रूपमा प्रयोग गरेका छन्। व्यक्तिगत अधिकार र स्वतन्त्रताजस्ता दुईवटा लोकतान्त्रिक विशेषता यस कवितामा पाइन्छ। यस अतिरिक्त निम्नवर्गलाई आफ्नो अधिकार ग्रहणका निम्ति सहभागिताको आह्वान गरेका हुनाले लोकतान्त्रिक तत्त्व पनि यस कवितामा निहित रहेको छ। यस रूपले चामलिङका 'नयाँ वर्ष' कवितालाई लोकतान्त्रिक स्वर मुखरित भएको बलियो कविताको रूपमा लिन सकिन्छ।

पहिलो सङ्ग्रहमा सङ्ग्रहित 'पुकार' शीर्षक कवितामा कविले समानताको पक्षमा सहभागिता जनाउन आग्रह गरेका छन्। सामजिक र वर्गीय भेदभावको विरोध गर्न र समानतापूर्ण समाजको स्थापनाका निम्ति जनसहभागिताको आग्रह भएको यस कवितामा लोकतान्त्रिक स्वर प्रबल रूपमा ध्वनित भएको छ। जस्तै-

*ऊँच-नीचको भेदभाव तोडी*

*मानव एक बनाऔं।*

*शोषणलाई खरीना बनाई*

*गरीबीको बन्धन तोडी*

*प्रेमै-प्रेममा संसार सजाई*

*हिंसा-ईर्ष्या छोडी*

*धरतीमा फूल फुलाऔं।*

(पृ. ३५)

कवि चामलिङका कविताले समानता, स्वतन्त्रता, अधिकारको पक्षमात्र लिएको पाइँदैन। उनले कवितामा देशको लोकतान्त्रिक व्यवस्थाबाट जनताले गुणात्मक परिणाम प्राप्त गर्न नसकेको तीतो सत्यतालाई प्रस्तुत गरेका छन्। लोकतान्त्रिक व्यवस्थाअनुसार राजनीतिक बहुलवादअन्तर्गत जनताले आफ्ना अधिकारका निम्ति जुलुस, हड्तालको आयोजना गरी आवाज उठाउन सक्छन्। देशमा जनताले लोकतन्त्रले प्रदान गरेको राजनीतिक बहुलवादलाई उपभोग गर्दा पनि कुनै फल प्राप्त गर्न नसकेको यथार्थलाई कवितात्मक अभिव्यक्ति दिएर कवि चामलिङले देशको लोकतन्त्रमाथि कठाक्ष प्रहार गरेका छन्। 'मेरो देश' शीर्षक कवितालाई यसको सबल उदाहरणका रूपमा लिनसकिन्छ-

*सधैं हल्ला बोकेर*

*यी गाउँ, शहर र देशका मानिसहरू*

*आन्दोलन, जुलूस, हडताल भएर*

*भाषण, नारा, पार्टी भएर*

*ठूला-ठूला माँगका पोस्टरहरू र क्रान्ति*

*ढुङ्गा, भित्ता, रूखतिर टालेर*

*उफ्रिन्छन्/ नाच्छन्/खुशी हुन्छन्*

*तर शून्यमा शून्य जोड्दा हातमा शून्य लाग्दा*

*फेरि यी मानिसहरू*

*उफ्रिन्छन्/कराउँछन्/पश्चताप गर्छन्*

*यस्तै हल्लामा यो देश*

*डुब्दै जाँदैछ...डुब्दै जाँदैछ...*

(पृ. ३६)

कवि चामलिङ राज्य अनि देशमा लोकतन्त्रको खिल्ली उडेको र जनताको लोकतान्त्रिक अधिकार हनन् भएकोमा सन्तुष्ट छैनन्। यसैले आफूभित्रको कवि व्यक्तित्वलाई सम्झिँदै 'कविलाई सम्झेर' कविता लेखेका छन्, किनभने समाजमा कवि वा साहित्यकारमात्र यस्ता व्यक्ति हुन् जसमा इमान्दारिता बाँचेको हुन्छ। तसर्थ कविले समाजमा बाँचेका कविलाई सम्झँदै यस देशमा रामराज्य होइन रावण राज्य स्थापित भएकोले लोकतन्त्र फर्काइ ल्याउने आग्रह गरेका छन्। कविले 'हे कविवर!' भनी सम्बोधनबाट अब यस देशमा राजनेताले होइन कविले नै राम र लक्ष्मणका राज्य फर्काइ ल्याउन सक्छन् भन्ने विश्वास गरेका छन्। उदाहरण स्वरूप-

*हे कविवर!*

*तिमीले सोचेका थियौ होला*

*कि यहाँ राम-राज्य हुन्छ भनेर*

*तर अफसोस् कविवर!*

*यहाँ त ती वीर पराक्रमी राम र लक्ष्मणहरू*

*सीता र सावित्रीहरू*

*सबै-सबै रावणका सुसारे बनेका छन्।*

(पृ. ९०)

देशको लोकतान्त्रिक व्यवस्था लथालिङ्ग भएर असत्यको राज कायम भएकोमा कवि पीडित छन्। शोषित बनेका र अधिकारदेखि वञ्चित साधारण जनताको दयनीय अवस्थाप्रति कवि धेरै चिन्तित देखिन्छन्। तसर्थ उनी कविलाई सम्झिँदै यसो भन्छन्-

*यहाँ झूटोलाई साँचो, साँचोलाई झूटो मानिन्छ*

*सत्यलाई असत्य र अपराधीलाई न्यायी ठानिन्छ*

*यसरी रावण-राज्यको व्यवस्थाले लुटिएका*

*लाखौँ राम-सीताहरू, भरत र शत्रुघ्नहरू*

*यो देशको पूर्व-पश्चिम र उत्तर-दक्षिण*

*शोषक र शासकका शोषणमा परेर*

*गाँस-बाससम्म लुटाएर*

*मान्छेका आकारमा बाँचिरहेका छन्*

*सास मात्रै फेरिरहेका छन्*

*यसैले हे कविवर*

*तिमी फेरि आऊ*

*तिम्रा पराक्रमी राम, लक्ष्मण*

*र सीताको दुर्दशा बुझेर जाउ।*

(पृ. १२५)

'म आएँ' शीर्षक कवितालाई लोकतन्त्रान्त्रिक स्वरको सबल उदाहरण स्वरूप लिन सकिन्छ। कविले यस कवितामा आफू जनताका हक, अधिकार र न्याय खोज्न आएका बताएका छन्। साधारण जनतामाथि हुने अत्याचार र वर्गभेदका अन्धकारलाई निर्मूल पार्ने कविको लोकतान्त्रिक विचार यस प्रकार व्यक्त भएको पाइन्छ-

*आँसु र खून-पसीनाको मोल*

*जगमा खोज्न म आएँ*

*अत्याचार, ईर्ष्या र वर्गभेदको*

*अन्धकार जलाउन म आएँ।*

*शोषित-पीडित, कुण्ठित जगमा*

*उन्मुक्तिको द्वार खोल्न आएँ*

*भोका-नाङ्गा, जीर्ण जीवनको*

*अधिकार खोज्न म आएँ।*

(पृ. ३१)

कवि चामलिङ समानतापूर्ण लोकतान्त्रिक व्यवस्था स्थापित भएको हेर्न चाहने लोकतन्त्रवादी कवि हुन्। उनको लोकतान्त्रिक विचारधारालाई प्रबल रूपमा अभिव्यक्त गर्ने अर्को कविताका रूपमा 'भोलिको प्रसङ्गः म अनि मान्छे' शीर्षकलाई पनि लिन सकिन्छ। उनी भेदभावरहित समानतालाई पूर्ण मानव समाज स्थापित हुने विश्वास प्रकट गर्दै यसो भन्छन्-

*त्यतिबेला*

*भू-भागको सम्पूर्णतामा*

*अत्यन्त रमाहटपूर्ण स्थिति व्याप्त हुनेछ*

*तेरो, मेरो, उसको, फलानो*

*सबै साम्य हुनेछ*

*मान्छेहरू, बस मान्छेहरू सबै-सबै*

*समानाधिकारको साझा संसारमा*

*सुख र शान्तिसँग जीवन उपभोग गर्नेछन्।*

(पृ. ४३)

कविले सोही कवितामा देशको चिन्ताजनक अवस्थाप्रति तीखो प्रहार गर्दै अझ यसो भनेका छन्-

*आजकलझैं त्यतिबेला*

*मान्छेको अधिकारको निम्ति लड्न पर्नेछैन*

*एक पेटको निम्ति मर्न पर्नेछैन*

*बैँच्नको निम्ति दयाको भिक्षा माग्न पर्नेछैन*

*एउटा जागिर नपाएर सड्न पर्नेछैन*

*घुसखोरीले भूस बनाएको देश हुनेछैन*

*जातिवाद र भाइ-भतिजावादले*
*घाटमा पुऱ्याएको व्यवस्था रहनेछैन*
*जन्मग्रहण नै सम्पूर्ण क्रान्ति हुनेछ।*

(पृ. ४४)

कवि अझ उक्त कवितामा लोकतान्त्रिक व्यवस्था स्थापनाका निम्ति युवाहरूलाई क्रान्तिमा सहभागिता जनाउन आग्रह गर्दछन्-

*यसर्थ ए युवा साथीहरू*
*हाम्रा यी बैंसहरू*
*मात्र मान्छेको अधिकारको पक्षमा*
*सिङ्गै उभ्याइदिनु परेको छ*
*हाम्रा सामूहिक हुँकारहरू*
*विस्फोट गरेर*
*मानव मात्रको उन्मक्ति खोज्नुपरेको छ*
*र पसीनाको मूल फुटाएर*
*पापका खाटाहरू पखाल्नुपरेको छ*
*एकताको प्रबलता जुटाएर यहाँ*
*'आदमखोर'-का बोटहरू उखेल्नुपरेको छ।*

(पृ. ४५)

चामलिङका 'सत्ता' कविता लोकतान्त्रिक स्वरको अर्को प्रतिनिधि कविता हो। यस कवितामा उनका राजनीतिक र कवि दुवै व्यक्तित्व प्रस्तुत भएको छ। सत्ताको सुख, मोह र चरित्रलाई राजनीतिक नेता भएर अनुभूत गरेका चामलिङले कवि व्यक्तित्वद्वारा साझा गरेका छन्। लोकतान्त्रिक व्यवस्थामा राजनीतिक नेतृत्वको भूमिका महत्त्वपूर्ण हुन्छन्। जनमतले छानिएका राजनीतिक नेतृत्वलाई सत्तासीन गराएको हुँदछ। जनताले सुम्पिएको दायित्व निर्वाह गर्न नसक्ने इमान्दारहीन सत्ताको क्रुर चरित्रलाई प्रकाशमा ल्याएर

आफू लोकतन्त्रको पक्षधर बनेका छन् चामलिङ। उनमा निहित राजनीतिक व्यक्तित्वका कारण सत्ताको कठोर र राक्षसी प्रवृत्तिलाई कवितामा सहजै यसरी बुझ्न सकिन्छ-

*मेरोमा मान्छेका आवाज र क्रन्दन सुन्ने कान छैन*
*मेरोमा मान्छेलाई देख्ने आँखा पनि छैन*
*मेरोमा मान्छेको बोली बोल्ने आवाज छैन*
*मेरोमा मान्छेको मानवता र अस्तित्व बुझ्ने मन छैन*
*किनकि*
*मेरो छातीमा मुटुको सट्टा ढुङ्गा छ*
*मेरो शरीरमा रगतको बदली विष छ*
*मेरोमा दया, माया नामको केही वस्तु छैन*
*मेरोमा मानवता नामको वस्तु छैन*
*मेरो केवल सुरसाको जस्तो मुख छ*
*खाएर कहिल्यै नअघाउने पेट छ*
*म शक्ति-सम्पन्न सत्ता हूँ।*

(पृ. ४८)

यस कविताले देशको राजनीतिक नेतृत्वमाथि ठुलो प्रहार गरेको छ। यसलाई राजनीतिक नेतृत्वको क्रुर र घमन्डी प्रवृत्तिप्रति गरिएको गम्भीर प्रहार मान्न सकिन्छ।

'आत्मस्वीकृति' कविता लोकतान्त्रिक स्वरको अर्को एउटा प्रतिनिधि कविता हो। यस कवितामा कविले आफ्नो राजनीतिक अनुभवलाई पाठकसमक्ष साझा गरेका छन्। र त्यो सार्वजनिकीकरणलाई उनले आत्मस्वीकृति गरेका छन्। लोकतन्त्रका दृष्टिले यो कविता व्यक्ति स्वतन्त्रमा आधारित छ। आफ्नो राजनीति जीवनको पूर्वाद्धको तिक्त अनुभवलाई उनले यथार्थ रूपमा '१६ जून,९२ को ९ बजे राती' तथ्याङ्क प्रस्तुत गरी एउटा कैदी जीवनबाट उन्मुक्त भएको अभिव्यक्ति दिएका छन्। हिजसम्म आफू पिञ्जरामा रहेका मैना र सुगाजस्तो आफ्ना राजनीतिक सहकर्मीहरूले जे भन्यो त्यही

भन्ने र जे गर भन्यो त्यही गर्ने सम्मको पराधीनताभित्र बाँचेको उनी बताउँछन्। यस कविताले कवि आफू कसैको पराधीनबाट उन्मुक्त भएको आत्मसात गरेका छन्-

*१६ जून, ९२ को ९ बजी राती*
*एकजना साथीको बासस्थानमा*
*उहाँका परिवार र सहयोगी साथीहरूमाझ*
*कुराकानीमा मस्त थिएँ*
*मानवताको पक्षमा वकालत हुँदै थियो*
*अचानक*
*हाम्रो विचारको संसारमा*
*दुइजना दूतहरूले*
*स्वतन्त्रताको घोषणा-पत्र*
*मेरो हातमा थमाइदियो*
*सुनको पिंजरेदेखि मुक्त भएको तोकले*
*मलाई अत्यन्त हल्का र सञ्चो पाऱ्यो*
*स्वतन्त्रताको स्पर्शले मलाई*
*शरीरको तन्तु-तन्तुमा*
*खुशीले च्याप्प अँगाल्यो*
*माथि-माथि अझै माथि*
*विचारको आकाशमा सूर्य समाउन।*

(पृ. ११६)

व्यक्तितन्त्रको अन्धकारबाट आफू उन्मुक्त भएको कविको अभिव्यक्तिले उनी स्वभिमानी र लोकतन्त्रवादी रहेको प्रस्ट हुन्छ। उदाहरण स्वरूप-

*हिजोसम्म*

*म पनि यही जङ्गलभित्र*

*अन्धकारमा भौंतारिँदै थिएँ*

*र निसास्सिएर बाँच्दै थिएँ*

*तर आज पाएको मुक्तिको घोषणा-पत्रले*

*अन्धकार जङ्गलदेखि*

*पाप र छल-कपटको दलदलबाट*

*मैले बैतर्नी तरें।*

(पृ. १२०)

व्यक्तिगत स्वतन्त्रतालाई उपभोग गरी राज्यमा प्रजातन्त्र बहाली गराउने पक्षमा कवि अझ यसो भन्छन्-

*अब म स्वतन्त्र र स्वच्छ छु*

*विचारले, मनले, सिद्धान्तले, नीतिले*

*नैतिकताले, मानवताले*

*र तिम्रो मुक्तिको लागि अब म लड्नसक्छु*

*मेरो जन्मभूमिको लागि*

*अब म निर्धक्क*

*मरिदिन, उत्सर्गित भइदिन सक्छु।*

(पृ. १२०)

'गान्तोक एक पोट्रेट' कवितामा सिक्किममा राजतन्त्रदेखि उन्मुक्ति भएर लोकतन्त्रको स्थापना हुँदा पनि जनताको पक्षमा नेता तथा जनप्रतिनिधिहरू काम नगरेको अवस्थालाई कविले यसरी चित्रण गरेका छन्-

*थाकेको शरीर र*

*मरेका विश्वासहरू बोकेर*

*मन्त्री र सचिवको कार्यलय चाहार्दै दिनभर*

*आश्वासनले हैरान भएको बेकारीको*

*फाटेको जुत्ताको नगर*

*यो गान्तोक शहर।*

('गान्तोक एक पोट्रेट', पृ. ६२)

कविले गान्तोकलाई पोट्रेटसँग तुलना गरेर लोकतान्त्रिक व्यवस्थालाई अङ्गीकार गरे तापनि जनप्रतिनिधि र जन सेवामा संलग्न हुनेहरूमा राजतन्त्रकालीन सामन्ती प्रवृत्ति कायम रहेको बताएका छन्। लोकतन्त्र व्यवस्थाको विफलताको चित्रण गरिएको यो कविता पनि लोकतान्त्रिक स्वरको अर्को प्रतिनिधि कविता हो।

लोकतान्त्रिक व्यवस्थामा कानुनी शासनको स्थापनालाई महत्त्वपूर्ण मानिन्छ। कवि चामलिङ न्यायपूर्ण शासन नभएकोमा लोकतन्त्रलाई खतरा हुन सक्ने बताउँदै सत्यको पक्षमा यहाँ कानुनले काम गरेको हुनुपर्छ भन्छन्-

*यहाँ झूटोलाई साँचो साँचोलाई झूटो मानिन्छ*

*सत्यलाई असत्य र अपराधीलाई न्यायी ठानिन्छ।*

('कविलाई सम्झेर' , पृ. ९०)

चामलिङका अभिव्यक्तिमा गान्धीको लोकतन्त्रवादी धारणाको प्रभाव देखिन्छ। गान्धी साँचो लोकतन्त्र अहिंसा र सत्यमा आधारित हुने विचार राख्छन् भने कवि पनि सत्य, अहिंसा र परोपकारी भावले राज्यमा लोकतान्त्रिक सुचारू रूपले चल्न सक्ने विषयमाथि विशेष जोड दिन्छन्-

*हिंडन न ए, साथी!*

*हिंसाको दुश्मन बनेर*

*अहिंसाको ज्योति बाली*

*परोपकारको कर्म गरेर*

*कुकर्मलाई फाली*

*कोमक भावनामा सजिएर*

*सत्यको बत्ती बाली।*

('बाँचौं', पृ. ७५)

चामलिङका माथि विश्लेषण गरिएका कविताहरूका अतिरिक्त अन्य कविताहरूले पनि लोकतान्त्रिक स्वरको बलियो प्रतिनिधि गरेको पाइन्छ। 'संसारदेखि फालौं' शीर्षक कविता सुशासन, समानता र जनसहभागितामा आधारित रहेको छ। जनसहभागिता र समानताको पक्षमा कविको लोकतान्त्रिक विचार टड्कारो रूपमा अभिव्यक्त भएको अर्को कविता 'आक्रोश मोहरीबाट विप्लवका कुरा' हो। 'एक कथा समाप्तिपछिको अर्को कथा' कवितामा व्यक्तिगत अधिकार सुशासन र मानव अधिकारमाथि कविले आफ्ना लोकतान्त्रिक विचार अभिव्यक्त गरेका छन्। देशको शासन व्यवस्थाले जनतामाथि गरेको अन्यायप्रति कटाक्ष प्रहार गरिइएको लोकतान्त्रिक स्वरको प्रतिनिधि कविता 'भाले र साढे'-ले पनि गर्दछ। 'रातो भाले युग-युग बास्छ' कवितामा कविले रातो भालेलाई लोकतान्त्रिक सुशासनको प्रतीक बनाएका छन्। यो कविता पनि लोकतान्त्रिक स्वरको बलियो प्रतिनिधि कविता हो।

## ४.४ निष्कर्ष

भारतीय आधुनिक नेपाली कविता लेखनको मूल प्रवृत्तिहरूमध्ये लोकतान्त्रिक स्वर पनि एक हो। कवि चामलिङ लोकतान्त्रिक स्वरलाई आफ्नो काव्यात्मक अभिव्यक्तिमा प्रवृत्तिको रूपमा एकै ढाँचामा मात्र प्रयोगमा नलिएर लोकतन्त्रको व्यापकतालाई कवितामा सुचारु र आकर्षक रूपमा समावेश गरेका छन्।

कविले मूल रूपमा समानता र स्वतन्त्रताको अधिकारको पक्षमा व्यक्त गरेका विचारहरूले मानव जगत्लाई सचेतनात्मक सन्देश प्रदान गरेको छ। कतिपय अभिव्यक्तिहरूमा कविलाई उग्र क्रान्तिकारीको रूपमा देखे तापनि उनको त्यस उग्र क्रान्ति मानिसको विविध अधिकारका निम्ति सम्प्रेषणीय बनेको छ। लोकतन्त्रवादीहरूले मानवताको अभिवृद्धिका लागि गरिने सबै सकारात्मक कार्यलाई प्रधानता दिँदछ। यस दृष्टिमा चामलिङका कविता सबल भेटिन्छ।

यसका अतिरिक्त कवि चामलिङका कविताहरूमा जनसहभागिता, कुशल शासन व्यवस्था, उत्तरदायित्व आदिजदस्ता लोकतान्त्रिक तत्त्वहरू पनि पाइन्छन्। उनले मानव जीवनलाई अब्बल र सफल

बनाउन मान्छे स्वयम्लाई सहभागी बन्न आग्रह गरेका छन्। त्यति मात्र नभएर आफ्नो हक र अधिकार ग्रहण गर्न मान्छेलाई सचेत गराएको विषय अत्यन्त उपयोगी बनेको छ। उनले कुशल शासन व्यस्थालाई विशेष जोडदिएका छन्। लोकतान्त्रिक ढाँचाअनुसार चुनाउद्वारा जनमत प्राप्त गरेर सत्तासीन बनेका जनप्रतिनिधिले जनताको हितमा काम नगरेकोमा उनले खोजी गरेका छन्। उनले मानव जीनवलाई सफल बनाउन र साधारण मानिसहरूलाई न्याय दिने, कस-कसले कस्ता कस्ता दायित्व निर्वाह गर्न जरुरी छ, यस विषयलाई प्रकाशमा ल्याएका छन्। शोषक र सम्पन्नवर्गको कडा विरोध गर्दै निम्नवर्गको पक्षमा कवि चामलिङले आफ्ना कविता रचना गरेका छन्।

समग्रमा कवि पवन चामलिङ समानता र स्वतन्त्रतालाई मान्ने लोकतन्त्रवादी कवि हुन्। उनले समाजमा हुने भेदभाव, अन्याय, अत्याचार, शोषण र दमनप्रति विरोध जनाएका छन्। यसरी कवि चामलिङले मानव जीवनको सुरक्षा, खुशी, विकास र समृद्धि सर्वोपरि ठानेको बुझिन्छ। यसैले उनका कविताहरूमा लोकतान्त्रिक स्वर प्रबल र प्रखर रूपमा ध्वनित भएको पाइन्छ। यही स्वर नै चामलिङको कविता लेखनमा देखिने एउटा मुख्य प्रवृत्ति हो।

*

# पाँचौँ अध्याय

# उपसंहार एवम् निष्कर्ष

## ५.१ उपसंहार

विद्यावारिधिका निम्ति प्रणयन गरिएको ''पवन चामलिङ 'किरण'-का कविताहरूमा ध्वनित लोकतान्त्रिक स्वर'' विषय यस शोधप्रबन्धमा लोकतन्त्रको सैद्धान्तिक परिचय र भारतीय नेपाली कवितामा लोकतान्त्रिक स्वरको विकासमाथि चर्चा गर्दै भारतीय नेपाली कवि पवन चामलिङका कवितामा निहित लोकतान्त्रिक स्वरको विश्लेषणात्मक अध्ययन गरिएको छ। लोकतन्त्र जनतासित सम्बन्धित राजनीतिक विचारधारा हो, जसलाई शासनको एउटा पद्धति मानिन्छ। लोकतन्त्रमा जनताको हक, अधिकार र न्याय सर्वोपरि हुन्छ। विश्वका धेरै देशहरूमा लोकतान्त्रिक शासन पद्धतिलाई ग्रहण गरिएको देखिन्छ। भारतीय नेपाली कविता साहित्यमा देखिने विभिन्न प्रवृत्तिहरूमध्ये लोकतान्त्रिक स्वर पनि एउटा प्रमुख प्रवृत्ति हो। कवि पवन चामलिङको काव्यिक सिर्जनामा यही लोकतान्त्रिक स्वरको अनुसन्धान गर्ने शोध अध्ययनको प्रमुख उद्देश्य रहेको छ। यस शोधप्रबन्धमा उनका प्रकाशित तिनवटा काव्य कृतिहरूमा सङ्गृहीत कवितामा ध्वनित लोकतान्त्रिक स्वरलाई लोकतन्त्रका विशेषता र तत्त्वका आधारमा अध्ययन-विश्लेषण गरिएको छ।

शोधप्रबन्धको पहिलो अध्याय 'शोध विषयको परिचय' रहेको छ। यसअन्तर्गत शोधसम्बन्धी परिचय दिनका निम्ति प्रथम 'शोध परिचय' राखिएको छ। त्यसपछि उपशीर्षक '१.१ शोध शीर्षक' अनि '१.२ शोध शीर्षकको परिचय' राखिएको छ, जसअन्तर्गत लोकतन्त्रको सैद्धान्तिक परिचय राख्दै पवन चामलिङका कवितामा लोकतान्त्रिक स्वर पाइन्छ भन्ने कुरा खुट्ट्याइएको छ। यसैगरी उपशीर्षक '१.३ शोधको समस्या'-का रूपमा तिनवटा मुख्य समस्याहरूलाई क्रमैले प्रस्तुत गरिएका छन्। ती समस्याहरू यस प्रकार छन्- '(क) भारतीय नेपाली कवितामा लोकतान्त्रिक स्वरको प्रयोग कहिलेदेखि सुरु भएको हो? (ख) नेपाली कवितामा भारतीय लोकतन्त्रलाई कसरी हेर्न सकिन्छ? यसका आधारहरू के के हुन्? (ग) पवन चामलिङका कवितामा ध्वनित लोकतान्त्रिक स्वरलाई कुन कुन आधारले अध्ययन

गर्न सकिन्छ?' यी तिनैवटा समस्याहरूलाई उपशीर्षक '१.४ शोधको उद्देश्य'-अन्तर्गत दोस्रो अध्यायका '२.४ भारतीय नेपाली कविता र लोकतन्त्र', '२.४.१ भारतीय नेपाली कवितामा लोकतान्त्रिक स्वर' अनि '२.४.२ स्वातन्त्र्योत्तर भारतीय नेपाली कवितामा लोकतान्त्रिक स्वर' शीर्षकका उपशीर्षकहरूअन्तर्गत भारतीय लोकतन्त्रसम्बन्धी लेखिएका नेपाली कविताहरूको अध्ययन-विश्लेषण गरी क्रमिक रूपले समाधान गर्ने प्रयास गरिएको छ। भारतले लोकतान्त्रिक व्यवस्थालाई विधिवत रूपमा अङ्गीकार गरे तापनि देशको जनता संवैधानिक अधिकार उपभोगबाट वञ्चित छन्। व्यवस्थाबाट प्रताडित छन्। भीमा राईद्वारा लिखित 'देश कसको?' भन्ने कवितामा गरिएको प्रश्न नै यहाँको प्रणालीलाई गरिएको सामूहिक प्रश्न हो। प्रस्तुत शोधको उपशीर्षक '१.३ (ग) पवन चामलिङका कवितामा ध्वनित लोकतान्त्रिक स्वरलाई कुन कुन आधारमा हेर्न सकिन्छ ?' तेस्रो समस्याका उद्देश्यलाई चौथो अध्याय 'पवन चामलिङ 'किरण'-का कवितामा निहित लोकतान्त्रिक स्वरको विश्लेषणात्मक अध्ययन'-मा खोज्ने उपक्रम गरिएको छ। चामलिङका कविता लोकतान्त्रिक विशेषता र तत्त्वगत आधारले लोकतन्त्रको महत्त्वलाई बुझ्न सकिन्छ। देशमा लोकतान्त्रिक व्यवस्था सबल रूपमा सञ्चालित हुन नसक्नुको कारण साधारण जनता न्याय र अधिकारबाट वञ्चित बनेको सत्यतालाई उनले प्रकट गरेर लोकतान्त्रिक स्वरलाई कवितामा सशक्त रूपले प्रस्तुत गरेका छन्।

प्रस्तुत शोधप्रबन्धमा शोधको उद्देश्यपछि '१.५ पूर्वकार्यको समीक्षा' उपशीर्षक राखिएको छ। प्रस्तुत शोधको पूर्वकार्यको समीक्षात्मक सर्वेक्षण गर्ने क्रममा '(क) सिङ्गो पुस्तकका आधारमा', '(ख) सम्पादित पुस्तकहरूमा प्रकाशित लेखहरूका आधारमा', '(ग) पत्रपत्रिकाका आधारमा' अनि '(घ) शोधप्रबन्धका आधारमा' विभिन्न लेखक, समालोचक र शोधार्थीहरूले पवन चामलिङको कवित्वमाथि प्रकट गरेका अध्ययन र विश्लेषणबाट प्राप्त तथ्यहरूको जाँच गरेर अन्ततः कसैबाट चामलिङको कवितामा लोकतान्त्रिक स्वरको अध्ययन नभएको कुरा प्रमाणित गरिएको छ। तसर्थ, उक्त समीक्षात्मक सर्वेक्षणले चामलिङका कवितामा निहित लोकतान्त्रिक स्वरको अध्ययनलाई शोध अवकासको रूपमा चिन्हित गरी त्यही विषयमाथि प्रस्तुत शोधकार्यको योजना तयार पारिएको जानकारी प्रदान गरिएको छ।

शोधको विषय निश्चित गरेपछि सङ्कलित सामग्रीको अध्ययन विश्लेषण कुन शोधविधिअनुसार गर्ने भन्ने विषयलाई '१.६ शोधविधि' उपशीर्षकअन्तर्गत यसपछि '१.६.१ अध्ययन विश्लेषणको सैद्धान्तिक आधार'-अन्तर्गत निगमनात्मक विधि अपनाइने कुरा प्रस्ट पारिएको छ र त्यसपछि उपशीर्षक '१.६.२ शोधको सामग्री सङ्कलन विधि'-अन्तर्गत दोस्रो स्रोतबाट आवश्यक अध्ययन सामग्री सङ्कलन गर्ने जानकारी गराइएको छ। उपशीर्षक '१.७ शोधको औचित्य र महत्त्व'-अन्तर्गत भारतीय नेपाली कवितामा लोकतान्त्रिक स्वरको विकासलाई केलाउँदै कवि पवन चामलिङका कवितामा ध्वनित लोकतान्त्रिक स्वरको विश्लेषण गर्नु यस शोधको औचित्य र महत्त्व रहेको छ भनी प्रस्ट पारिएको छ। यसका निम्ति उपशीर्षक '१.८ शोधको सीमाङ्कन'-अन्तर्गत पवन चामलिङका तिनवटा प्रकाशित कविता सङ्ग्रहमा सङ्गृहीत कवितामा लोकतान्त्रिक स्वरको खोजी गर्नु यस शोधको सीमा रहेको कुरा उल्लेख गरिनुका साथै उपशीर्षक '१.९ शोधप्रबन्धको रूपरेखा'-अन्तर्गत यस शोधप्रबन्ध पाँचवटा अध्यायहरूमा विभाजित रहेको जानकारी गराउँदै उपशीर्षक '१.१० भावी शोधकर्तालाई सुझाउ'-अन्तर्गत चारवटा सुझाउहरू राखिएका छन्। ती हुन्- (क) पवन चामलिङका कविताहरूको प्रवृत्तिगत अध्ययन। (ख) नवइतिहासवादका दृष्टिमा पवन चामलिङका कविता। (ग) पवन चामलिङका कविताहरूको समाजशास्त्रीय अध्ययन। (घ) पवन चामलिङका कविताहरूमा प्रयुक्त भाषिक चेतना।

शोधप्रबन्धको दोस्रो अध्याय 'लोकतन्त्रको सैद्धान्तिक परिचय एवम् भारतीय नेपाली कवितामा लोकतन्त्र' शीर्षकमा रहेको छ। यस अध्यायलाई पाँचवटा उपशीर्षकमा विभाजित गरिएको छ। पहिलो उपशीर्षक '२.१ लोकतन्त्रको सैद्धान्तिक परिचय'-अन्तर्गत लोकतन्त्रको अर्थ र परिभाषा, लोकतन्त्रका प्रकार, स्तम्भ, विशेषता, र तत्त्वबारे चर्चा गरिएको छ। लोकतन्त्र अङ्ग्रेजीको 'डेमोक्रसी' शब्दको नेपाली रूपान्तरित शब्द हो। 'डेमोक्रसी' ग्रीसेली दुईवटा शब्दहरू 'डेमोस' र 'क्रेटोस'-को संयुक्त रूपबाट बनेको शब्द हो। यसले जनताको शासन अथवा जनताको शक्तिलाई द्योतन गर्दछ। लोकतन्त्र जनताको सर्वोच्चतालाई प्रमुखता दिने शासन पद्धतिको एउटा प्रकार हो। यसलाई विभिन्न विद्वान्हरूले जनतालाई केन्द्रमा राखी परिभाषित गरेका छन्। ती परिभाषाहरूलाई समग्रमा निक्यौल गर्दा जनताको

हित, कल्याण, न्याय, समान अधिकार र स्वतन्त्रतालाई लोकतन्त्रले विशेष मान्यता दिएको बुझिन्छ। यसरी नै उपशीर्षक '२.१.२.१ अवधारणाका आधारमा' लोकतन्त्रका दुईवटा प्रकार छन्- सहभागितामूलक र प्रतिनिधिमूलक लोकतन्त्र हुन्छ भन्ने कुरा प्रस्ट पारिएको छ। यसमा सहभागितामूलक लोकतन्त्रमा कानुन-विधि निर्माण र निर्णय प्रक्रियामा जनताको सहभागिता प्रत्यक्ष रूपमा हुँदछ। प्रतिनिधिमूलक लोकतन्त्रमा जनमतले चुनिएका प्रतिनिधिको भूमिका महत्त्वपूर्ण हुन्छ। यसमा जनताले प्रतिनिधिका माध्यमद्वारा सहभागिता दिँदछ। यसकै अर्को उपशीर्षक '२.१.२.२ प्रणालीका आधारमा' लोकतन्त्रको प्रकार संसदीय र अध्यक्षीय हुन्छ भनी बताइएको छ। यसमा संसदीय शासनमा प्रधानमन्त्री मुख्य हुन्छन्। सांसदहरूको बहुमतले प्रधानमन्त्री चुनिन्छन्। अध्यक्षीय प्रणालीमा राष्ट्रपतिलाई विधानसभा सदस्यहरूले अलग्गै चुन्दछन्। राष्ट्रपति र विधानसभा सदस्य दुवैले आफ्नो आफ्नो शक्ति र राजनीतिक निर्वाचन समष्टिमा निरीक्षण र सन्तुलन गर्दै जनतामा सेवा पुऱ्याउँदछ। यही क्रमले उपशीर्षक '२.१.३ लोकतन्त्रका स्तम्भहरू'-का रूपमा विधायिका, कार्यपालिका, न्यायपालिका र सञ्चार माध्यमको चर्चा गरिएको छ। उपशीर्षक '२.१.४ लोकतन्त्रका विशेषताहरू'-अन्तर्गत व्यक्तिगत अधिकार, जनसहभागिता, स्वतन्त्रता र समानता, निर्णयको विकेन्द्रीकरण आदिको चर्चा गरिएको छ। त्यसपछि उपशीर्षक '२.१.५. लोकतन्त्रका तत्त्वहरू'-का रूपमा राजनीतिक बहुलवाद, चुनाउ, कानुनी शासन, मानव अधिकार, राजनीतिक नेतृत्व, सुशासन, उत्तरदायित्व, नागरिक समाजसम्बन्धी अध्ययन प्रस्तुत गरिएको छ। यही क्रमले यस अध्यायको उपशीर्षक '२.२ लोकतन्त्रको विकास'-अन्तर्गत लोकतन्त्रको विकासलाई संक्षेपमा राखिएको छ। लोकतन्त्रको प्रारम्भ इसापूर्व पाँचौँ शताब्दीमा ग्रीसको एथेन्स नगर राज्यबाट भएको हो। एथेन्सका जनताले निर्णय प्रक्रियामा प्रत्यक्ष सहभागी जनाउन पाउने अधिकार ग्रहण गरेको आधारलाई नै लोकतन्त्रको प्रारम्भबिन्दु मानिन्छ। यसका विभिन्न दुर्बल पक्ष भएकाले यसको पतन भएको देखिन्छ। एथेन्सको लोकतन्त्र पतन भएको शताब्दियौँपछि विश्वमा प्रादुर्भाव भएको विभिन्न दर्शन, क्रान्ति र विचारधाराहरूको परिणामले आधुनिक लोकतन्त्रको विकास भयो। आधुनिक लोकतन्त्रले वयस्क मताधिकार, निर्वाचन र जन आकाङ्क्षालाई विशेष महत्त्व दिँदछ। यही अध्यायको उपशीर्षक '२.३ भारतको लोकतन्त्र'-मा भारतको लोकतन्त्रबारे सामान्य चर्चा गरिएको

छ। भारतको लोकतन्त्रलाई संसदीय लोकतन्त्र भनिन्छ। यहाँ देश सञ्चालनका निम्ति संविधानलाई सर्वोच्च मानिन्छ। नागरिकहरूको अधिकार संविधानले सुरक्षित गरेको हुन्छ। अर्को उपशीर्षक '२.४ भारतीय नेपाली कविता र लोकतन्त्र' रहेको छ, जसअन्तर्गत भारतीय नेपाली कवितामा लोकतान्त्रिक स्वरको विकासलाई केलाएर हेरिएको छ। भारतीय नेपाली कवितामा लोकतान्त्रिक स्वरको विकासमा देश स्वतन्त्र हुनभन्दा अघि लेखिएका राष्ट्र प्रेमयुक्त कविताहरूलाई आधारभूमि मान्न सकिन्छ। देश स्वतन्त्र भएपछि भारतीय नेपाली कवितामा लोकतान्त्रिक स्वर प्रमुख प्रवृत्तिका रूपमा फस्टाउन पुग्यो। लोकतन्त्रवादी नेपाली कविहरू जनताको समान अधिकार, स्वतन्त्रता र न्यायका पक्षमा आफ्ना अभिव्यक्ति दिन सशक्त रूपले अग्रसर रहँदै आइरहेका छन्। ती कविका कविताहरूमा लोकतान्त्रिक स्वरको विश्लेषण गरिएको छ। समकालीन भारतीय नेपाली कविहरूका कवितामा लोकतान्त्रिक स्वर एउटा प्रमुख प्रवृत्तिका रूपमा प्रयुक्त देखिन्छ। पाँचौँ उपशीर्षकमा निष्कर्ष राखिएको छ।

शोधको तेस्रो अध्यायको शीर्षक 'कवि परिचय र उनका कविताहरू'-मा चामलिङका कविताबारे प्रवृत्तिगत चर्चा गरिएको छ। यस अध्यायलाई पाँचवटा उपशीर्षकमा विभाजन गरिएको छ। पहिलो उपशीर्षक '३.१ कवि परिचय' रहेको छ। कवि परिचय उपशीर्षकअन्तर्गत सिक्किमको ऐतिहासिक पृष्ठभूमिको सामान्य चर्चा गर्दै कविको जन्मकाल, स्थान, बाल्यकाल र शिक्षा-दीक्षाबारे जानकारी गराइएको छ। साधारण परिवारमा जन्मिएका चामलिङको बाल्यकाल गाउँले जीवनको सङ्घर्ष र कष्टपूर्ण परिवेशलाई नजिकबाट अनुभूत गर्दै बितेको थियो। उनका पिताले गाउँकै पाठशालामा उनलाई शिक्षार्जनका निम्ति भर्ना गरिदिएका थिए। त्यहीबाट चामलिङले प्राथमिक स्तरको शिक्षा ग्रहण गरेका हुन्। त्यसपछि उनले उच्च माध्यमिकसम्मको शिक्षा ग्रहण गरे।

यस अध्यायको दोस्रो उपशीर्षक '३.२ पवन चामलिङका बहुआयामिक व्यक्तित्व' रहेको छ। यस उपशीर्षकमा पवन चामलिङलाई कवि, गीतकार, निबन्धकार, सम्पादक, प्रकाशकजस्ता विभिन्न व्यक्तित्वका रूपमा चिनाइएको छ। चामलिङले जन सेवाका निम्ति आत्मसात गरेको क्षेत्र राजनीति भए तापनि आफ्ना सिर्जनशील व्यक्तित्वलाई अभिव्यक्त दिने माध्यम साहित्य भयो। उनले साहित्यिक यात्राको प्रारम्भनै कविता लेखनबाट गरेका हुन्। सन् १९६८ मा गान्तोकबाट प्रकाशित हुने *कञ्चनजङ्घा*

पत्रिकामा प्रकाशित 'वीरको परिचय' कविता चामलिङको पहिलो कविता हो। यस कवितामा उनले जीवनको जटिल परिस्थितिलाई सहासपूर्वक सामना गर्न पर्ने विचार प्रकट गरेका छन्। युवा अवस्थामा पहिलोपटक चामलिङद्वारा लेखिएको उक्त कवितामा कविको जीवनमा केही गर्छु भन्ने प्रगतिशील विचार अभिव्यक्त भएको छ। यस कवितामा प्रगतिवादी प्रवृत्ति देखा परेको छ। चामलिङका अहिलेसम्म प्रकाशित कविताकृतिहरू *म को हुँ?* ( सन् २००९), *वीरको परिचय र अन्य प्रारम्भिक कविताहरू* (सन् २०१०), र *अन्तहीन सपना मेरो विपना* (सन् २०१०) हुन्।

कविताका अतिरिक्त चामलिङले गीत लेखनमा पनि कलम चलाएका छन्। उनका १०७ वटा गीतहरूको सङ्गालो *पवन चामलिङ किरणका गीतहरू* पुस्तकका रूपमा प्रकाशित भएको छ। उनका गीतहरूमा कोमल भाव, प्राकृतिक सुन्दरताको वर्णन, वर्गीय र मानवताको प्रेम आदि पाइन्छ। चामलिङका गीतहरूमाथि निर्मित एल्बमहरू *मान्छेको साइनो, उपमा, मेरो मूर्च्छना, अर्को क्षीतिज, जिन्दगीको घाम-छाँया* आदि हुन्। पवन चामलिङले राजनीतिक, सामाजिक, धार्मिक, जातीय एकता, राष्ट्रिय चेतना आदिलाई विषयवस्तु बनाएर निबन्धहरू पनि लेखेका छन्। उनका निबन्ध कृतिहरू *दामथाङ हिज र आज* (सन् १९९३), *सिक्किम र नारीको मर्यादा स्तर* (सन् १९९४), *प्रजातान्त्रिक आन्दोलनको आत्मसंघर्ष* (सन् २००४), *प्रतिवाद, पार्टी शिक्षा र साहित्य* हुन्। चामलिङले सन् १९७८ देखि *निर्माण* पत्रिकाको सम्पादकको भार पनि निर्वाह गरेका छन्। युवा अवस्थादेखि समाज सेवामा संलग्न रहने पवन चामलिङको विशेष सक्रियतामा याङगाङ गाउँमा निर्माण प्रकाशनको स्थापना गरिएको हो। यस प्रकाशन गृहको योगदान भारतीय नेपाली पत्र-पत्रिकाको इतिहासमा महत्त्वपूर्ण रहेको उक्त अध्यायले प्रमाणित गरेको छ।

यस अध्यायको तेस्रो उपशीर्षक ''३.३ पवन चामलिङ 'किरण'-का कविताका प्रमुख विशेषता'' रहेको छ। सत्तरको दशकदेखि भारतीय नेपाली काव्यिक यात्रामा निरन्तर रूपमा संलग्न कवि पवन चामलिङका कवितामा सामाजिक यथार्थवाद, स्वच्छन्दतावाद, अस्तित्ववाद, वर्गीय चेतना, क्रान्तिकारी स्वर, राजनीतिक चेतनाजस्ता विशेषताहरूको अध्ययन-विश्लेषण गरिएको छ। सामाजिक यथार्थवाद विशेषता बोकेका चामलिङका कविताहरूमा समाजलाई ज्ञान र परोपकारको मार्गमा हिँड्ने

सन्देश दिएको पाइन्छ। उनले समाजिक यथार्थलाई आत्मसात गरेका छन्। स्वच्छन्दतावादी प्रवृत्तिअन्तर्गत उनका कवितामा मूल रूपले मानवतावादी, प्रकृति प्रेम र राष्ट्र प्रेमका स्वर पाइन्छन्। चामलिङले आधिकांश कविताहरूमा मानवतावादी दर्शनलाई प्रमुखताका साथमा प्रयोग गरेका छन्। प्रकृतिको सुन्दरतालाई चामलिङले कतिपय कवितामा समानताको प्रतीक र विम्बका रूपमा प्रयोग गरेका छन्। उनी स्थानीय प्राकृतिक सुन्दरताको महिमा सगौरव गाउँदछन्। उनी प्रकृतिप्रति भएको मानवीय अतिक्रमणको विरोध पनि कवितात्मक अभिव्यक्तिद्वारा गर्दछन्। राष्ट्रको वैभवमा गर्व गर्ने कवि चामलिङले सहिद सैनिकहरूप्रति श्रद्धा-सम्मानको भाव प्रकट गरेका छन्। युद्ध र अनुचित व्यवस्था प्रणालीले देशको स्थिति बिग्रिएकोमा उनी चिन्तित देखिन्छन्। मानव अस्तित्व र अस्मितालाई पनि काव्यिक प्रवृत्तिका रूपमा आत्मसात गरेका छन्। वर्गीय चेतना अर्को विशेषता हो। उनी निम्नवर्गमाथि हुने दमन, शोषण र भेदभावको विरुद्धमा धेरै कविताहरूमा उभिएका छन्। उनी निम्नवर्गलाई आफ्नो अधिकार र न्यायसचेत बनाउन कविताहरूमा प्रतिबद्ध देखिन्छन्। चामलिङले विशेष रूपमा समाज हुने शोषण, अन्याय, अत्याचार र भेदभावको विरुद्धमा काव्यात्मक क्रान्ति ल्याउने प्रयास गरेका छन्।

यस अध्यायको चौथो उपशीर्षक ‘‘३.४ कवि पवन चामलिङ ‘किरण’-का कवितामा भाषा प्रयोग’’ रहेको छ। चामलिङले कविताहरूमा सरल र सहज भाषाको प्रयोग गरेका छन्। उनका कविताहरू गेयात्मक भएकाले साधारण पाठकसम्मका लागि बोधगम्य बनेको छ। उनले संस्कृत तत्सम शब्द, तद्भव, लोक जीवनमा प्रचलित शब्दहरू अतिरिक्त लोकतान्त्रिक शब्द, फारसेली, अरबेली, अङ्ग्रेजी आदि शब्दहरूको प्रयोग गरेका छन्। यस अध्यायको पाँचौँ उपशीर्षकमा निष्कर्ष राखिएको छ।।

शोधप्रबन्धको चौथो अध्याय ‘पवन चामलिङका कविताहरूमा निहित लोकतान्त्रिक स्वरको विश्लेषणात्मक अध्ययन’ शीर्षकमा रहेको छ। प्रस्तुत अध्याय शोधकार्यको प्रमुख र महत्त्वपूर्ण अध्याय हो। यस अध्यायलाई गहन तरिकाले विश्लेषण गर्नका लागि तिनवटा उपशीर्षकमा विभाजन गरिएको छ। पहिलो उपशीर्षक पवन चामलिङका कवितामा लोकतान्त्रिक स्वरको विश्लेषणका निम्ति पहिलो उपशीर्षक ‘४.१ लोकतन्त्रको विशेषताका आधार’ राखिएको छ, जसअन्तर्गतव्यक्तिगत अधिकार, जनसहभागिता, समानता र स्वतन्त्रता आदि लोकतन्त्रका विशेषताको आधारहरू पर्दछन्। यसैको

आधारमा चामलिङका कविताहरूको विश्लेषण गरिएको छ। चामलिङले आफ्ना कविताहरूमा मानिसले सुख, शान्ति र खुसीपूर्वक जीवन निर्वाह गर्न पाउनुपर्ने व्यक्तिगत अधिकारको पक्ष लिएका छन्। यस अतिरिक्त उनले गाँस, बास, कपास र औषध-उपचारजस्ता आधरभूत सामग्री प्राप्त गर्नबाट वञ्चित निम्नवर्गको व्यक्तिगत अधिकारमाथि टड्कारो आवाज उठाएका छन्। चामलिङले मानसिलाई जीवन सुखी र सम्पन्न बनाउनका निम्ति स्वयम् सहभागी बन्न कविताद्वारा प्रेरित गरेका छन्। सत्कर्म र ज्ञान मार्गमा नगारिकहरूलाई सहभागी बन्ने उनको आग्रह रहेको पाइन्छ। यसका साथै कविले शोषण, दमन र अत्याचारको विरुद्ध आवाज उठाउनका निम्ति निम्नवर्गलाई सहभागी बन्न आह्वान गरेका छन्। कवि चामलिङ मानिसको समानता र स्वतन्त्रताको पक्षमा निर्विघ्न लोकतान्त्रिक शासन प्रणालीमा उभिएका छन्। उनी समाजमा वर्गीय विभेद हटेर समानतापूर्ण समाज निर्माण भएको हेर्न चाहन्छन्। वाक्स्वतन्त्रतालाई दह्रिलो बनाएर निम्नवर्गलाई न्याय दिने विचार उनका कविताहरूमा यत्रतत्र व्यक्त भएको पाइन्छ।

दोस्रो उपशीर्षक '४.२ लोकतन्त्रको तत्त्वहरूका आधार'-अन्तर्गत राजनीतिक बहुलवाद, चुनाउ, मानव अधिकार, राजनीतिक नेतृत्व, सुशासन, उत्तरदायित्व आदिका आधारमा चामलिङका कविताहरूको विश्लेषण गरिएको छ। उनले कवितामा जनताले जुलुस र हडतालमा उत्रिएको विचार व्यक्त गरी राजनीतिक बहुलवादको उल्लेख गरेका छन्। कविले चुनाउ अवधिमा भोट किन्ने र बिक्री गर्ने लोकतन्त्रको कलङ्कलाई कवितामा उठान गर्दै जनतालाई सचेत गराएका छन्। मानव अधिकार बचाउने पक्षमा कवि चामलिङको काव्यात्मक अभिव्यक्तिहरू सशक्त बनेर अघि आएका छन्। सम्भ्रान्त मानिसहरूको गलत नीतिको विरोध गर्दै उनले मानव अधिकारको पक्ष लिएको पाइन्छ। लोकतान्त्रिक व्यवस्थाले मानव अधिकारको रक्षा गर्ने विषयमा कविले विश्वास राखेका छन्। राजनीतिक नेतृत्व दायित्वशाली बन्नुपर्छ भन्ने कविले दृढ विचार आफ्ना कविताहरूमा राखेको पाइन्छ। उनले कमजोर र स्वार्थी राजनीतिक नेतृत्वलाई कडा विरोध गरेका छन्। चामलिङ सुशासनको आग्रही रहेको देखिन्छ। तसर्थ जनताको पक्षमा शासन व्यवस्था सञ्चालन गर्न नसक्ने र इमान्दारहीन सत्तालाई कटाक्ष प्रहार गरिएको पाइन्छ। देशको राजनीतिक व्यवस्थाका कारण जनताले भोग्न परिरहेको दुःखद स्थितिप्रति कविको वितृष्णा छ। यस अतिरिक्त कविले मानिसलाई कर्त्तव्यनिष्ठ बनी आफ्नो अस्तित्व स्थापनाका

निम्ति उत्तरदायित्व निर्वाह गर्ने आग्रह गरेका छन्। उनले जनता र नेता दुवै दायित्वशील बन्नुपर्ने लोकतान्त्रिक मान्यतालाई अधिक जोड दिएका छन्।

यस अध्यायको तेस्रो उपशीर्षक '३.४ पवन चामलिङका कविताहरूमा लोकतान्त्रिक स्वर' रहेको छ। यसअन्तर्गत उनका तिनवटा कविता सङ्ग्रहका सम्पूर्ण कविताहरूमा लोकतान्त्रिक स्वरको बलियो प्रस्तुतिलाई सोदाहरण चर्चा गरिएको छ। यसअन्तर्गत 'हाम्रो नयाँ वर्ष', 'पुकार', 'मेरो देश', 'कविलाई सम्झेर', 'म आएँ', भोलिको प्रसङ्गः म अनि मान्छे', 'सत्ता', 'गान्तोक एक पोट्रेट', 'आत्मस्वीकृति' आदि प्रमुख कविताहरू हुन्। पवन चामलिङका यी कविताहरू लोकतान्त्रिक दृष्टिकोण भएका अनि लोकतान्त्रिक मूल्यले परिपूर्ण भएका ओजपूर्ण कविताहरू हुन्, जसले उनलाई भारतीय नेपाली कविता साहित्यको इतिहासमा एकजना सशक्त लोकतान्त्रिक कविका रूपमा प्रतिस्थापित गर्दछ।

शोधप्रबन्धको पाँचौँ अध्यायअन्तर्गत सम्पूर्ण शोधप्रबन्धको उपसंहार प्रस्तुत गरेपछि यस शोधको निष्कर्ष राखिएको छ। प्रस्तुत शोधप्रबन्ध लेखन कार्यमा लोकतन्त्रका विशेषता र तत्त्वहरूका दृष्टिकोणले पवन चामलिङका कविताहरूमा ध्वनित लोकतान्त्रिक स्वरसम्बन्धी अध्ययनबाट प्राप्त अभिप्राप्तिलाई निष्कर्षस्वरूप तल प्रस्तुत गरिएको छ।

## ५.२ निष्कर्ष

'पवन चामलिङ 'किरण'-का कविताहरूमा ध्वनित लोकतान्त्रिक स्वर' शीर्षक यस शोधप्रबन्धमा प्राप्त निष्कर्ष बुँदागत रूपमा यस प्रकार छन्-

१. भारतीय नेपाली कवितामा लोकतान्त्रिक स्वर स्वातन्त्र्यपूर्व कालदेखिनै आंशिक रूपमा देखिन लागेको हो। अङ्ग्रेजहरूको शासनबाट देशलाई स्वतन्त्र बनाउनर भारतीय नागरिकहरूमा सचेतता जगाउन भारतीय नेपाली केही कविहरूले पनि यस प्रकारका कविताहरू त्यही अवधिदेखि लेख्न थालेको थाहा लाग्दछ। तिनै कविताहरूमा निहित देश प्रेमको काव्यात्मक अभिव्यक्तिद्वारा नै लोकतन्त्रको घडेरी तयार भएको देखिन्छ।

२. सन् १९४४ मा प्रकाशित सिक्किमका सन्तवीर लिम्बूको 'गोर्खाली ह्वौं', *तरूण गोर्खा* पत्रिकामा सन् १९३२ मा प्रकाशित कृष्ण बहादुर सिंहको 'नवीन भारत', सन् १९३६ मा *गोर्खा सेवक* पत्रिकामा प्रकाशित गम्भीर राईका 'स्वदेश' आदि स्वान्त्र्यपूर्वकालीन राष्ट्र प्रेमका कविताहरू हुन्। यी कविताहरूले भारतीय नेपाली कवितामा लोकतान्त्रिक स्वरको घडेरी निर्माण गर्नमा मुख्य भूमिका निर्वाह गरेको पाइन्छ।

३. देश स्वतन्त्र बनेपछि यही देश प्रेमको भावना लोकतान्त्रिक स्वरका रूपमा परिवर्तित बन्न गयो। समकालीन भारतीय नेपाली कवितामा आज आएर यो लोकतान्त्रिक स्वर एक प्रमुख प्रवृत्तिका रूपमा विकसित भएको छ, जसअन्तर्गत जनताको समानता, न्याय, अधिकार तथा किनारीकृत वर्गको हितलाई सशक्त रूपमा अभिव्यक्ति दिने परम्पराको विकास भएर गएको छ। भारतीय नेपाली कवि चामलिङका कवितामा यो लोकतान्त्रिक स्वर मूल प्रवृत्ति बनेर देखा परेको छ।

४. कवि पवन चामलिङको कवित्वले ग्रहण गरेको मूल प्रवृत्ति लोकतान्त्रिक स्वर भए तापनि उनको पहिलो कविता 'वीरको परिचय' लोकतान्त्रिक स्वरमा आधारित कविता होइन। तथापि सन् १९७० देखि ७८ सम्म रचित कविताहरूको पहिलो सङ्गालो *वीरको परिचय र अन्य प्रारम्भिक कविताहरू*मा सङ्गृहीत 'हाम्रो नयाँ वर्ष' शीर्षकको कवितामा भने उनको लोकतान्त्रिक स्वर प्रखर रूपमा ध्वनित भएको पाइन्छ। विशुद्ध वर्गीय चेतना बोकेको यस कवितामा कविले निम्नवर्गलाई आफ्नो खुसी, स्वतन्त्रता र अधिकार प्राप्तिका निम्ति सहभागिता जनाउने आग्रह गरेका छन्। यस कवितामा व्यक्तिगत अधिकार र जनसहभागिताजस्ता लोकतन्त्रका विशेषताहरू सफलतापूर्वक प्रयोग भएको देखिन्छ।

५. चामलिङले मानिसको व्यक्तिगत अधिकारलाई विशेष महत्त्व दिएको पाइन्छ। उनी लोकतान्त्रिक व्यवस्थाले मान्यता प्रदान गरेको व्यक्तिगत अधिकारप्रति सचेत छन्। तसर्थ मानिसको सुख, खुसी र शान्तिको पक्षमा उनको काव्यात्मक अभिव्यक्ति टड्कारो रहेको भेटिन्छ। उनी गाँस, बास,

कपासजस्ता आधारभूत सामग्री ग्रहण गर्नबाट कोही पनि वञ्चित हुनुहुँदैन भन्ने कुराको पक्षधर बनेका छन्। उनको यस पक्षले मानिसको व्यक्तिगत अधिकारलाई सर्वोच्च स्थानमा राखेको छ।

६. मानिसको जीवनलाई सम्पन्न र समृद्धशाली बनाउन मानिस स्वयम्‌को सहभागी अनिवार्य हुन्छ भन्ने चामलिङको धारणा रहेको छ। उनले लोकतान्त्रिक प्रणालीमा विशेष रूपले निम्नवर्गलाई शोषण, दमन, अन्याय र अत्याचारको विरुद्ध आफ्नो सक्रिय सहभागिता जनाउने सशक्त सन्देश दिएका छन्। यसअतिरिक्त उनी भेदभावरहित समानताले पूर्ण मानवीय समाज स्थापनाका निम्ति सहभागी जनाउने आग्रह राखेका छन्।

७. चामलिङ वर्ण, वर्ग, लिङ्ग र जातको आधारमा गरिने भेदभावको विरोधमा छन्। स्वतन्त्रता र समानताका अधिकार प्राप्तिमा उनी अटुट विश्वास राख्छन् भने उनका अधिकांश कविताहरूमा प्रतिध्वनित स्वरमा यी दुईवटा अधिकार स्पष्टतः सुनिन्छन्। समाजका निमुखा तथा विपन्नवर्गमाथि भइरहेको सामाजिक अन्याय, अत्याचार, शारीरिक र मानसिक शोषण र दमनका विरुद्धमा कवि चामलिङका कविताहरू अधिक स्पष्ट रहेको पाइन्छ।

८. चामलिङ राजनीतिक बहुलवादमा विश्वास राख्ने कवि हुन्। उनले देशको लोकतान्त्रिक व्यवस्थामा निहित राजनीतिक बहुलवादलाई जनताले उपयोग गरे तापनि गुणात्मक परिणाम प्राप्त गर्न नसकेको असन्तुष्टि आफ्ना कवितामा दर्साएका छन्।

९. चुनाउमा भोट किन्ने र बिक्री हुने देशको ठुलो विडम्बनालाई कवितामा दर्साएर चामलिङले लोकतान्त्रिक व्यवस्थाको अँध्यारो पाटोउपर पनि तिखो व्यङ्ग्य प्रहार गरेका छन्।

१०. लोकतन्त्रका प्रमुख तत्त्व मानव अधिकारलाई आफ्ना कवितामा विशेष महत्त्व प्रदान गर्नु चामलिङको काव्यात्मक विशेषता हो। मानव अधिकारअनुरूप मानिस बाँच्न पाउनुपर्छ भन्ने मौलिक अधिकारलाई सुरक्षा प्रदान गरेको हुनुपर्छ भन्ने पक्षमा उनले जोड दिएका छन्। मानव अधिकारले वर्ण, वर्ग, जात, धर्म, लिङ्ग आदिका आधारमा मानिसलाई विभाजित गर्न हुँदैन भन्ने वैचारिकतालाई आफ्नो कवित्वको मूल आधार बनाएका छन्।

११. राजनीतिक नेतृत्व अनुकरणीय र उदाहरणीय हुनुपर्छ अनि नेतृत्वले जनसाधारणको दायित्व निर्वाह गर्न प्रतिबद्ध बन्नुपर्छ भन्ने लोकतन्त्रिक मान्यताप्रति चामलिङका कविताहरू सचेत छन्।

१२. राज्य र देशका जनप्रतिनिधि र जनसेवकहरूले संविधानको पालन कतिको इमान्दारीपूर्वक गरिहेका छन् भन्ने गम्भीर प्रश्न चामलिङले उठाएका छन्। जनप्रतिनिधिहरूलाई नऔल्याएसम्म जनताले लोकतन्त्रलाई सही रूपमा उपभोग गर्न सक्दैन भन्ने विचार उनले आफ्ना कवितामा अभिव्यक्त गरेका छन्।

१३. कवि चामलिङका कवितामा ध्वनित लोकतान्त्रिक स्वर विशेष रूपमा निम्नवर्गमा केन्द्रित रहेको छ। उनले अभाव, अन्याय र शोषणमा परेका निम्नवर्गमा लोकतान्त्रिक चेतना जागरण गराउने जनप्रतिनिधिको खोजी गरेका छन्। कवि आफ्ना काव्यात्मक अभिव्यक्तिहरूमा लोकतान्त्रिक मूल्यहरू सही रूपले व्यवहृत हुनुपर्छ भन्ने विषयलाई बढी गम्भीरताका साथ उठाएका छन्।

१४. राज्य र देशको सत्ताले लोकतन्त्रलाई सिङ्गो रूपमा ग्रहण नगरेको सत्यता कवि चामलिङले उदाङ्गो रूपमा प्रस्तुत गरेका छन्।

१५. चामलिङका कवितामा निहित लोकतान्त्रिक स्वरले सुशासन अथवा असल व्यवस्थामाथि धेरै जोड दिएको देखिन्छ। उनका कविताहरूमा जनताको मान-मर्यादा र इज्जतको ख्याल नराख्ने दमनकारी व्यवस्थाप्रति प्रतिकारको स्वर चर्को रहेको सुनिन्छ।

१६. कवितामा ध्वनित लोकतान्त्रिक स्वरले जनताप्रति नेता आफ्नो दायित्व निर्वाह गर्न अक्षम र अयोग्य भए त्यो व्यवस्था असफल हुनेछ भन्ने विचार व्यक्त गरिएको पाइन्छ।

१७. कवि चामलिङ स्रष्टामात्र नभएर द्रष्टा पनि भएकाले देशको लोकतान्त्रिक प्रणालीसँग सन्तुष्टि छैनन्। यही असन्तोष चामलिङका कविताको मूल विषय बन्न गएको छ।

१८. तिनवटा कविता सङ्ग्रहमा कुल ३९ वटा फुटकर र १५८ वटा कविताहरू समावेश गरिएका छन्। यी कविताहरूमा कतै पनि कवि चामलिङले ‘लोकतन्त्र’ शब्दलाई प्रत्यक्ष रूपमा प्रयोग गरेका छैनन्।

तथापि शब्दगत रूपमा लोकतन्त्रको प्रयोग नगरी अधिकांश कवितामा लोकतान्त्रिक मूल्यलाई नै अभिव्यक्त गर्नु चामलिङको कवित्वको ठुलो विशेषता हो।

१९. सिक्किमेली समाजमा लोकतान्त्रिक मान्यता स्थापित नभएको विषयलाई उठाएर कवि चामलिङले देशको लोकतान्त्रिक व्यवस्थाको विसङ्गत अवस्थालाई इङ्गित गरेका छन्।

२०. पवन चामलिङको व्यक्तित्वका दुईवटा पाटा छन्- सर्जक र राजनीतिज्ञ। राजनीतिज्ञका रूपमा उनी राज्यका शीर्षपदमा आसिन र एउटा राजनीतिक दलका नेता हुन्। उनका कविताहरूमा यी दुवै व्यक्तित्वको पाटो झल्किएको पाइन्छ। उनको दोस्रो कविता सङ्ग्रहको ४८ पृष्ठमा रहेको 'सत्ता' शीर्षक कविता उनमा निहित राजनीतिक मोहको साङ्केतिक रूपायन हो। यस  कविताले बोकेको बलियो सन्देश सम्भवतः उनी स्वयम् राजनीतिज्ञ भएकोले सशक्त रूपमा प्रकट हुन सकेको हो। उनका कविताहरूमा अर्द्धचेतन र पूर्णचेतन अवस्था भएको राजनीतिक व्यक्तित्व झल्किएको पाइन्छ। कवि व्यक्तित्वका रूपमा उनले आफ्ना कविताहरूमा एकजना साधारण जनता भएर लोकतन्त्रका पक्षमा बोलेका छन्। समाज र देशमा देखिएका लोकतान्त्रिक विसङ्गतिप्रति विरोध गरेका छन्।

२१. चामलिङका पहिलो र दोस्रो सङ्ग्रहका अधिकांश कविताहरू लोकतन्त्रका पक्षमा लेखिएका भए तापनि सङ्ख्याका दृष्टिले लोकतान्त्रिक स्वरको प्रयोग कम भएको तेस्रो कविता सङ्ग्रहका केही कवितामा उनको लोकतन्त्रवादी विचार बढी परिष्कृत र परिमार्जित रहेको पाइन्छ।

२२. चामलिङले एउटापछि अर्को कवितामा क्रमिक रूपले लोकतन्त्रका विशेषता र तत्त्वहरूलाई पुनरावृत्तिमूलक रूपमा प्रयोग गरेका हुनाले पाठकलाई झिँजो लाग्न सक्छ। उदाहरणका रूपमा दोस्रो कविता सङ्ग्रह *अन्तहीन सपनाः मेरो विपना*को छैटौँ कविता 'युद्ध', सातौँ कविता 'हामी भित्रको स्थिति', आठौँ कविता 'राष्ट्रियताको आकाश', नवौँ कविता 'एउटा अभियान', दसौँ कविता 'मान्छे पड्किनुपर्छ' आदिमा व्यक्तिगत अधिकार र शासन व्यवस्थालाई कविले एकाधिक रूपमा दोहोऱ्याएका छन्।

२३. उनका कविताहरूमा घरिघरि पुनरावृत्ति हुने लोकतान्त्रिक विशेषताहरू समानता र व्यक्तिगत अधिकार तथा सुशासन र जनसहभागिता आदि हुन्।

२४. चामलिङका केही कविताहरूको शीर्षक पनि दोहोरिएको देखिन्छ। विषयको पार्थक्य भए तापनि पहिलो कविता सङ्ग्रहको १७औँ र ६५औँ कविताको शीर्षक 'मेरो देश' एकै छन्। यस अतिरिक्त उनको 'म', 'सपनाको गर्भ' आदि शीर्षक पनि दोहोरिन गएको छ। यस प्रकारको लेखनगत हेलचेक्र्याइँले कविताको दुर्बल पक्षलाई इङ्गित गर्दछ।

२५.चामलिङका 'मायाको आभाव', 'के चढाऊँ', 'एक गीत', 'अर्को मेरो जिन्दगी' प्रभृति कविताहरूमा रोमान्टिक भाव पनि प्रकट हुन गएका छन्।

२६. यस शोधप्रबन्धमा निर्णयको विकेन्द्रीकरण अनि नागरिक समाजजस्ता लोकतन्त्रका विशेषता र तत्त्वका आधारमा चामलिङका कविताहरूको विश्लेषण गरिएको छैन। कारण यस अध्ययनमा चामलिङका कवितामा उक्त दुईवटा आधारमा कुनै पनि कविताहरू रचना गरिएको पाइएन। यसअतिरिक्त कानुनी शासन नामक लोकतन्त्रको तत्त्वका आधारमा चामलिङको एउटा कवितांश मात्र भेटिएका हुनाले चौथो अध्यायअन्तर्गत '४.३ पवन चामलिङका कवितामा लोकतान्त्रिक स्वर' उपशीर्षकमा यसको विश्लेषणलाई राखिएको छ।

२७.अन्त्यमा, पवन चामलिङका कविताको प्रमुख प्रवृत्ति लोकतान्त्रिक स्वर हो। उनका कविताहरूमा मानव अधिकार, सुशासन, सुदृढ नेतृत्व, लोकतान्त्रिक मूल्य र मान्यताहरूको स्थापना रहनाका साथै समानता, स्वतन्त्रता र न्यायको माग प्रमुख रूपमा ध्वनित भएको पाइन्छ। यिनै लोकतान्त्रिक मूल्यहरूको काव्यात्मक प्रकटीकरणले चामलिङलाई एकजना सशक्त लोकतान्त्रिक कविका रूपमा चिनाउँदछ। यही नै उनको मूल काव्यप्रवृत्ति पनि हो भन्ने ठहर प्रस्तुत शोधप्रबन्धको निचोड हो।

*

# सन्दर्भ ग्रन्थसूची

## नेपाली पुस्तक


आले, हरेन (सम्पा), *नव आधुनिक नेपाली कविता*, सन् १९८५, दार्जिलिङः श्याम ब्रदर्स प्रकाशन

'किरण', पवन चामलिङ, सन् २००४, *प्रजातान्त्रिक आन्दोलनको आत्म-सङ्घर्ष (प्रथम सं)*, नाम्चीः निर्माण प्रकाशन

..........., ................. , सन् २००९, *म को हुँ?* (तेस्रो सं), नाम्चीः निर्माण प्रकाशन

..........., ................. , सन्  २०१०, *वीरको परिचय र अन्य प्रारम्भिक कविताहरू* (चौथो सं), नाम्चीः निर्माण प्रकाशन

..........., ................. ,  सन् २०१०,  *अन्तहीन सपनाः मेरो विपना* (तेस्रो सं), नाम्चीः निर्माण प्रकाशन

..........., ................. ,  सन् २०११,  *पवन चामलिङका गीतहरू*, गान्तोकः जनपक्ष प्रकाशन।

कार्कीढोली, वीरभद्र, सन् २०११, *सिक्किम भूमिका कविहरू/कविताहरू* (प्रथम सं),पश्चिम सिक्किमः धर्मप्रकाश देवकोटा/वृन्दादेवी देवकोटा

कोइराला, कुलप्रसाद, वि सं २०६२, *काव्यिक परिभ्रमण* (प्रथम सं),काठमाडौँ: कुलचन्द्र कोइराला स्मृति प्रतिष्ठान

गिरी, अमर, वि सं २०७५, *कवितामा वर्गद्वन्द्व* (प्रथम सं), काठमाडौँ: भृकुटी एकेडेमिक पब्लिकेसन्स

......., ........, वि सं २०७५, *साहित्य विमर्श* (प्रथम सं), काठमाडौँ: भृकुटी एकेडेमिक पब्लिकेसन्स

........, ........, वि सं २०७३, *समकालीन नेपाली कविताको वैचारिक परिप्रेक्ष्य* (प्रथम सं), काठमाडौँ: साझा प्रकाशन

गौतम, लक्ष्मणप्रसाद, वि सं २०६०, *समकालीन नेपाली कविताको विम्बपरक विश्लेषण* (प्रथम सं), काठमाडौँ: साझा प्रकाशन

.........., ..........., वि सं २०६६, *समकालीन नेपाली कविताका प्रवृत्ति* (प्रथम सं), काठमाडौँ: पैरवी प्रकाशन

........., ............, वि सं २०६८, *राजनीतिक आन्दोलन र समकालीन कविता* (प्रथम सं), काठमाडौँ: रत्न पुस्तक भण्डार

छेत्री, उदय, सन् १९९९, *नेपाली साहित्यको विकासमा सिक्किमका संघ संस्थाहरूको योगदान*, गान्तोक: सिक्किम साहित्य परिषद्

छेत्री पदम, सन् २००८, *उज्यालोको दमित आकांक्षा* (प्रथम सं), नाम्चीः निर्माण प्रकाशन

जोशी, कुमारबहादुर, विसं २०६७, *देवकोटाका कविताकृतिको कालक्रमिक विवेचना* (दोस्रो सं), काठमाडौँ: साझा प्रकाशन

ठकुरी, मोहन (सम्पा), *नेपाली कविता यात्रा*, सन् १९९०, नयाँ दिल्लीः साहित्य अकादेमी

तामाङ, पेम्पा, सन् २०२०, *विचार अनि विवेचना* (प्रथम सं), गान्तोकः जनपक्ष प्रकाशन

थुलुङ, प्रेम, सन् २००५, *सन्दर्भः कवि पवन चामलिङ 'किरण'-का तिन कविता-सङ्ग्रह एवं गीतहरू* (प्रथम सं), नाम्चीः निर्माण प्रकाशन

थेगिम, शोभा कान्ति, सन् १९९७, *मेरो देउराली*, गान्तोकः शोभाकान्ति थेगिमलेप्चा मेमोरियल ट्रष्ट

दाहाल, कुवेरचन्द्र, सन् १९९९, *भारतको संविधान*(प्रथम सं), गान्तोकः सिक्किम

नेपाल, घनश्याम र लामा, कविता, सन् २०१८, *उच्च माध्यमिक नेपाली व्याकरण र रचना* (तेस्रो सं), सिलगढीः एकता बुक हाउस प्रा. लि.

प्यासी, योञ्जन, जस, *परख समालोचनात्मक लेख सङ्ग्रह*, दार्जिलिङः श्याम ब्रदर्स प्रकाशन

.............., ................, सन् २०१६, *समदृष्टि* (प्रथम सं), दार्जिलिङः प्रेमफूल प्रकाशन

पोखरेल, डी आर, वि सं २०७४, *नेपाली उपन्यासमा गणतान्त्रिक चेत*(प्रथम सं), काठमाडौँ: नेपाल प्रज्ञा-प्रतिष्ठान

पौड्याल, महानन्द, सन् १९९७, *विचरण आफ्नै क्षितिजभित्र* , गान्तोकः इन्द्रकील प्रकाशन

पौड्याल, महानन्द (सम्पा), सन् २००१, *सिक्किमका प्रथम कवि सन्तवीर लिम्बूः कृतित्व कतिपय*, सिक्किमः आकाशदीप प्रकाशन

प्रसाई, गणेशबहादुर, विसं, २०६९, *नेपाली साहित्यमा स्वच्छन्दतावादी काव्यधारा* (परिमार्जित एवं परिवर्द्धित संस्करण), काठमाडौँ: नेपाल प्रज्ञा-प्रतिष्ठान

प्रधान, शिव (सम्पा), सन् १९८९, *बृहत् समालोचना* (प्रथम सं), सिक्किमः गान्तोक प्रकाशन

प्रधान, कुमार, सन् २००५, *अधीति केही*, सिलगढीः श्रीमती पूर्णिमा प्रधान

प्रधान, कुमार र मल्लिकार्जुन, भ, सन् २०११, *नेपाली लेखन शैली*, मैसुरः भारतीय भाषा संस्थान।

प्रसाई, महेश, वि सं २०५८, *भूमिकै भूमिकामा पवन चामलिङ* (प्रथम सं),काठमाडौँ: अन्तर्राष्ट्रिय नेपाली समाज

प्रधान, कुमार, सन् २०१०, *पहिलो पहर* (दोस्रो सं), पहिलो पहर, काठमाडौँ: साझा प्रकाशन

बन्धु, चुडामणि, सन् २०१३, *अनुसन्धान तथा प्रतिवेदन लेखन*, काठमाडौँ: रत्न पुस्तक भण्डार

बान्तवा, सञ्जय, सन् २०१५, *आर्वत काल*, नाम्चीः निर्माण प्रकाशन

बान्तवा, सुमन, सन् २०१३, *घामको छाया* (प्रथम सं), दार्जिलिङः केशरी प्रकाशन

बाङ्देल, बीरु, सन् २००५, कसाईको बस्तीमा, दार्जिलिङः अस्तित्व प्रकाशन

भण्डारी, पारसमणि, वि सं २०६७, *नेपाली कविता काव्य*, काठमाडौँ: विद्यार्थी पुस्तक भण्डार

भट्टराई, गोबिन्दराज, वि सं २०६७, *काव्यिक आन्दोलनको परिचय* (ते. सं), काठमाडौँ: साझा प्रकाशन

महर्जन, राजेन्द्र (सम्पा), वि सं २०७६, *लोकतन्त्र र आजको मार्क्सवाद*, काठमाडौँ: बुक-हिल पब्लिकेसन

राकेश, रामदयाल, वि सं २०४४, *नेपाली कविताः विभिन्न आयाम* (प्रथम सं), काठमाडौँ: साझा प्रकाशन

लुइटेल, खगेन्द्रप्रसाद, वि सं २०४५, *आधुनिक नेपाली समालोचना* (प्रथम सं),काठमाडौँ: नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

शर्मा, तारानाथ, वि सं २०५६, *नेपाली साहित्यको इतिहास* (प्रथम सं), काठमाडौँ: अक्षर प्रकाशन

शर्मा, तुलसीराम, सन् १९९६, *सिक्किम हिजदेखि आजसम्म* (प्रथम सं), गान्तोकः आँकुरा प्रकाशन

......, .........., सन् १९८८, *आँकुरा* (दोस्रो सं), गान्तोकः आँकुरा प्रकाशन

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद, विसं २०६८, *शोधविधि* (पाँचौँ सं), काठमाडौँ: साझा प्रकाशन

श्रेष्ठ, रमेश, वि सं २०३५, *नेपाली कविताका प्रवृत्ति* (प्रथम सं), काठमाडौँ: साझा प्रकाशन

श्रेष्ठ, दिनेश (सम्पा), विसं २०७३, *सहभागितामूलक लोकतन्त्र र स्थानीय आयाम* (प्रथम सं),विराटनगरः हाम्रो अभियान, पूर्वाञ्चल र फोरम फर पार्टीसिपेटरी डेमोक्रेसी

सत्याल, शिवप्रसाद, विसं २०४५, *समालोचनाहरू* (प्रथम सं), काठमाडौँ: नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

सेढाई, कमलकान्त, वि सं २०५५, *पवन चामलिङः व्यक्ति र कृति* (प्रथम सं), असमः उत्तरपूर्वी प्राज्ञिक परिषद्

त्रिपाठी, गीता, वि सं २०६६, *दृष्टिविचरण* (प्रथम सं), ललितपुरः भावक अभियान नेपाल

**हिन्दी पुस्तक**

काश्यप, सुभाष, सन् २०१२, *हमरा संविधान* (प्रथम सं), दिल्लीः राष्ट्रीय पुस्तक न्यास

गौतम, संजय, सन् २०१०, *हिन्दी कहानी में लोकतन्त्र*, वाराणासीः विश्वविद्यालय प्रकाशन

डुवर्सेली, बिर्ख खडका, सन् २००१, *नेपाली साहित्य विमर्श* (प्रथम सं), ग्रेटर नोएडाः साहित्य प्रकाशन

पाण्डेय, मैनेजर, सन् २०१३, *उपन्यास और लोकतन्त्र*(प्रथम सं) , नयाँ दिल्लीः वाणी प्रकाशन

सिन्हा, सच्चिदानंद, सन् २००५, *लोकतन्त्र की चुनौतियाँ* (प्रथम सं), पटनाः वाणी प्रकाशन

**अङ्ग्रेजी पुस्तक**

गुरुङ, सुरेश कुमार, सन् २०११, *सिक्किम इथ्निसिटि एन्ड पोलिटिकल डाइनमिक्स*, न्यू दिल्लीः कुनाल बुक्स

चौधरी, सत्य देव, सन् २००२, *ग्लिम्पस् अप् इन्डियन पोलिटिक्स*, दिल्लीः साहित्य एकेडेमी

जेफ्रेलोट, ख्रिष्टोफि र कुमार नरेन्द्र, सन् २०१८, *डक्टर अम्बेडकर ओन्ड डेमोक्रेसी*, न्यू दिल्लीः अक्सफर्ड युनिभर्सिटी प्रेस

डेभिएस, टोनी, सन् २०१३, *ह्युमेनिज्म (*दोस्रो सं), न्ययोर्कः रूलेड्ज टेलर एन्ड फ्रान्सिस् ग्रुप

देवान, डिक बी, सन् २०१२, *एडुकेसन इन सिक्किम*, कालिम्पोङः टेन्डर बड्स सोसाइटी

बोबिओ, नरबर्टो, सन् २००५, *लिबर्लिज्म एन्ड डेमोक्रेसी*, सन् २००५, न्यूयोर्कः भर्सो

ब्राइस्, जेम्स, सन् १९२१, डेमो*क्रेसिस्*, न्यूयोर्कः द मेकमिलन कम्पनी

बोवेल्स, साम्युएल र गिन्टिस, हर्बर्ट, सन् १९८६, *डेमोक्रेसी एन्ड केपिटालिज्म*,लण्डनः रुडलेज एन्ड केगान पाउल

महाजन, गुर्पित (सम्पा), सन् १९९८, *डेमोक्रेसी*, डिफिरेन्स एन्ड सोसियल जस्टिस्,दिल्लीः अक्सफर्ड युनिभर्सिटी प्रेस

मोस, डेभिड ए, सन् २०१७, *डेमोक्रेसी ए केस स्टडी*,इङ्ल्यान्डः द बेल्कनेप प्रेस अप् हार्वड युनिभर्सिटी प्रेस

# परिशिष्ट

To
Kavita Subba
Department of Nepali
Sikkim University
6th mile Tadong
Gangtok

Sub: Acceptance letter

Greeting from the Sikkim University

I hereby would like to inform you that, your article entitle 'पवन चामलिङका कवितामा नागरिक अधिकारको सन्दर्भ' was received, and we had sent it to the reviewer for review. They have considered it publishable. Therefore, we will publish your article in the 'Anushandhan Nepali Research Journal' of the upcoming issue (year 4, issue 5)

Regards

Assistant Professor
Department of Nepali
Sikkim University

Dr. Dewchandra Subba
Editor
Anusandhan Nepali Research Journal
Department of Nepali
Sikkim University

# दुई दिवसीय अन्तर्राष्ट्रिय सङ्गोष्ठी

२–३ मई, २०१८

आयोजक – नेपाली विभाग, सिक्किम विश्वविद्यालय
एवम् नेपाल प्रज्ञा प्रतिष्ठान, काठमाडौँ

# प्रमाण पत्र

कविता सुब्बा, सिक्किम विश्वविद्यालय लाई

नेपाली विभाग, सिक्किम विश्वविद्यालय, सिक्किम, भारत एवम् नेपाल प्रज्ञा प्रतिष्ठान, काठमाडौँ, नेपालद्वारा संयुक्त तत्त्वावधानमा आयोजित

## नेपाली समालोचना : समसामयिक प्रवृत्ति र चुनौती

अन्तर्राष्ट्रिय सङ्गोष्ठीमा नवइतिहासवादको दृष्टिले पवन चामलिङ 'किरण'-का कविताहरूको विश्लेषण

शीर्षकमा कार्यपत्र प्रस्तुत गरेवापत् / सहभागी बनेवापत् यो प्रमाण पत्र प्रदान गरिन्छ।

| | | |
|---|---|---|
| डा. विष्णुविभु घिमिरे | प्रो. प्रतापचन्द्र प्रधान | प्रो. इर्शाद गुलाम अहमद |
| उपकूलपति | विभाग प्रमुख | सङ्काय प्रमुख |
| नेपाल प्रज्ञा प्रतिष्ठान | नेपाली विभाग | भाषा अनि साहित्य सङ्काय |

# भाषा विज्ञान समाज नेपाल

(स्थापित २०३६/दर्ता २०६४)

## LINGUISTIC SOCIETY OF NEPAL

(Estd. 1979/Regd. 2008)

This is to certify that ......Kavita Subba......

participated in the 40th *Annual Conference of the Linguistic Society of Nepal*
jointly organized by the Linguistic Society of Nepal and the
Central Department of Anthropology held on
26-27 November 2019 at Tribhuvan University, Kathmandu.

S/he also presented a paper entitled ....पवन चामलिङ 'किरण'-का कविताहरूमा भाषा प्रयोग....

(Dr. Karnakhar Khatiwada)
General Secretary

Date: 27 November 2019

(Bhim Narayan Regmi)
President